"पञ्ञा नरान रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, द्वितीय पत्र)

(प.स.पा. को कोविद प्रथम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

| | |
|---|---|
| १) धम्मपद | - ४० अंक, १५ घण्टा |
| २) दीघनिकाय | - ३० अंक, १२ घण्टा |
| ३) विशुद्धिमार्ग | - ३० अंक, १३ घण्टा |

संकलन

**भिक्षु निग्रोध स्थविर**

(सचिव, ने. बौ. शिक्षा परिषद्)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# धम्मपद

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, द्वितीय पत्र)

धम्मपद प्राप्ताङ्क ४० अंक, १५ घण्टा

## लेखक - भिक्षु अमृतानन्द

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**धम्मपद**

१५६- यस्ता मूर्खले फ्याँकिएको पुरानो धनुपले झैं बितेको घटनाहरूको मात्र चिन्ता गरेर अपशोस गर्नु पर्ने ॥१॥

**वृद्ध वर्ग सिद्धियो**

# १२ - अत्तवग्गो

(आफू वर्ग)

सुसुमारगिरि (१५७) बोधिराजकुमार

**अत्तानं चे पियं जञ्ञा-रक्खेय्य नं सुरक्खितं ।**

**तिण्ण'मञ्ञतरं यामं-पटिजग्गेय्य पण्डितो ॥१॥**

१५७ - तिम्रो आफ्नो उपर प्रेम छ भने आफूलाई सुरक्षित (संयत) गर ! पण्डित जनले तीन प्रहरमा कुनै एक प्रहरमा जागा रहनु पर्दछ ॥१॥

जेतवन (१५८) उपनन्द शाक्य पुत्र

**अत्तातं एव पठमं-पटिरूपे निवेसये ।**

**अथञ्ञम'नुसासेय्य-न किलिस्येय्य पण्डितो ॥२॥**

१५८ - सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु अनि पछि मात्रै अरूलाई उपदेश गर्नु, यसो गर्नाले पण्डितलाई क्लेश हुने छैन ॥२॥

जेतवन (१५९) पधानिकतिस्सत्थेर

Downloaded from http://dhamma.digital/

**अत्तातं चे तथा कयिरा[1]-यथञ्ञमनुसासति**

**सुदन्तो वत दम्मेथ-अत्ता हि किर दुद्दमो ॥३॥**

१५९ - अरूलाई अनुशासन गर्नुछ भने पहिले आफै त्यस्तो बनी दिनु पर्दछ । आफूलाई दमन गर्नु पर्दछ । आत्मा दमन गर्नु नै न्यादै गाह्रो कुरा हो ॥३॥

जेतवन (१६०) कुमारकश्यपकी आमा

**अत्ता हि अत्तनो नाथो-को हि नाथो परो सिया ?**

**अत्तना'व सुदन्तेन-नाथं लभति[2] दुल्लभं ॥४॥**

१६० - आफू नै आफ्नो मालिक हो आफ्नो मालिक अरू को हुन सक्ला ? आफूलाई राम्रोसँग दमन गर्न सक्यो भने दुर्लभ स्वामित्त्व प्राप्ति हुन्छ ॥४॥

१. ब. कारया ।

२. ब. लव्मति ।

जेतवन (१६१) महाकाल उपासक

**अत्तना'व[1] कतं पापं-अत्तजं अत्त सम्भवं ।**

**अधिमन्थति[2] दुम्मेधं-वजिरं'वस्मयं मणिं ॥५॥**

१६१ - आफूले गरेको पापले आफैलाई पीडा हुन्छ, मूर्खजनलाई आफूले नै गरेको पापले, पत्थरबाट निस्कने हीराले निस्केका ढुङ्गालाई नै काट्ने झैं पिरोल्छ ॥५॥

१. ब. हि । २. ब. अभिमथति ।

जेतवन (१६२) देवदत्त

Downloaded from http://dhamma.digital/

**यस्स अच्चन्त दुस्सील्यं-मालुवा सालमिवो'त्थतं ।**

**करोति सो तथ'तथ'त्तानं-यथा नं इच्छती दिसो ॥६॥**

१६२ - मालुवा भन्ने लहराले झ्याम्म छोपेको शाल वृक्ष झैं, जसको दुराचार फैलिएको छ त्यस दुर्बुद्धि मनुष्यले आफूलाई शत्रुले जस्तो गर्न चाहेको छ उस्तै बनाउँछ ॥६॥

राजगृह, वेणुवन (१६३) संघभेद समय

**सुकरानि असाधूनि-अत्तनो अहितानि च ।**

**इं वे हितञ्च साधुञ्च-तं वे परम दुक्करं ॥७॥**

१६३ - आफूलाई खराब हुने अहित कर्म गर्नु साह्रै सजिलो हुन्छ, आफूलाई हित हुने काम गर्नु बडो मुस्किल छ ॥७॥

जेतवन (१६४) काल थेर

**यो सासनं अरहतं-अरियानं धम्मजीविनं ।**

**पटिक्कोसति दुम्मेधो-दिट्ठिंनिस्साय पापिकं ।**

**फलानि कट्ठकस्से'व-अत्तहञ्ञाय फल्लति[1] ॥८॥**

१६४ - जसले आफ्नो मिथ्या धारणाको कारण धर्मात्मा श्रेष्ठ अर्हन्तहरूलाई निन्दा गर्दछ, त्यसले आफैलाई नाश गर्दछ जस्तो फुलले बाँसैलाई नाश गर्दछ ॥८॥

१. ब. फलति । 'फूल्लति' भनी पनि छ ।

जेतवन (१६५) चूलकाल उपासक

Downloaded from http://dhamma.digital/

**अत्तना'व कतं पाप-अत्तना सङ्किलिस्सति ।**

**अत्तना अकतं पापं-अत्तना'व विसुज्झति ।**

**सुद्धी असुद्धी पच्चतं-ना'ञ्ञो अञ्ञं विसोधये ॥९॥**

१६५ - आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ, शुद्धि हुने र अशुद्धि हुने आफ्नै द्वारबाट हो, कसैले अरू कसैलाई शुद्ध पार्न सक्दैन ॥९॥

जेतवन (१६६) अत्तदत्थ थेर

**अत्तदत्थं परत्थेन-बहुना'पि न हापये ।**

**अत्तदत्थमभिञ्ञाय-सदत्थपसुतो सिया ॥१०॥**

१६६ - अर्काको खूबै हित गर्नाका लागि आफ्नो हितको हानी गर्नु हुँदैन, आफ्नो हितको विचार राखेर सदर्थमा लाग्नु पर्दछ ॥१०॥

**आफू वर्ग सिद्धियो**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १२ - लोकवग्गो

(लोक वर्ग)

जेतवन (१६७) एक तरूण भिक्षु

**हीन धम्मं न सेवेय्य-पमादेन न संवसे ।**

**मिच्छिदिट्ठिं न सेवेय्य-न सिया लोक-वड्ढनो ॥१॥**

१६७ - नीच धर्म सेवन नगर, प्रमादी नहोऊ, मिथ्या धारणमा नफस, आवागमन (फेरि फेरि जन्म लिने) का कामना नबढाऊ ॥१॥

कपिलवस्तु, न्यग्रोधाराम (१६८) शुद्धोदन

**उत्तिट्ठे नप्पमज्जेय्य-धम्मं सुचरितं चरे ।**

**धम्मचारी सुखं सेति-अस्मिं लोके परम्हि च ॥२॥**

१६८ - उठ प्रमादी नहोऊ, सद्धर्मको आचरण गर, धार्मिक पुरूषहरू इहलोक परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछन् ॥२॥

Dhamma.Digital

(१६९)

**धम्मं चरे सुचरितं-न तं दुच्चरितं चरे ।**

**धम्मचारी सुखं सेति-अस्मिं लोके परम्हिच ॥३॥**

१६९ - धर्म आचरण राम्रोसँग गर्नु पर्छ, दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने पुरूषले इहलोक परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछ ॥३॥

जेतवन (१७०) ५०० ध्यानी भिक्षु

Downloaded from http://dhamma.digital/

**यथा बुब्बुलकं पस्से-यथा पस्से मरीचिकं ।**

**एवं लोकं अवेक्खन्तं-मच्चुराजा न पस्सति ॥४॥**

१७० - यस संसारलाई पानीमा उठेका फोका अथवा मृगतृष्णा समान भनी बराबर सम्झेर बस्नेलाई यमराजले देख्दैन ॥४॥

राजगृह, वेणुवन (१७१) अभय राजकुमार

**एथ पस्सथि'मं लोकं-चित्तं राजरथू'पमं ।**

**यत्थ वाला विसीदन्ति-नत्थि सङ्गो विजानतं ॥५॥**

१७१ - आऊ, हेर यो भड्किलो राजाको रथ जस्तो संसारलाई । यसमा मूर्खजन मात्र फस्दछ, ज्ञानीजन आसक्त हुँदैन ॥५॥

जेतवन (१७२) सम्मुञ्जनि थेर

**यो च पुब्बे पमज्जित्वा-पच्छा सो नप्पमजजति[१] ।**

**सो'मं लोकं पभासेति-अब्भा मुत्तो व चन्दिमा ॥६॥**

१७२ - जो पहिले प्रमादी भै, पछि त्यो फेरि प्रमादी बन्दैन- त्यस्ताले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ॥६॥

जेतवन (१७३) अगुलिमाल थेर

**यस्स पापं कतं कम्मं-कुसलेन पिथीयति[२] ।**

**सो'मं लोकं पभासेति-अब्भा मुत्तो'व चन्दिमा ॥७॥**

१७३ - जसको पापकर्मलाई पुण्य कर्मले ढाक्छ त्यसले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ॥७॥

Downloaded from http://dhamma.digital/

१. ब. नपमज्जति ।

२. 'पिधिय्यति' कुनै कुनै ग्रन्थमा ।

आलवी (१७४) पेशकारकी छोरी

**अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।**

**सकुन्तो जालमुत्तो'व अप्पो सग्गाय गच्छति ॥८॥**

१७४ - यो संसार अन्धो छ, आँखा हुने मानिस थोरै मात्र छन् । जालबाट मुक्त हुने चराहरू जस्तै थोरै मात्र स्वर्ग जान्छन् ॥८॥

जेतवन (१७५) तीसजना भिक्षु

**हंसा'दिच्चपथे यन्ति-आकासे यन्ति इद्धिया ।**

**नीयन्ति धीरा लोकम्हा-जेत्वा मारं सवाहिनिं ॥९॥**

१७५ - हंसहरू सूर्यपथ (आकाश) मा उड्छन्, ऋद्धिद्वारा योगी पनि आकाश मार्गमा भ्रमण गर्दछन्, तर ससैन्य मारलाई जितेर बुद्धमान् पण्डितहरू यस लोकबाट पार भएर जान्छन् ॥९॥

जेतवन (१७६) चिंचा माणविका

**एकं धम्मं अतीतस्स-मुसावादिस्सजन्तुनो ।**

**वितिण्ण परलोकस्स-नत्थि पापं अकारियं ॥१०॥**

१७६ - धर्म छोडेर झूठो बोल्ने र परलोकको चिन्ता नगर्नेले गर्न नसक्ने पाप यस लोकमा छँदै छैन ॥१०॥

Downloaded from http://dhamma.digital/

जेतवन (१७७) अशदृशदान

**न वे कदरिया देवलोकं वजन्ति**

**वाला हवे नप्पसंसन्ति दानं ।**

**धीरो च[1] दानं अनुमोदमानो**

**तेने'व सो होति सुखी परत्थ ॥११॥**

१७७ - कृपणीहरू देवलोकमा जाँदैनन्, मूर्खहरू दानको प्रशंसा गर्दैनन्, धीर पण्डितहरू द्यानको अनुमोदन गरेर दानको पुण्यले परलोकमा सुख प्राप्त गर्दछन् ॥११॥

१. ब. व ।

जेतवन (१७८) अनाथपिण्डकको काल भन्ने छोरा

**पथब्या एकरज्जेन-सग्गस गमनेन वा ।**

**सब्बलोका'धिपच्चेन-सोतापत्तिफलं वरं ॥१२॥**

१७८ - पृथ्वीको राज्य, स्वर्ग जान पाउने भाग्य अथवा सारा संसारको आधिपत्य भन्दा पनि उत्तम स्रोतापत्ति फलको प्राप्ति हो ॥१२॥

Dhamma.Digital

**लोक वर्ग सिद्धियो**

Downloaded from http://dhamma.digital/

# १४-बुद्धवग्गो

(बुद्ध वर्ग)

बोधिमण्डप (१७९) मारकी छोरी

**यस्स जितं ना'व जीयति**

**जितम'स्स नो याति कोचि लोके ।**

**तं बुद्धम'नन्तगोचरं**

**अपदं केन पदेन नेस्सथ ? ॥१॥**

१७९ - जसको विजय फेरि पराजय हुन सक्तैन, जसलाई जितिसकेको राग, द्वेषादिले फेरि पीछा गर्न सक्तैन, जसलाई मार्गका प्रयोजन छैन उस्ता ज्ञानी अनन्तका मार्ग-रहित बुद्धलाई कुन बाटो लैजान्छौं ? ॥१॥

(१८०)

**यस्स जालिनो विसत्तिका**

**तण्हा नत्थि कुहिञ्चि नेतवे**

**तं बुद्धम'नन्तगोचरं**

**अपदं केन पदेन नेस्सथ ? ॥२॥**

१८० - जसलाई बन्धनमा जखड्ने विषरूपी तृष्णाले कहीं पनि लैजना सक्तैन, उस्ता ज्ञानी अनन्तका पथ रहित बुद्धलाई कुन बाटो लैजान्छौं ? ॥२॥

संकाश्य नगर (१८१) देव, मनुष्य

**ये झानपुता धीरा-नेक्खम्मू'पसमे रता ।**

**देवा'पि तेसं पिहयन्ति-सम्बुद्धानं सतीमनं ॥३॥**

Downloaded from http://dhamma.digital/

१८१ - धीर भै ध्यानमा लागेका, शान्तिको मार्ग नैष्कर्म्यमा बस्ने बुद्धहरूको देवताहरूले पनि स्पृहा गर्दछन् ॥३॥

वाराणसी (१८२) एरकपत्त नागराज

**किच्छो मनुस्सपटिलाभो**

**किच्छो मच्चान‘जीवितं ।**

**किच्छं सद्धम्मसवणं**

**किच्छो बुद्धानं उप्पादो ॥४॥**

१८२ - मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ, जन्मेर पनि जीवित रहनु कठीन छ । जीवित रहे पनि धर्म श्रवण गर्नु कठीन छ औ बुद्धको जन्म हुनु पनि दुर्लभ छ ॥४॥

जेतवन (१८३) आनन्द स्थविरको प्रश्न

**सब्ब पापस्स अकरणं-कुसलस्स उपसम्पदा ।**

**सचत्तपरियोदपनं-एतं बुद्धान‘सासनं ॥५॥**

१८३ - कुनै पाप नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु-यही बुद्धहरूको शिक्षा हो ॥५॥

जेतवन (१८४) आनन्द थेर

**खन्ती परमं तपो तितिक्खा**

**निब्बानं परमं वदन्ति बुद्धा ।**

**न हि पब्बजितो परू‘पघाती**

**समणो[1] होति परं विहेठयन्तो ॥६॥**

Downloaded from http://dhamma.digital/

१८४ - सहनशीलता र क्षमाशीलता परम तप हुन्, बुद्धहरू निर्वाणलाई परमपद भन्दछन्, अर्कालाई घात गर्ने, अर्कालाई पीडा दिने प्रव्रजित सच्चा साधु होइन ॥६॥

१. ब. न समणो ।

(१८५)

**अनूपवादो अनूपघातो-पातिमोक्खे च संवरो ।**

**मत्तञ्ञुता'च आयोगो एतं-बुद्धान'सासनं ॥७॥**

१८५ - कसैलाई निन्दा वा हिंसा पीडा नगर्नु, प्रातिमोक्षका शीलहरू पालन गर्नु, आहारमा मात्राको ज्ञान राख्नु, एकान्त बास गर्नु र चित्त शुद्धिको निम्ति योग गर्नु-यही बुद्धहरूको शिक्षा हो ॥७॥

जेतवन (१८६) उदासीन भिक्षु

**न कहापणवस्सेन-तित्ति कामेसु जायति ।**

**अप्पसादा दुखा कामा-इति विञ्ञाय पण्डितो ॥८॥**

(१८७)

**अपि दिब्बेसु कामेसु-रतिं सो ना'धिगच्छति ।**

**तण्हक्खयरतो होति-सम्मासम्बुद्ध सावको ॥९॥**

१८६, १८७ - रूपैयाँ पैसा बर्षेता पनि मानिसको काम तृष्णाहरू तृप्त हुँदैनन्, पण्डित जनहरू संसारिक काम भोगादिमा अल्पमात्र स्वाद छ उल्टो धेरै दुःख छ भन्ने जानेर काम सुखको इच्छा गर्दैनन्; सम्यक्सम्बुद्धका श्रावकहरू तृष्णाक्षय गर्नमा लाग्दछन् ॥८, ९॥

जेतवन (१८८) अग्गिदत्त ब्राह्मण

Downloaded from http://dhamma.digital/

**बहुं[1] वे सरणं यन्ति-पब्बतानि वनानि च ।**

**आरामरूक्खचेत्यानि-मनुस्सा भयतज्जिता ॥१०॥**

१. ब. बहु ।

(१८९)

**ने‘तं खो सरणं खेमं-ने‘तंसरणमुत्तमं ।**

**ने‘तं सरणमा‘गम्म-सब्ब दुक्खा पमुच्चति ॥११॥**

१८८, १८९ - डरका मारे मनुष्यहरू पर्वत, वन, उद्यान, वृक्ष र तीर्थ स्थानको शरण लिन जान्छन् । किन्तु यो शरण मङ्गल दायक होइन, यो उत्तम शरण पनि होइन, कारण, यस्तो शरणले सबै प्रकारको दु:खबाट छुट्कारा पाइँदैन ॥१०, ११॥

जेतवन (१९०) अग्गिदत्त ब्राह्मण

**यो च बुद्धञ्च धम्मञ्च-सङ्घञ्च सरणं गतो ।**

**चत्तारि अरियसच्चानि-सम्मप्पञ्ञाय पस्सति ॥१२॥**

(१९१)

**दुक्खं दुक्खसमुप्पादं-दुक्खस्स च अतिक्कमं ।**

**अरियञ्च‘ट्ठङ्गिकं मग्गं-दुक्खू‘पसमगामिनं ॥१३॥**

(१९२)

**एतं खो सरणं खेमं-एतं सरणमु‘त्तमं ।**

**एतं सरण‘मागम्म-सब्बदुक्खा पमुच्चति ॥१४॥**

१९०, १९१, १९२ - जो बुद्ध, धर्म तथा संघको शरण लिन जान्छ, जसले दु:ख, दु:खको उत्पत्ति, दु:ख-निरोध र दु:ख-निरोध हुने आर्यअष्टाङ्गिक मार्गलाई प्रज्ञा दृष्टिले हेरेको छ, उस्ताको शरण नै रक्षादायक उत्तम शरण हो, यही शरण लिएर नै सबै तरहको दु:खबाट मुक्ति हुन्छ ॥१२, १३, १४॥

Downloaded from http://dhamma.digital/

जेतवन (१९३) आनन्द थेरको प्रश्न

**दुल्लभो पुरिसा‘जञ्ञो-न सो सब्बत्थ जायति ।**

**यत्थ सो जायति धीरो-तं कुलं सुखमे‘धति ॥१५॥**

१९३ - उत्तम पुरूष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुँदैन । जुन कालमा यस्ता महापुरूषको जन्म हुन्छ त्यस कुलमा सुख वृद्धि हुन्छ ॥१५॥

जेतवन (१९४) धेरै भिक्षुहरू

**सुखो बुद्धानं उप्पादो-सुखा सद्धम्म देसना ।**

**सुखा सङ्घस्स सामग्गी-समग्गानं तपो सुखो ॥१६॥**

१९४ - बुद्धहरूको जन्म हुनु सुखदायक हो, सद्धर्मको उपदेश सुखदायक हो औ एकतायुक्तहरूको तपस्या पनि सुखदायक हो ॥१६॥

चरिका गर्दा (१९५) कश्यप बुद्धको चैत्य

**पूजा‘रहे पूजयतो-बुद्धे यदि व सावके ।**

**पपञ्चसमतिक्कन्ते-तिण्णसोकपरिद्दवे ॥१७॥**

(१९६)

**ते तादिसे पूजयतो-निब्बुते अकुतोभये ।**

**न सक्का पुञ्ञं सङ्खातुं-इमे‘त्तति‘ति केनचि ॥१८॥**

१९५, १९६ - सांसारिक प्रपन्चबाट मुक्त भै सकेका, शोक, भय रहित पूजनीय बुद्ध अथवा श्रावकहरूको पूजा सत्कारको; त्यस्ता गुणी, निर्वाण पाएको, कुनै चीजमा भय नहुनेलाई पूजा सत्कार गरेको पुण्यको फल ‘यति उति’ भनी कसैले पनि भन्न सक्दैन ॥१७, १८॥

**बुद्ध वर्ग सिद्धियो**

Downloaded from http://dhamma.digital/

# १५-सुखवग्गो

(सुख वर्ग)

शाक्य नगर (१९७) झगडा शान्त पार्न

**सुसुखं वत जीवाम-वेरिनेसु अवेरिनो ।**

**वेरिनेसु मनुस्सेसु-विहराम अवेरिनो ॥१॥**

१९७ - अहो, वैरीहरूको बीचमा म शत्रुभाव नराखेर सुखपूर्वक बसेको छु, घृणित मानिसहरूको बीचमा म घृणाको भाव नराखेर बसेको छु ॥१॥

(१९८)

**सुसुखं वत जीवाम-आतुरेसु अनातुरा ।**

**आतुरेसु मनुस्सेसु-विहराम अनातुरा ॥२॥**

१९८ - आश्चर्यको कुरा छ, भयभीतको बीचमा म भयभीत नभई सुखपूर्वक बसेको छु, भयसहितको मनुष्यको बीचमा म भय रहित भई बसेको छु ॥२॥

Dhamma.Digital

(१९९)

**सुसुखं वत जीवाम-उस्सुकेसु अनुस्सुका ।**

**उस्सुकेसु मनुस्सेसु-विहराम अनुस्सुका ॥३॥**

१९९ - आशक्तको बीचमा, अनाशक्त म सुखपूर्वक बसेको छु, आशक्ति सहित मुनष्यको बीचमा म अनाशक्त भै बसेको छु ॥३॥

पञ्चशाल ब्राह्मण गाउँ (२००) मार

**सुसुखं वत जीवाम-येसं नो नत्थि किञ्चनं ।**

Downloaded from http://dhamma.digital/

**पीतिभक्खा भविस्साम-देवा आभस्सरा यथा ॥४॥**

२०० - अहो, हामीसँग केही पनि छैन तापनि हामीहरू सुखपूर्वक बस्दछौं, हामी आभाश्वर देवताहरू झैं प्रीति भोजन गरी बस्दछौं ॥४॥

जेतवन (२०१) कोशल राजा

**जयं वेरं पसवति-दुक्खं सेति पराजितो ।**

**उपसन्तो सुखं सेति-हित्वा जय पराजयं ॥५॥**

२०१ - विजयले वैरभाव उत्पन्न गराउँदछ, पराजित पुरूष, दुःखपूर्वक सुत्छ, शान्त पुरूष जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ ॥५॥

जेतवन (२०२) एक कन्या

**नत्थि रागसमो अग्गि-नत्थि दोससमो कलि ।**

**नत्थि खन्धसमा दुक्खा-नत्थि संति परं सुखं ॥६॥**

२०२ - राग जस्तो आगो अर्को छैन, द्वेष जस्तो अपराध अरू छैन, पञ्चस्कन्ध समान दुःख अरू छैन, शान्ति जस्तो सुख अर्को छैन ॥६॥

आलवी (२०३) एक उपासक

**जिघच्छा परमा रोगा-सङ्खारा परमा दुखा ।**

**एतं ञत्वा यथाभूतं-निब्बानं परमं सुखं ॥७॥**

२०३ - भोक रोग हो, संस्कार परम दुःख हो । यस्तो जानेर भेट्टाएको निर्वाण नै परम सुख हो ॥७॥

Downloaded from http://dhamma.digital/

जेतवन (२०४) प्रसेनजित कोशल राजा

**आरोग्यपरमा[१] लाभा-सन्तुट्ठि परमं धनं ।**

**विस्सासा[२] परमा ञाती-निब्बानं परमं सुखं ॥८॥**

२०४ - निरोगी हुनु परम लाभ हो, सन्तोष परम धन हो, विश्वास सबभन्दा ठूलो बन्धु हो, निर्वाण परम सुख हो ॥८॥

१. ब. आरोग्या ।

२. ब. विस्सासा ।

वैशाली (२०५) तिस्स थेर

**पविवेकरसं पीत्वा-रसं उपसमस्स च ।**

**निद्दरो होति निप्पापो-धम्मपीति रसं पिवं ॥९॥**

२०५ - एकान्त बासको रस तथा शान्तिको रसपान गर्ने सत्पुरूषलाई भय हुँदैन । धर्मको प्रेमरस पान गरेको हुनाले पाप रहित भई सकेको छ ॥९॥

वेलुवाग्राम (२०६) शक्र देवराज

**साहु दस्सनमरियानं-सन्निवासो सदा सुखो ।**

**अदस्सेनेन बालानं-चिच्चमे'व सुखी सिया ॥१०॥**

२०६ - आर्य पुरूषहरूको दर्शन गर्नु र उनीहरूको आश्रयमा बस्नु सुखकर छ, मूर्खजनहरूको दर्शन नगर्नाले सधैं सुख हुन्छ ॥१०॥

(२०७)

**बलसंगतचारी हि-दीघम'द्धान सोचति ।**

Downloaded from http://dhamma.digital/

**दुक्खो बालेहि संवासो-अमित्तेन'व सब्बदा ॥**

**धीरोच सुख संवासो-ञातीनंव समागमो ॥११॥**

२०७ - मूर्खहरूको संगत गर्नेलाई दीर्घकालसम्म शोक हुन्छ, मूर्ख संगत गर्नु शत्रुको संगत गर्नु जस्तै दुःख न हो; धीर पण्डितहरूसँग बस्नु ज्ञाति बन्धुहरूसँग बस्नु झैं सुख हो ॥११॥

वेलुवग्राम (२०८) शक्र देवराज

**तस्सा हि धीरञ्च पञ्ञञ्च बहुस्सुतञ्च**

**धोरेय्हसीलं[1] वतवन्तमरियं ।**

**तं तादिसं सप्पुरिसं सुमेधं**

**भजेथ नक्खत्तपथं'व चन्दिमा ॥१२॥**

२०८ - त्यसकारण तिमीहरूले पनि, चन्द्रमाले नक्षत्रपथको अनुगमन गरे झैं धीर, प्राज्ञ, बहुश्रुत, शीलवान्, बुद्धिवान् आर्य तथा सत्पुरूषहरूको सतसंगत गर ! ॥१२॥

१. ब. धोरय्ह

Dhamma.Digital

**सुख वर्ग सिद्धियो**

Downloaded from http://dhamma.digital/

# १६-पियवग्गो

(प्रिय वर्ग)

जेतवन (२०९) तीनजना भिक्षु

**अयोगे युञ्जमत्तानं-योगस्मिञ्च अयोजयं ।**

**अत्थं हित्वा पियग्गाही-पिहेतत्तानुयोगिनं ॥१॥**

२०९ - खराब काममा लाग्ने असल काममा नलाग्ने, सदर्थ छोडी प्रिय वस्तु मात्र ग्रहण गर्ने व्यक्तिले आत्माको उन्नति गर्ने माथि स्पृहा गर्दछ ॥१॥

(२१०)

**मा पियेहि समागञ्छि-अप्पियेहि कुदाचनं ।**

**पियानं अदस्सनं दुक्खं-अप्पियानञ्च दस्सनं ॥२॥**

२१० - प्रेमीको र अप्रेमीको दुबैको संगत नगर, प्रेमीलाई नदेख्दा र अप्रेमीलाई देख्दा दुःख हुन्छ ॥२॥

(२११)

**तस्मा पियं न कयिराथ**

**पिया'पायो हि पापको ।**

**गन्था तेसं न विज्जन्ति**

**येसं नत्थि पिया'प्पियं ॥३॥**

२११ - त्यसकारण प्रेम नगर, प्रेमीको वियोग नै दुःख हो, प्रिय र अप्रिय दुबै नहुने व्यक्तिलाई बन्धन हुने छैन ॥३॥

जेतवन (२१२) कुनै कुटुम्बिक

Downloaded from http://dhamma.digital/

**पियतो जायती सोको-पियतो जायती भयं ।**

**पियतो विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ? ॥४॥**

२१२ - प्रिय वस्तुले शोक उत्पन्न गर्दछ, प्रिय वस्तुले भय उत्पन्न गराउँछ, प्रिय वस्तुबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ? ॥४॥

जेतवन (२१३) विशाखा उपासिका

**पेमतो जायती सोको-पेमतो जायती भयं ।**

**पेमतो विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ? ॥५॥**

२१३ - प्रेमबाट शोक उत्पन्न हुन्छ, प्रमेबाट भय उत्पन्न हुन्छ, प्रेमबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ? ॥५॥

वैशाली, कूटागारशाला (२१४) लिच्छवीहरू

**रतिया जायती सोको-रतिया जायती भयं ।**

**रतिया विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ? ॥६॥**

२१४ - रागले शोक उत्पन्न गराउँछ, रागले भय उत्पन्न गराउँछ, रागबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ? ॥६॥

जेतवन (२१५) अनित्थिगन्ध कुमार

**कामतो जायती सोको-कामतो जायती भयं ।**

**कामतो विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ? ॥७॥**

२१५ - कामले शोक उत्पन्न गराउँछ, कामले भय उत्पन्न गराउँछ, कामबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ? ॥७॥

Downloaded from http://dhamma.digital/

जेतवन (२१६) कुनै ब्राह्मण

**तण्हाय जायती सोको-तण्हाय जायती भयं ।**

**तण्हाय विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ? ॥८॥**

२१६ - तृष्णाले शोक उत्पन्न गराउँछ, तृष्णाले भय उत्पन्न गराउँछ, तृष्णाबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ? ॥८॥

राजगृह, वेणुवन (२१७) ५०० बालक

**सीलदस्सनसम्पन्नं-धम्मट्ठं सच्चवादिनं ।**

**अत्तनो कम्म कुब्बानं-तं जनो कुरूते पियं ॥९॥**

२१७ - जो शील र विद्याले सम्पन्न छ, धर्ममा स्थिर छ, सत्यवादी र आफ्नो कर्ममा तत्पर छ, त्यस पुरूषलाई सबैले प्रेम गर्दछ ॥९॥

जेतवन (२१८) एक अनागामी थेर

**छन्दजातो अनक्खाते**

**मनसा च फुटो सिया ।**

**कामेसु च अप्पटिबद्धचित्तो**

**उद्धं सोतो'ति वुच्चति ॥१०॥**

२१८ - निर्वाणको अभिलाषा गर्ने र त्यसमा चित्त लगाउने तथा काम विषयमा संलग्न नहुने व्यक्तिलाई उर्ध्व स्रोतगामी भन्दछन् ॥१०॥

ऋषिपतन (२१९) नन्दिपुत्र

**चिरप्पवासिं पुरिसं-दूरतो सोत्थिमागतं ।**

**ञातिमित्ता सुहज्जा च-अभिनन्दन्ति आगतं ॥११॥**

Downloaded from http://dhamma.digital/

(२२०)

**तथे'व कत पुञ्ञम्पि-अस्मा लोका परं गतं ।**

**पुञ्ञानि पतिगण्हन्ति-पियं ञातीव[1] ञ्ञागतं ॥१२॥**

२१९, २२० - धेरै दिनसम्म परदेश बसेर सकुशल घर फर्कने पुरूषलाई, आफ्नो ज्ञाति भाई भित्र र हितैषीहरूले स्वागत गर्दछन् । त्यस्तै इहलोकबाट परलोक जाने व्यक्तिलाई आफूले गरेको पुण्यले स्वागत गर्दछ ॥११, १२॥

१. ब. ञाति'व

**प्रिय वर्ग सिद्धियो**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १७-कोधवग्गो

(क्रोध वर्ग)

कपिलवस्तु (२२१) रोहिणी क्षत्रीकन्या

**कोधं जहे विप्पजहेय्य मानं**

**सञ्ञोजनं सब्बम'तिक्कमेय्य**

**तं नामरूपस्मिं असज्जमानं**

**अकिञ्चनं ना'नुपतन्ति दुक्खा ॥१॥**

२२१ - क्रोध नगर, अभिमान नगर, सबै बन्धनबाट पार तरेर जाउ । नाम-रूपमा आसक्त नहुने परिग्रह रहित व्यक्तिलाई दुःख सन्ताप हुने छैन ॥१॥

अग्गालव चैत्य (२२२) कुनै एक भिक्षु

**यो वे उप्पतितं कोधं-रथं भन्तं व धारये ।**

**तमहं सारथिं ब्रूमि-रस्मिग्गाहो इतरो जनो ॥२॥**

२२२ - जसले बढ्न गएको क्रोधलाई रथ रोके झैं रोक्छ, उसैलाई साँच्चिको सारथी भन्दछ, अरू त केवल लगाम समात्ने मात्र हुन् ॥२॥

राजगृह, वेणुवन (२२३) उत्तरा उपासिका

**अक्कोधनं जिने कोधं-असाधुं साधुना जिने ।**

**जिने कदरियं दानेन-सच्चेन अलिकवादिनं ॥३॥**

२२३ - क्रोधीलाई अक्रोधले जित्नु, नराम्रो गर्नेलाई राम्रो कामले जित्नु, कृपणीलाई दानले जित्नु र असत्यवादीलाई सत्यले जित्नु ॥३॥

Downloaded from http://dhamma.digital/

जेतवन (२२४) महामोद्गल्यायन

**सच्चं भणे न कुज्झेय्य**

**दज्जा'प्पस्मिम्पि[1] याचितो ।**

**एतेहि तीहि ठानेहि**

**गच्छे देवान'सन्तिके ॥४॥**

२२४ - सत्य बोल्नु, क्रोध नगर्नु र माग्न आउँदा अकिता भएपनि दिनु-यी तीन कामले मनुष्य देवलोकमा जान्छ ॥४॥

१. ब.अप्पम्मि ।

साकेत (=अयोध्या) (२२५) भिक्षुहरूको प्रश्न

**अहिंसका ये मुनयो-निच्चं कायेन संबुता ।**

**ते यन्ति अच्चुतं ठानं-यत्थगन्त्वा न सोचरे ॥५॥**

२२५ - जो मुनीहरू सधैं शारीरिक संयममा बसेर हिंसाले रहित हुन्छ, त्यो अच्युत स्थानमा पुग्दछ, जहाँ पुगेर पछि शोक हुँदैन ॥५॥

Dhamma.Digital

राजगृह, गृद्धकूट (२२६) राजगृह सेठको छोरा

**सदा जागरमानानं-अहोरत्ता नुसिक्खिनं ।**

**निब्बानं अधिमुत्तानं-अत्थं गच्छन्ति आसवा ॥६॥**

२२६ - जो सधैं जाग्रत भएर रातदिन योगाभ्यासमा लागि रहन्छ । निर्वाण नै जसको एकमात्र अभिलाषा हुन्छ, त्यस व्यक्तिको आस्रव र चित्तमल नष्ट हुन्छ ॥६॥

Downloaded from http://dhamma.digital/

जेतवन (२२७) अतुल उपासक

**पोराणमे‘तं अतुल-ने‘तं अज्जतनामि‘व ।**

**निन्दन्ति तुण्हिमासीनं-निन्दन्ति बहु भाणिनं ।**

**मितभाणिनम्पि निन्दन्ति-नत्थिलोके अनिन्दितो ॥७॥**

२२७ - हे अतुल ! यो पुरानो कुरा हो, अहिलेको होइन, नबोल्नेलाई पनि, धेरै बोल्नेलाई पनि, मितभाषीलाई पनि निन्दा गर्छन्, यो लोकमा कोही पनि निन्दा रहित हुँदैन ॥७॥

(२२८)

**न चा‘हु न च भविस्सति-न चे‘तरहि विज्जति ।**

**एकन्तं निन्दितो पोसो-एकन्तं वा पसंसितो ॥८॥**

२२८ - बिल्कुल निन्दित या बिल्कुल प्रशंसित पुरूष न उहिले थियो न कहिल्यै होला न आजकल हुन्छ ॥८॥

जेतवन (२२९) अतुल उपासक

Dhamma.Digital

**यञ्चे विञ्ञू पसंसन्ति-अनुविच्च सुवे सुवे ।**

**अच्छिद्द वुत्तिं मेघाविं-पञ्ञासीलसमाहितं ॥९॥**

(२३०)

**नेक्खं[1] जम्बोनदस्से‘व-को तं निन्दितुम‘रहति ।**

**देवा‘पि नं पसंसन्ति-ब्रम्हुना‘पि पसंसितो ॥१०॥**

२२९, २३० - जुन व्यक्तिलाई पण्डितहरूले दिन पर दिन खूबै यादगारीको साथ प्रशंसा गर्दछन् त्यस्ता दोष हीन, मेधावी, शीलवान्, र प्रज्ञावान् जाम्बुनद मणि जस्तालाई कसले निन्दा गर्न सक्ला ? देवताले पनि ब्रह्माले पनि उसको प्रशंसा गर्दछ ॥९, १०॥

Downloaded from http://dhamma.digital/

१. ब. निक्ख ।

वेणुवन (२३१) छवर्गीय भिक्षु

**कायप्पकोपं रक्खेय्य-कायेन संवुतो सिया ।**

**काय दुच्चरितं हित्वा-कायेन सुचरितं चरे ॥११॥**

२३१ - शारीरिक दुराचारबाट बच, शारीरिक संयम गर, कायिक दुश्चरित्र छोडी कायिक सदाचारको आचरण गर ॥११॥

(२३२)

**वचीपकोपं रक्खेय्य-वाचाय संवुतो सिया ।**

**वचीदुच्चरितं हित्वा-वाचाय सुचरितं चरे ॥१२॥**

२३२ - वाचिक दुराचारबाट बच, वाचिक संयम गर, वाचिक दुराचार छोडी वाचिक सदाचरण गर ॥१२॥

(२३३)

**मनोपकोपं रक्खेय्य-मनसा संवुतो सिया ।**

**मनोदुच्चरितं हित्वा-मनसा सुचरितं चरे ॥१३॥**

२३३ - मानसिक दुराचारबाट बच, मानसिक संयम गर, मानसिक दुराचरण छोडी मानसिक सदाचरण गर ॥१३॥

(२३४)

**कायेन संवुत्रा धीरा-अथो वाचाय संवुता ।**

**मनसा संवुता धीरा-ते वे सुपरि संवुता ॥१४॥**

Downloaded from http://dhamma.digital/

२३४ - कायिक, वाचिक र मानसिक संयम हुने धीर पण्डितलाई नै सुसंयमी भन्दछन् ॥१४॥

## क्रोध गर्न सिद्धियो

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १८-मलवग्गो

(कसर वर्ग)

जेतवन (२३५) गोधातक पुत्र

**पण्डुपलासो'व दानि'सि**

**यमपुरिसा'पि च तं[1] 'मुपट्ठिता ।**

**उय्योगमुखे च तिट्ठसि**

**पाठेय्यम्पि च ते न विज्जति ॥१॥**

२३५ - अहिले तिमी पहेंलो पात जस्तो छौ, यमदूतहरू तिम्रो सामने खडा छन्, विनाशको खड्किलामा खडा छौ, तिमीसँग बाटो खर्च पनि छैन ॥१॥

(२३६)

**सो करोहि दीप'मत्तनो**

**खिप्पं वायाम पण्डितो भव ।**

**निद्धन्तमलो अनङ्गणो**

**दिब्बं अरियभूमिमे'हिसि[2] ॥२॥**

२३६ - त्यसकारण तिमीले आफैलाई द्वीप (रक्षास्थान) बनाउ, चाँडै कोशिस गरी पण्डित बन, मल रहित, काम रहित होऊ अनि दिव्य आर्यहरूको पदमा पुग्ने छौ ॥२॥

१. ब. वासो ते ।

२. ब. अन्तरे ।

(२३७)

**उपनीतवयो च दानि'सि**

**सम्पयातो'सि यमस्स सन्तिके ।**

Downloaded from http://dhamma.digital/

**वासो'पि च ते[1] नत्थि अन्तरा[2]**

२३७ - अब तिम्रो आयु समाप्त भयो, यमराजका अगाडि पुगी सक्यौ, बीच बाटोमा तिम्रो निवास छैन बाटो खर्च पनि छैन ॥३॥

१. ब. वासो ते ।

२. ब. अन्तरे ।

(२३८)

**सो करोहि दीप'मत्तनो**

**खिप्पं वायाम पण्डितो भव ।**

**निद्धन्तमलो अनङ्गणो**

**न पुन जातिजरं उपेहिसि ॥४॥**

२३८ - त्यसकारण तिमीले द्वीप बनाउ, चाँडै कोशिस गरी पण्डित बन, मल रहित, काम रहित होऊ अनि तिमी फेरि जन्म मरणको चक्करमा पर्ने छैनौ ॥४॥

जेतवन (२३९) कुनै एक ब्राम्हण

**अनुपुब्बेन मेधावी-थोक थोकं खणे खणे ।**

**कम्मारो रजतस्से'व-निद्धमे मल'मत्तनो ॥५॥**

२३९ - सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले अलि अलि गरी क्रमश: आफ्नो चित्तमल निखार्नु पर्छ ॥५॥

(२४०)

**अयसा'व मलं समुट्ठितं[1]**

**त'दुट्ठाय[2] त'मेव खादति ।**

Downloaded from http://dhamma.digital/

**एवं अति धोनचारिनं**

**सक कम्मानि नयन्ति दुग्गतिं ॥६॥**

२४० - जस्तो फलामबाट निस्केका खियाले फलामलाई नै खान्छ त्यस्तै केवल सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसैलाई दुर्गतिमा पुऱ्याउँछ ॥६॥

१. ब. समुद्दाय ।

२. ब. ततुद्दाय ।

जेतवन (२४१) लालुदायी थेर

**असज्झायमला मन्ता-अनुट्ठानमला घरा ।**

**मलं वण्णस्स कोसज्जं-पमादो रक्खतो मलं ॥७॥**

२४१ - बार बार पाठ नगर्नु मंत्रको मैले हो, झारू बढार नगर्नु घरको मैल हो, आलस्य सौन्दर्यको मैल हो र प्रमाद पहरादारीको मैल हो ॥७॥

राजगृह, वेणुवन (२४२) कुनै एक कुलपुत्र

**मलि'त्थिया दुच्चरितं-मच्छेरं ददतो मलं ।**

**मला वे पापका'धम्मा-अस्मिं लोके परम्हि च ॥८॥**

२४२ - स्त्रीको मैल दुराचार हो, दानीको मैल कंजुसीपन हो, इहलोक र परलोकको मैल पापै हो ॥८॥

(२४३)

**ततो मला मलतरं अविज्जा परमं मलं ।**

**एतं मलं पहत्वान-निम्मला होथ भिक्खवो ॥९॥**

Downloaded from http://dhamma.digital/

२४३ - त्योभन्दा पनि माथिको (खराब) मैल अविद्या हो, त्यसकारण भिक्षु हो ! यो मैललाई हटाएर निर्मल होऊ ॥९॥

(२४४)

**सुजीवं अहिरिकेन-काकसूरेन धैसिना ।**

**पक्खन्दिना पगब्भेन-सङ्किलिट्ठेन जीवितं ॥१०॥**

२४४ - लज्जारहित काम गर्नमा, अर्काको खोसेर खानमा वीर, अर्काको कुभलो चिताउने, बकवादी, अहंकार, भ्रष्टाचारी मनुष्यको जीवन बिताउन सजिलो छ ॥१०॥

(२४५)

**हिरीमता च दुज्जीवं-चिच्चं सुचिगवेसिना ।**

**अलीनेन'प्पगब्भेन-सुद्धा'जीवेन पस्सता ॥११॥**

२४५ - लाज मान्ने, सर्वदा पवित्रताको खोजी गर्ने, उद्योगी र मितभाषी भई शुद्ध जीविका गर्ने ज्ञानीको जीवन-यापन कठिन हुन्छ ॥११॥

जेतवन (२४६) ५०० उपासक

**यो पाण'मतिपातेति-मुसावादञ्च भासति ।**

**लोके अदिन्नं आदियति-परदारञ्च गच्छति ॥१२॥**

(२४७)

**सुरामेरयपानञ्च-यो नरो अनुयुञ्जति ।**

**इधे'वमेसो लोकस्मिं-मूलं खणति अत्तनो ॥१३॥**

२४६, २४७ - हिंसक, असत्यवादी, चोरी काम गर्ने, व्यभिचारी र मद्यपान गर्ने व्यक्तिले यसै लोकमा आफ्नो उन्नतिको जड उखेल्दछ ॥१२, १३॥

Downloaded from http://dhamma.digital/

(२४८)

**एवम्भो पुरिस जानाहि-पापधम्मा असञ्ञता ।**

**मा तं लोभो अधम्मो च-चिरं[१] दुक्खाय रन्धयुं[२] ॥१४॥**

२४८ - पुरूष हो ! पापकर्मलाई रोक्न सजिलो छैन, लोभ र अधर्मले तिमीलाई चिरकालसम्म दुःखमा नजाकोस् ॥१४॥

१. ब. पट ।    २. ब. रम्धसु

(२४९)

**ददातिवे यथासद्धं-यथापसादनं जनो ।**

**तत्थ यो मङ्कु भावं वा[१]-परेसं पान भोजने ।**

**न सो दिवा वा रतिं वा समाधिं अधिगच्छति ॥१५॥**

२४९ - लोकले आफ्नो श्रद्धा र भक्ति अनुसार दान दिन्छन्; जो मानिस अर्काको खानपिन हेर्न सक्तैन, त्यसलाई दिनरात कहिले पनि शान्ति हुने छैन, त्यसलाई ध्यान प्राप्त हुँदैन ॥१५॥

१. कहिं २ 'तत्थ यो मकुं भति'

'तत्थ सो मङ्कु भावं वा'

'तत्थ यो मंकु भवति'

(२५०)

**यस्स चे'तं समु'च्छिन्नं-मूलघच्चं समूहतं ।**

**स वे दिवा वा रत्तिं वा-समाधिं अधिगच्छति ॥१६॥**

Downloaded from http://dhamma.digital/

२५० - जसले यस्तो मनोवृत्तिको जड समेत उखेलेको छ त्यसको मनमा दिनरात शान्ति हुन्छ र समाधि प्राप्ति हुन्छ ॥१६॥

जेतवन (२५१) पाँचजना उपासक

**नत्थि रागसमो अग्गि-नत्थि दोससमो गहो ।**

**नत्थि मोहसमं जालं-नत्थि तण्हासमा नदी ॥१७॥**

२५१ - राग बराबरको आगो अर्को छैन, द्वेष बराबराको ग्रह अर्को छैन, मोह बराबरको जाल अर्को छैन र तृष्णा समानको नदी अर्को छैन ॥१७॥

भद्दिय नगर (२५२) मेण्डक सेठ

**सुदस्सं वज्जं अञ्ञेसं-अत्तनो पन दुद्दसं ।**

**परेसं हि सो वज्जानि-ओपुणाति यथा भुसं ।**

**अत्तनो पन छादेति-कलिं'व[1] कितवा सठो ॥१८॥**

२५२ - अर्कोको दोष देख्नु सजिलो छ, किन्तु आफ्नो दोष देख्नु मुश्किल छ, आर्काको दोष भने हिम छरे झैं छरेर हिंड्छ किन्तु आफ्नो दोष चाहिं जाली जुवारेले पासा छोपे झैं छोप्छ ॥१८॥

१. ब. कली'व ।

जेतवन (२५३) उज्झानसञ्ञिनो थेर

**परवज्जा'नुपस्सिस्स-निच्चं उज्झानसञ्ञिनो ।**

**आसवा तस्स वद्धन्ति-आरा सो आसवक्खया ॥१९॥**

२५३ - दोषारोपन गर्ने विचारले सधैं अर्काको दोष देखी रहने व्यक्तिको चित्त-मल बढ्दछ, चित्त-मलको क्षय हुने मार्गबाट वञ्चित हुन्छ ॥१९॥

Downloaded from http://dhamma.digital/

कुशीनगर (२५४) सुभद्र परिब्राजक

**आकासे पदं नत्थि-समणो नत्थि बाहिरे ।**

**पपञ्चा भिरता पजा-निप्पपञ्चा तथागता ॥२०॥**

२५४ - आकाशमा केही चिन्ह नभए झैं सच्च श्रमण बाहिर छैन, दुनिया प्रपंचमा रहेका छन्, तथागत प्रपंच रहित छ ॥२०॥

(२५५)

**आकासे च पदं नत्थि-समणो नत्थि बाहिरे ।**

**सङ्खारा सस्सता नत्थि-नत्थि बुद्धान‘मिञ्जितं ॥२१॥**

२५५ - आकाशमा केही चिन्ह नभए झैं बाहिर सच्चा श्रमण छैन, संस्कृत पदार्थ नित्य छैन, बुद्धमा चञ्चलता छैन ॥२१॥

**कसर वर्ग सिद्धियो**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# दीघनिकाय

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, द्वितीय पत्र)

दीघनिकाय प्राप्ताङ्क ३० अंक, १२ घण्टा

लेखक - दुण्ड बहादुर बज्राचार्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# अम्बट्ठ-सुत्त

## (अम्बष्ठसूत्र)

### अम्बष्ठ माणवलाई बुद्धकहाँ पठाए

१. यस्तो मैले सुनें । एक दिन भगवान् पाँचसय भिक्षुहरूको समूहका साथ कोशलराज्यमा चारिका गर्दै इच्छानङ्गल भन्ने कोशल ब्राह्मणहरूको गाउँमा पुग्नुभई इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नुभएको थियो ।

२. त्यस बखत पोक्खरसाति *(पुष्करसाती, पौष्करसाति)* ब्राह्मण जनाकीर्ण त्रिण-काष्ठ-उदक-धान्यसम्पन्न, कोशल राजाबाट पाएको राजभोग राजप्रदत्त ब्रह्मप्रदत्त *(दिइसकेपछि हरण गर्न नपाउने)* सम्पत्ति भोग गरेर उक्कट्ठामा बसेका थिए । त्यसै समयमा पुष्करसाती ब्राह्मणले यसो सुने- "श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई, कोशलराज्यमा चारिका गर्दै पाँच सय भिक्षु-समूहका साथ इच्छानङ्गलमा आईपुग्नुभई इच्छानङ्गल वनखण्डमा बस्नुभएको छ ।" भगवान् गौतमको कल्याणकीर्ति शब्द यसो फैलिएको छ- "उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरूषदम्य सारथि, देवमनुष्यका शास्ता, बुद्ध, भगवान् हुनुहुन्छ । उहाँले यस लोकलाई देवसहित मारसहित, ब्रह्मासहित, श्रमण ब्राह्मणसहित, प्रजालाई, देवसहित मनुष्यलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी धर्मको उपदेश दिनुहुन्छ । उहाँ आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान *(अन्त्य)* कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । उहाँ अर्थयुक्त, व्यञ्जनयुक्त केवल *(सबैका सबै)* परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ । त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकार हो ।"

३. त्यस बखत पुष्करसाती ब्राह्मणको अम्बष्ठ माणव भन्ने शिष्य थिए । उनी अध्यापक, मन्त्रधर, तीनै वेदमा पारङ्गत थिए र यसो मान्यतासमेत पाएका थिए - आफ्ना त्रैविद्य आचार्यहरूले - "जो म जान्दछु, त्यो तिमी जान्दछौ; जो तिमी जान्दछौ, सो म जान्दछु ।"

४. पुष्करसाती ब्राह्मणले अम्बष्ठ माणवलाई बोलाई - "हे तात अम्बष्ठ ! यहाँ श्रमण गौतम ... इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नुभएको छ । उहाँ भगवान् गौतमको कीर्ति शब्द यसो फैलिएको छ- 'उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ [1] ... । त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकार हो ।' तिमी आऊ र जहाँ श्रमण गौतम हुनुहुन्छ त्यहाँ जाओ । त्यहाँ गई, 'जस्तो श्रमण गोतमको कीर्ति शब्द फैलिएको छ, त्यस्तै हो कि होइन' राम्ररी बुझ ।"

*[1] पृष्ठ ३५ अनुच्छेद ८ मा बुद्धगुण हेर्नुहोला ।*

५. "कसरी मैले भगवान् गौतम, 'त्यस्तै हुनुहुन्छ कि हुनुहुन्न' भनी बुझ्ने ?"

"हे तात अम्बष्ठ ! हाम्रो वेदमन्त्रमा बत्तीस महापुरूष लक्षणका कुराहरू आएकै छन्, जुन लक्षणहरूले युक्त हुने महापुरूषको दुईता मात्र गति हुन सक्छ । यदि घरमा बस्दछ भने धार्मिक

Downloaded from http://dhamma.digital/

चक्रवर्ती राजा हुन्छ, चतुर्दिक् विजेता भई जनपदहरूलाई स्थायित्वमा राख्दछ । सप्तरत्नद्वारा सम्पन्न हुन्छ । ती सम्परत्नहरू यिनै हुन् - (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अब्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न । त्यस्तै, शूर वीर शत्रु विजेता एक हजारभन्दा बढी पुत्रहरू हुन्छन् । उसले यो पृथ्वीको सागरसम्म दण्ड तथा शस्त्ररहित धर्मपूर्वक विजय प्राप्त गर्छ । यदि ऊ घरबार छाडी प्रव्रजित भयो भने अरहत् सम्यक्सम्बुद्ध हुन्छ । राग-द्वेष-मोहबाट निर्लिप्त हुन्छ । हे तात ! म मन्त्रदाता हुँ, तिमी मन्त्र-ग्राहक हौ ।"

## २. अम्बष्ठ माणव बुद्धकहाँ गए

६. "हवस् भनी अम्ब्ष्ठ माणव पुष्करसाती ब्राह्मणलाई प्रत्युत्तर दिई आसनबाट उठी पुष्करसाती ब्राह्मणलार्य ढोगी, प्रदक्षिणा गरी घोडीहरूको रथमा बसी, धेरै माणवहरूका साथ जहाँ इच्छानङ्गल वनखण्ड थियो, त्यहाँ गए । जहाँसम्म रथबाट जान सक्थे त्यहाँसम्म रथद्वारा र बाँकी बाटो पैदलद्वारा आराम *(उद्यान)* मा पुगे । त्यस बखत धेरै भिक्षुहरू बाहिर खुला ठाउँमा चङ्क्रमण गरिरहेका थिए । अम्बष्ठ माणवले जहाँ ती भिक्षुहरू थिए, त्यहाँ गई सोधे -"अहिले भगवान् गौतम कहाँ बस्नुभएको छ ? हामी भगवान् गौतमको दर्शन गर्न यहाँ आएका हौं ।"

७. अनि भिक्षुहरूका मनमा यसो लाग्यो कि - "यो अम्बष्ठ माणव नामीकुलका तथा नामीकुलिन पुष्करसाती ब्राह्मणका शिष्य हुन् । यस्तासँग भगवान्को कुराकानी हुँदा कुनै बोझ हुने छैन ।" अतः ती भिक्षुहरूले अम्बष्ठ माणवलाई यसो भने- "हे माणव ! ऊ त्यो दैलो थुनिएको विहारमा *(घरमा)* जाऊ, निःशब्दसँग त्यहाँ आँगनमा गई, सुस्तरी खोकी, आग्लो लगाएको ढोका ढकढकाओ । अनि भगवान्ले दैलो उघार्नु हुनेछ ।"

८. अनि अम्बष्ठ माणवले जहाँ बन्द गरिएको घर थियो त्यस आँगनमा निःशब्द गई, सुस्तरी आग्लो लगाएको ढोका ढकढकाए । भगवान्ले दैलो उघारिदिनुभयो । अम्बष्ठ माणव भित्र पसे । अन्य माणवहरू पनि भित्र पसी भगवान्सँग सम्मोदन गरी एक छेउमा बसे । अम्बष्ठ माणवले बसिरहनुभएका भगवान्सँग चङ्क्रमण गर्दागर्दै *(टहल्दै)* केही कुशलवार्ता गरे, उभिएर पनि केही कुशलवार्ता गरे ।

९. अनि भगवान्ले अम्बष्ठ माणवसँग सोध्नुभयो - "हे अम्बष्ठ ! तिमी यसै गरी वयोवृद्ध, बूढापाका तथा आचार्य प्राचार्यहरूसँग कुराकानी गर्दछौ, जस्तो कि तिमी अहिले मसँग गर्दैछौ ?"

## ३. शाक्य खलकमाथि नीचताको आरोप

१०. "भो गौतम ! हिंडिरहेका ब्राह्मणहरूसँग हिंडेर नै, बसिरहेका ब्राह्मणहरूसँग बसेर नै, उभिइरहेका ब्राह्मणहरूसँग उभिएर नै, पल्टिरहेका ब्राह्मणहरूसँग पल्टेर नै ब्राह्मणहरू कुरा गर्न

Downloaded from http://dhamma.digital/

उचित ठान्दछन् । तर जो ती नीच *(इभ्य), कृष्ण*[2], ब्राह्मणको पैतलाबाट उत्पन्न भएका मुण्डक, श्रमणक हुन्, उनीसँग मात्र मेरो यसो कुरा हुन्छ, जस्तो अहिले तपाईं गौतमसँग भईरहेको छ ।"

***2. ब्राह्मणहरू, ब्राह्मणवर्ग सतो, अरू वर्ण कालो (कृष्ण) भनी ठान्दछन् त्यसैले कृष्णवर्गका भनी भनिएको हो ।***

"हे अम्बष्ठ ! कुनै कामले तिमी यहाँ आएका छौ । जुन कामले यहाँ आएका छौ, सोही काममा ध्यान दिनु योग्य हुनेछ ।"

"हे माणवहरू ! हेर, यो अम्बष्ठ माणवले गुरूको आश्रयमा बसेको छु भन्दै गुरूको आश्रयमा बस्न नसकेकोले झैं अभिमान गर्छ । गुरूको आश्रयमा नबस्नेको त कुरै के !"

११. भगवान्ले गुरूको आश्रयमा नबसेका *(अशिक्षित)* भन्ने शब्दले कुरा गर्नुभएको सुनेर अम्बष्ठ माणव असन्तुष्ट भइ भगवान्लाई आक्षेप गर्दै, भगवान्लाई नै होच्याउँदै, भगवान्लाइ नै निन्दा गर्दै - "श्रमण गौतम नै अशिक्षित हुनुहुँदो होला" भन्दै भगवान्लाई यसो भने- "भो गौतम ! शाक्यखलक चण्डाल छन्, क्रोधी छन्, अलिकतिले पनि चाँडै रिसाउँछन्, खुशी पनि हुन्छन् । बहुभाषी छन् शाक्यखलक, इभ्य *(नीच)* छन्, शाक्यखलक, नीचसमान भईकन पनि शाक्यखलकले न ब्राह्मणहरूको सत्कार गर्छन्, न गौरव, न मान, न पूजा गर्छन् । शाक्यखलक ब्राह्मणहरूलाई शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन् । यो कुरा कतै लुकेको छैन ! जो शाक्यहरू नीच भइकन पनि नीच कुलसमानका भइकन पनि ब्राह्मणहरूको सत्कार, गौरव, मान र पूजा गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्-यो कुरा सुहाउँदैन !" यसरी अम्बष्ठ माणवले शाक्यखलकमाथि इभ्य *( नीच)* वादको आरोप लगाए ।

"हे अम्बष्ठ ! शाक्यखलकले तिमी के अपराध गरे ?"

१२. "भो गौतम ! एक दिन म आफ्नो आचार्य पुष्करसाती ब्राह्मणको कुनै कामले कपिलवस्तु नगरमा गएको थिएँ । त्यस बखत म शाक्यहरूको संस्थागार *(पार्लियामेन्ट भवन, राज्य चलाउने भवन)* मा पुगेको थिएँ । त्यस बखत त्यहाँ धेरै शाक्यहरू, धेरै शाक्यराजकुमारहरू संस्थागारमा, अग्ला अग्ला आसनमा बसी परस्पर औंलाले काउकुती लगाई इतरिँदै हँस्सीखेल गरिरहेका थिए, मानूँ मलाई नै खिसी गरिहेझैं । कसैले पनि मलाई बस्न आसन दिएनन् । यो कुरा कतै लुकेको छैन । जो ती शाक्यखलक नीच छन्, नीचसमान भएर पनि ब्राह्मणहरूको सत्कार, गौरब आदि गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्, यो कुरा सुहाउँदैन ।" अम्बष्ठ माणवले यो दोस्रो पटक शाक्यखलकमाथि इभ्य *(नीच)* वादको आरोप लगाए ।

१३. "हे अम्बष्ठ ! भँगेरो चरा पनि आफ्नो गुँडमा स्वच्छन्द आलाप गर्छ । कपिलवस्तु, शाक्यहरूको आफ्नो घर हो । यति थोरै कुरामा पनि डाहा र रिस पोख्नु उचित छैन ।"

"भो गौतम ! यो चार वर्ण *(लोकमा)* छन् - क्षत्री, ब्राह्मण, वैश्य र शूद्र । यी चारवर्णमा - क्षत्री, वैश्य, शूद्र - यी तीनवर्ण ब्राह्मणहरूकै सेवक हुन् । यो कुरा कतै लुकेको छैन । जो ती

Downloaded from http://dhamma.digital/

शाक्यखलक नीच छन्, नीचसमान भएर पनि ब्राह्मणहरूको सत्कार, गौरवादि गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्- यो कुरा सुहाउँदैन ।" यो तेस्रो पटक अम्बष्ठ माणवले शाक्यखलकमाथि इभ्य *(नीच)* वादको आरोप लगाए ।

## ४. शाक्य जातिको उत्पत्ति

१४. अम्बष्ठ माणवको कुरा सुनी भगवान्को मनमा यसो लाग्यो - कति मूर्ख हो यो अम्बष्ठ माणव । निकै शाक्यखलकलाई नीच *(इभ्य)* भनी आक्षेप र निन्दा गरिरहेछ । किन यसको गोत्र न सोध्ने ?" अनि भगवान्ले अम्बष्ठ माणवसँग सोध्नुभयो - "हे अम्बष्ठ ! तिम्रो के गोत्र हो ?"

"भो गौतम ! कृष्णायण गोत्र हो ।"

"हे अम्बष्ठ ! यदि तिम्रो पुराना आमा-बाबुको नाउँ र गोत्रको अनुस्मरण गर्ने हो भने, शाक्यहरू तिम्रै मालिक हुन्छन् । तिमी शाक्यपुत्रहरूका दासीपुत्र हुन्छौ । शाक्य राजाहरू ओक्काक राजालाई पितामह मान्दछन् ।

"हे अम्बष्ठ ! पूर्वकालमा राजा ओक्काकले आफ्नी प्रिय रानीको छोरालाई राज्य दिनका लागि ओक्कामुख *(उल्कामुख),* करकण्डु, हत्थिनिक *(हस्तीनिक),* सिनिपुर नामक जेठा छोराहरूलाई राष्ट्रबाट निष्कासित गरे । उनीहरू राष्ट्रबाट निष्कासित भएबाट हिमालप्रदेशतिर गई एउटा पोखरीको किनारको महाशाकवनखण्डमा बसोबास गरे । जाति बिग्रला भनी उनीहरूले आफ्नै बहिनीहरूसँग बसेका छन् । एक दिन राजा ओक्काकले अमात्य *(मन्त्री)* र राजदरबारका मानिसलाई बोलाई सोधे- "आजकाल राजकुमारहरू कहाँ बस्छन् ?"

उनीहरूले बिन्ति गरे - "राजकुमारहरू आजकाल हिमालतिर एउटा पोखरीको किनारमा महाशाक भन्ने वनखण्डमा बसेका छन् । जाति बिग्रेला भनी आफ्नै बहिनीहरूसँग बसेका छन् ।"

अनि ओक्काक राजा खुशी भई - हे राजकुमार ! शक्या *(सक्छ),* हे राजकुमार ! एकदम शक्या !" भन्ने कुरा राजाको मुखबाट उदान निस्क्यो । त्यहाँदेखि शाक्य जातिको प्रादुर्भाव भयो । उनीहरू नै शाक्यका पूर्वज पुरूष थिए ।

## कृष्णायण गोत्रोत्पत्ति

"हे अम्बष्ठ ! ओक्काक राजाका दिशा भन्ने दासी थिई । उसले कृष्ण भन्ने बालक जन्माई । जन्मनासाथ कृष्णले आफ्नी आमालाई यसो भन्यो - "मलाई धोइ देउ, मलाई नुहाइ देउ, यो अपवित्र असूचिबाट मलाई मुक्त पारिदेउ; शुद्ध पारिदेउ; म तिम्रो हितैषी हुनेछु ।"

Downloaded from http://dhamma.digital/

"हे अम्बष्ठ ! जसरी आजकाल मानिसहरू पिशाचलाई 'पिशाच' भन्दछन्, त्यसै त्यस समयमा 'पिशाच' लाई 'कृष्ण' भन्दथे । 'जन्मनेबित्तिकै यसले कुरा गर्‍यो, 'कृष्ण' जन्म्यो, 'पिशाच' जन्म्यो' भनी मानिसहरूले भने । *(जन्मनेबित्तिकै कुरा गरेका हुँदा भूतप्रेत प्रवेश गरे होलान् भन्ने भगवानले त्यसो भनेको हो)* । कृष्णायणको सुरूआत यहींबाट भएको देखिन्छ । सोही, कृष्णायनको आदिपुरूष थियो । यसरी यदि तिम्रा पुराना आमा-बाबुको नाउँ र गोत्रको अनुस्मरण गर्ने हो भने शाक्यपुत्रहरू तिम्रै स्वामी हुन्छन्, दासीपुत्र तिमी हुन आउँछौ ।"

१५. यो कुरा सुनी ती माणवहरूले भगवान्‌सित यसो निवेदन गरे - "तपाईं गौतमले अम्बष्ठ माणवलाई दासीपुत्र भनी नभन्नुहोस् । अम्बष्ठ माणव असल कुलका हुन्, असल कुलपुत्र हुन्, बहुश्रुत हुन्, कल्याणभाषी तथा पण्डित पनि हुन् । तपाईंसँग यस विषयमा तर्क पनि गर्न सक्छन् ।"

१६. अनि ती माणवहरूलाई भगवान्‌ले भन्नुभयो - "हे माणवहरू ! यदि तिमीहरू, अम्बष्ठ माणवलाई, खराब कुलको, अकुलपुत्र, अल्पश्रुत, अकल्याणभाषी, अपण्डित तथा बुद्धसँग यस विषयमा तर्क र छलफल गर्न सक्दैनन् भन्ने ठान्दछौ भने अम्बष्ठ माणव चुपलागेर बसून्, तिमीहरू इस विषयमा मसँग कुरा गर; होइन, अम्बष्ठ माणव असल कुलका हुन्, कुलपुत्र हुन्, बहुश्रुत, कल्याणभाषी, पण्डित हुन् तथा बुद्धसँग यस विषयमा तर्क र छलफल गर्न सक्छन् भन्ने ठान्दछौ भने तिमीहरू चुप लागेर बस, अम्बष्ठ मसँग तर्क र छलफल गरून् ।"

"भो गौतम ! अम्बष्ठ माणव असल कुलका हुन् ··· तपाईंसँग यस विषयमा तर्क र छलफल गर्न सक्छन्; अतः हामी चुप लागेर बस्नेछौं । अम्बष्ठ माणव यस विषयमा तपाईंसँग छलफल गर्नेछन् ।"

यसछि भगवान्‌ले अम्बष्ठ माणवलाई सम्झाई यसो भन्नुभयो - "हे अम्बष्ठ ! अब यहाँ धर्मानुकूल *(न्यायानुकूल)* प्रश्न आउनेछ । मन नलागे तापनि जवाफ दिनु पर्नेछ । यदि तिमीले प्रत्युत्तर दिएनौ वा यताउताका कुरा गर्‍यौ, चुप लाएर बस्यौ अथवा फर्केर गयौ भने, यहीं नै तिम्रो शिर सात टुक्रा हुनेछ । हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, बुढापाका, ब्राह्मणहरूका आचार्य प्राचार्यहरूबाट कृष्णायणको सुरूआतबारे र कृष्णायण वंशका आदिपुरूषबारे के भनेको सुनेका छौ त ? यसमा तिमी के भन्दछौ त ?"

यसरी सोध्नुहुँदा, अम्बष्ठ माणव चुप लागेर बसे । दोस्रो पटक पनि भगवान्‌ले सोध्नुभयो । दोस्रो पटक पनि अम्बष्ठ माणव चुप नै लागेर बसे । अनि भगवान्‌ले उनलाई सम्झाउँदै भन्नुभयो - "हे अम्बष्ठ ! जवाफ देऊ, तिम्रा लागि यो चुप लागेर बस्ने बेला होइन । भगवान्‌ले तीन पटकसम्म धर्मपूर्वक सोध्दा पनि जसले जवाफ दिन्न, त्यसको शिर यहीं नै सात टुक्रा हुनेछ ।"

१८. त्यसै बखत वज्रपाणी *(वजिरपाणी)* यक्ष प्रज्वलित फलामको एउटा डल्लो लिई अम्बष्ठ माणवको माथितिर आकाशमा मडारिरहेका थिए - "यदि अम्बष्ठ माणवले भगवान्‌ले तीन पटकसम्म धर्मपूर्वक सोध्दा पनि जवाफ दिएनन् भने यहीं नै उसको शिर सात टुक्रा पारिदिनेछु" भने । वज्रपाणी यक्ष आकाशमा मडारिरहेको भगवान् र अम्बष्ठ माणवले मात्र देख्दथे ।

Downloaded from http://dhamma.digital/

१९. अनि अम्बष्ठ माणव डराई, हरेस खाई *(संविग्गो)* जिरिङ्ग भई भगवान्कै त्राण खोज्दै, भगवान्कै आस्था खोज्दै तथा भगवान्कै शरण खोज्दै - अगाडि सरेर हाचो आसनमा बसी- "भो भगवन् ! के सोध्नुहुनछ, फेरि एकपटक भन्नुभए बेस हुनेछ !" भनी अनुरोध गरे । अनि भगवान्ले पुनः भन्नुभयो :-

"हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, बुढापाका, ब्राह्मणहरूका आचार्य प्राचार्यहरूबाट कृष्णायणको सुरूआतबारे र कृष्णायण वंशका आदिपुरूषबारे के भनेको सुनेका छौ त ? यसमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यस्तै मैले सुनेको छु, जस्तो तपाईं गौतम भन्नुहुन्छ । त्यहींबाट कृष्णायणको प्रारम्भ भयो, सोही नै कृष्णायणका आदिपुरूष हुन् ।"

## ५.कृष्णायण ऋषि

२०. अम्बष्ठ माणवको यो कुरा सुनी ती माणवहरूले उन्नाद गरे, उच्च स्वर, महा स्वर गरे - "कुजात रहेछ अम्बष्ठ माणव ! नीचकुलीन स्वामी रहेछ ..., शाक्यहरूको दासीपुत्र रहेछ ..., शाक्यहरू अम्बष्ठ माणवका स्वामी रहेछन् । अहो ! यस्ता धर्मवादी श्रमण गौतमलाई हामीले अप्रसन्न गराउन खोजेका रहेछौ !"

२१. उनीहरूको कुरा सुनी भगवान्को मनमा यसो लाग्यो - "यिनीहरूको अम्बष्ठ माणवलाई अति मूर्खतापूर्वक दासीपुत्र भनी निन्दा गरिरहेका छन् । यसबाट अम्बष्ठ माणवलाई किन मुक्त न गर्ने ?" अनि भगवान्ले ती माणवहरूलाई यसो भन्नुभयो - "हे माणवहरू ! तिमीहरू अम्बष्ठ माणवलाई मूर्खतापूर्वक धेरै दासीपुत्र-वादले उपहास नगर । ती कृष्ण अति उदार ऋषि थिए । ती कृष्ण ऋषि दक्षिण जनपदमा गई ब्रह्ममन्त्र अध्ययन गरी *(साधना गरी)* ओक्काक राजाकहाँ गई उनकी मर्द रूपी *(मद्दरूपि)* छोरी मागे । अनि राजा ओक्काक अति रिसाई - 'को हो यो, दासीपुत्रसमान भई, मेरी छोरी मद्द रूपी मा गने ?' भनी धनुषमा बाण चढाए । धनुषमा चाढाएको बाण राजाले न छोड्न सके, न झिक्न सके ।

"अनि त्यहाँका माणवहरू, अमात्यहरू, राजदरबारका मानिसहरू ती कृष्ण ऋषिकहाँ गई 'हे गुरू ! राजाको मङ्गल *(स्वस्ति)* गराइ दिनुहोस् ! स्वस्ति गराइ दिनुहोस् !' भनी याचन गरे ।

'राजाको स्वस्ति हुन सक्छ, तर राजाले बाण पृथ्वीमा छाडिदिए भने राजाको राज्यभरिको पृथ्वी टुक्राटुक्रा हुनेछ ।'

'हे गुरू ! राजाको पनि, राज्यको पनि स्वस्ति होस् !'

'राजाको पनि, राज्यको पनि स्वस्ति हुनेछ ! तर राजाले आकाशतिर बाण छाडे भने, सात वर्षसम्म राज्यमा पानी पर्नेछैन ।'

Downloaded from http://dhamma.digital/

'हे गुरू ! राजाको पनि, राज्यको पनि स्वस्ति होस् ! पानी पनि परोस् !'

"राजाको पनि, राज्यको पनि स्वस्ति हुनेछ, पानी पनि पर्नेछ । त्यसो भए राजाले आफ्नो जेठो छोरामाथि धनुष बाण राखिदिऊन् । राजकुमारलाई कुनै भय हुनेछैन ।"

"यति कुरा सुनी माणवहरू, अमात्यहरू सबै ओक्काक राजकहाँ गई- 'आफ्नो जेठो छोरामाथि बाण राखि दिनुहोस्' भनी निवेदन गरे । राजाले पनि त्यसै गरे । राजकुमारलाई केही भएन । अनि राजा भयभीत भई, त्रसित भई, जिरिङ्ग भई, ब्रह्मदण्डबाट मद्द रूपी कन्या दिए । त्यसैले तिमीहरू, अम्बष्ठ माणवहरूलाई धेरै हेला गरी दासीपुत्र भन्ने नगर ! सो ऋषि उदार थिए ।"

## ६. जातिमध्ये क्षेत्री श्रेष्ठ

२२. यसपछि भगवान्‌ले अम्बष्ठ माणवलाई आमन्त्रित गरी निम्न प्रश्नहरू सोध्नुभयो - "हे अम्बष्ठ ! यहाँ के भन्छौ ? क्षेत्रीकुमार र ब्राह्मणकन्याको संवासद्वारा जन्मेको पुत्रले, ब्राह्मणका बीचमा आसन र पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम, सक्छ ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा, मङ्गल-भोजमा, यज्ञमा अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?"

"भो गौतम ! खुवाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।"

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ ।"

"उसले क्षेत्रीहरूले क्षेत्रिय अभिषेक दिन्छन् कि दिँदैनन् त ?"

"भो गौतम ! दिँदैनन् ।"

"किन नि ?"

"भो गौतम, आमाबाट अपरिशद्ध भएकोले आमा क्षेत्रिनी न भएकीले ।"

"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? ब्राह्मणकुमार र क्षेत्रीकन्याको संवासद्वारा जन्मेको पुत्रले ब्राह्मणका बीचमा आसन र पानी पाउन सक्छ कि सक्दैन त ?"

Downloaded from http://dhamma.digital/

“भो गौतम ! सक्छ ।”

“उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा, ··· अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?”

“भो गौतम ! खुवाउँछन् ।”

“उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?”

“भो गौतम ! पढाउँछन् ।”

“उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?”

“भो गौतम ! सक्छ ।”

“उसले क्षेत्रीहरूले क्षेत्रिय अभिषेक दिन्छन् कि दिँदैनन् त ?”

“भो गौतम ! दिँदैनन् ।”

“किन नि ?”

“बाबुबाट अपरिशद्ध भएकोले आमा क्षेत्री न भएकीले ।”

२३. “हे अम्बष्ठ ! यसरी, स्त्रीबाट पनि, पुरूषबाट पनि क्षेत्रीनै श्रेष्ठ रहेछ, ब्राह्मण हीन रहेछ ।”

“हे अम्बष्ठ ! यहाँ के भन्छौ ? कुनै ब्राह्मणलाई ब्राह्मणहरूले कुनै पाप *(अकर्तव्य)* को कारणले टाउको मुडी, टाउकोमा खरानी दली, कोर्राले हानि, देशबाट वा नगरबाट निकालि दिएमा, त्यसले ब्राह्मणहरूका बीच आसन वा पानी पाउन सक्छ कि सक्दैन त ?”

“भो गौतम ! सक्दैन ।”

“उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा, ··· अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?”

“भो गौतम ! खुवाउँदैन् ।”

“उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?”

“भो गौतम ! पढाउँदैन् ।”

“उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?”

“भो गौतमी ! सक्दैन ।”

Downloaded from http://dhamma.digital/

"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? कुनै ब्राह्मणलाई ब्राह्मणहरूले कुनै पाप *(अकर्तव्य)* को कारणले टाउको मुडी, ··· नगरबाट निकालिदिएमा, त्यसले ब्राह्मणहरूका बीच आसन वा पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा, ··· अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?"

"भो गौतम ! खुवाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।"

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतमी ! सक्छ ।"

२४. "हे अम्बष्ठ ! जब कुनै क्षेत्रीलाई क्षेत्रीहरूले कुनै पाप *(अकर्तव्य)* को कारणले टाउको मुडी, ··· नगरबाट निकालिदिन्छ, तब यत्तिकैले त्यो क्षेत्री, परमहीनतामा र परमनीचतामा पुग्छ । यसो परमहीनतामा र परमनीचतामा पुग्दा पनि क्षेत्री नै श्रेष्ठ रहेछ, ब्राह्मण हीन नै रहेछ ! ब्रह्मा सनत्कुमारले पनि यसो भनेका छन्[3] -

**"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो ।**

**विज्जाचरणसम्पन्नो सो सेट्ठो देवमानुसे' ति"**

*[3] हेर्नुहोस् संयुत्तनिकाय, नेपाल भाषा पृ.१७३ अनुच्छेद १५ ।*

**अर्थ :-**

"गोत्रसम्बन्धी कुरा गर्ने मानिसहरूमा क्षेत्री श्रेष्ठ छ । विद्याचरणले जो सम्पन्न हुन्छ, सोही देव-मनुष्यमा श्रेष्ठ छ ।"

"हे अम्बष्ठ ! सनत्कुमार ब्रह्माले यो गीत *(गाथा)* राम्ररी नै गाएका छन्, नराम्रो गाएका छैनन् । सुभाषित नै छ, दुर्भाषित छैन । अर्थयुक्त नै छ, अनर्थयुक्त छैन । यसलाई म अनुमोदन गर्छु । म पनि यस्तै भन्दछु :-

**"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो ।**

**विज्जाचरणसम्पन्नो सो सेट्ठो देवमानुसे' ति"**

Downloaded from http://dhamma.digital/

**प्रथम भाणवार समाप्त ।**

## ७. विद्या र चरण

"भो गौतम ! कुनचाहिँ त्यो चरण हो, कुनचाहिँ त्यो विद्या हो त ?"

२५. "हे अम्बष्ठ ! अनुत्तर *(अनुपम)* विद्याचरण सम्पदालाई न जातिवाद भन्छन्, न गोत्रवाद भन्छन्, न मानवाद नै भन्छन्; न त्यहाँ 'तिमी मलाई योग्य छौ, मलाई तिमी योग्य छैनौ' भन्ने नै हुन्छ । जहाँ आवाह *(कन्या ल्याउने)* हुन्छ, जहाँ विवाह *(कन्या दिने)* हुन्छ, जहाँ आवाह विवाह हुन्छ, त्यसैलाई जातिवाद, गोत्रवाद तथा मानवाद पनि भनिन्छ; त्यहाँ 'तिमी मलाई योग्य छौ, मलाई तिमी योग्य छैनौ' भन्ने पनि हुन्छ । जो जातिवादमा बाँधिएको हुन्छ, जो गोत्रवादमा बाँधिएको हुन्छ, जो मानवादमा बाँधिएको हुन्छ, जो आवाह-विवाहमा बाँधिएको हुन्छ, ऊ अनुत्तर विद्याचरण सम्पदाबाट टाढा हुन्छ । जातिवाद-बन्धन, गोत्रवाद-बन्धन, मानवाद-बन्धन, आवाह-विवाहवाद-बन्धनलाई त्यागेर मात्र अनुत्तर विद्या-चरण-सम्पदा साक्षात्कार गर्न सकिन्छ ।"

"भो गौतम ! कुनचाहिँ त्यो चरण हो, कुनचाहिँ त्यो विद्या हो त ?"

२६. "हे अम्बष्ठ ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरूषदम्य सारथि, देवमनुष्यका शास्ता, बुद्ध भगवान् यस लोकमा उत्पन्न हुन्छन् । उहाँले देव-मारसहित ब्रह्मलोकलाई, श्रमण ब्राह्मणसहित प्रजालाई, देवमनुष्यसहित लोकलाई-स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ । उहाँले आदिकल्याण, मध्यकल्याण तथा पर्यवसान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । उहाँले अर्थयुक्त र व्यञ्जनयुक्त सबै परिपूर्ण भएको परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ ।

"अनि त्यो धर्म गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यो विचार गर्छ- 'घरमा बस्नु बाधापूर्ण छ । राग रूपी मल उत्पन्न हुन्छ । प्रव्रजित हुनु खुला आकाशजस्तै हो । घरमा बसेर परिपूर्ण रूपले परिशुद्ध रूपले शङ्खजस्तै सफा गरी ब्रह्मचर्य *(श्रेष्ठचर्या)* पालन गर्न सजिलो छैन । अतः किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई काषायवस्त्र धारण गरी प्रव्रजित नहोऊँ ! पछि सो पुरूष थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी थोरै वा धेरै जाति परिवारहरूलाई त्यागी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ । *(जसरी सामाञ्ञफल-सुत्त पृ. ५१-५९ मा शील सम्बन्धी कुरा छ, यहाँ पनि विस्तार गर्नुपर्छ - सं.)*

"हे अम्बष्ठ ! कसरी भिक्षु स्मृति सम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ ?"

"हे अम्बष्ठ ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर हिँड्छ । अगाडि वा पछाडि यताउता हेर्दासमेत सचेत भई होस राखेर हेर्छ । हातखुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होस

Downloaded from http://dhamma.digital/

राखेर चलाउँछ । सङ्घाटि र पात्र-चीवर धारण गर्दा सचेत भई होस राखेर लगाउँछ । खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होस राखेर खान्छ । दिसा पिसाप गर्दा सचेत भई होस राखेर दिसा पिसाप गर्छ । हिँड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझदा, कुरा गर्दा र चूप लागेर बस्दा सचेत भई होस राखेर *(सम्पजानकारी)* भई बस्छ । "हे अम्बष्ठ ! यसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ । ··· *(जसरी सामञ्ञपल-सुत्त माथि पृ. ६०-६३ मा छ, त्यसरी यहाँ पनि विस्तार गर्नुपर्छ - सं.)*

"अनि ऊ कामवासनाबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकजः *(ध्यानजः)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ । ···*(पूर्ववत्)* ··· यो पनि चरण हो ।"

"हे अम्बष्ठ ! फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी ··· द्वितीयध्यान प्राप्त गरी बस्छ । ··· *(पूर्ववत्)* ··· यो पनि चरण हो ।"

"हे अम्बष्ठ ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृति सम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ, जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् । त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । ··· *(पूर्ववत्)* ··· यो पनि चरण हो ।"

"हे अम्बष्ठ ! फेरि भिक्षु सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी पहिले नै सोमनस्य *( मानसिक सुख)* दौर्मनस्य *(मानसिक दुःख)* अन्त गरी सुख-दुःख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ । ··· *(पूर्ववत्)* ···यो पनि चरण हो । यही नै चरण हो ।"

"यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि उसले ज्ञानदर्शना गर्न चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । अनि उसले यसरी जान्दछ - 'यो मेरो शारीरिक रूप चातुर्महाभौतिक हो, आमा-बाबुको कारणले भएको हो, भात दालद्वारा संवर्धित बालककालमा छेदन परिमार्जन भेदन विध्वंसन भएको तथा अनित्य स्वभावको हो । यो मेरो विज्ञान *(चेतना)* यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ ।' यो विद्या हो ।" ··· *(पूर्ववत्)* ··· [4]

***[4] समञ्ञफल-सुत्तमा जस्तै अर्थात्, पृ. ६५ देखि पृ. ७० सम्म अम्बष्ठलाई सम्बोधन गरी पढ्नुहोला ।***

"यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि उसले आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । अनि उसले 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ, 'यो दुःख समुदय हो' ··· । 'यो दुःख निरोध हो' ··· । 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ । 'यी आस्रवहरू हुन्' ··· । 'यो आस्रव समुदय हो' ··· । 'यो आस्रव निरोध हो' ··· । 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ । यसरी देखेपछि, यसरी अवबोध भएपछि उसको चित्त कामास्रव र भवास्रव र अविद्याबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ । 'जाति *(जन्म)*

Downloaded from http://dhamma.digital/

क्षीण भयो, ब्रह्मचर्यबास पूरा भयो, गर्नुपर्ने गरिसकें अब अप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ । यो पनि विद्या हो । यही नै त्यो विद्या हो ।"

## विद्याचरण सम्पदाका चारवटा परिहानिहरू

"हे अम्बष्ठ ! यस्तै भिक्षुलाई विद्या सम्पन्न भएको भिक्षु भन्छन् र यसैलाई चरणसम्पन्न पनि । यसैलाई विद्याचरण सम्पन्न भन्छन् । यो विद्या-सम्पदा र यो चरण-सम्पदाबाट अर्को उत्तरोतर श्रेष्ठतर विद्या चरण-सम्पदा छैन ।

२७. "हे अम्बष्ठ ! यो अनुत्तर विद्याचरणको चार परिहानि हुन्छन् । कुन चार भने -

"हे अम्बष्ठ ! यहाँ, केही श्रमण र ब्राह्मणहरूको यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै कमण्डलु आदि तपस्वीको परिष्कार ग्रहण गरी, 'खसेको फलफूल खान्छु' भनी वनवासका लागि जङ्गल जान्छन् । ती विद्या-चरणको सेवक मात्र हुन्छन् । अनुत्तर विद्या-चरणको यो पहिलो परिहानि हो ।

"हे अम्बष्ठ ! फेरि यहाँ केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ··· 'खसेको फलफूल खान्छु' भनी ··· जङ्गल जाँदैनन् किन्तु कोदालो र दालो लिई 'कन्दमूल फल खान्छु' भनी वनवास गर्छन् । ··· यो दोस्रो परिहानि हो ।

"हे अम्बष्ठ ! फेरि यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ··· 'कन्दमूल, फल खान्छु' भनी वनवास गर्दैनन् किन्तु गाउँको नजिक वा निगमको नजिक अग्निशाला बनाई, आगो बाली होमकर्म गर्छन् । ··· यो तेस्रो परिहानि हो ।

"हे अम्बष्ठ ! फेरि यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ··· होमवर्क पनि गर्दैनन् किन्तु चौबाटोमा चारद्वारा भएको घर बनाई, 'चारै दिशाबाट आउने श्रमण वा ब्राह्मणहरूलाई यथाशक्य, यथाबल 'पूजा सत्कार गर्नेछौं' भनी बस्छन् । ··· यो चौथो परिहानि हो ।

२८। "हे अम्बष्ठ ! के तिमीले आफ्ना आचार्यसहित यो अनुत्तर विद्या-चरण-सम्पदा देखेका छौ त ?"

"भो गौतम ! देखेको छैन । कसरी मैले आफ्ना आचार्यसहित सो अनुत्तर विद्या-चरण-सम्पदा देख्न सकुँला र ? म आचार्यसहित त्यसबाट धेरै टाढा छु ।"

"हे अम्बष्ठ ! के तिमी आफ्ना आचार्यसहित त्यो अनुत्तर विद्या-चरण-सम्पदा पूरा नगरी ऋषिको कमण्डल आदि ग्रहण गरी वनजङ्गलको फलाहार गरी बसेका छौ त ?"

"भो गौतम ! छैन ।"

Downloaded from http://dhamma.digital/

"हे अम्बष्ठ ! के तिमी ··· वन-जङ्गलको फलाहार नगरी कोदालो र दालो लिई वनवास बसेका छौ त ?"

"भो गौतम ! छैन ।"

"हे अम्बष्ठ ! ······ होमवर्क गरेका छौ त ?"

"भो गौतम ! त्यो पनि गर्दिन ।"

"हे अम्बष्ठ ! ······ यथासक्य, यथाबल 'पूजा सत्कार' गरेका छौ त ?"

"भो गौतम ! त्यो पनि गर्दिन ।"

२९. "हे अम्बष्ठ ! त्यसो भए तिमी आफ्ना आचार्यसहित यो अनुत्तर विद्या-चरण-सम्पदाबाट पनि टाढा रहेछौ । अनुत्तर विद्या-चरण-सम्पदा जुन चारवटा परिहानि छन्, तीबाट समेत पनि तिमी आफ्ना आचार्यसहित टाढा नै रहेछौ । तिम्रा आचार्य पुष्करसाती ब्राह्मणसँग सिकी तिमीले यसो भनेको होइन त ? - 'कहाँ यो नीच *(इभ्य)*, कृष्ण, ब्रह्माको पैतालबाट निस्कने मुण्डक श्रमणकसँग त्रैविद्य ब्राह्मणहरूको छलफल ! *(साकच्छा)* !' आफू स्वयं उक्त गुणबाट अपरिपूर्ण तथा दूर भईकन पनि कसरी यसो कुरा भन्न सकेको ! हे अम्बष्ठ ! हेर, तिमी र तिम्रो आचार्य पुष्करसाती ब्राह्मणको यो कत्रो ठूलो अपराध हो !"

## ८.पूर्वऋषिहरूको प्रतिपदा

३०. "हे अम्बष्ठ ! पुष्करसाती ब्राह्मण, कोशल राजाले दिएको खान्छन् । *(किन्तु)* पुष्करसाती ब्राह्मण राजा प्रसेनजित कोशललाई मुख पनि देखाउन्न् । कुराकानी गर्दा पनि पर्दाभित्र बसी कुरा गर्छन् । जसको धर्मपूर्वक उपार्जन गरेको सम्पत्तिबाट भिक्षा ग्रहण गर्छन्, सोही राजालाई सम्मुखसम्म पनि हुन दिन्नन् । तिम्रा गुरू पुष्करसाती ब्राह्मणको यो कस्तो अपराध हो हेर त !

३१. "हे अम्बष्ठ ! के भन्छौ त ? राजा प्रसेनजित हात्तीमा चढी, घोडामा चढी अथवा रथमा बसी, माथिल्लो श्रेणीका राजन्यहरूसँग कुनै कुरामा सल्लाह गर्छन् । अनि राजा अन्त सरेर बस्छन् । अनि त्यहाँ कुनै शूद्र वा शूद्रदास आएर त्यस्तै कुरा गर्छ- 'यसो राजा प्रसेनजित कोशलले भने, यसो पनि भने ।' त के उसले भनेको कुरा राजाले भनेको वा राजाले कुरा गरेको हुन्छ त ? अथवा यत्तिकैले ऊ राजा वा राजअमात्य हुन सक्छ त ?"

"भो गौतम ! सक्दैन ।"

३२. "हे अम्बष्ठ ! यसै गरी तिमीले पनि ब्राह्मणहरूका जुन पूर्वज ऋषिहरू थिए, तिनीहरूकै पुराना मन्त्रपद, गीत, प्रोक्त र सहिताहरूलाई हालका अष्टक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अग्निरस *(अङ्गरस)*, भारद्वाज, वशिष्ठ, कश्यप र भृगु आदि ब्राह्मणहरू सोही

Downloaded from http://dhamma.digital/

अनुसार अनुगायन, अनुभाषण र अनुवाचन गर्दछन् । उनीहरूका मन्त्रपद आचार्यसहित म पढ्छु भन्दैमा तिमी पनि ऋषि वा ऋषित्वमा पुग्न सक्छु भनी भन्न सक्छौ त ? यो सम्भव छैन ।

३३. "हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, जेठापाका ब्राह्मण्हरूबाट के सुनेका छौ त ? के तिमीले ती वयोवृद्ध ब्राह्मणहरूबाट ब्राह्मणहरूका पूर्वज ऋषिहरू 'राम्ररी शरीर विभूषित गरी केश दाह्री क्षौर गरी, मणिकुण्डल आभूषण लगाई, सेतो वस्त्र लगाई पञ्चकाम विषयमा बसेका थिए' भनी सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित बसेका छौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू : 'मार्सी चामल, शुद्धमास, तरकारी गेडा वा चौटा नभएको सूप र नाना प्रकारका तरकारी सहित भोजन गर्दथे' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित भोजन गर्दछौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू : ' रमणीय शरीर भएका नारीहरूसँग बस्दथे' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित बस्दछौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू : 'जगर काटेका घोडीको रथमा बसी, लामो छडीले घोडालाई पिट्दै रथमा गएका थिए' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित रथमा जान्छौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू : 'अग्ला अग्ला पर्खाल लगाई ढोकामा पाले पहरा राखी, नगर प्राकारमा भाला तरबार लिएका पुरूषबाट आरक्ष गराई बस्दथे' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित बस्दछौ !"

"भो गौतम ! छैन ।"

"हे अम्बष्ठ ! तिमी आचार्यसहित न ऋषि हौ, न ऋषित्वमा पुग्ने बाटोमा छौ । मप्रति तिम्रो जे शङ्का छ, त्यो सोध ।

## ९. अम्बष्ठ माणव पुष्करसातीकहाँ

३४. अनि भगवान् विहारबाट बाहिर निस्कनुभई चङ्क्रमण स्थल *(टहल्ने ठाउँमा)* उभिनु भयो । अम्बष्ठ माणव पनि विहारबाट बाहिर निस्की चङ्क्रमण स्थलमा उभिए । अम्बष्ठ माणवले भगवान्सँगसँगै चङ्क्रमण गर्दै भगवान्को शरीरमा बत्तीस महापुरूष लक्षणहरू छन् कि छैनन् भनी

Downloaded from http://dhamma.digital/

समन्वयन गरे । त्यस बेला भगवान्‌का शरीरमा भएका बत्तीस लक्षणहरूमध्ये गुह्येन्द्रिय र रसनेन्द्रिय *(जिब्रो)* बाहेक अरू जम्मै लक्षणहरू विद्यमान भएको देखे । तर नदेखिएका दुई महापुरूष लक्षणहरूका बारे उनलाई भएको शङ्का समाधान हुन सकेको थिएन ।

३५. त्यस बखत भगवान्‌को मनमा यस्तो लाग्यो- 'यो अम्बष्ठ माणवले ममा भएका गुह्यपुरूषेन्द्रिय र पूर्णजिह्वा *(जिब्रो)* बाहेक अरू सबै बत्तीस महापुरूष लक्षणहरू देखिसके ।' त्यसपछि भगवान्‌ले यसो ऋद्धि-अभिसंस्कार गर्नुभयो, जसबाट अम्बष्ठ माणवले गुह्यपुरूषेन्द्रिय देख्न सकून् । यसपछि भगवान्‌ले आफ्नो जिब्रो निकाली नाकको दुबै प्वालभित्र पठाउनु भयो, दुबै कानसम्म पनि पुऱ्याई दिनुभयो र ललाटमण्डललाई समेत ढाकिदिनुभयो । यतिकैमा उनको मनको शङ्काको निवारण भयो र उनले सोचे 'श्रमण गौतम बत्तीस महापुरूष लक्षणहरूले परिपूर्ण नै हुनुहुँदो रहेछ, अपरिपूर्ण हुनुहुँदो रहेनछ' भन्ने प्रतीत भई, "हवस्, त, अब हामी जान्छौं, हामीहरूको धेरै काम छ" भनी निवेदन गरेपछि भगवान्‌ले "जे उचित सम्झन्छौ !" भनी भन्नुभयो ।

३६. त्यसपछि अम्बष्ठ माणव घोडीको रथमा बसी फर्केर गए । त्यस बखत पुष्करसाती ब्राह्मण उक्कट्ठाबाट बाहिर निस्की, धेरै ब्राह्मणहरूका साथ आफ्नै उद्यानमा बसेका थिए, अम्बष्ठ माणवकै प्रतिक्षामा । अम्बष्ठ माणव पनि रथ जान सक्ने बाटोसम्म रथद्वारा र त्यसपछि पुष्करसाती ब्राह्मण बसेको ठाउँसम्म पैदल गए । त्यहाँ पुगी पुष्करसाती ब्राह्मणलाई अभिवादन गरी एउटा छेउमा बसे ।

३७. एक छेउमा बसेका अम्बष्ठ माणवसँग पुष्करसाती ब्राह्मणले सोधे :- "के, श्रमण गौतमलाई देख्यौ त ? श्रमण गौतम त्यस्तै हुनुहुँदो रहेछ कि हुनुहुँदो रहेनछ त ? जस्तो कीर्ति शब्द छ, उस्तै श्रमण गौतम हुनुहुँदो रहेछ कि हुनुहुँदो रहेनछ त ?"

"भो गुरू ! भएकै गुणबाट कीर्ति शब्द फैलिएको हो ... । उहाँ गौतम, बत्तीस महापुरूष लक्षणहरूले परिपूर्ण हुनुहुन्छ, अपरिपूर्ण हुनुहुन्न ।"

"हे तात, अम्बष्ठ ! श्रमण गौतमसँग केही कुराकानी भएन त ?"

"भो गुरू ! भएको थियो ।"

"हे तात ! कस्तो कुराकानी भएको थियो त ?"

अम्बष्ठ माणवले जे-जति कुराहरू श्रमण गौतमसँग भएका थिए, ती सबै कुराहरू सुनाए ।

३८. त्यसपछि, पुष्करसाती ब्राह्मणले अम्बष्ठ माणवलाई निन्दा गर्दै यसो भने- "अहो, कस्ता रहेछन् हाम्रा पण्डित ! अहो, कस्ता बहुश्रुत पण्डित रहेछन् ! अहो, हाम्रा त्रैविद्य !! जुन किसिमले तिमीले उहाँ भगवान्‌लाई आक्षेप गरी कुरा गऱ्यौ त्यस किसिमले कुरा गर्ने अर्थचारी, हितैषी पुरूष मरणपछि अपाय, दुर्गति, विनिपात, नरकमा जानेछ । तिम्रो कर्तुतले गर्दा मेरो रहस्य पनि उद्घाटित भयो । अहो, हाम्रा कस्ता पण्डित होलान् ! ..." भन्दै रिसाई, अप्रसन्न भई अम्बष्ठ माणवलाई लात्तीले हिर्काई त्यहीँ लडाई उत्तिखेरै पुष्करसाती ब्राह्मण भगवान्‌को दर्शन गर्न जान तयार भए ।

Downloaded from http://dhamma.digital/

# १०. पुष्करसाती ब्राह्मण बुद्धकहाँ

३९. अनि त्यहाँ भेला भएका ब्राह्मणहरूले पुष्करसाती ब्राह्मणलाई यसो अनुरोध गरे- “भो आज श्रमण गौतमको दर्शन गर्न जान अबेर भइसक्यो, भोलि तपाईं उहाँको दर्शन गर्न जानुहोस् !” पुष्करसाती ब्राह्मण आफ्नो घरमा उत्तम प्रणीत खाद्य भोज्य पकाउन लगाई, रथमा राखी, चिराक समात्न लगाई, उक्कट्ठाबाट निस्केर जहाँ इच्छानङ्गल वनखण्ड हो, त्यहाँ गए । जति बाटोमा रथ जान सक्थ्यो, त्यति बोटोसम्म रथमा गई बाँकी बाटो पैदल गए । भगवान्कहाँ पुगेपछि उहाँसँग कुशलवार्ता गरी सिद्धिएपछि एक छेउमा बसे ।

४०. पुष्करसाती ब्राह्मणले भगवान्सँग सोधे :- “भो गौतम ! यहाँ हाम्रा शिष्य अम्बष्ठ माणव आए, होइन ?”

”हो, आए !”

“ अम्बष्ठ माणवसँग तपाईं गौतमको कुनै कुराकानी पनि भयो कि ?”

“भएको थियो”

“ अम्बष्ठ माणवसँग तपाईं गौतमको कस्तो कुराकानी भयो त ?”

भगवान्ले अम्बष्ठ माणवसँग भएका जम्मै कुराहरू बताइदिनुभयो । भगवान्को कुरा सुनी पुष्करसाती ब्राह्मणले भगवान्सँग यसो अनुरोध गरे :- “भो गौतम ! अम्बष्ठ माणव मूर्ख रहेछ । अम्बष्ठ माणवलाई क्षमा गर्नुहोस् !”

“ अम्बष्ठ माणव सुखी होस् !”

४२. अनि पुष्करसाती ब्राह्मणले भगवान्को शरीरमा बत्तीस महापुरूष लक्षणहरू छन् कि छैनन् भनी समन्वयन गरे । पुष्करसाती ब्राह्मणले भगवान्को शरीरमा भएका बत्तीस लक्षणमध्येका लक्षणहरूको जाँच गर्न थाल्दा उनले गुह्येन्द्रिय र रसनेन्द्रिय *(जिब्रो)* बाहेक अरू जम्मै लक्षणहरू विद्यमान भएको देखे । तर नदेखिएका दुई महापुरूष लक्षणहरूका बारे उनलाई भएको शङ्का समाधान हुन सकेको थिएन । त्यस बखत भगवान्को मनमा यसो लाग्यो- ‘त्यो पुष्करसाती ब्राह्मणले ममा भएका गुह्यपुरूषेन्द्रिय र पूर्णजिह्वा बाहेक अरू सबै बत्तीस महापुरूष लक्षण देखिसके ।’ त्यसपछि भगवान्ले यसो ऋद्धि अभिसंस्कार गर्नुभयो जसबाट पुष्करसाती ब्राह्मणले गुह्यपुरूषेन्द्रिय देख्न सकून् । यसपछि भगवान्ले आफ्नो जिब्रो निकाली नाकको दुबै प्वालभित्र पठाउनु भयो, दुबै कानसम्म पनि पुऱ्याई दिनुभयो र ललाटमण्डललाई समेत ढाकिदिनुभयो ।

४३. अनि पुष्करसाती ब्राह्मणको मनमा यसो लाग्यो - “श्रमण गौतम बत्तीस महापुरूष लक्षणले परिपूर्ण हुनुहुँदो रहेछ, अपरिपूर्ण हुनुहुँदो रहेनछ ।” यति विचार गरिसकेपछि पुष्करसाती ब्राह्मणले भगवान्लाई निम्तो गरे - “भो गौतम ! भोलिका लागि मेरो निम्तो स्वीकार गर्नुहोस् !” भगवान्ले तूष्णिभावले स्वीकार गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

४४. पुष्करसाती ब्राह्मणले भगवान्ले निम्तो स्वीकार गर्नुभएको बुझी घर फर्की, भोलिपल्ट भगवान्लाई समयको सूचना दिए- "भो गौतम ! समय भयो, भोजन तयार छ ।" भगवान् पूर्वान्ह समयमा चीवर-वस्त्र धारण गरी पात्र चीवर ग्रहण गरी भिक्षुहरूका सथा पुष्करसाती ब्राह्मणका निवासस्थानमा गई, विछ्याई राखेको आसनमा बस्नुभयो । पुष्करसाती ब्राह्मणले भगवान्सहित भिक्षुहरूलाई आफ्नै हातले प्रणीत खाद्य भोजन अर्पित गरे । अन्य माणवहरूले पनि अर्पित गरे । भोजन सिध्याई पात्र एक छेउमा राखिसकेपटि पुष्करसाती ब्राह्मण पनि सानो आसन लिएर एक छेउमा बसे ।

४५. एक छेउमा बसेका पुष्करसाती ब्राह्मणलाई भगवान्ले आनुपूर्विक कथा भन्नुभयो । जस्तो कि - दानकथा, शीलकथा, स्वर्गकथा कामवासनाको दोष, तुच्छता, संक्लिष्टता र नैष्क्रम्यको गुण । जब भगवान्ले थाहा पाउनुभयो कि - पुष्करसाती ब्राह्मणको चित्त 'उपयुक्त छ, मृदु छ, नीवरणरहित छ, प्रसन्न छ' अनि भगवान्ले जुन उहाँले स्वयं ज्ञात गर्नुभएको धर्मको उपदेश गर्नुभयो - 'दुःख, समुदय, निरोध र मार्ग ।' जस्तो कुनै सफा तथा नमैलिएको वस्त्रमा जुनसुकै रङ्गले रँगाए पनि त्यसले राम्ररी समात्छ, त्यस्तै ब्राह्मण पुष्करसातीलाई त्यसै आसनमा विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो - "जे-जति उत्पन्न *(समुदय धर्म)* हुन्छन्, ती जम्मै विनाश *(निरोध)* हुन्छन् ।"

४६. दृष्ट धर्म, प्राप्त धर्म, विदित धर्म, धर्मको जग र गम्भीर रूपले धर्मलाई बुझिसकेपछि निःसङ्क, निश्चिन्त, वैशारद्य भई, कसैको आश्रय नचाहिने भएपछि पुष्करसाती ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे :-

"धन्य, भो गौतम ! धन्य, भो गौतम ! जस्तै घोप्टिएकोलाई उत्तानो पारिदिँदा वा ढाकिएकोलाई उघारिदिँदा वा बाटो भुलेकोलाई बाटो देखाइदिँदा अथवा अन्धकारमा तेलको दियो राखिदिँदा आँखा हुनेले रूप देख्दछ, त्यस्तै गरी भो गौतम ! भगवान्ले मलाई अनेक प्रकारले धर्म-प्रकाश पारिदिनुभयो । भो गौतम ! अब म पुत्र, भार्या, परिवार, अमात्यसहित तपाईं गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । तपाईं गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् । जस्तो तपाईं गौतम उक्कट्ठाका अरू-अरू उपासकहरूका कुलघरमा जानुहुन्छ, त्यसै गरी पुष्करसातीको कुलघरमा पनि पाल्नुहोस् । यहाँ भएका माणवहरू, माणविकाहरूले तपाईं गौतमलाई अभिवादन गर्दा, आदर गरी आसनबाट उठ्दा, आसन वा पानी प्रदान गर्दा र चित्त प्रसन्न गर्दा दीर्घकालसम्म उनीहरूको हित र सुख हुनेछ ।"

"ब्राह्मण ! राम्रै भन्यौ !"

**अम्बष्ठ-सुत्त समाप्त ।**

Downloaded from http://dhamma.digital/

# ३. महापरिनिब्बान-सुत्त

## (महापरिनिर्वाणसूत्र)

### १. सप्त अपरिहानि धर्महरू

१. यस्तो मैले सुनें । एक समय भगवान् राजगृह स्थित पर्वतमा बस्नुभएको थियो । त्यस समय, वैदेहीपुत्र मगधराजा अजातशत्रुले वज्जीमाथि हमला गर्न चाहेका थिए । अनि उनी यसो भन्थे -"त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।"

२. अनि, वैदेहीपुत्र मगधराजा अजातशत्रुले मगधमहामात्य वस्सकार *(वर्षकार)* ब्राह्मणलाई बोलाए - "ब्राह्मण ! यता आऊ, तिम जहाँ भगवान् हुनुनहुन्छ त्यहाँ गएर मेरो वचनले भगवान्को चरणकमलमा शिरले वन्दना गरे । अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध - "भन्ते ! वैदेहीपुत्र मगधराजा अजातशत्रु भगवान्को चरणकमलमा शिरले वन्दना गर्छन्, अल्पाबाध अल्पाताङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध्दछन् । यस्तो पनि भन - 'भन्ते ! वैदेहीपुत्र मगधराजा अजातशत्रु वज्जीमाथि हमला गर्न चाहन्छन् । उनी यस्तो भन्दछन् - 'त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जी *(वृजी)* हरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्यादिनेछु ।' तिमीलाई भगवान्ले जस्तो भन्नुहुनेछ त्यो राम्ररी अध्ययन गरी मलाई भन्न आओ । तथागतहरूले असत्य बताउनुहुन्न ।"

३. "हवस्, भो !" भनी वैदेहीपुत्र मगधराजा अजातशत्रुलाई प्रत्युत्तर दिई मगधमहामात्य वस्सकार ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य वस्सकार ब्राह्मणले भगवान्लाई यस्तो भने-

"भो गौतम ! वैदेहीपुत्र मगधराजा अजातशत्रु तपाईं गौतमको चरणकमलमा शिरले वन्दना गर्छन्, अल्पाबाध अल्पातङ्क बल तथा कुशलविहारको बारेमा पनि सोध्दछन् । भो गौतम ! वैदेहीपुत्र मगधराजा अजातशत्रु वज्जीमाथि हमला गर्न चाहन्छन् । उनी यस्तो भन्दछन् - 'त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्यादिनेछु[5] ।"

४. त्यस बखत आयुष्मान् आनन्द भगवान्को पछाडितिर उभिई भगवान्लाई पंखा हम्कँदै हुनुहुन्थ्यो[6]। अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो -

(१) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीहरू नित्य एकत्रित हुन्छन्[7] ? *(अभिण्हं सन्निपात)* बहुलतर एकत्रित हुन्छन्[8] ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! 'वज्जीहरू नित्य भेला हुन्छन्, बहुलतर एकत्रित हुन्छन् ।' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरू नित्य एकत्रित हुने छन्, बहुलतर एकत्रित हुने छन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन[9] ।"

(२) "आनन्द ! तिमीले के सुनेका छौ ? मेलमिलापसहित वज्जीहरू एकत्रित हुन्छन ? मेलमिलापसहति उठ्छन् ? मेलमिलापसहित वज्जीहरू गर्नुपर्ने कामकाजहरू गर्छन् ?"

"भन्ते ! 'मेलमिलापसहित वज्जीहरू भेला हुन्छन्[10], मेलमिलापसहित उठ्छन्[11], मेलमिलापसहित वज्जीहरूले गर्नुपर्ने कामकाजहरू गर्छन्[12]' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म मेलमिलापसहित वज्जीहरू भेला हुनेछन्, मेलमिलापसहति उठ्नेछन्, मेलमिलापसहित उनीहरूले गर्नुपर्ने कामकाजहरू गनेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

(३) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्छन् ? प्रज्ञापन गरेकालाई समुच्छेदन गर्छन् ? पुरानाहरूले प्रज्ञापन गरेका वज्जीधर्महरूलाई मर्यादा राखी पालन गर्छन् ?"

"भन्ते ! वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्दैनन्[13] ? प्रज्ञापन गरेकालाई समुच्छेदन गर्दैनन्[14] ? पुरानाहरूले प्रज्ञापन गरेका वज्जीहरूलाई मर्यादा राखी पालन गर्छन्[15],' भन्ने कुरा मैले सुनेको छु ।"

***[5] यस्तै कुरा गर्दै राजा हिँड्छन् पनि, बस्छन् पनि । युद्धको कुरा मात्र गर्छन् । सेनालाई 'तयार होओ' पनि भन्छन् । किनभने ? गङ्गाको एकपट्टन भन्ने गाउँको कारणमा सधैं झैं झगडा भइरहन्थ्यो ।***

***घाटको नजिकमा भएको यो पट्टन गाउँको आधायोजन भाग अजातशत्रुको राज्यमा र अर्को आधाभाग लिच्छवीहरूको राज्यमा पर्दछ । त्यस ठाउँमा पहाडबाट बहुमूल्य सुगन्धित वस्तुहरू पैठारी हुन्छन् । पैठारी भएको खबर सुनेर अजातशत्रु राजाले 'आज जानेछु, भोलि जानेछु' भनी संविधान गरिरहँदा एकमेल र संगठित भएका लिच्छवीहरू आई त्यहाँ भएका मालसामानहरू सबै पहिले लगिदिन्थे । पछिबाट आएका अजातशत्रु यो खबर सुनेर क्रोधित हुन्थे । वर्षौंनी यस्तै हुन्थ्यो । यसै कारणले गर्दा सारै रिस उठेपछि राजाले यस्तो कुरा गर्न थालेका हुन् ।***

***एकदिन राजाले सोचे कि - संगठित तथा बलिया भएका गणहरूका साथ युद्ध गर्न कठिन हुन्छ । उनीहरूको कुनै प्रहार पनि निष्फल हुँदैन । कुनै एक पण्डितको सल्लाह लिई काम गरेको***

Downloaded from http://dhamma.digital/

*खण्डमा निष्फल हुनेछैन । शास्ता समान पण्डित पुरूष अरू कुनै छैनन् । शास्ता पनि नजिककै मुख्य विहारमा बसिरहनुभएको छ । अतः कसैलाई पठाई सोध्न लगाउनु पर्‍यो । यदि मेरो गमनबाट कुनै अर्थसिद्ध हुन्छ भने शास्ता चुप लागेर बस्नु हुनेछ; यदि अर्थसिद्ध हुने छैन भने शास्ताले 'त्यहाँ गएर के लाभ होला र' भनी भन्नुहुनेछ । यति सोचेर राजाले वस्सकार ब्राह्मणलाई भगवान्कहाँ पठाएका हुन् । अनि वस्सकार ब्राह्मणले पनि भगवान्कहाँ गई राजा अजातशत्रुले भनेका जम्मै कुराहरू भगवान्लाई सुनाए ।*

*[6] आयुष्मान् आनन्दले यहाँ केवल चारित्र अनुसार पंखा हम्किरहनु भएको हो । गर्मी भएर होइन । भगवान्लाई जाडो वा गर्मी हुँदैन । दी. नि. अ.क. I पृ. ३५५ र मनो. र. पृ. II. ७०६*

*[7] दिनको ती पटकसम्म एकत्रित हुनेलाई र बीच बीचमा पनि एकत्रित हुनेलाई यहाँ 'नित्य एकत्रित हुने' भनिएको हो भनी दी. नि. अ.क. I पृ. ३५५ ले उल्लेख गरेको छ ।*

*[8] 'हिजो मात्रै एकत्रित भएँ, अघिल्लो दिनमा पनि एकत्रित भएँ, फेरि आज किन एकत्रित हुनजाने' भनी निरूत्साहित नहुनेलाई यहाँ 'बहुलतर एकत्रित हुने' भनिएको हो ।*

*[9] नित्य एकत्रित नहुनाले दिशाविदिशाहरूबाट आएका खबरहरू सुन्न पाइन्नन् । यसबाट फलाना गाउँ सीमामा, फलाना निगमसीमामा अशान्ति भैरहेको छ भन्ने कुरा थाहा पाउन सकिन्न । त्यस्तैगरी ठाउँहरूमा चोरहरूले दुःख दिइरहेका छन् भन्ने कुरा पनि थाहा पाउन सकिन्न । चोरहरूले पनि 'राजाहरू प्रमत्त छन्' भन्ने कुरा बुझी गाउँ-निगमहरूमा लुटपीट गरी जनपदहरू विनाश पार्छन् । यसप्रकार राजाहरूको परिहानि हुन्छ । नित्य भेला हुने हुनाले सम्बन्धित प्रवृत्तिहरू तुरून्तै थाहा पाउन सकिन्छ र आवश्यक ठाउँहरूमा तुरन्तातुरन्तै सैन्यहरू पठाई शत्रुहरूको दमनकार्यहरू समयमै गर्न सकिन्छ । यसप्रकारको जागरूकता देखेर चोरहरू पनि 'राजाहरू सतर्क छन्' भनी आफ्नो जमात छाडी भागेर जान्छन् । यसप्रकार राजाहरूको अभिवृद्धि हुन्छ । त्यसैले माथि सूत्रमा 'जबसम्म वज्जीहरू नित्य भेला हुन्छन् ....' आदि भनिएको हो ।*

*[10] एकत्रित हुने बिगुल बजेको सुनेपछि 'आज मेरो काम छ, मङ्गल छ वा सन्चो छैन' भन्ने आदि बहानाराखी बिगुलको वास्ता नराख्नेलाई 'मेलमिलापसहित भेला नहुने' भनिएको हो । बिगुलको आवाज सुन्ने बित्तिकै खाइरहेको खाना छोडेर भएपनि, आधामात्र खाएर भएपनि; लगाइरहेको कपडा राम्ररी लगाउन नभ्याए पनि भेला हुन जानेलाई 'मेलमिलापसहित भेला हुने' भनिएको हो ।*

*[11] एकत्रित भइरहेको बेलामा राम्ररी हिजो सल्लाह-साहुती गरी, विचार आदान-प्रदान गरी, गर्नुपर्ने कर्तव्य पालन गरी एकैसाथ उठेर नजालेलाई 'मेलमिलापसहित न उठेको' भनिन्छ । यसरी उठेर जानेहरूको मनमा- 'हामीले बाहिरी कुरासाथ सुन्यौं तर निश्चितरूपले भित्री कुरा भने सुनेनौं' भनी भन्नपर्ने हुन्छ । त्यसैले एकसाथ उठेर जाँदा त्यस्तो कुरा भन्नपर्ने अवस्था हुन्न र एकसाथ उठेर जानेलाई 'मेलमिलापसहित उठेर जाने' भनिएको हो । अमुक स्थानमा होहल्ला भएको छ*

Downloaded from http://dhamma.digital/

*चोरहरूले दुःख दिएका छन् भन्ने सुनेर त्यसलाई शान्त पार्नको निमित्त 'को जाने ?' भनी सोध्दा 'म जानेछु, म जानेछु' भनी जानेलाई पनि 'मेलमिलापसहित उठेर जाने' भनिएको हो।*

*[12] कुनै सदस्यले कुनै काममा ढिलासुस्ती गरेको खण्डमा बाँकी सदस्य-राजाहरूले आ-आफ्ना छोराहरू वा दाजुभाइहरू पठाई उसलाई उत्साहित पार्न लगाउँछन् । कुनै अभ्यागत राजाहरू आउँदा पनि सबै एकसाथ गई संग्रह गर्न जान्छन् । कसैको मङ्गल कार्यमा वा रोगव्याधी पर्दा पनि सबै त्यहाँ गई सहभागी भई हेविचार गर्न जान्छन् । यी सबैलाई 'मेलमिलापसहित वज्जीहरूले गर्नुपर्ने काम गरेको' भनिएको हो।*

*[13] पहिले नलगाएको कर, भन्सार अथवा दण्ड लगाउने आदिलाई 'प्रज्ञापन नगरेकोलाई गर्ने' भनिएको हो।*

*[14] पुराना परम्परानुसार भन्सार, कर तथा दण्डादि नउठाउनेलाई 'प्रज्ञापन गरेकोलाई समुच्छेदन गर्ने' भनिएको हो।*

*[15] चोर भनी समाती देखाएको व्यक्तिको बारेमा राम्ररी छानबिन नगरी छेद्य-भेद्य गर्न लगाउनेलाई 'पुराना वज्जीधर्महरूको पालन नगर्ने' भनिएको हो।*

*पहिले नलगाएका भन्सार, कर तथा दण्डादि लगाउँदा त्यसबाट पीडित हुने मानिसहरू 'यस्ताका राज्यमा किन बस्ने' भन्दै प्रत्यन्तमा गई चोर भएर वा चोरहरूको सहायक भएर जनपदमा दुःख दिन्छन्।*

*पहिले प्रज्ञापन गरेकालाई उच्छिन्न गर्नाले, परम्पराबाट लिइरहेको भन्सार र कर आदि नलिनाले कोष घट्छ र कोष घटेबाट नित्य दिइरहेका वेतनहरू दिन नसकी हात्ती, घोडा तथा सैन्य शक्तिमा कमजोरी हुन आउँछ र नित्य-वेतन नदिनाले सैन्य-शक्ति कमजोर भएबाट उनीहरू युद्ध-क्षम पनि हुँदैनन्, परिचर्या-क्षम पनि हुँदैनन्।*

*पुराना वज्जीधर्महरूका मर्यादा राखी पालन नगर्नाले राज्यका मानिसहरूको 'हाम्रा पिता, पुत्र, भ्राताहरू चोर नभइकनै चोर भनी छेदन आदि गराउन लगाए भन्दै रिसाई प्रत्यन्तमा गई चोर भएर वा चोरहरूको सहायक भई जनपदमा दुःख दिन्छन् । यसरी राजाहरूको परिहानि हुन्छ।'*

*अप्रज्ञापितलाई प्रज्ञापित नगर्नाले - परम्परा बमोजिम राजाहरू काम गर्छन् भन्दै मानिसहरू खुशी तथा सन्तुष्ट भई आ-आफ्ना कृषि वाणिज्य आदि कामहरूमा उत्साहित भई, मन दिई कार्यसम्पादन गर्छन्।*

*प्रज्ञापन गरेकोलाई हरण नगरी परम्परागत काम गर्नेहरूबाट आएको भन्सार र कर आदिको आम्दानीमा वृद्धि हुन्छ । त्यसबाट सदाझैं नित्य-वेतन पाएर हात्ती, घोडा तथा सैन्य-बल बलियो भएर युद्ध क्षम र परिचर्या-क्षम पनि हुन्छन्।*

Downloaded from http://dhamma.digital/

**यसरी राजाहरूको वृद्धि नै हुन्छ । त्यसैले सूत्रमा 'वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन' भनी उल्लेख भएको हो भनी दी.नि.अ.क.I. पृ. ३५६ : महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ ।**

***(यहाँ जुन 'चोर' भनी उल्लेख भएको छ त्यसको अर्थ 'अपराधी' भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ ।)***

## पुराना वज्जी धर्महरू

अधिअघि वज्जीहरूले - 'यो चोर हो' भनी ल्याएर देखाउँदा त्यो चारेलाई 'सजाय देऊ' भनी नभनी विनिश्चय महामात्यहरूकहाँ सुम्पिदिन्थे । उनीहरूले छानबीन गरी चोर नठहरिएमा उसलाई छाडिदिन्थे । चोर ठहरिएमा आफूले केही नभनी उसलाई व्यवहारिकहरू *(वोहारिकानं, Majistrate, Law Court )* को हातमा सुम्पिदिन्थे । उनीहरूले पनि छानबीन गरी चोर नठहरिएमा छाडिदिन्थे र चोर ठहरिएमा सूत्रवरहरू *(सुत्तधारा)* को हातमा सुम्पिदिन्थे । उनीहरूले छानबीन गरी चोर नठहरिएमा छाडिदिन्थे र चोर ठहरिएमा अष्टकुलिकहरू *(अट्ठकुलिकानं)* को हातमा सुम्पिदिन्थे । उनीहरूले त्यस्तै गरी छानबीन गरेपछि सेनापतिलाई दिन्थे । सेनापतिले उपराजालाई र उपराजाले राजालाई सुम्पिदिन्थे । राजाले पनि छानबीन गरी चोर नठहरिएमा छाडिदिन्थे र चोर ठहरिएमा प्रवेणि-पुस्तक *(ऐन सवालको पुस्तक)* पढाउन लगाउँथे । त्यसमा - 'जसले यस्तो गर्छ, यसले यस्तो दण्ड पाउँछ' भन्ने लेखेअनुसार राजाले दण्ड दिन्थे ।

यसप्रकारको विधिलाई पुराना वज्जीधर्महरू भनिएको हो ।

यसप्रकार पुराना वज्जीधर्महरूलाई अपनाई काम गर्दा मानिसहरू कराउँदैनन् । 'राजाहरू आफ्ना पुराना वज्जीधर्महरू बमोजिम काम गर्छन् । उनीहरूको कुनै दोष छैन, हामीहरूकै दोष हो' भनी मानिसहरू अप्रमत्त भई कामकाज गर्न थाल्छन् ।

"आनन्द ! जबसम्म वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्ने छैनन्, प्रज्ञापन गरेकोलाई समुच्छेदन गर्ने छैनन्, पुरानाहरूले प्रज्ञापन गरेको वज्जीधर्महरूलाई मर्यादा राखी पालन गर्नेछन् *( तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(४) "आनन्द ! तिमीले के सुनेका छौ ? जुन ती वज्जीहरूका बीच वयोवृद्ध - वज्जीहरू छन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूका कुराहरू सुन्नुपर्छ भन्ने ठान्दछन् ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरू छन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूका कुराहरू सुन्नुपर्छ भन्ने ठान्दछन् ?"

"आनन्द ! जबसम्म जुन ती वज्जीहरूका बीच वयोवृद्ध - वज्जीहरू हुन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान गर्नेछन् तथा पूजा गर्नेछन् ? तिनीहरूका कुराहरू सुन्नुपर्छ भन्ने ठान्नेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ परिहानि होइन ।"

(५) "आनन्द ! तिमीले के सुनेका छौ ? जुन ती कुल-स्त्रीहरू र कुल-कुमारीहरू हुन् तिनीहरूलाई वज्जीहरूले जबर्जस्ती हरेर लगी आफ्नो घरमा राख्दैनन् ?"

"भन्ते ! 'जुन ती कुल-स्त्रीहरू र कुल-कुमारीहरू हुन् तिनीहरूलाई वज्जीहरूले जबर्जस्ती हरेर आफ्नो घरमा राख्दैनन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ परिहानि होइन ।"

(६) "आनन्द ! तिमीले के सुनेका छौ ? जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्यस्थानहरू *(पूजा स्थानहरू, देवस्थानहरू)* हुन्- तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बलि *(पूजा)* लाई लोप गर्दैनन् ?"

"भन्ते ! 'जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्यस्थानहरू हुन्- तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् र तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बलिलाई लाई लोप गर्दैनन्' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्य-स्थानहरू हुन्- तिनीहरूलाई जबसम्म वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् र तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बलिलाई लाई लोप गर्दैनन्' *( तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(७) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्छन् ? ताकि भविष्यका अरहन्तहरू पनि राज्यमा आऊन् र आएका अरहन्तहरू राज्यमा सुखपूर्वक विहार गर्न सकून् ?"

"भन्ते ! 'वज्जीका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त[16] संविधान गर्छन् ताकि भविष्यका अरहन्तहरू पनि राज्यमा आऊन् र आएका अरहन्तहरू राज्यमा सुखपूर्वक विहार गर्न सकून् भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरूका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्नेछन्- ताकि भविष्यका अरहन्तहरू पनि राज्यमा आऊन् र आएका

Downloaded from http://dhamma.digital/

अरहन्तहरू राज्यमा सुखपूर्वक विहार गर्न सकून् - *(तबसम्म)* वज्जीहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

५. अनि, मगधमहामात्य वस्सकार ब्राह्मणलाई भगवान्ले यसो भन्नुभयो- "ब्राह्मण ! एक समय म वैशालीको सारन्दद चैत्यस्थानमा बसिरहेको थिएँ । ब्राह्मण ! त्यहाँ मैले वज्जीहरूलाई यी नै सात अपरिहानि धर्महरूको उपदेश गरेको थिएँ । ब्राह्मण ! जबसम्म यी सात अपरिहानि धर्महरू वज्जीहरूमा रहनेछन्, देखापर्ने छन्, ब्राह्मण ! *(तबसम्म)* वज्जीहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

"भो गौतम ! यिनीहरूमध्ये एउटै अपरिहानि धर्मले युक्त भए तापनि वज्जीहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन भने सातैवटा अपरिहानि-धर्महरूले युक्त हुनेको त के कुरा ! भो गौतम ! मेलमिलाप[17] लाई छाडी *(उपलापना)* मित्रभेद[18] *(भियुमदा)* लाई छाडी वैदेहीपुत्र मगधराजा अजातशत्रुद्वारा युद्ध गर्नु ठीक छैन *(अकरणीया)* । हवस् त, भन्ते ! हामी जान्छौं, हामीहरूका धेरै कामहरू छन्, धेरै गर्नुपर्ने छन् ।"

"ब्राह्मण ! जस्तो तिमी सम्भन्छौ ।"

अनि, भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी मगधमहामात्य वस्सकार ब्राह्मण आसनबाट उठी फर्केर गए[19] ।

## २. भिक्षुहरूको सात अपरिहानि धर्महरू

६. त्यसपछि भगवान्ले मगधका महामात्य वर्षकार ब्राह्मण गएको केही बेरपछि आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "आनन्द ! यता आऊ, तिमीले राजगृह अथवा त्यसको वरिपरिका जति पनि भिक्षुहरू छन् उनीहरू सबैलाई उपस्थानशालामा एकत्रित गराओ ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिएर राजगृहतिरका सबै भिक्षुहरूलाई उपस्थानशालामा एकत्रित गराउनुभयो । एकत्रित गराई सकेपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो निवेदन गरे - "भन्ते ! भिक्षुहरूलाई एकत्रित गराइसकेको छु, अब भगवान्ले समय हेरी गर्नुहोला ।"

त्यसपछि भगवान् आसनबाट उठेर जहाँ उपस्थानशाला छ त्यहाँ जानुभई बिछ्याइराखेको आसनमा बस्नुभई भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो - "भिक्षु हो ! सात अपरिहानि धर्मको उपदेश दिनेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

Downloaded from http://dhamma.digital/

16 यहाँ, 'आरक्ष, आवरण तथा गोप्यता' भन्नाको अर्थ यसरी बुझ्नुपर्छ -

इच्छा भए अनुसार काम हुने भन्ने अर्थले आरक्षा र आवरण तथा इच्छा अनुसार काममा विघ्नबाधा नहुने भन्ने अर्थले गोप्यता भनिएको हो । हुन त भिक्षुहरूको निमित्त कुनै सैन्यद्वारा आरक्षा गर्नुपर्ने आवश्यकता छैन । जस्तो गर्दा विहारको उपवनमा भएका रूखहरू काटिँदैनन्, जस्तो गर्दा सुराधूर्तहरूबाट कुनै दोष आइपर्दैन, पोखरीहरूबाट माछाहरू मारिँदैनन् - त्यस किसिमको संविधान गर्नेलाई यहाँ धार्मिक आरक्षा भनिएको हो भनी सुमं. वि.I. पृ. ३५७ : महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

17 वादविवाद र झगडाद्वारा कुनै सफलता प्राप्त हुनेछैन । बरू मेलमिलाप हुनुपर्छ । हात्ती, घोडा, रथ तथा हिरण्य-सुवर्णहरू पाहुर पठाई संग्रह गर्नुपर्छ । यसरी संग्रह गरी विश्वासभाव उत्पन्न गराएर राज्य लिनसकिने छ भन्ने विचार गरी 'मेलमिलाप' भनी सूत्रमा वस्सकार ब्राह्मणले उल्लेख गरेका हुन् ।

18 'मित्रभेद' शब्दले यो भाव प्रकट गर्छ कि युद्ध गरेर जित्न नसक्नेलाई फुट डालेर र भेद गराएर जित्न सकिन्छ भन्ने कुरा दर्शाउँछ । बुद्धका कुराको आशयलाई र ढाँचा-काँचालाई विचार गरी उनले यस्तो ठानेका थिए । त्यसैले अट्ठकथाले 'इदं ब्राह्मणो भगवतो कथाय नयं लभित्वा आह …' भनी उल्लेख गरेका हुन् ।

ब्राह्मणले आफ्नो कुराको आशय बुझ्नसक्ने कुरा भगवान्लाई थाहा थियो कि थाहा थिएन त ? थाहा थियो । थाहा पाएर पनि भगवान्ले किन भन्नुभएको नि ? अनुकम्पाके कारणले ।

भगवान्लाई यस्तो लागेको थियो - 'मैले नभने पनि केही समयपछि सबै राज्य लिनेछन् । मैले भनेको कुरा सुनेर चाहिँ वज्जीहरूको मेलमिलापलाई फुट पार्न तीन वर्ष लाग्नेछ र तीन वर्षपछि सबै राज्य लिनेछन् । यतिञ्जेलसम्म जीवन बिताउन पाउनु पनि बेसै हो । जुन समयभित्र उनीहरूले आ-आफ्नो प्रतिष्ठा हुने पुण्यकर्महरू गर्नेछन् ।'

19 फर्केर अजातशत्रु राजाकहाँ गए ।

अनि, राजाले उनीसँग 'आचार्य ! भगवान्ले के भन्नुभयो त ? भनी सोध्दा उनले 'भगवान्को कुरा अनुसार हमला गरेर वज्जीहरूलाई कुनै प्रकारले लिन सकिने छैन; बरू मेलमिलाप गरी अथवा उनीहरूको बीचमा फूट पैदा गरेर लिन सकिनेछ भन्नेजस्तो कुरा बुझिन्छ' भनी भने । 'त्यसो भए के गर्नु पर्ला त ?' मेलमिलाप हुनको निमित्त हात्ती, घोडा आदि पठाउँदा हामीहरूका हात्ती घोडा आदि घट्न सक्छन् । बरू उनीहरूको बीचमा फूट पैदा गराउने काम गर्नुपर्‍यो कि क्याहो ? भनी राजाले सोधे ।

महाराज ! त्यसोभए तपाईंले वज्जीहरूको विरोधलाई लिएर सभामा कुरा निकाल्नुहोस् । त्यसबखत 'महाराज ! तपाईंले उनीहरूको बारेमा किन टाउको दुखाउनुहुन्छ, आफ्नो कृषि तथा वाणिज्य कर्म गरी वज्जी राजकुमारहरूले जीविका गरून्' भनी भनेर म सभाबाट उठेर जानेछु ।

Downloaded from http://dhamma.digital/

अनि तपाईंले 'वज्जीहरूको विषयमा चलेको कुरालाई यी ब्राह्मणले किन सुन्न नचाहेका हुन् ?' भनी सोध्नुहोला । अनि, त्यसै दिनको समयमा मैले उनीहरूलाई पाहुर पठाउनेछु । त्यसलाई पनि समात्न लगाई ममाथि दोषारोपण लगाउनुहोला र मलाई पिट्ने र थुन्ने काम नगरी, शिरमुण्डन गर्न लगाई देश निकाला गर्न लगाउनु होला । त्यस बखत मैले तपाईंको नगरको पर्खाल तथा परिखा *(खाडल वा कुलो)* बनाएको हुँ । अतः मलाई थाहा छ कि कुन ठाउँ कमजोर र कुन ठाउँ मजबुत छ; कहाँ गहिरो छ कहाँ गहिरो छैन भन्ने कुरा पनि मलाई थाहा छ । केही समयमै तपाईंलाई म ठीक गर्नेछु' भनी भन्नेछु । यो सुनेर तपाईंले 'हुन्छ, जाऊ, जे गर्नसक्छौ गर' भनी भन्नुहोला । यसरी सल्लाह भएअनुसार राजाले सबै गरे ।

उता लिच्छवीहरूले वस्सकार ब्राह्मणलाई देशनिकाला गरे भन्ने कुरा सुनेर उनीहरूले 'यी सठी ब्राह्मणलाई गङ्गापारी आउन नदेऊ' भनी भने । लिच्छवीहरूसँग भेट हुँदा उनीहरूले उनीसँग 'किन आएका हौ ?' भनी सोधे । उनले उक्त घटनाका कुराहरू जम्मै सुनाए । 'यति स्यानो कुरामा यत्रो ठूलो दण्ड दिनु त उचित थिएन' भनी उनीहरूले 'त्यसोभए, त्यहाँ तपाईंको के स्थान *(पद)* थियो त ?' भनी सोधे । विनिश्चयय अमात्य *(न्यायाधीश)* थियो भनी उनले जवाफ दिए । 'त्यसोभए यहाँ पनि तपाईंको सोही नै पद होस्' भनी लिच्छवीहरूले भने ।

उनी राम्रोसँग विनिश्चय *(निसाप)* गर्दथे । राजकुमारहरू उनकहाँ शील्पशास्त्र पढ्न थाले । आफ्नो गुणद्वारा प्रतिष्ठित भएपछि एकदिन, एक लिच्छवीलाई एक छेउमा लगी 'खेत जोत्दछौ ?' भनी सोधे । 'हो, जोत्दछु' भनी उसले भन्यो । 'दुइवटा गोरू नारेर ?' 'हो, दुईवटा गोरू नारेर ।' यति भनेर ऊ फर्केर गयो । अनि अर्कोले ऊसँग 'आचार्यले के भने ?' भनी सोध्दा उसले भनेको कुरा विश्वास नगरी उसले 'उसले मलाई विश्वासपूर्वक कुरा भन्दैन' भनी ऊसँग फुटेर गयो ।

फेरि अर्को एकदिन ब्राह्मणले एक लिच्छवीलाई एक छेउमा बोलाई 'के तरकारीसँग भात खायौ ?' भनी सोधे । ऊ फर्केर आउँदा ऊसँग एक अर्कोले सोध्दा उसले भनेको कुरामा विश्वास नगरी अघिल्लो पुरूष जस्तै फुटेर गयो ।

अर्को एकदिन, पनि एक लिच्छवीलाई एक छेउमा लगी 'सारै दरिद्री छौ कि क्याहो ? भनी सोधे । 'कसले यस्तो भन्यो र ?' 'फलाना लिच्छवीले भन्यो ।' यस्तैगरी अरूलाई पनि एक छेउमा लगेर - 'तिमी डरपोक हौ कि क्याहो ?' भनी भने । 'कसले यस्तो भन्यो र ?' 'फलाना लिच्छिवीले ।'

यस्तै यस्तै तरिकाले अर्काले नभनेको कुराहरूद्वारा एक अर्कालाई चक्ली सुनाउँदासुनाउँदै तीन वर्षमा ती राजाहरूलाई परस्पर फुटाई, जस्तो गर्दा उनीहरू एउटा बाटोमा दुईजना नहिँड्ने हुन् त्यस्तरी फुटाए । यसपछि उनले एकत्रित हुने बिगुल बजाउन लगाए । 'ती लिच्छवीहरूका मालिकहरू नै एकत्रित होऊन्' भन्दै आफूहरू एकत्रित हुन गएनन् ।

अनि ब्राह्मणले - 'यो अवस्था ठीक छ, चाँडै आउनुहोस्' भनी अजातशत्रुलाई खबर पठाए । खबर सुन्नेबित्तिकै सैन्यभेरी बजाउन लगाई राजा निस्के । यो खबर पाएर पाएर वैशालीबासीहरूले 'राजालाई गङ्गामा आउन दिने छैनौं' भनी भेरी बजाउन लगाए । यो सुनेर पनि 'शूरवीरहरू जाऊन् त,' भन्दै कोई पनि एकत्रित हुन गएनन् । 'नगरमा आउनदिने छैनौं, ढोकाहरू बन्दगरी राख्नेछौं'

Downloaded from http://dhamma.digital/

भनी भेरी बजाउन लगाए । एकजना पनि एकत्रित पनि हुन गएन । खुल्लम्खुल्ला ढोकाबाट पसी अजातशत्रु सबैलाई तहसनहस पारी फर्केर गए ।

“हवस्, भन्ते ! भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यसो भन्नु भयो -

(१) भिक्षु हो ! जबसम्म भिक्षुहरू नित्य एकत्रित हुनेछन्, बहुलतर एकत्रित हुनेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनु पर्दछ, परिहानि होइन ।

(२) “भिक्षु हो ! जबसम्म मेलमिलापसहित भिक्षुहरू एकत्रित हुनेछन्, मेलमिलापसहित उठ्ने छन्, मेलमिलापसहित उठ्ने छन्, मेलमिलापसहित भिक्षुहरूले गर्नुपर्ने कामकाजहरू गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।”

(३) “भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रज्ञापन नगरेकोलाई प्रज्ञापन गर्ने छैनन्, प्रज्ञापन गरेकोलाई समुच्छेदन गर्ने छैनन्, जस्तो प्रज्ञापन गरेको शिक्षापद छ त्यस्तै रूपमा पालन गर्नेछन् , *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ परिहानि होइन ।”

(४) “भिक्षु हो ! जबसम्म भिक्षुहरूले रत्तञ्ञू स्थविरहरूलाई, चिरप्रव्रजितहरूलाई, सङ्घका पिता *(जेष्ठ)* हरूलाई सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान गर्नेछन्, तथा पूजा गर्नेछन् र तिनीहरूको कुराहरू सुन्नुपर्छ भन्ने ठान्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(५) “भिक्षु हो ! जबसम्म भिक्षुहरू पुनः पुनः उत्पन्न भैरहने सांसारिक तृष्णाको वशमा बस्ने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।”

(६) भिक्षु हो ! जबसम्म भिक्षुहरू अरण्य-शयनासन *(एकान्तबास)* मा उत्सुक भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।”

(७) भिक्षु हो ! जबसम्म भिक्षुहरूले व्यक्तिगत रूपले जो भविष्यमा आउने पेसला *(असल)* सब्रह्मचारी भिक्षुहरू विहारमा आऊन् जो ती आउने असल सब्रह्मचारी भिक्षुहरू सुखपूर्वक बसून् भनी राम्ररी उपस्थान गर्न पन पराउने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।”

“भिक्षु हो ! जबसम्म यी सात अपरिहानि धर्महरू भिक्षुहरूमा *(अखण्डित)* रहिरहने छन्, देखा पर्ने छन् । भिक्षु हो ! *(तबसम्म)* भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।”

## अर्को पनि सात अपरिहानि धर्महरू

Downloaded from http://dhamma.digital/

७. “भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।”

“हवस् भन्ते !” भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यस्तो भन्नुभयो -

(१) भिक्षु हो ! जबसम्म भिक्षुहरू कम्मरामा *(कर्मा=दिनरात चीवर आदि कार्य)* मा व्यस्त रहिरहने हुने छैनन् अथवा कर्माराममा शौक मानिरहने छैनन् अथवा कर्माराम कार्यमा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(२) भिक्षु हो ! जबसम्म भिक्षुहरू व्यर्थ कुराकानी गफ आदि गर्ने *(वितण्डा)* हुने छैनन्, अथवा व्यर्थ कुरामा शौंक मानिरहने छैनन् अथवा व्यर्थ आलाप गर्नमा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(३) भिक्षु हो ! जबसम्म भिक्षुहरू दिनरात निदाइरहने *(निद्राराम)* हुने छैनन्, निद्राराममा शौक मानिरहने अथवा निद्राराममा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(४) भिक्षु हो ! जबसम्म भिक्षुहरू संगनिकाराम *(दिनरात बथान बथान अथवा भीडमा भुलिरहने)* हुने छैनन्, संगनिकाराममा शौक मानिरहने अथवा संगनिकाराममा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(५) भिक्षु हो ! जबसम्म भिक्षुहरू पापकर्म नगर्ने इच्छा गरिरहन्छन्, पापकर्म गर्नेहरूको इच्छाको वशमा जाने छैनन्, पापकर्म नगर्नुमा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(६) भिक्षु हो ! जबसम्म भिक्षुहरू पापमित्र बनाउने छैनन्, पाप गर्नलाई साथीको लहलहैमा लाग्दैनन्, पाप मित्रको संगत गर्नमा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

(७) भिक्षु हो ! जबसम्म भिक्षुहरू ब्रह्मचर्य-साधना *(अरहत्त आदि फल)* मा केही सफलता मिल्नासाथ प्रयत्न गर्न छोड्ने हुने छैनन्, अथवा त्यसमा प्रयत्न छोड्ना सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएको देखा पर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

## फेरि अर्को सात अपरिहानि धर्महरू

Downloaded from http://dhamma.digital/

८. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख भन्नेछु ।"

"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो -

(१) "भिक्षु हो ! जबसम्म भिक्षुहरू *(शिक्षापदहरूमा)* श्रद्धालु भइरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(२) "भिक्षु हो ! जबसम्म भिक्षुहरू हिरिमना *(पाप कार्यमा लज्जालु)* श्रद्धालु भइरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरू ओत्तप्पी *(पाप कार्यमा भय देख्ने)* श्रद्धालु भइरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरू बहुश्रुत भइरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरू निरन्तर कुशलको लागि प्रयत्न गर्दै रहन्छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(६) "भिक्षु हो ! जबसम्म भिक्षुहरू स्मृतिवान् भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरू प्रज्ञावान् भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

"भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएको देखा पर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै सम्झनुपर्छ, परिहानि होइन ।"

## अर्को पनि सात अपरिहानि धर्महरू

९. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो -

(१) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले स्मृति-सम्बोध्यंगको भावना *(अभ्यास)* गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

Downloaded from http://dhamma.digital/

(२) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले धम्म-विचय सम्बोधि अंगको भावना गर्नेछन् ……"

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले वीर्य-सम्बोधि अंगको भावना गर्नेछन् ……"

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रीति-सम्बोधि अंगको भावना गर्नेछन् ……"

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रश्रब्धि-सम्बोधि अंगको भावना गर्नेछन् ……"

(६) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले समधि-सम्बोधि अंगको भावना गर्नेछन् ……"

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले उपेक्षा-सम्बोधि अंगको भावना गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

"भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएको देखा पर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

## अर्को पनि सात अपरिहानि धर्महरू

१०. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्ने छु ।"

"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यस्तो भन्नुभयो -

(१) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले अनित्य-संज्ञाको भावना *(अभ्यास)* गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्दछ, परिहानि होइन ।"

(२) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले अनात्म-संज्ञाको भावना गर्नेछन् ……"

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले अशरभ-संज्ञाको भावना गर्नेछन् ……"

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले आदीनव *(दुष्परिणाम)*-संज्ञाको भावना गर्नेछन् ……"

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले ग्रहण-संज्ञाको भावना गर्नेछन् ……"

(६) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले विराग-संज्ञाको भावना गर्नेछन् ……"

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले निरोध-संज्ञाको भावना गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछन्, परिहानि होइन ।"

Downloaded from http://dhamma.digital/

"भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएका हुन्छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

## छ वटा अपरिहानि धर्म

११. "भिक्षु हो ! छ वटा अपरिहानि धर्मको देशना गर्नेछु, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो -

(१) "भिक्षु हो ! जबसम्म गुप्त वा प्रकट रूपमा सब्रह्मचारीप्रति भिक्षुको मैत्रीपूर्वक कायकर्म उपस्थित भईरहन्छ *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

(२) "भिक्षु हो ! जबसम्म गुप्त वा प्रकट रूपमा सब्रह्मचारीप्रति भिक्षुको मैत्रीपूर्वक वचनकर्म उपस्थित भईरहन्छ ……"

(३) "भिक्षु हो ! जबसम्म गुप्त वा प्रकट रूपमा सब्रह्मचारीप्रति भिक्षुको मैत्रीपूर्वक मनोकर्म उपस्थित भईरहन्छ ……"

(४) "भिक्षु हो ! जबसम्म धार्मिक रूपले प्राप्त लाभ अथवा धर्म लाभ नै किन नहोस् त्यस्ता लाभ शीलवान ब्रह्मचारीहरूसँग साधारण रूपले बाँडी भोग गरिरहने छन् ……"

(५) "भिक्षु हो ! जबसम्म भिक्षु जो त्यो अखण्ड *(अविभक्त)*, अछिद्र *(निर्दोष)*, बैदागी *(अकल्मष, निष्कलङ्क)*, निर्दोष *(शुद्ध)*, सेवनीय *(भुजिस्स)*, विज्ञप्रशंसित *(विद्वत्प्रशंसित)*, अपरामर्शित तथा समाधिसंवर्तनिक *(समाधितिर लैजनो)* शील हो त्यस्तो शीलमा मेल राखी प्रकट रूपमा पनि गुप्त रूपमा पनि सब्रह्मचारीहरूसँग बसिरहनेछन् ……"

(६) "भिक्षु हो ! जबसम्म जुन आर्य *(उत्तम)*, विचारधारा *(दृष्टि)*, लिंदा नैर्याणिक *(भवसागर पार गराउने)*, मार्गमा लागेर सम्यक् रूपले दुःखक्षय गर्ने हो त्यस्तो विचारधारासँग मेल राखी ऊ प्रकट रूपमा पनि सब्रह्मचारीहरूसँग बसिरहनेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै भईरहन्छ, परिहानि होइन ।"

"भिक्षु हो ! यसरी जबसम्म भिक्षुहरूमा यी छ वटा अपरिहानि धर्मपालन गरिएको हुनेछ *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै *(उन्नति)* नै भईरहन्छ, परिहानि होइन ।"

त्यसबेला भगवान्ले राजगृहमा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "यता आऊ, आनन्द ! जहाँ अम्बलट्ठिका छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् *(विशाल)* भिक्षुसंघसाथ जहाँ अम्बलट्ठिका हो, त्यहाँ पुग्नुभयो । अम्बलट्ठिकास्थित राजागार *(राजागारक)* मा विहार गरिहरनु

Downloaded from http://dhamma.digital/

हुँदा भगवान्ले भिक्षुहरूलाई यही नै धर्मदेशना गर्नुभएको थियो - यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महा आनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । महाफलदायी र महाआनिशतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

१३. त्यसपछि भगवान् अम्बलट्ठिकामा यथानुकूल चारिका गर्दै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "यता आऊ आनन्द ! जहाँ नालन्दा छ, त्यहाँ जाऔं ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसंघसाथ जहाँ नालन्दा हो, त्यहाँ पुग्नुभयो । भगवान् नालन्दस्थित पावारिक आम्रवनमा बस्नुभयो ।

## ४. सारिपुत्रको सिंहनाद

१५. अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यसो भन्नुभयो -

"भन्ते ! भगवान्माथि म यति प्रसन्न छु कि - सम्बोधिको सम्बन्धमा भगवान्भन्दा उत्तरोत्तर ज्ञान हुने कुनै अरू श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु ।"

"सारिपुत्र ! तिमीले बडो ठूलो निर्भीक कुरा भन्यौ र ठोकेर सिंहनाद गर्‍यौ - 'भन्ते ! भगवान्माथि म यति प्रसन्न छु कि - सम्बोधिको सम्बन्धमा भगवान्भन्दा उत्तरोत्तर ज्ञान हुने कुनै अरू श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु ।"

"सारिपुत्र ! के तिमीले जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवान्हरूलाई तिम्रो चित्तले *(ज्ञानले)* थाहा पाएको छ कि - उहाँ भगवान्हरू यस्ता शील भएका हुनुहुन्थ्यो अथवा उहाँ भगवान्हरू यस्ता प्रज्ञा भएका हुनुहुन्थ्यो अथवा उहाँ भगवान्हरू यसरी बसेका *(निरोध समापत्तिमा बस्ने)* हुनुहुन्थ्यो अथवा उहाँ भगवान्हरू यसरी विमुक्त भएका हुनुहुन्थ्यो ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! के त तिमीले जो ती भविष्यमा हुने अरहन्त सम्यक्सम्बुद्धहरू हुन् ती सबै भगवान्हरू तिम्रो चित्तले थाहा पाएको छ कि -उहाँ भगवान्हरू शील हुने हुनेछन् अथवा उहाँ भगवान्हरू यस्ता प्रज्ञा हुने हुनेछन् अथवा उहाँ भगवान्हरू यसरी बस्नु *(निरोध समापत्तिमा बस्ने)* हुने हुनेछन् अथवा उहाँ भगवान्हरू यसरी विमुक्त हुने हुनेछन् ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! के तिमीले अहिलेका अरहन्त सम्यक्सम्बुद्धलाई तिम्रो चित्तले थाहा पाएको छ कि -उहाँ भगवान् यस्तो शील भएको हुनुहुन्छ अथवा उहाँ भगवान् यस्ता धर्म *(समाधि)* भएको हुनुहुन्छ अथवा उहाँ भगवान् यसरी बस्नु भएको *(निरोध समापत्तिमा बस्ने)* हुनुहुन्छ अथवा उहाँ भगवान् यसरी विमुक्त भएको हुनुहुन्छ ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! भूत, भविष्य तथा वर्तमानका अरहन्त सम्यक्सम्बुद्धहरूलाई तिम्रो चित्तले थाहा पाउन सकेको छैन भने सारिपुत्र ! कसरी तिमीले 'भन्ते ! भगवान्देखि म यति प्रसन्न छु कि - सम्बोधिको सम्बन्धमा भगवान्भन्दा उत्तरोत्तर ज्ञान हुने कुनै अरू श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु' भनी यस्तो ठूलो निर्भीक कुरा भनेको र ठोकेर सिंहनाद गरेको त ?"

१६. "भन्ते ! भूत, भविष्य तथा वर्तमानका अरहन्त सम्यक्सम्बुद्धहरूलाई जान्ने चेतोपरिय ज्ञान *(अर्काको चित्तलाई जाने ज्ञान)* ममा छैन । किन्तु धर्मन्वयद्वारा *(धर्मानुसार विचार गरेर)* थाहा पाएको हुँ । भन्ते ! जस्तै - राजाको नगरमा बलियो पर्खाल र तोरण भएको एउटा ढोका हुन्छ । त्यस ढोकामा बस्ने पाले पण्डित, व्यक्त र बुद्धिमानी हुन्छ । चिनेकालाई मात्र भित्र पठाउँछ, नचिनेकालाई पठाउँदैनन् । अनि उसले नगरको चारैतिरको बाटोमा गई हेर्दा कतै पनि पर्खाल फुटेको वा भत्केको देख्दैन । कहीँबाट बिरालो पस्ने प्वालसम्म पनि देख्दैन । अनि उसलाई दृढ विश्वास हुन्छ कि - कुनै स्थूल प्राणीले नगरमा पस्दा वा बाहिर निस्कँदा सबै यसै ढोकाबाट आवतजावत गर्नुपर्छ । भन्ते ! यस्तै गरी मैले धर्मन्वयद्वारा जानें कि - भन्ते ! जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवान्हरूले - पञ्चनीवरणलाई हटाई चित्तको उपक्लेशलाई प्रज्ञाद्वारा निर्बल पारी चार सतिपट्ठानमा सुपतिष्ठित भई यथार्थतः सत्पबोध्यङ्गलाई अभ्यास गरी - अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नुभएको थियो । भन्ते ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू अनागत समयमा हुनेछन् ती सबै भगवान्हरूले पनि पञ्चनीवरणलाई हटाई ··· चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थत सत्पबोध्यङ्गलाई अभ्यास गरी- अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नु हुनेछ । भन्ते ! अरहत् सम्यक्सम्बुद्ध हुनुभएका भगवान्ले पनि अहिले पञ्चनीवरणलाई हटाई ··· चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थतः सत्पबोध्यङ्गलाई अभ्यास गरी- अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नुभएको छ ।"

१७. त्यहाँ नालन्दा स्थित पावारिक आम्रवनमा विहार गरिरहनु हुँदा भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो- यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तो कि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

Downloaded from http://dhamma.digital/

## ५. पाटलिगाउँ वासीलाई भगवान्‌को उपदेश

१८. त्यसपछि भगवान्‌ले नालन्दामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो -"यता आऊ आनन्द ! जहाँ पाटलिगाउँ *(वर्तमान पटना)* छ, त्यहाँ जाऔं ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिनुभयो । अनि भगवान् चारिका गर्दै क्रमशः जहाँ पाटलिगाउँ हो, त्यहाँ पुग्नुभयो ।

अनि पाटलिगाउँका *(पाटलिगामिका)* उपासकहरूले[20] "भगवान् पाटलिगाउँमा आइपुग्नुभयो" भन्ने खबर सुने । अनि पाटलिगाउँका उपासकहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलिगाउँका उपासकहरूलाई भगवान्‌ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो । भगवान्‌को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएका पाटलिगाउँका उपासकहरूले भगवान्‌लाई यस्तो बिन्ती गरे - "भन्ते ! भिक्षुसङ्घका साथ भगवान्‌ले हामीहरूको आवासथागार स्वीकार गर्नुहोस् ।"

तूष्णीभावद्वारा भगवान्‌ले स्वकिार गर्नुभयो ।

त्यसपछि पाटलिगाउँका उपासकहरूले भगवान्‌को स्वीकृतिलाई जानी आसनबाट उठी भगवान्‌लाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आवासथागार हो त्यहाँ गए । त्यहाँ पुगेपछि उनीहरू आवासथागारको सबै ठाउँमा ओछ्यानहरू लगाई आसनहरू राखी पानीको भाँडा राखी तथा तेलको दियो बाली जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलिगाउँका उपासकहरूले भगवान्‌लाई यस्तो बिन्ती गरे - "भन्ते ! आवासथागारका सबै ठाउँहरूमा ओछ्यानहरू लगाइसकिएका छन्, आसनहरू राखिसकिएका छन्, पानीका भाँडाहरू पनि राखिसकिएका छन् र तेलको दियो पनि बालिसकिएको छ । अब भगवान्‌ले जस्तो समय हो जान्नुहोस् ।"

अनि चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान् साँढे बाह्र सय महान् भिक्षुसङ्घका साथ जहाँ आवासथागार हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि खुट्टा पखाली आवासथागार भित्र पसी बीचको स्तम्भमा अडेस लिई पूर्वाभिमुख गरी भगवान् बस्नुभयो । भिक्षुसङ्घ पनि खुट्टा पखाली आवासथागार भित्र पसी पश्चिमतिरको भित्ताको अडेस लिई भगवान्‌लाई नै अगाडितिर पारी पूर्वाभिमुख गरी बसे । पाटलिगाउँका उपासकहरू पनि खुट्टा पखाली आवासथागार भित्र पसी भित्ताको अडेस लिई भगवान्‌लाई नै अगाडितिर पारी पश्चिमाभिमुख गरी बसे । अनि भगवान्‌ले पाटलिगाउँका उपासकहरूलाई सम्बोधन गर्नुभयो[21] -

(क) "गृहपति हो ! शीलबाट विमुख भई दुश्शील[22] स्वभाव हुनेका यी पाँच दुष्परिणामहरू *(आदीवन)* हुन्छन् । कुन पाँच भने ? - (१) गृहपति हो ! यहाँ शीलबाट विमुख भई दुस्शील प्रभाव

Downloaded from http://dhamma.digital/

हुनेको प्रमादको कारणले गर्दा महति भोगसम्पत्तिको हानि हुन्छ । शीलबाट विमुख भई दुस्शील स्वभाव हुनेको यो पहिलो दुष्परिणाम हो । (२) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुस्शील स्वभाव हुनेको कु-कीर्ति शब्द फैलिन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो दोस्रो दुष्परिणाम हो । (३) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरूष क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा, गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा - जुनसुकै परिषद्मा गएपछि अविसारदनि भई चुप लागि बस्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो तेस्रो दुष्परिणाम हो । (४) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको मृत्यु मोहसहित हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो चौथो दुष्परिणाम हो । (५) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरूष शरीर छाडी मृत्युपछि अपाय[23], दुर्गति[24], विनिपात[25], नरकमा[26] उत्पन्न हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पाँचौं दुष्परिणाम हो । गृहपति हो ! शीलबाट विमुख भई दुश्शील हुनेका यी नै पाँच दुष्परिणामहरू हुन्छन् ।"

(ख) "गृहपति हो ! शीलवान[27] हुनेका शीलसम्पदाद्वारा हुने यी पाँच गुणहरू हुन्छन् । कुन पाँच भने ? - (१) गृहपति हो ! शीलवान् हुनेको शीलसम्पन्न र अप्रमादको कारणले गर्दा उसलाई ठूलो भोगसम्पत्ति लाभ हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पहिलो गुण हो । (२) गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको कल्याणकीर्ति शब्द फैलिन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो दोस्रो गुण हो । (३) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरूष - क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा, गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा - जुनसुकै परिषद्मा गएपछि विसारद भई चुप लागी बस्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो तेस्रो गुण हो । (४) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको मृत्यु मोहरहित हुन्छ । शीलवान् हुनेको शीलसम्पन्न हुने यो चौथो गुण हो । (५) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरूष शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पाँचौं गुण हो । शीलवान् हुनेका शीलसम्पदाद्वारा यी नै पाँच गुणहरू हुन्छन् ।"

२१. त्यसपछि पाटलिगाउँका उपासकहरूलाई रातको धेरै बेरसम्म[28] धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नु भई भगवान्ले उनीहरूलाई यसो भन्नुभयो -

"गृहपति हो ! रात बितिसक्यो । अब तिमीहरू जस्तो उचित समय ठान्दछौ *(गर)* ।"

"हवस् भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई पाटलिगाउँका उपासकहरू आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए । अनि पाटलिगाउँका उपासकहरू फर्केर गइसकेपछि भगवान् शून्यागारमा पस्नुभयो[29] ।

Downloaded from http://dhamma.digital/

20 यिनीहरूको सर्वप्रथम बुद्धसँग भेट हुँदा यिनीहरूमध्ये केही शरणमा गए, केहीले शील ग्रहण गरे र केही शरणमा पनि शीलमा पनि प्रतिष्ठित भएका थिए । त्यसैले तिनीहरूलाई 'उपासक' भनी भनिएको हो भनी उदा.अ.क.पृ. २८४ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

21 ती उपासकहरूमध्ये धेरै जना शीलमा प्रतिष्ठित थिए । अतः सर्वप्रथम शील विपत्तिका दोषहरू देखाई त्यसपछि शीलसम्पत्तिका गुणहरू देखाउने उद्देश्य लिएर भगवान्ले उनीहरूलाई सम्बोधन गर्नु भएको हो ।

22 यहाँ 'दुश्शील' भनी शील नहुनेलाई र समादान गरेको शील भङ्ग गर्नेलाई भनिएको हो ।

23 अपाय भन्नाले तिरश्चीन योनिलाई देखाइएको हो ।

24 दुर्गति भन्नाले प्रेतगतिलाई देखाइएको हो ।

25 विनिपात भन्नाले असुर कायलाई देखाइएको हो ।

26 नरक भन्नाले अवीचि आदि अनेक प्रकारका नरकहरूलाई देखाइएको हो भनी उदा.अ.क. पृ. २९१ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

27 यहाँ शील समादान गरी बसिरहेकालाई 'शीलवान' भनिएको हो । उदा.अ.क. पृ. २९१

28 रातको धेरै बेरसम्म भनेको आधारातभन्दा पनि धेरै भनिएको हो भनी उदा.अ.क. पृ. २९२ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

29 'शून्यागार' भन्नाले कुनै एकान्त बस्ने कोठामा पस्नुभयो भनी भनिएको होइन । सो ठूलो शालामा भगवान्लाई उपयुक्त हुने गरी पर्दा लगाई चाँद लगाई एक ठाउँमा खात राखी बारिराखेको थियो, ता कि भगवान्ले त्यहाँ आराम गर्नुहुनेछ भनी । सोही ठाउँमा गई भगवान्ले आफ्नो सङ्घादि ओछ्याई सिंहशय्यामा लेट्नुभयो भनी भनिएको हो ।

## ६. पाटलिपुत्र नगर निर्माण

२२. त्यसबखत मगध महामात्य सुनीधवस्सकारहरू[30] वज्जीहरूलाई रोक्नको निमित्त पाटलिग्राममा नगर बनाउँदै थिए । रातीको प्रत्यूष समयमा उठ्नु भई भगवान्ले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही देवताहरूले पाटलिग्राममा भूमिभाग ग्रहण गरिरहेका देख्नुभयो । जहाँ महाप्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाका महाप्रभावशाली

Downloaded from http://dhamma.digital/

राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । जुन ठाउँमा मध्यम प्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाको मध्यम प्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । जुन ठाउँमा हीन देवताहरूले भूमिभाग ग्रहण गरेका छन्, त्यहाँ राजाका हीन राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । अनि भगवान्ले आनन्दलाई बोलाउनुभयो - “आनन्द ! पाटलिग्राममा कसले नगर बनाउँदै छ ?”

“भन्ते ! वज्जीहरूलाई रोक्नको निमित्त सुनीधवस्सकार मगध महामात्यहरू पटलिग्राममा नगर बनाउँदै छन् ।”

“आनन्द ! मानो त्रयस्त्रिंश देवताहरूसँग सल्लाह गरेजस्तै सुनीधवस्सकार मगधमहामात्यहरू वज्जीहरूलाई रोक्नको निमित्त पाटलिग्राममा नगर बनाउँदै छन् । आनन्द ! यहाँ रातको प्रत्यूष समयमा उठी अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा मैले देखें कि केही देवताहरू पाटलिग्राममा भूमिभाग ग्रहण गर्दैछन् । जुन ठाउँमा महाप्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका महाप्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । जुन ठाउँमा मध्यम प्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाका मध्यम प्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । जुन ठाउँमा हीन देवताहरूले भूमिभाग ग्रहण गरेका छन्, त्यहाँ राजाका हीन राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । आनन्द ! जहाँसम्म आर्यहरूको आवतजावत हुन्छ, जहाँसम्म व्यापारीहरूको आवतजावत हुन्छ त्यहाँसम्म यो नगर गाँठका गाँठ मालहरू बिक्री हुने श्रेष्ठ नगर हुनेछ । आनन्द ! पाटलिग्राममा ती प्रकारको भय हुनेछन् - अग्निको भय, पानीको भय र परस्पर चुक्लीको भय ।”

२३. अनि मगधमहामात्य सनीधवस्सकार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[31] । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य सुनीधवस्सकारले भगवान्लाई यस्तो भने -

[30] यहाँ सुनीध र वस्सकार ब्राह्मणलाई ‘सुनीध वस्सकारहरू’ भनिएको यो ।

[31] उपरोक्ताकारले पाटलिपुत्रको बारेमा भविष्यवाणी गरी बिहान सबेरै गंगाको तीरमा गई मुख धोई भिक्षाटन जाने बेलाको प्रतीक्षा गर्दै भगवान् त्यहाँ बस्नुभएको थियो । त्यस बखत सनीधवस्सकारहरूले यस्तो विचार गर्न थाले -

"हाम्रा राजा श्रमण गौतमको परम भक्त हुनुहुन्छ । हामी राजाकहाँ जाँदा उहाँले ‘भगवान् पाटलीग्राममा आउँदा उहाँकहाँ गयौ कि गएनौ ?’ भनी सोध्दा ‘गयौं’ भनी भन्दा ‘निम्तो गऱ्यौ कि गरेनौ’ भनी सोध्दा ‘गरेनौं’ भन्दा हामीलाई निन्दा गरी दोष लगाउन सक्नुहुन्छ । हामीहरू यहाँ नयाँ नगर बसाउँदैछौं । श्रमण गौतम भएको ठाउँबाट अलच्छिनीहरू हटेर जान्छन् । हामी उहाँबाट मंगलपाठ पनि गराउनेछौं ।”

Downloaded from http://dhamma.digital/

यति सोचेर उनीहरू भगवान् छेउ गई भोजनको लागि निम्तो गरेका हुन् भनी उदा. अ.क.पृ. २९४ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ । त्यसैले सूत्रमा 'अनि मगधमहामात्य सुनीधवस्सकारहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए' भनी उल्लेख भएको हो ।

"तपाईं गौतमले भिक्षुसहित हामीहरूको आजको भोजन स्वीकार्नुहोस् ।" तूष्णीभावद्वारा भगवान्ले स्वीकार्नुभयो । अनि मगधमहामात्य भगवान्ले स्वीकार्नु भएको कुरा बुझी महामात्य सनीधवस्सकार फर्केर गए । अनि मगधमहामात्य सनीधवस्सकारले प्रणीत खाद्य-भोजन तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए - "भो गौतम ! समय भयो, भोजन तयार छ ।"

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ मगधमहामात्य सुनीधवस्सकारको भोजन गराउने ठाउँ हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि बिछ्याइराखेको आसनमा भिक्षुसङ्घका साथ बस्नुभयो । अनि बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्यद्वारा आफ्नै हातले सन्तर्पित गरी सन्तृप्त गराई भोजनपछि भगवान्ले भिक्षापात्रबाट हात हटाउनु भएपछि मगधमहामात्य सुनीधवस्सकार एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य सुनीधवस्सकारलाई भगवान्ले यी गाथाहरूद्वारा सम्बोधन गर्नुभयो -

"जहाँ पण्डित पुरूषहरू वास गर्छन् त्यहाँ त्यस्ता शीलवान् संयत ब्रह्मचारीहरूलाई भोजन गराउँदा -

"त्यहाँ जुन देवताहरू हुन्छन् उनीहरूलाई पुण्यदान दिनुपर्छ । अनि पूजित भएका उनीहरूले पूजा गर्छन् र मानित भई मान पनि राख्छन् ।"

"त्यसपछि उनीहरूले आमाले आफ्नो औरस पुत्रलाई अनुकम्पा राखे झैं आनुकम्पा राख्छन् । देवताद्वारा अनुकम्पित पुरूष सधैं असल देखिन्छ ।"

अनि मगधमहामात्य सुनीधवस्सकारलाई यी गाथाहरूद्वारा अनुमोदन गर्नुभई भगवान् आसनबाट उठेर जानुभयो ।

२४. त्यसबखत मगधमहामात्य सुनीधवस्सकार "आज जुन द्वारबाट श्रमण गौतम निस्कनेछन् त्यो द्वारा 'गौतमद्वार' हुनेछ । जहाँबाट गंगाबाट तरेर जानेछन् त्यस स्थान 'गौतमतीर्थस्थान' हुनेछ" भन्दै भगवान्को पछिपछि लागी गएका थिए । अनि जुन द्वारबाट भगवान् जानुभयो त्यस द्वारको नाम 'गौतमद्वार' रहन गयो ।

अनि भगवान् जहाँ गंगानदी हो त्यहाँ जानुभयो । त्यसबखत गंगानदीमा टनाटन पानी भरिएको थियो । वारिबाट पारि जान चाहने कुनै मानिसहरू डुंगा खोज्दै थिए, कुनै मौका खोज्दै थिए भने कुनै कुल्लुं *(बाँसको पुट्ठा)* बान्दै थिए । अनि भगवान्ले वारिबाट पारि जान चाहने ती मानिसहरूमध्ये कसैले डुंगा खोजिरहेको र कसैले मौका खोजिरहेको देख्नुभयो । देखेर जस्तै कुनै बलवान् पुरूषले खुम्चेको बाहु पसार्छ र पसारेको बाहु खुम्च्याउँछ त्यस्तैगरी वारि तीरमा अन्तर्धान भई पारि तीरमा भिक्षुसङ्घसहित प्रकट हुनुभयो । अनि यस कारणले जान्नुभई त्यसबेला भगवान्ले यो उदान प्रकट गर्नुभयो -

Downloaded from http://dhamma.digital/

"कुनै पुल बनाई पानी नछोई महासागरबाट तर्छन् र कुनै पार तर्न कुल्लुं बाँधछन्, तर मेधावी हुनेहरू यी विना नै पार तर्छन् ।"

**प्रथम भाणवार समाप्त ।**

## कोटिग्राम धर्मोपदेश

२५. त्यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रित गर्नुभयो - "आयुष्मान् आनन्द ! जहाँ कोटिग्राम छ त्यहाँ जाऔं ।" "हवस् भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए । त्यसपछि भगवान् महत् *(विशाल)* भिक्षुसङ्घसाथ जहाँ कोटिग्राम छ त्यहाँ जानुभयो । त्यहाँ भगवान् कोटिग्राममा बस्नुभएको थियो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रित गर्नुभयो -

"भिक्षु हो ! चार आर्यसत्य अनुबोध नभएकोले, प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको *(यसरी)* दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* मा परिरहेको थियो । के के चार ? (१) भिक्षु हो ! दुःख आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* मा परिरहेको थियो । (२) भिक्षु हो ! दुःख समुदय आर्यसत्य ··· । (३) भिक्षु हो ! दुःख निरोध आर्यसत्य ··· । (४) भिक्षु हो ! दुःख निरोधगामिनी प्रतिपदा *(मार्ग)* आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* परिरहेको थियो । भिक्षु हो ! आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण परिरहेको थियो । भिक्षु हो ! यो आर्यसत्य अनुबोध भयो = प्रतिवेध भयो । दुःख आर्यसत्य ··· दुःख समुदय आर्यसत्य ··· दुःख निरोध आर्यसत्य ··· दुःख निरोधगामिनी प्रतिपद् आर्यसत्य अनुबोध भयो, = प्रतिवेध भयो । भव तृष्णा उच्छिन्न भयो, भवनेत्ति *(भव तृष्णा)* क्षीण भयो । अब फेरि जन्म लिनु पर्ने कारण छैन ।

भगवान्ले यति भन्नुभयो । यसपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो -

**चार आर्यसत्यलाई यथार्थ रूपमा नदेख्नाले**

**ती-ती योनिहरूमा दीर्घकालदेखि आवागमन भईरहेको थियो ।**

**जबदेखि यी *(चार आर्यसत्य)* देखें बुझें**

**तबदेखि भवनेति *(भव तृष्णा)* समूह क्षीण भयो ।**

Downloaded from http://dhamma.digital/

**दु:खको मूल *(जरा)* काटिसकेको छ । अब फेरि भवमा प्रवेश असम्भव छ ।**

त्यहाँ कोटिग्राममा बसिरहनु हुँदा भगवान्‌ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो - यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तो कि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## ७. धर्म-आदर्श (नामक) धर्म-पर्याय

२६. त्यसबेला भगवान् कोटिग्राममा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - “यता आऊ, आनन्द ! जहाँ नादिका *(नातिका)* छ, त्यहाँ जाऔं ।”

“हवस्, भन्ते !” भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ नादिका हो, त्यहाँ पुग्नुभयो । त्यहाँ नादिकामा भगवान् गिंजकावसथमा बस्नुभयो ।

त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ गई भगवान्‌लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्‌लाइ यस्तो बिन्ती गरे - “भन्ते ! साल्ह भिक्षु नादिकामा मरे, उसको के गति भयो, के अभिसम्पराय *(परलोक)* भयो ? नन्दा भिक्षुणी … सुदत्त उपासक … सुजाता उपासिका … कुक्कुट उपासक … कालिम्ब उपासक … निकट उपासक … कटिस्सह उपासक … तुट्ठ *(तुष्ट)* उपासक, सन्तुट्ठ उपासक … भद्द *(भद्र) उपासक* … ? भन्ते ! सुभद्र उपासक नादिकामा मरे, उसको के गति भयो, के अभिसम्पराय *( परलोक)* भयो ?”

२७. “आनन्द ! साल्ह भिक्षु यही जन्ममा आस्रवहरू *(चित्तमल)* को क्षय गरी आस्रवरहित नित्तको मुक्ति एवं प्रज्ञाविमुक्तिलाई स्वयं जानेर साक्षात्कार गरी यही जन्ममा अर्हत् भएका थिए । आनन्द ! नन्दा भन्ने भिक्षुणी पाँच अधोगामिनी *(ओरम्भागीय)* संयोजन र परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुनः यमलोकमा नआउने भई त्यहीँ नै परिनिर्वाण प्राप्त गर्ने भए । आनन्द ! सुदत्त उपासक तीन संयोजनलाई परिक्षीण गरी, राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भए अर्थात् एकपटक मात्र यसलोकमा उत्पन्न भई दुःख क्षय गर्न सक्ने भए । आनन्द ! सुजाता उपासिका तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भए । आनन्द ! कुक्कुट … अनागामी … कालिम्ब … निकट … कटिस्सह … तुट्ठ … संतुट्ठ … भद्द … सुभद्र उपासक, आनन्द ! पाँच अधोगामिनी संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुनः यसलोकमा नआउने भई त्यहीँ नै परिनिर्वाण प्राप्त गर्ने भए । आनन्द ! नादिकाका पचासभन्दा बढी उपासकहरू मरेर पाँच अधोगामिनी संयोजन परिक्षीण गरी औपपातिक

Downloaded from http://dhamma.digital/

देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुनः यसलोकमा नआउने भई त्यहीँ नै परिनिर्वाण प्राप्त गर्ने भए । नादिकाका नब्बेभन्दा बढी उपासकहरू मरेर तीन संयोजनलाई परिक्षीण गरी, राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भए अर्थात् एकपटक मात्र यसलोकमा उत्पन्न भई दुःख क्षय गर्न सक्ने भए । नादिकाका पाँच सयभन्दा बढी उपासिकहरू तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भए ।"

२८. आनन्द ! जसले मनुष्य योनिमा जन्म लिएको छ ऊ *(एक न एक दिन)* मर्छ नै यसमा कुनै आश्चर्य छैन । कुनै मानिस मऱ्यो भन्ने उनीहरूको ··· बारे तथागतकहाँ आएर सोधिरहनु ठीक छैन । आनन्द ! यो त तथागतलाई कष्ट दिनु मात्र हुन्छ । आनन्द ! अतः म तिमीलाई धर्मादर्श नामक धर्म-पर्याय उपदेश दिने छु, जसबाट युक्त भएका कोही पनि आर्यश्रावक स्वयं आफ्नैले आफ्नोबारे व्याकरण *(भविष्य कथन)* गर्न सक्नेछ कि अब मेरो नरक पशुयोनि, भूत-प्रेतयोनि, अपाय, दुर्गति वा अधोगति क्षीण भईसक्यो, किनकि म स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भईसकें ।"

२९. "आनन्द ! त्यो कुन चाहिँ धर्मादर्श नामक धर्म-पर्याय हो जसबाट युक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफ्नैले आफ्नोबारे व्याकरण गर्न सक्नेछ कि अब मेरो नरक ··· क्षीण भैसक्यो ··· ? (१) आनन्द ! यहाँ आर्यश्रावक - उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरणसम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर पुरूषदम्य-सारथी हुनुहुन्छ, देव-मनुष्यका शासता तथा बुद्ध भगवान् हुनुहुन्छ । भनी बुद्धप्रति विशिष्ट रूपले *(अवेच्चप्पसादेन)* प्रसन्न भएको हुन्छ ।"

(२) "आनन्द ! यहाँ आर्यश्रावक - 'भगवान्को धर्म सु-आख्यात *(राम्ररी व्याख्यान गरिराखेको)* छ, सांदृष्टिक *(यहिँको यहिँ नै फल दिने)* छ, अकालिक *(पर्खनु नपर्ने, तुरन्तै पाइने)* छ, एहिपस्कि *( आऊ हेर ! भन्न योग्य)* छ, ओपनेयिक *(औपनयिक, निर्वाण नजिक पुऱ्याउने)* छ तथा विज्ञपुरूषद्वारा *(आफैले)* बुझ्ने सकिने छ' भनी धर्मप्रति विशिष्ट रूपले प्रसन्न भएको हुन्छ ।"

(३) "आनन्द ! यहाँ आर्यश्रावक - 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न *(सुमार्गमा लागेको)* छ, ऋजु प्रतिपन्न छ, ज्ञेयमार्ग प्रतिपन्न छ, उपयुक्त मार्ग प्रतिपन्न छ, यिनै चार जोडा अर्थात् आठ पुद्गलहरू भ्गावान्को श्रावकसङ्घ हो - जो पूजनीय छ, पाहुना बनाउन योग्य छ, दक्षिणेय छ, हात जोरी नमस्कार गर्न योग्य छ र लोकवासीका निमित्त पुण्य क्षेत्र समान छ' भनी सङ्घप्रति विशिष्ट रूपले प्रसन्न भएको हुन्छ ।

फेरि आर्यश्रावक अखण्डित *(अविभक्त)*, अछिद्र *(निर्दोष)*, निर्दागी *(अकल्मष, निष्कलङ्क)*, निर्दोष *(शुद्ध)*, सेवनीय *(भुजिस्स)*, विद्वतप्रशंसित *(विज्ञप्रशंसित)* अपरामर्शित तथा समाधि संवर्तनिक *(समाधितिर लैजाने)* शीलले युक्त हुन्छ ।

"आनन्द ! यहीँ नै धर्मादर्श *(नामक)* धर्म-पर्याय हो जसले युक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफ्नैले आफ्नोबारे व्याकरण गर्न सक्नेछ कि अब मेरो नरक, पशुयोनि, भूत-

Downloaded from http://dhamma.digital/

प्रेतयोनि, अपाय, दुर्गति वा अधोगति क्षीण भईसक्यो, किनकि म स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भईसकें ।"

भगवान् नादिका ··· मा बसिरहनुभएको बेला भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो । - यस्ता शील हुन् ··· *(पूर्ववत्)* ··· ।

३०. त्यसपछि भगवान् नादिकामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - "यता आऊ, आनन्द ! जहाँ वैशाली छ त्यहाँ जाऔं ।' "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसंघसाथ जहाँ वैशाली हो, त्यहाँ पुग्नुभयो । भगवान् त्यहाँ वैशालीस्थित अम्बपाली वनमा बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो -

"भिक्षु हो ! स्मृति र सम्प्रज्यन्य राखी विहार गर *(बस)* । यो तिमीहरूलाई मेरो उपदेश *(अनुशासन)* हो । भिक्षु हो ! कसरी भिक्षु स्मृतिमान भई बस्ने ? भिक्षु हो ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा)* अविद्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिमान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई ··· विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई ··· विहार गर्छ, तथा धर्ममा धर्मानुपश्यी भई ··· विहार गर्छ । भिक्षु हो ! स्मृतिमान् भई विहार गर्छ ।

"भिक्षु हो ! कसरी भिक्षु स्मृतिसम्प्रजनयताद्वारा सम्पन्न भएको हुन्छ ? भिक्षु हो ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होश राखेर हिँड्छ । आगाडि वा पछाडि यताउता हेर्दा सचेत भई होश राखेर हेर्छ । हात खुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होश राखेर चलाउँछ । खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होश राखेर खान्छ । झाडापिसाप गर्दा सचेत भई होश राखेर झाडापिसाप गर्छ । हिँड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझिदा, कुरा गर्दा र चुप लागेर बस्दा सचेत भई होश राखेर *(सम्पजानकारी)* बस्छ । भिक्षु हो ! यसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ । यो तिमीहरूलाई मेरो उपदेश *(अनुशासन)* हो ।

## ८. अम्बपालीको आम्रवन दान

३१. अम्बपाली गणिकाले "भगवान् वैशालीमा आइपुग्नुभई मेरै आम्रवनमा बसिरहनुभएको छ" भन्ने खबर सुनिन् । अनि अम्बपाली गणिका असल-असल रथहरू तयार पार्न लगाई असल असल चढेर वैशालीमा गई आफ्नो आराममा गइन् । जहाँसम्म रथबाट जानसक्ने हो त्यहाँसम्म रथमा गई *(त्यसपछि)* रथबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी अम्बपाली गणिकालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नु भयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएकी अम्बपाली गणिकाले भगवान्लाई यस्तो बिन्ती गरिन् - "भन्ते ! भगवान्ले भिक्षुसङ्घसहित भोलिको भोजन

Downloaded from http://dhamma.digital/

स्वीकार गर्नुहोस् ।"तृष्णाभावद्वारा भगवान्ले स्वीकार्नु भयो । अनि भगवान्ले स्वीकार्नुभएको कुरा बुझी अम्बपाली गणिका आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी निस्किन् ।

"भगवान् वैशालीमा आउनुभई वैशालीको अम्बपालीको वनमा बसिरहनुभएको छ" भन्ने खबर वैशालीवासी लिच्छवीहरूले सुने । अनि असल-असल रथहरू त्यार पार्न लगाई असल-असल रथमा बसी लिच्छवीहरू वैशालीमा गए । त्यसमध्ये नीलो लेप, नीला वस्त्रहरू, नीला आभूषणहरू लगाएका केही लिच्छवीहरू नीला नीला देखिन्थे; त्यसमध्ये पहेंलो लेप, पहेँला वस्त्रहरू, पहेँला आभूषणहरू लगाएका केही लिच्छवीहरू पहेँला-पहेँला देखिन्थे, त्यसमध्ये रातो लेप, राता वस्त्रहरू, राता आभूषणहरू लगाएका लिच्छवीहरू राता-राता देखिन्थे; त्यसमध्ये सेतो लेप, सेता वस्त्रहरू, सेता आभूषणहरू लगाएका लिच्छवीहरू सेता-सेता देखिन्थे । अनि आम्बपाली गणिकाले तरूनातरूना लिच्छवीहरूको रथलाई आफ्नो रथले-रथको आवयावलाई रथको अवयावले, चक्कालाई चक्काले, जुवालाई जुवाले ठक्कर ख्वाइन् । अनि ती लिच्छवीहरूले अम्बपाली गणिकालाई यस्तो भने - "हे अम्बपाली ! किन तरूना-तरूना लिच्छवीहरूको रथलाई ठक्कर ख्वाएकी ?"

"आर्यपुत्र हो ! किनकि मैले भगवान्लाई भिक्षुसङ्घसहित भोलिको भोजनद्वारा निम्तो गरेकी छु ।"

"हे अम्बपाली ! त्यो भोजन एक लाखले हामीलाई देओ ।"

"आर्यपुत्र हो ! जनपदसहित यो वैशाली नगर मलाई दिए पनि मैले दिने छैन ।"

अनि ती लिच्छवीहरूले "यो अम्बकाय *(स्त्री)* ले जिती, यो अम्बकायले जिती" भन्दै औंला भाँच्न थाले । अनि ती लिच्छवीहरू जहाँ आम्बपाली वन हो त्यहाँ गए । भगवान्ले टाढैबाट ती लिच्छवीहरू आइरहेका देख्नुभयो । देखेर भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भिक्षु हो ! जो भिक्षुले त्रयस्त्रिंश *(देवताहरू)* देखेको छैन उसले यो लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद्लाई त्रयस्त्रिंश *(देव परिषद्)* झैं लेऊ *(उपसंहरथ)* ।"

अनि ती लिच्छवीहरू जहाँसम्म रथबाट जानसक्ने हो त्यहाँसम्म रथमा गई *(त्यसपछि)* रथबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती लिच्छवीहरूलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नु भयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएकच ती लिच्छवीहरूले भगवान्सँग यस्तो बिन्ती गरे - "भन्ते ! भिक्षुसङ्घसहित भगवान्ले भोलिको भोजन स्वीकार गर्नुहोस् ।" अनि भगवान्ले ती लिच्छवीहरूलाई यसो भन्नुभयो - "लिच्छवी हो ! भोलिको निमित्त मैले अम्बपाली भोजन स्वीका गरिसकें ।" अनि ती लिच्छवीहरूले "अम्बकायले जिती, अम्बकायले जिती" भन्दै औंला भाच्न थाले । अनि भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी ती लिच्छवीहरू गए ।

Downloaded from http://dhamma.digital/

३२. त्यस रात बितेपछि अम्बपाली गणिकाले आफ्नो आराम *(बगैंचा)* मा प्रणीत खाद्य भोजनहरू तयार पार्न लगाई भगवान्लाई - "भन्ते ! भोजनको समय भयो, भोजन तयार छ" भनी सूचना दिन पठाइन् । भगवान् पूर्वान्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भिक्षुसङ्घसहित जहाँ अम्बपाली गणिका बस्ने ठाउँ हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिछ्याइराखेका आसनमा बस्नुभयो । अनि अम्बपाली गणिकाले बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्यद्वारा आफ्नै हातले सन्तर्पित, सन्प्रवारित गरिन् । अनि भगवान्ले भोजन सिध्याई भिक्षापात्रबाट हात झिकिसकेपछि एक होचो आसन लिई अम्बपाली गणिका एक छेउमा बसिन् । एक छेउमा बसेकी उनले भगवान्लाई यस्तो विन्ति गरिन् - "भन्ते ! यो आराम *(बगैंचा)* बुद्धप्रमुख भिक्षुसङ्घलार्य चढाउँछु ।" भगवान्ले आराम स्वीकार्नुभयो । त्यसपछि अम्बपाली गणिकालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नु भई आसनबाट उठी जानुभयो । त्यहाँ वैशालीमा विहार गरी बस्नुहुँदा भगावान्ले भिक्षुहरूलाई धेरैजसो यहीं नै धर्मदेशना गर्नुभएको थियो - यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महा आनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## ९. बेलुवग्राममा अन्तिम वर्षावास

३३. त्यसपछि भगवान् वैशालीमा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "आऊ, आनन्द ! जहाँ वलुवग्राम छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसंघसाथ जहाँ वेलुवग्राम हो, त्यहाँ जानुभयो । त्यहाँ भगवान् वेलुवग्राममा विहार गरी बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो -

"भिक्षु हो ! तिमी वैशाली वरिपरि मित्रहरूकहाँ, चिनेजानेकहाँ तथा *(आफ्ना)* मिल्ने विश्वासीहरूकहाँ गई वर्षावास बस्न जाओ । म चाहिँ यहीँ वेलुवग्राममा नै वर्षावास गर्दछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिई वैशाली वरिपरि मित्रहरूकहाँ, चिनेजानेकाहरूकहाँ तथा *(आआफ्ना)* मिल्ने विश्वासीहरूकहाँ गई वर्षावास बस्न गए । भगवान् चाहिँ त्यहीँ वेलुवग्राममा नै वर्षावास बस्नुभयो ।

३४. त्यसपछि भगवान् वर्षावास बस्नुभए पनि उहाँलाई कडा रोग उत्पन्न भयो । यसबाट उहाँलाई अति नै मरणान्तक वेदना भयो । त्यसलाई भगवान्ले स्मृतिसम्प्रजन्य राखी अधिवास *(सहनु)* गर्नुभयो । त्यसबेला भगवान्लाई यस्तो लाग्यो - 'मेरो निमित्त मेरा उपस्थाक *(सेवक)* हरूलाई केही नभनीकन, भिक्षुसङ्घलाई अवलोकन नगरीकन परिनिर्वाण हुनु प्रतिरूप *(उचित)* छैन । किन म यो आबाधा *(रोग)* लाई हटाई जीवनसंस्कारलार्य दृढतापूर्वक धारण गर्दै विहार *(साधना)*

Downloaded from http://dhamma.digital/

गनरूँ ।' त्यसपछि भगवान्ले त्यो आबाधा *(रोग)* लाई वीर्य *(मनोबल)* द्वारा हटाई जीवन संस्कारलाई दृढतापूर्वक धारण गर्दै विहार गरी बस्नुभयो । त्यसपछि भगवान्को सो रोग पनि शान्त भएर गयो ।

भगवान् सो रोगबाट उठ्नुभै, रोगबाट भर्खर मुक्त हुनुभई विहारको छायाँमा बिछ्याइराखेको आसनमा बस्नुभयो । त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ आउनुभयो । भगवान्लाई अभिवादन गरी एक छेउ बस्नुभयो । एक छेउ बस्नुभई आयुष्मान् आनन्दले भगवान्लार्य यस्तो बिन्ती गरे - "भन्ते ! आज त मैले भगवान्लाई सन्चो भएको देखें । भन्ते ! मैले भगवान्लाई स्वस्थ्य भएको देखें । भन्ते ! मेरो शरीर नै शून्य *(स्तब्ध)* भएको थियो । मैले दिशा पनि चिन्न सकिन । भगवान् बिरामी भएदेखि मैले धर्म पनि बिर्सेजस्तो लाग्यो । भन्ते ! भगवान्ले भिक्षुसङ्घलाई केही आज्ञा नभईकन परिनिर्वाण हुन्न भन्ने मनमा लागेकोले मात्र केही भए पनि आश्वस्त भईबसेको थिएँ ।

३५. "आनन्द ! भिक्षुसङ्घले अझै पनि मबाट के आशा गरिरहेका छन् ? आनन्द ! मैले भिक्षुसङ्घलाई भित्रबाट पनि, बाहिरबाट पनि *(अर्थात् कुनै कुरा नलुकाईकन जम्मै कुरा)* धर्मदेशना गरिसकेको छु *(बताइसकेको छु)* । आनन्द ! तथागतको धर्ममा कुनै आचार्यमुष्टि *(रहस्य)* छैन । आनन्द ! कसैकसैलाई यस्तो लाग्न सक्छ, मैले भिक्षुसङ्घलाई सम्हाली राखेको छु अथवा भिक्षुसङ्घ मेरै उद्देशिक *(अर्थात् मेरो स्वार्थ पूर्तिको लागि)* हो । आनन्द ! त्यस्तो भएको भए मात्र अवश्य पनि भिक्षुसङ्घलाई केही *(लुकाईकन)* बताउनु पर्ने थियो । आनन्द ! तथागतलाई यस्तो लाग्दैन - मैले भिक्षुसङ्घलाई सम्हालिराखेको छु अथवा भिक्षुसङ्घ मेरै उद्देशिक हो । आनन्द ! 'तथागतबाट भिक्षुसङ्घको निमित्त केही कुरा सुनाउन बाँकी छ *(जस्तो लाग्छ)* ? आनन्द ! म जीर्ण, वृद्ध *(बूढो)*, महल्लक अध्यवगत, वयः प्राप्त भैसकेको छु । अब मेरो उमेर पनि अस्सी वर्षको भैसकेको छ । आनन्द ! जस्तो *(उदाहरणको लागि)* पुरानो थोत्रो *(जीर्ण)* गाडा जेनतेन बाँधेर काम चलाइन्छ, आनन्द ! त्यसरी नै तथागतको शरीर पनि जेनतेन बाँधेर काम चलिरहेको छ । आनन्द ! जुन बेला तथागत सबै निमित्तलाई मनमा नराखीकन कुनै कुनै वेदनालाई निरोध गरेर, निरोधित चित्तको समाधि *( एकाग्रता)* प्राप्त विहार गरी बसिरहन्छ, त्यस बेला तथागतको यो शरीर हल्का *(स्वास्थ्यमय)* हुने हुन्छ । आनन्द ! त्यसैले अत्तदीप *(आफू नै आफ्नै द्वीप)* बनी विहार गर, आफ्नै शरण लेऊ, अर्काको शरण नलेओ । धर्मदीप *(धर्मद्वीप)* धर्म-शरण भई विहार गर, अर्काको शरण नलेओ । भिक्षु हो ! कसरी भिक्षु अत्तदीप बनी विहार गर्ने, कसरी आफ्नै शरण लिने, अर्काको शरण नलिने ? कसरी धर्मद्वीप भई बस्ने, कसरी धर्म शरण भई विहार गर्ने, कसरी अर्काको शरण नलि ? आनन्द ! भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै लोकमा)* अभिध्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिमान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई … विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई … विहार गर्छ, तथा धर्ममा धर्मानुपश्यी भई … विहार गर्छ । भिक्षु हो ! यसरी भिक्षु अत्तदीप धर्म शरण भई विहार गर्छ, अर्काको शरण होइन । आनन्द ! ती भिक्षुहरू अग्र बन्ने छन्, शिक्षाकामी हुने छन् ।

## १०. चापाल चैत्यमा भगवान्को आयु:संस्कार त्याग

Downloaded from http://dhamma.digital/

३६. तदनन्तर, भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी वैशालीमा भिक्षाटननार्थ जानुभयो । वैशालीमा पिण्डाचार गरी भोजन सकेपछि … आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "आनन्द ! आसन लेओ । जहाँ चापाल चेतिय *(चैत्य)* हो त्यहाँ दिवा विहारको निमित्त जाऔं ।" "हवस् भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्दले आसन लिई भगवान्को पछि पछि लागे । त्यसपछि भगवान् जहाँ चापाल-चैत्य हो, त्यहाँ जानुभई बिछ्याइराखेको आसनमा बस्नुभयो । आयुष्मान् आनन्द पनि भगवान्लाई अभिवादन गरी एक छेउ बसे ।

३७. एक छेउमा बसेका आयुष्मान् आनन्दलाई भगवान्ले यसो भन्नुभयो - "आनन्द ! वैशाली रमणीय छ, उदेन चेतिय रमणीय छ, गोतमक चेतिय रमणीय छ, सत्तम्ब चेतिय रमणीय छ, बहुपुत्त चेतिय रमणीय छ, सारन्दद चेतिय रमणीय छ, चापाल चेतिय रमणीय छ । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ, वृद्धि गरिसकेको हुन्छ, त्यसलाई सही बाटोमा लगाईसकेको हुन्छ, हृदय *(वत्थु)* ठीक रूपमा बसालिसकेको हुन्छ, स्थिर *(अनुत्थित)* गरिसकेको हुन्छ, त्यसबाट पूर्णतः परिचित भइसकेको हुन्छ, सुमारब्ध भइसकेको हुन्छ भने यदि उसले चाहेमा कल्पभर अथवा कल्पको अवशिष्ट *(बाँकी)* भागसम्म बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ, वृद्धि गरिसकेको छ, त्यसलाई सही बाटोमा लगाईसकेको छ, हृदयमा ठीक रूपमा बसालिसकेको छ, स्थिर गरिसकेको छ, त्यसबाट पूर्णतः परिचित भइसकेको छ, सुमारब्ध भइसकेको छ । आनन्द ! यदि तथागतले इच्छा गरेको *(चाहेको)* खण्डमा कल्पभर वा त्यसको बाँकी भाग सम्म पनि बाँचिरहन सक्छ ।"

भगवान्ले यसरी स्थूल *(ओलारिक, स्पष्ट रूपमा)* निमित्त *(संकेत)* दिनुभए पनि आयुष्मान् आनन्दले त्यो संकेतलाई बुझ्न सक्नुभएन तथा भगवान्सित प्रार्थना गर्नुभएन - "भन्ते ! भगवान् बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पा राख्नको निमित्त, देवमनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त, लोकलाई अनुकम्पा राख्नको निमित्त, देव मनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त कल्पभर रहनुहोस् ।" किनकि मारले उहाँको चित्त पर्युस्थित *(फर्काइदिएकोले)* गरि दिएकोले ।

दोस्रो पटक पनि भगवान्ले भन्नुभएको थियो - "आनन्द ! वैशाली रमणीय छ … *(पूर्ववत्)* … आनन्द ! यदि भगवान्ले इच्छा गरेको खण्डमा कल्पभर वा त्यसको बाँकी भाग सम्म पनि बाँचिरहन सक्छ । भगवान्ले यसरी स्थूल निमित्त दिनुभए पनि आयुष्मान् आनन्दले त्यो संकेतलाई बुझ्न सक्नु भएन तथा भगवान्सित प्रार्थना गर्नुभएन - "भन्ते ! भगवान् बहुजन हितको निमित्त … कल्पभर रहनुहोस् ।" किनकि मारले उहाँको चित्त पर्युस्थित गरिदिएकोले ।

तेस्रो पटक पनि भगवान्ले भन्नुभएको थियो - "आनन्द ! वैशाली रमणीय छ … *(पूर्ववत्)* … आनन्द ! यदि तथागतले इच्छा गरेको खण्डमा कल्पभर वा त्यसको बाँकी भाग सम्म पनि बाँचिरहन सक्छ । भगवान्ले यसरी स्थूल निमित्त दिनुभए पनि आयुष्मान् आनन्दले त्यो संकेतलाई बुझ्न सक्नु भएन तथा भगवान्सित प्रार्थना गर्नुभएन - "भन्ते ! भगवान् बहुजन हितको निमित्त … कल्पभर रहनुहोस् ।" किनकि मारले उहाँको चित्त पर्युस्थित गरिदिएकोले । त्यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "जाऊ, आनन्द ! तिमी जहाँ जानुपर्छ, समयलाई बुझ ।"

Downloaded from http://dhamma.digital/

“हवस्, भन्ते !” भनी ती आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिइ आसनबाट उठेर भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी त्यहीँ नजिकै एउटा रूखमुनि गएर बसे ।

३८. त्यसपछि आयुष्मान् आनन्द गएको एकै छिनपछि *(अचिरकालमै)* पापी मार[32] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए, त्यहाँ पुगेपछि एक छेउ उभिए । एक छेउ उभिएका पापी मारले भगवान्लाई यस्तो भने -

“भन्ते भगवान् ! अब (तपाईं) परिनिर्वाण हुनुहोस् ! सुगत परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो । भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो - १. ‘हे पापी ! जबसम्म मेरा भिक्षु श्रावकहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित *(सहधम्मेन)* सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।’ भन्ते ! भगवान्का भिक्षु श्रावकहरू व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित *(सहधम्मेन)* सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने भइसक्यो । ‘भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस्, सुगत, परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।’

भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो - २. ‘हे पापी ! जबसम्म मेरा भिक्षुणी श्राविकाहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।’ भन्ते ! भगवान्का भिक्षुणी श्राविकाहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने भइसक्यो । ‘भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस्, सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।’

भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो - ३. ‘हे पापी ! जबसम्म मेरा उपासक श्रावकहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने

Downloaded from http://dhamma.digital/

परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।' भन्ते ! भगवान्का उपासक श्रावकहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने भइसक्यो । 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस्, सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।'

भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो - ४. 'हे पापी ! जबसम्म मेरा उपासिका श्राविकाहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।' भन्ते ! भगवान्का उपासिका श्राविकाहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने भइसक्यो । 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस्, सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।'

"भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो - ५. 'हे पापी ! जबसम्म मेरो ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने छैन तथा देवमनुष्यहरूले सुप्रकाशित गर्ने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।" भन्ते ! भगवान्को ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने भइसक्यो तथा देवमनुष्यहरूले सुप्रकाशित हुने भईसकेको छ । भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस । भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।

32 हेर्नुस 'मार' सम्बन्धी कुरा जान्न तथा पालि साहित्यमा मार सम्बन्धी ग्रन्थ स्रोत निमित्त आ. अमृ. को बु.म.भा. १ पृ. ३८८ को पाद टिप्पणी ।

पापी मारले यस्तो भनेपछि भगवान्ले पापी मारलाई यसो भन्नुभयो - "पापी ! तिमी अल्प उत्सुक हौ *(हतार नगर)* चाँडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागतको परिनिर्वाण हुनेछ ।"

Downloaded from http://dhamma.digital/

३९. त्यसपछि भगवान्‌ले चापाल-चैत्यमा स्मृतिसम्प्रजन्य राखी आयु:संस्कार *(प्राणशक्ति)* छोडिदिनुभयो । भगवान्‌द्वारा आफ्नो आयु:संस्कार छोड्ना साथै *(त्यही बेला)* भयङ्कर *(भुइँचालो)* भयो, देवदुन्दुभि पनि बज्यो । यो जानेर भगवान्‌ले त्यस बेला यो उदान आज्ञा हुनुभयो -

**"मुनिले तुल्य *(कामावचर)* अतुल्य *(महग्गत)* उत्पन्न भव संस्कार *(जीवन शक्ति)* छोडिदिनुभयो, आध्यात्मरत एवं एकाग्र चित्त भएर उहाँले आफ्नो साथ उत्पन्न कवच भाँचिदिनुभयो ।"**

४०. त्यसबेला आयुष्मान् आनन्दलाई यस्तो भयो - आश्चर्य हो ! अद्‌भुत हो !! यो अति भयानक तरिकाले भूकम्प भयो । यो सु-महा भूकम्प हो, महान् रोमाञ्चकारी छ । देव-दुन्दुभि पनि बजिरहेछ । यो महान् भूकम्प हुनुमा के हेतु *(कारण)* होला, के प्रत्यय होला ?"

त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । भगवान्‌लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो बिन्ती गरे - "भन्ते ! आश्चर्य हो । अद्‌भुत हो ! ! ··· यो महान् भूकम्प हुनुमा के हेतु होला, के प्रत्यय होला ?"

४१. "आनन्द ! यस्ता महान् भूकम्प हुने हेतु र प्रत्यय आठवटा छन् । के के आठ ? आनन्द ! यो महापृथ्वी पानीमाथि प्रतिस्थित भईरहेको छ । पानी हावामाथि प्रतिस्थित छ । हावा आकाशस्थ छ । आनन्द ! यस्तो समय आउँछ, जुन समयमा बेस्सरी हुरी आई पानी चल्न थाल्दछ । कम्पित भएको पानीले गर्दा पृथ्वीको भूमिकम्प हुन थाल्दछ । आनन्द ! महान् भूकम्प हुने यो पहिलो हेतु, पहिलो प्रत्यय हो ।

(२) "आनन्द ! फेरि कोही श्रमण ब्राह्मण ऋद्धिमान् चेतोवशित्व *(योगबल)* प्राप्त गर्दछन् अथवा कुनै दिव्य बलधारी *(महानुभाव सम्पन्न)* देवताहरू हुन्छन् उनीहरूले पृथ्वी संज्ञाको स्वल्प भावना गरेको हुन्छन् र जलको संज्ञा धेरै गरेको हुन्छन्, उनीहरूले *(आफ्ना योगबलद्वारा)* पृथ्वीलाई कम्पित, प्रकम्पित, सम्प्रकम्पित, सम्प्रवेधित गर्दछन् । आनन्द ! महान् भूकम्प हुने यो दोस्रो हेतु, दोस्रो प्रत्यय हो ।"

(३) "आनन्द ! फेरि जुन बेला बोधिसत्व तुषितकाय छोडी *(अर्थात् तुषित लोकबाट ओर्ली)* स्मृति सम्प्रजन्य राखी मातृगर्भमा प्रवेश गर्नुहुन्छ, त्यसबेला पनि यो पृथ्वी कम्प भई भूकम्प हुन्छ । आनन्द ! महान् भूकम्प हुने यो तेस्रो हेतु, तेस्रो प्रत्यय हो ।"

(४) "आनन्द ! फेरि जुन बेला बोधिसत्व मातृगभबाट स्मृति सम्प्रजन्य राखी निस्कनुहुन्छ, त्यसबेला पनि यो पृथ्वी ···

(५) "आनन्द ! फेरि जुन बेला तथागतले अनुत्तर सम्यक्‌सम्बोधि ज्ञान साक्षात्कार गर्नुहुन्छ, त्यसबेला पनि यो पृथ्वी ···

(६) "आनन्द ! फेरि जुन बेला तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुहुन्छ, त्यसबेला पनि यो पृथ्वी ···

Downloaded from http://dhamma.digital/

(७) “आनन्द ! फेरि जुन बेला तथागतले स्मृतिसम्प्रजन्य राखी आयु संस्कार त्याग गर्नुहुन्छ, त्यसबेला पनि यो पृथ्वी …

(८) “आनन्द ! फेरि जुन बेला तथागत अनुपादिशेष निर्वाण परिनिर्वाण हुनुहुनेछ, त्यसबेला पनि यो पृथ्वी कम्प भई भूकम्प हुन्छ । आनन्द ! महान् भूकम्प हुने यो आठौं हेतु, आठौं प्रत्यय हो ।”

“आनन्द ! यहिं महान् भूकम्प प्रादुर्भावको आठ हेतु वा आठ प्रत्यय हुन् ।”

## १२. आठ परिषद्

४२. “आनन्द ! यी आठ परिषद् छन् । के के आठ ? क्षत्रिय-परिषद्, ब्राह्मण-परिषद्, गृहपति-परिषद्, श्रमण-परिषद्, चातुर्महाराजिक-परिषद्, त्रयस्त्रिंश-परिषद्, मार-परिषद्, तथा ब्रह्म-परिषद् । (१) आनन्द ! मलाई सयौं पटक क्षत्रिय-परिषद् गएको सम्झना छ । त्यसबेला मलाई लागेको थियो कि म त्यहाँ पहिले पनि बसिसकेको थिएँ, मैले त्यहाँ पहिले पनि संवाद गरिसकेको थिएँ, *(धर्म)* साकच्छा गरिसकेको थिएँ । उनीहरूको अगाडि समापत्ति *(ध्यान)* मा पनि बसिसकेको थिएँ । त्यहाँ जस्तो उनीहरूको वर्ण थियो, त्यस्तै नै मेरो पनि वर्ण थियो, त्यहाँ जस्तो उनीहरूको स्वर थियो, त्यस्तै नै मेरो पनि स्वर थियो । मैले धार्मिक कथाद्वारा उनीहरूलाई सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित गरें । त्यसबेला सो परिषद्मा बसिरहेका मानिसहरूले यो बोल्ने कुनै देवता हो कि मानिस हो चिन्न सकिरहेका थिएनन् । (२) आनन्द ! मलाई सयौं पटक ब्राह्मण-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … (३) आनन्द ! मलाई सयौं पटक गृहपति-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … (४) आनन्द ! मलाई सयौं पटक श्रमण-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … (५) आनन्द ! मलाई सयौं पटक चतुर्महाराजिक-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … (६) आनन्द ! मलाई सयौं पटक त्रयस्त्रिंश-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … (७) आनन्द ! मलाई सयौं पटक मार-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … (८) आनन्द ! मलाई सयौं पटक ब्रह्म-परिषद् गएको सम्झना … *(पूर्ववत्)* … । आनन्द यी नै आठ परिषद् हुन् ।”

## १३. आठ अभिभू आयतन[33]

४३. “आनन्द ! यी आठ अभिभू आयतन *(अभिभायतन, अभिभ्वायतन[34])* छन् । के के आठ ?

(१) “एक *(भिक्षु)* ले आफूमा *(आफूभित्र=अध्यात्ममा=अज्झत्तं)* रूपसंज्ञी भई - बाहिरका राम्रा नराम्रा अल्प रूपहरूलाई देख्छ । ‘तिनीहरू *(ती रूपहरू)* लाई अभिभूत *(मर्दन)* गरी जान्न सक्छु, देख्न सक्छु’ भन्ने संज्ञी *(विचार गर्ने)* हुन्छ । यो पहिलो अभिभ्वायतन हो ।”

Downloaded from http://dhamma.digital/

33 अभिभ्वायतन सम्बन्धी विशेष अर्थ बुझ्नको निमित्त अ.क. III पृ. १७६ मा हेर्नु पर्छ ।

34 आफूले गरिरहेको ध्यान सम्बन्धी उत्पन्न हुने विरोधी कारणहरूलाई दबाउनको निमित्त प्रत्यय गर्ने ध्यानको प्रक्रियालाई अभिभायतन वा अभिभ्वायतन भन्दछन् ।

(२) "एक *(भिक्षु)* ले आफूमा रूपसंज्ञी भई - बाहिरका राम्रा नराम्रा अपरिमित *(अप्पमाणं)* रूपहरूलाई देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो दोस्रो अभिभ्वायतन हो ।"

(३) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका राम्रा नराम्रा अल्प रूपहरूलाई देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो तेस्रो अभिभ्वायतन हो ।"

(४) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका राम्रा नराम्रा अपरिमित रूपहरूलाई देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो चौथो अभिभ्वायतन हो ।"

(५) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका नीला, नीलावर्ण, नीलादर्शन नीलाभासका रूपहरू देख्छ । जस्तै - नीला, नीलावर्ण, नीलादर्शन, नीलाभास भएका उमापुष्पहरू *( आलसको फूलहरू)* हुन् अथवा जस्तै - दुवैतिरबाट चिल्ला भएका नीला, नीलावर्ण, नीलादर्शन, नीलाभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै - एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका नीला, नीलावर्ण, नीलादर्शन, नीलाभास भएका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत *(मर्दन)* गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो पाँचौं अभिभ्वायतन हो ।"

(६) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका पहेँला, पहेँलावर्ण, पहेँलादर्शन, पहेँलाभासका रूपहरू देख्छ । जस्तै - पहेँला, पहेँलावर्ण, पहेँलादर्शन, पहेँलाभास भएका कर्णिकार फूलहरू हुन् अथवा जस्तै - दुवैतिरबाट चिल्ला भएका पहेँला, पहेँलावर्ण, पहेँलादर्शन, पहेँलाभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै - "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका पहेँला, पहेँलावर्ण, पहेँलादर्शन, पहेँलाभासका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो छैठौं अभिभ्वायतन हो ।"

(७) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका राता, रातावर्ण, रातादर्शन, राताभासका रूपहरू देख्छ । जस्तै - राता, रातावर्ण, रातादर्शन, राताभास भएका बन्धुजीव फूलहरू हुन् अथवा जस्तै - दुवैतिरबाट चिल्ला भएका राता, रातावर्ण, रातादर्शन, राताभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै - "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका राता, रातावर्ण, रातादर्शन, राताभासका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो छैठौं अभिभ्वायतन हो ।"

Downloaded from http://dhamma.digital/

(८) “एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई - बाहिरका सेता, सेतावर्ण, सेतादर्शन, सेताभासका रूपहरू देख्छ । जस्तै - सेता, ... सेताभास भएका शुक्रतारा अथवा जस्तै - दुवैतिरबाट चिल्ला भएका सेता, ... सेताभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै - “एक *(भिक्षु)* ले आफूमा अरूपसंज्ञी भई - बाहिरका सेता आभासका रूपहरू देख्छ । ‘तिनीहरूलाई अभिभूत *(मर्दन)* गरी जान्न सक्छु, देख्न सक्छु’ भन्ने संज्ञी हुन्छ । यो आठौं अभिभ्वायतन हो । आनन्द ! यहीं नै आठ अभिभ्वायतन हुन् ।”

## १४. आठ विमोक्ष

४४. “आनन्द ! फेरि यी आठ विमोक्षहरू छन् । के के आठ ?

(१) रूपमा रूपसंज्ञी हुन्छ - यो पहिलो विमोक्ष हो, (२) अध्यात्ममा अरूपसंज्ञी भई बाहिरतिर रूपहरू देख्छ - यो दोस्रो विमोक्ष हो, (३) शुभबाट नै अभिमुक्त हुन्छ - यो तेस्रो विमोक्ष हो, (४) सबै प्रकारले रूप संज्ञाबाट समतिक्रम गरी, प्रतिघ संज्ञालाई अन्त गरी, नानात्व संज्ञालाई मनन नगरी ‘आकाश अनन्त हो’ भनी ‘आकाशानन्त्यायतन’ *(सभापति)* प्राप्त गरी विहार गर्छ - यो चौथो विमोक्ष हो, (५) सबै प्रकारले अकाशानन्त्यायतनलाई समतिक्रम गरी ‘विज्ञान अनन्त हो’ भनी ‘विज्ञानन्त्यायतन’ *(समापत्ति)* प्राप्त गरी विहार गर्छ - यो पाँचौं विमोक्ष हो, (६) सबै प्रकारले विज्ञानन्त्यायतनलाई समतिक्रम गरी ‘केही छैन’ भनी ‘अकिञ्चन्यायतन’ *(समापत्ति)* प्राप्त गरी विहार गर्छ - यो छैठौं विमोक्ष हो, (७) सबै प्रकारले अकिञ्चन्यायतनलाई समतिक्रम गरी ‘नैवसंज्ञानासंज्ञायतन’ *(समापत्ति)* प्राप्त गरी विहार गर्छ - यो सातौं विमोक्ष हो, (८) सबै प्रकारले नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रम गरी ‘संज्ञावेदयितनिरोध’ *(समापत्ति)* प्राप्त गरी विहार गर्छ - यो आठौं विमोक्ष हो । आनन्द ! यही नै आठ विमोक्षहरू हो ।

Dhamma.Digital

## १५. मारयाचना

४५. “आनन्द ![35] एक समय म - बुद्ध भइसकेपछि पहिलो पटक *(पठमाभिसम्बुद्धो*[36]*)* - उरूवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल बरको रूखमा बसिरहेको थिएँ । आनन्द ! त्यसबखत पापी मार जहाँ म थिएँ त्यहाँ आए; त्यहाँ आएर एक छेउमा उभिरहे । आनन्द ! अनि एक छेउमा उभिइरहेका पापी मारले मलाई यस्तो भने - “भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।” आनन्द ! यस्ता भन्दा, मैले पापी मारलाई यस्तो भनें - ‘हे पापी ! जबसम्म मेरा भिक्षु श्रावकहरू व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई

Downloaded from http://dhamma.digital/

कारणसहित *(सहधम्मेन)* सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।'

'हे पापी ! जबसम्म मेरा भिक्षुणी श्राविकाहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने - हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।'

'हे पापी ! जबसम्म मेरा उपासक श्रावकहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।'

'हे पापी ! जबसम्म मेरा उपासिक श्राविकाहरू - व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।'

'हे पापी ! जबसम्म मेरो ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने छैन तथा देवमनुष्यहरूले[37] सुप्रकाशित गर्ने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।"

[35] पालि *(मागधी)* भाषानुसार 'उरूवेल' शब्दको अर्थ बालुवाको महारास हो । समन्तपासादिका र पञ्चसूदनीमा यसको अर्थात्पत्तिका बारेमा निम्न कुरा उल्लेख भएको छ -

अतीत कालमा - बुद्ध उत्पन्न हुनुभन्दा अगावै - दशहजार जति कुलपुत्रहरू तपस्वी भेष धारण गरी प्रव्रजित भई त्यस ठाउँमा बसेका थिए । एकदिन, उनीहरूले - "जसले कामादि वितर्कना गर्छ, उसले त्यस अकुशल वितर्कनाको दण्ड स्वरूप भिक्षापात्र भरी बालुवा ल्याएर राख्नु पर्छ" भन्ने आपसमा करार गरे । अनि त्यस दिनदेखि ज-जसले उपरोक्तकारले कामादि अकुशल तर्कना गरे ऊ-उसले पात्र भरी बालुवा ल्याई त्यहाँ खन्याए । यस प्रकार त्यस ठाउँमा बालुवाको ठूलो रास थुप्रियो । त्यहाँदेखि त्यस स्थानको नाम 'उरूवेल' अर्थात् बालुवाको रास भन्ने रहन गएको हो । सम.पा.पृ.७१४: पपं सू.II पृ. १४४ ।

[36] "पठमाभिसम्बुद्धोति अभसिम्बुद्धो हुत्वा पठममेव अट्ठमेसत्ताहे" अर्थात् - बुद्ध भइसक्नुभएको आठौं सातामा ।

[37] बुझ्नसक्ने स्वभावका जति देव-मनुष्यहरू छन् ती सबै ।

Downloaded from http://dhamma.digital/

४६. "आनन्द ! आज यहीँ चापाल-चैत्यमा पापी मार जहाँ म थिएँ त्यहाँ आए; त्यहाँ आएर एक छेउमा उभिइरहे । आनन्द ! अनि एक छेउमा उभिरहेका पापी मारले मलाई यस्तो भने - 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस्, सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्‌को परिनिर्वाण हुने बेला भयो ।' भन्ते ! भगवान्‌ले यसो भन्नुभएको थियो - 'पापी ! जबसम्म मेरा भिक्षु श्रावकहरू *(पूर्ववत्)* ··· भिक्षुणी श्राविकाहरू ··· उपासक श्रावकहरू ··· उपासिका श्राविकाहरू व्यक्त, विनीत ··· नैर्याणिक रूपमा धर्म देशना गर्न सक्ने - हुने छैनन्' तबसम्म म परिनिर्वाण हुने छैन । भन्ते ! भगवान्‌का भिक्षु श्रावकहरू ··· भिक्षुणी श्राविकाहरू ··· उपासक श्रावकहरू ··· उपासिका श्राविकाहरू व्यक्त, विनीत ··· नैर्याणिक रूपमा धर्म देशना गर्न सक्ने - हुने भइसक्यो । भन्ते भगवान् ! अब परिनिर्वाण हुनुहोस् ··· *(पूर्ववत्)* ··· भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ··· भन्ते ! भगवान्‌को ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने भइसक्यो तथा देवमनुष्यहरूले सुप्रकाशित हुने भईसकेको छ । भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनुहोस् । भन्ते ! अब भगवान्‌को परिनिर्वाण हुने बेला भयो ।"

४७. "आनन्द ! त्यस्तो भन्दा मैले पापी मारलाई भनें - 'पापी ! तिमी अल्प उत्सुक हौ *( हतार नगर)* चाँडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागतको परिनिर्वाण हुनेछ ।' आनन्द ! आज यहीं चापाल चेतियमा स्मृतिसम्प्रजन्य राखी आयु संस्कार छोडिदिएँ ।"

## १६. आनन्दयाचन कथा

४८. यस्तो आज्ञा हुनुभएपछि आयुष्मान् आनन्दले भगवान्‌लाई प्रार्थना *(बिन्ती)* गरे - "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पा राख्नको निमित्त, देवमनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त कल्पभर रहनुहोस् ।"

"भैगो, आनन्द ! तथागतसित प्रार्थना गर्न पुग्यो । आनन्द ! तथागतसँग प्रार्थना गर्ने बेला सक्यो ।"

दोस्रो पटक पनि आनन्दले प्रार्थना गरे - "··· ।" दोस्रो पटक पनि तथागतले "भैगो, आनन्द ! ··· समय सक्यो ।"

तेस्रो पटक पनि आनन्दले प्रार्थना गरे - "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त ··· कल्पभर रहनुहोस् ।"

"आनन्द ! यो कुरामा विश्वास *(श्रद्धा)* गर्छौ ?"

Downloaded from http://dhamma.digital/

"विश्वास गर्छु, भन्ते !"

"आनन्द ! त्यस्तो भए यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो, कि तथागतले यतिको स्थूल *(स्पष्ट)* संकेत गर्दागर्दै, स्पष्ट सम्भावना *(उदारभाव)* देखाउँदादेखाउँदै तिमीले बुझ्न सकेनौ तथा तिमीले तथागतसँग याचना गरेनौ - "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त … कल्पभर रहनुहोस् ।" आनन्द ! यदि तिमीले याचना मात्र गरेको भए तथागतले दोस्रो पटक सम्म मात्र अस्वीकृत गर्न भए पनि तेस्रो पटक अवश्य स्वीकार गर्नुहुन्थ्यो । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

४९. "आनन्द ! एकचोटि म राजगृहस्थित गृधकूट पर्वतमा बसिरहेको थिएँ । आनन्द ! त्यहाँ पनि मैले तिमीलाई यस्तो भनेको थिएँ - आनन्द ! राजगृह रमणीय छ । गृधकूट-पर्वत रमणीय छ । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ … यदि उसले चाहेमा कल्पभर अथवा कल्पको अवशिष्ट भागसम्म बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ … यदि तथागतले इच्छा गरेको खण्डमा कल्पभर … बाँचीरहन सक्छ । तथागतले यतिको स्थूल संकेत गर्दागर्दै … तिमीले बुझ्न सकेनौ … याचना गरेनौ - "भन्ते ! भगवान् … कल्पभर रहनुहोस् । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

५०. "आनन्द ! एकचोटि म त्यहीं नै राजगृह स्थित गौतम न्यग्रोधमा बसिरहेको थिएँ …पूर्ववत्[38] … । … राजगृह स्थित चोर प्रपातमा …४०२… । राजगृहस्थित वैभारपर्वतको पार्श्वस्थ सप्तपर्णी गुफामा …४०२… । राजगृह स्थित ऋषिगिलि पर्वत सँगै कालशिलामा …४०२… । राजगृह स्थित शीतवनको सर्वौण्डिक पर्वतमा … । … राजगृहस्थित तपोदाराममा …। … राजगृहस्थित वेणुवनको कलन्दक निवापमा … । … राजगृहस्थित जीवनकको आम्रवनमा … । … राजगृहस्थित मद्रकुक्षि मृगदावमा बसिरहेको थिएँ । आनन्द ! त्यहाँ पनि मैले तिमीलाई यस्तो भनेको थिएँ - आनन्द ! … रमणीय छ । राजगृह रमणीय छ … गोतम न्यग्राध रमणीय छ… । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ … यदि उसले चाहेमा कल्पभर … बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ … तथागतले चाहेको गरेको खण्डमा कल्पभर … बाँचिरहन सक्छ । आनन्द ! तथागतले यतिको स्थूल *(स्पष्ट)* संकेत गर्दागर्दै, स्पष्ट सम्भावना *(उदारभाव)* देखाउँदादेखाउँदै तिमीले बुझ्न सकेनौ तथा तिमीले तथागतसँग याचना गरेनौ - "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त … कल्पभर रहनुहोस् ।" आनन्द ! यदि तिमीले याचना गरेको भए तथागतले दोस्रो पटक सम्म मात्र अस्वीकृत गर्न भए पनि तेस्रो पटक अवश्य स्वीकार गर्नुहुन्थ्यो । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

[38] माथिको पारा. ४९ मा जस्तै विस्तार गर्नु पर्छ ।

५१. "आनन्द ! एकचोटि म यहीं नै वैशालीको उदयन चेतिय *(चैत्य)* मा बसिरहेको थिएँ । आनन्द ! त्यहाँ पनि मैले तिमीलाई यस्तो भनेको थिएँ - आनन्द ! वैशाली रमणीय छ । उदयन चेतिय रमणीय छ … *(पूर्ववत्)* । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

Downloaded from http://dhamma.digital/

५२. “आनन्द ! एकचोटि म यहीँ नै वैशालीको गोतमक चेतियमा बसिरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । “आनन्द ! एकचोटि म यहीँ नै वैशालीको सतम्ब चेतियमा बसिरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । “आनन्द ! एकचोटि म यहीँ नै वैशालीको बहुपुत्तक चेतियमा बसिरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । “आनन्द ! एकचोटि म यहीँ नै वैशालीको सारन्दद चेतियमा बसिरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । “आनन्द ! आज म यहीँ चापाल चेतियमा मैले *(तिमीलाई)* भनेको थिएँ -

आनन्द ! वैशाली रमणीय छ, उदयन चेतिय रमणीय छ, गौतमक चेतिय रमणीय छ, सारन्दद चेतिय रमणीय छ, चापाल चेतिय रमणीय छ । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ ··· यदि उसले चाहेमा कल्पभर ··· बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ ··· तथागतले इच्छा गरेको खण्डमा कल्पभर ··· बाँचिरहन सक्छ । आनन्द ! तथागतले यतिको स्थूल संकेत गर्दागर्दै ··· तिमीले बुझ्न सकेनौ तथा तिमीले तथागतसँग याचना गरेनौ - “भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त ··· कल्पभर रहनुहोस् ।” आनन्द ! यदि तिमीले याचना गरेको भए तथागतले दोस्रो पटक सम्म मात्र अस्वीकृत गर्न भए पनि तेस्रो पटक अवश्य स्वीकार गर्नुहुन्थ्यो । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।”

५३. “आनन्द ! के मैले तिमीलाई पहिले नै भनेको थिइन - ‘सबै प्रिय तथा मनापसित छुट्नु *(वियोग हुनु)* पर्छ, छोड्नुपर्छ, अन्यथाभाव हुनुपर्छ, सो ती *(कुरा)* सधैं निरन्तर कसरी सँगै बस्न पाउला ? जति पनि उत्पन्न भए, भूत *(अस्तित्वमा)* छन्, संस्कृत *(कृत्तिम)* छन् *(ती सबै)* नाशवान् हुन् । हाय् ! ती नाश नहोस् ! यस्तो सम्भव छैन । आनन्द ! जुन यो तथागतले जीवन संस्कार *(आयु:संस्कार)* छाड्नुभयो, त्याग्नुभयो, प्रहीण गर्नुभयो, प्रतिनि:सृष्ट गर्नुभयो, तथागतले वास्तविक सत्य कुरा भन्नुभएका थिए - चाँडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागतको परिनिर्वाण हुनेछ । जीवित रहनको लागि कारण पुन: फर्केर आउनु तथागतको निमित्त सम्भव छैन ।”

“आऊ आनन्द ! जहाँ महावन कूटागारशाला छ, त्यहाँ जाऔं ।” “हवस्, भन्ते !” भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए ।

## १७. महावनमा धर्मदेशना

५४. अनि, भगवान् आयुष्मान आनन्द साथै लिएर जहाँ महावन कूटागारशाला छ, त्यहाँ जानुभयो । त्यहाँ जानुभई आयुष्मान् आनन्दलाई यस्तो आज्ञा गर्नुभयो -

“आऊ, आनन्द ! वैशालीमा बसेका जति पनि भिक्षुहरू छन् उनीहरू सबैलाई उपस्थानशालामा एकत्रित गराओ ।”

“हवस्, भन्ते !” भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिएर वैशालीमा बसेका सबै भिक्षुहरूलाई उपस्थानशालामा एकत्रित गराउनुभयो । एकत्रित गराईसकेपछि जहाँ भगवान् हुनुहुन्थ्यो

Downloaded from http://dhamma.digital/

त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो निवेदन गरे - “भन्ते ! भिक्षुसङ्घलाई एकत्रित गराइसकेको छु, अब भगवान्ले समय हेरी गर्नुहोला ।”

५५. अनि भगवान् जहाँ उपस्थानशाला छ त्यहाँ जानुभई बिछ्याइराखेको आसनमा बस्नुभई भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - “भिक्षु हो ! ··· अतः मैले तिमीहरूलाई जे जति धर्म अभिज्ञाद्वारा देशना गरेको हुँ त्यसलाई तिमीहरूले राम्ररी सिके, *(त्यसको)* अभ्यास गर, *(त्यसको)* भावना गर, *(त्यसलाई)* वृद्धि गर जसले गर्दा यो ब्रह्मचर्य *(बुद्धशासन)* अध्वनीय, चिरस्थायी होस्, यो *(ब्रह्मचर्य)* बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त होस् । भिक्षु हो ! मैले तिमीहरूलाई कुनचाहिँ धर्म अभिज्ञानद्वारा देशना गरेको हुँ, जसलाई तिमीहरूले राम्ररी सिकेमा, *(त्यसको)* अभ्यास गरेमा, *(त्यसको)* भावना गरेमा, *(त्यसलाई)* वृद्धि गरेमा यो ब्रह्मचर्य *(बुद्धशासन)* अध्वनीय, चिरस्थायी हुने र यो *(ब्रह्मचर्य)* बहुजन हितको निमित्त, देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त हुन्छ ? जस्तो कि (१) चार स्मृतिप्रस्थान, (२) चार सम्यक् प्रधान, (३) चार ऋद्धिपाद, (४) पाँच इन्द्रिय, (५) पाँच बल, (६) सात बोध्यङ्ग र (७) आर्यअष्टाङ्गिकमार्ग । भिक्षु हो ! यही अभिज्ञाद्वारा देशना गरेको धर्म हो जसलाई तिमीहरूले राम्ररी सिकेमा, त्यसको अभ्यास गरेमा, भावना गरेमा, यो ब्रह्मचर्य *(बुद्धशासन)* अध्वनीय, चिरस्थायी हुनाको साथै यो *(ब्रह्मचर्य)* बहुजन हितको निमित्त ··· देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त हुनेछ ।

५६. अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - “हन्द भिक्षु हो ! अब म भन्दछु कि - सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर । चाँडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागतको परिनिर्वाण हुनेछ । भगवान्ले यति भन्नुभयो । यति भन्नुभएपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो -

**मेरो आयु परिपक्क *(पूर्ण)* भइसक्यो, अब मेरो जीवन थोरै बाँकी छ ।**

**म तिमीहरूलाई छोडेर जाँदैछु । मैले आफ्नो गर्नु पर्ने कर्तव्य पूरा गरिसकें ।**

**भिक्षु हो ! तिमीहरू अप्रमाद *(निरलस)*, स्मृतिमान तथा सुशील बन ।**

**सङ्कल्पलाई सुसमाहित *(राम्ररी समाधान)* गरेर आफ्नो चित्तलाई निग्रह गर ।**

**जसले यो धर्म विनयमा अप्रमाद भई उद्योग गर्दछ त्यसैले *(मात्र)* यो भवागमन**

***(पुनः पुनः जन्म मरण)* संसार छोडी दुःखहरूको समूल अन्त *(नाश)* गर्दछ ।**

**तृतीय भाणवार समाप्त ।**

Downloaded from http://dhamma.digital/

## अन्तिम वैशाली दर्शन

५७. अनि, भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र चीवर ग्रहण गरी वैशालीमा पिण्डपात्रको निमित्त जानुभयो । वैशालीमा पिण्डपात्र गएर भोजन सिद्धिएपछि नागवलोकन *(हात्तीले जस्तै फर्केर अवलोकन गर्ने)* गर्नुभई वैशाली हुर्नुभई, आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - "आनन्द ! आजको यो तथागतको वैशाली दर्शन अन्तिम हुनेछ । आऊ, आनन्द ! जहाँ भण्डग्राम छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए ।

५८. अनि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ भण्डग्राम हो त्यहाँ जानुभयो । त्यहाँ भगवान् भण्डग्राममा बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भिक्षु हो ! चार धर्महरू अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको *(यसरी)* दौडिरहनु परेको थियो= संसरण *(आवागमन)* मा पडिरहेको थियो । (१) भिक्षु हो ! आर्यशील अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि *(सम्म ?)* मेरो र तिमीहरको *(यसरी)* दौडिरहनु परेको थियो= संसरण *(आवागमन)* मा पडिरहेको थियो । (२) भिक्षु हो ! आर्य समाधि अनुबोध नभएकोले ··· *(पूर्ववत्)* (३) भिक्षु हो ! आर्य प्रज्ञा अनुबोध नभएकोले ··· *(पूर्ववत्)* (४) भिक्षु हो ! आर्य विमुक्ति अनुबोध नभएकोले ··· संसरणमा पडिरहेको थियो । भिक्षु हो ! अब *(किनकि)* आर्यशील, आर्य समाधि ··· आर्य प्रज्ञा ··· आर्य विमुक्ति ··· अनुबोध भएकोले=प्रतिवेध भएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरको दौडिरहनु परेन=संसरण परेन । भव तृष्णा नष्ट भयो, भवनेति क्षीण भयो, अब फेरि जन्म लिनुपर्ने कारण भएन ।

भगवान्ले यति भन्नुभयो । यति भन्नुभएपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो -

"यशश्वी गौतमले अनुत्तर शील, समाधि, प्रज्ञा र चित्तविमुक्ति - यी चार धर्महरूको ज्ञान एवं प्रत्यक्ष अनुभव गरे ।"

"यी धर्म यथाभूत *(यथार्थ)* जानेर भिक्षुहरूलाई तिनको उपदेश दिए । अब उहाँ स्वयं तथा अर्काको दुःख नाश गर्ने चक्षुष्मान् बुद्ध परिनिर्वाण हुन गइरहेको छ ।"

त्यहाँ भण्डग्राममा बस्नुहुँदा भगवान्ले भिक्षुहरूलाई यही नै धर्मदेशना गर्नुभएको थियो - यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महा आनिशंस हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तो कि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## १८. चार महाउपदेश[39] *(महा उपदेश=कसौटी)*

Downloaded from http://dhamma.digital/

[39]उपदेशको अर्थ हो अकाट्य तर्क । जसरी कसौटी *(कस)* मा घोटेपछि सुनको शुद्धि प्रमाणित हुन्छ, त्यसरी नै कुनै सिद्धान्तको प्रामाणिकता पनि अकाट्य तर्कको बलको आधारमा नै गर्न सकिन्छ ।

५९. तदनन्तर भगवान् भण्डग्राममा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "यता आऊ, आनन्द ! जहाँ हस्तिग्राम छ, ··· जहाँ अम्बग्राम *(आम्रग्राम)* छ ··· जहाँ जम्बुगाम *(जम्बुग्राम)* छ ··· जहाँ भोगनगर छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ भोगनगर छ त्यहाँ जानुभयो । त्यहाँ भोगनगरमा भगवान् आनन्द चेतियमा बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भिक्षु हो ! तिमीहरूलाई म चारमहाप्रदेशको उपदेश दिनेछु । सुन, राम्ररी मनमा राख, बताउने छु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो -

६०. (१) "भिक्षु हो ! यहाँ कोही भिक्षु यस्तो भन्न सक्छ - आवुसो ! मैले भगवान्को सम्मुख *(श्रीमुखबाट)* सुनेको छु, भगवान्को सम्मुख ग्रहण गरेको छु कि - 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो' । भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू, निन्दा नगर्नु अर्थात् तिरस्कार नगर्नु । उसको कथनलाई अभिनन्दन नगरिकन, निन्दा नगरिकन सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर । यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा, विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास *( निश्चय)* गर - अवश्य यो भगवान्को वचन होइन, यो त *(यही)* भिक्षुको नै दुर्गृहीत रहेछ । त्यस्तो भएमा, भिक्षु हो ! त्यसलाई छोडी देओ । यदि त्यो *(कुरा)* सूत्रसित तुलना गर्दा, विनयमा हेर्दा सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भने विश्वास *(निश्चय)* गर - अवश्य यो भगवान्को वचन हो, यो भिक्षुको सुगृहीत रहेछ । भिक्षु हो ! यसलाई पहिलो महाप्रदेश *(भनी)* धारण *(स्वीकार)* गर ।"

(२) "भिक्षु हो ! यहाँ फेरि कोही भिक्षु यस्तो भन्न सक्छ - आवुसो ! अमुक *(फलाना)* आवासमा स्थविरयुक्त प्रमुख *(भिक्षु)* सङ्घ बसिरहेको छ । मैले सो सङ्घको सम्मुख सुनेको छु, सम्मुख ग्रहण गरेको छु कि - 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो' । भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू, निन्दा नगर्नू । उसको कथनलाई अभिनन्दन नगरिकन, निन्दा नगरिकन सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर । यदि त्यो *( कुरा)* सूत्रसित तुलना गरी हेर्दा, विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास गर - अवश्य यो भगवान्को वचन होइन ··· । ··· सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भने विश्वास गर - अवश्य यो भगवान्को वचन हो, यो भिक्षुको सुगृहीत रहेछ । भिक्षु हो ! यसलाई दोस्रो महाप्रदेश *(भनी)* धारण *(स्वीकार)* गर ।"

(३) "भिक्षु हो ! यहाँ फेरि कोही भिक्षु यस्तो भन्न सक्छ - आवुसो ! अमुक आवासमा धेरै बहुश्रुत *(पण्डित)*, आगत-आगम *(आगमज्ञ)*, धर्मधर, विनयधर, मातृकाधर, स्थविरहरू बसिराखेका छन् । मैले यो उहाँ स्थविरको सम्मुख सुनेको छु, सम्मुख ग्रहण गरेको छु कि - 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो' । भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन

Downloaded from http://dhamma.digital/

नगर्नू ··· सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर । यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा, विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास गर - अवश्य यो भगवान्को वचन होइन ··· । ··· सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भने विश्वास गर - अवश्य यो भगवान्को वचन हो, यो भिक्षुको सुगृहीत रहेछ । भिक्षु हो ! यसलाई तेस्रो महाप्रदेश *(भनी)* धारण *(स्वीकार)* गर ।"

(४) "भिक्षु हो ! यहाँ फेरि कोही भिक्षु यस्तो भन्न सक्छ - आवुसो ! अमुक आवासमा एक जना बहुश्रुत, आगमज्ञ धर्मधर, विनयधर, मातृकाधर, स्थविर बसिरहेको छ । मैले यो सो स्थविरको सम्मुख सुनेको छु ··· कि - 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो' । भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू ··· सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर । यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा, विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास गर - अवश्य यो भगवान्को वचन होइन ··· । ··· सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भने विश्वास गर - अवश्य यो भगवान्को वचन हो, यो भिक्षुको सुगृहीत रहेछ । भिक्षु हो ! यसलाई चौथो महाप्रदेश *(भनी)* धारण *(स्वीकार)* गर ।"

६१. त्यहाँ भोगनगरमा बस्नुहुँदा भगवान्ले भिक्षुहरूलाई धेरै जसो यही नै धर्मदेशना गर्नुभएको थियो - यस्ता शील हुन् ··· *(पूर्ववत्)* ··· जस्तो कि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## १९. कम्मारपुत्र चुन्दको भोजन

६२. अनि, भगवान् भोगनगरमा यथानुकूल बस्नुभई आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "यता आऊ, आनन्द ! जहाँ पावा हो त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो ।

अनि भगवान् महत् भिक्षुसङ्घ साथ मल्लमा चारिका गर्दै जहाँ पावा हो त्यहाँ पुग्नुभयो । त्यहाँ पावामा भगवान् चुन्द कम्मारपुत्रको आम्रवनमा बस्नुभयो ।

अनि चुन्द कम्मारपुत्रले - "भगवान् चारिका गर्दै पावामा आइपुग्नुभई पावास्थित मेरो आम्रवनमा बस्नुभएको छ" भनी सुने । अनि चुन्द कम्मारपुत्र[40] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चुन्द कम्मारपुत्रलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएका चुन्द कम्मारपुत्रले भगवान्लाई यस्तो भने - "भन्ते ! भिक्षुसङ्घका साथ भगवान्ले भोलिको निमित्त मेरो भोजन स्वीकार गर्नुहोस् ।" भगवान्ल तुष्णीभावद्वारो स्वीकार्नुभयो । अनि भगवान्ले स्वीकार्नुभएको कुरा बुझी चुन्द कम्मारपुत्र आसनबाट उठी भगवान्लाई अभिवादन गरी प्रदक्षिणा गरी फर्केर गए ।

Downloaded from http://dhamma.digital/

[40] यी सुवर्णकारपुत्र चुन्द आढ्य महाधनी तथा महापरिवार भएका हुन् । भगवान्सँगको प्रथम भेटमै स्रोतापन्न भएका थिए । यिनले आफ्नो आम्रवनमा शास्ता बस्न योग्य हुने गरी गन्धकुटी, भिक्षुसङ्घको लागि रात्रीस्थान, दिवास्थान, उपस्थानशाला, कुटीमण्डप अनि चंक्रमण स्थानहरू बनाई पर्खालले घेरी ढोका समेत राखी विहार बनाई बुद्ध प्रमुख भिक्षुसङ्घको निमित्त प्रदान गरेका थिए ।

अनि त्यसरात बितेपछि चुन्द कम्मारपुत्रले आफ्नो घरमा प्रणीत खाद्य-भोज्यहरू र पर्याप्त मात्रामा[41] *(सुंगूरको मासु)* पनि तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए - "भन्ते ! समय भयो, भोजन तयार छ ।" अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षुसङ्घका साथ जहाँ चुन्द कम्मारपुत्रको घर हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि बिछ्याइराखेको आसनमा बस्नुभयो । आसनमा बस्नुभएपछि भगवान्ले चुन्द कम्मारपुत्रलाई आमन्त्रण गर्नुभयो - "चुन्द ! जुन त्यो सूकरमद्दव तयार पारिएको छ त्यो मलाई पस्काऊ, जुन अरू खाद्य-भोज्यहरू तयार पारिएका छन् तिनीहरू भिक्षुसङ्घलाई पस्काऊ[42] ।"

[41] 'सूकरपहव' को अर्थ गर्दै उदानकट्ठथाले यसरी लेखेको छ -

"सूकरमद्दवन्ति - सूकरस्स मुदुसिनिद्धं पवत्तमंसन्ति महाअट्ठकथायं वुत्तं" अर्थात् - "सूगुरको मृदु तथा स्निग्ध प्रवर्त मासुलाई 'सूकरमद्दव' भनिएको हो भनी महाअट्ठकथामा उल्लेख भएको छ ।"

दीघनिकायट्ठकथाले पनि -

"सूकरमद्दवन्ति" - नातितरूणस्स नातिजिण्णस्स एकजेट्ठसूकरस्स पवत्तमंसं । तं किर मुदुञ्चेव सिनिद्धं च होति । तं पटियादापेत्वा साधुकं पचापेत्वाति अत्थो ।...... ।"

अर्थात् "सूकरमद्दव भनेको - न अतितरूण न अति बूढो बल्कि एक जेष्ठ सुँगुरको पवर्त मासु हो । त्यो चाहिँ मृदु तथा स्निग्ध हुन्छ । त्यो तयार पार्न लगाई राम्ररी पकाउन लगाई भन्ने अर्थ हो । ... ।" दी.नि.अ.क.I ३९५: महापरिनिब्बाणसुत्तवण्णना ।

'पवत्तमंसं' *(प्रवर्त मासु)* भनेको मरेकाको मासु हो । त्यसैले समन्तपासादिका III. पृ. ११५८: भेसज्जक्खन्धले - "पवत्तमंसन्ति मतस्स मंसं" भन्ने अर्थ उल्लेख गरेको छ ।

अङ्गुत्तरनिकायट्ठकथा पृ.II.७५६: सीहसुत्तं, महावग्गले चाहिँ 'पवत्तमंस' को अर्थ यसरी दिएको छ - "पवत्तमंसन्ति पकतिया पवत्तं कप्पियमंसं, मूलं गहेत्वा अन्तरापणे परियेसाहीति अधिप्पायो ।" अर्थात् - "प्रवर्तमांस भनेको स्वाभाविक रूपले प्रवर्त भएको उचितमांस मूल्य लिएर बजारमा खोजी गर भन्ने अभिप्राय हो ।" यसको मतलब पसलमा किनेर ल्याएको मासु खान योग्य छ भनी भनिएको हो ।

जस्तै खसेको फललाई 'पवत्तफलं' भन्दछन् त्यस्तै गरी यहाँ मरेकाको मासुलाई 'पवत्तमंसं' भनिएको हो भनी सम्झनुपर्छ ।

Downloaded from http://dhamma.digital/

केहीले चाहिँ - "सूकरमद्दव" भनेको सुँगुरको मासु होइन तर सुँगुरहरूले पर्दन गरेको तामा *(वंसकलिर)* हो भनी भनेका छन् ।

अभ्र केहीले - सुँगुरहरूले मर्दन गरेको ठाउँमा उम्रेको च्याऊ हो भनी भनेका छन् ।

अरूले चाहिँ - 'सूकरमद्दव' भनेको एक रसायन हो भनी भनेका छन् । उदा. अ.क.पृ.२७९:चुन्दसुत्तवण्णना ।

भगवान् आज परिनिर्वाण हुनुहुनेछ भन्ने कुरा सुनेर चुन्द कम्मारपुत्रले 'यो भोजन गरेर भगवान् चिरतर जीवित हुन सकून्' भन्ने सोचेर चुन्द कम्मारपुत्रले यो दान दिएका हुन् र भगवान्को दीर्घायुको कामना गरेर नै उनले यो प्रदान गरेका थिए भनी उदा. अ.क.पृ.२७९: ले उल्लेख गरेको छ ।

42 किन यसो भन्नुभएको होला ? भन्ने सम्बन्धमा अट्ठकथाले यसरी प्रष्ट पारेको छ -

परजनमाथि दया राखेर नै भगवान्ले त्यसो भन्नुभएको हो । सूत्रको अगाडि पनि त्यसो भन्नाको कारण देखाउँदै - 'तथागत एक जनाले बाहेक देव ब्रह्म मार तथा मनुष्यहरूमध्ये कसैले पनि त्यो सूकरमद्दव पचाउन सक्ने छैन' भनी उल्लेख भएकै छ । त्यो सूकरमद्दवमा दुईहजार द्वीपहरूले परिवृत्त भएका चार महाद्वीपका देवगणहरूले ओजधातु *(दिव्यरस)* राखेका थिए । त्यसैले त्यसलाई कसैले पचाउन सक्दैनथे । त्यसैले भगवान्ले सूत्रमा ··· त्यो मलाई पस्काऊ' भनी भन्नुभएको हो ।

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई चुन्द कम्मापुत्रले जुन त्यो सूकरमद्दव तयार पारिएको छ त्यो भगवान्लाई पस्काए र जुन अरू खाद्य-भोज्यहरू तयार पारिएका थिए तिनीहरू भिक्षुसङ्घलाई पस्काए ।

त्यसपछि भगवान्ले चुन्द कम्मारपुत्रलाई आमन्त्रण गर्नुभयो - "चुन्द ! जुन सूकरमद्दव बाँकी छ त्यसलाई खाल्टोमा हालिदेओ । चुन्द ! यो लोकमा देवसहित, मारसहित, ब्रह्मसहित; श्रमण ब्राह्मणसहित प्रजा; तथा देवसहित मनुष्यहरूमा तथागतले बाहेक अरू कोही देख्दिन जसले त्यो खाएर-पचाउन सकोस् ।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई जुन सूकरमद्दव बाँकी थियो त्यो खाल्टोमा हाली चुन्द कम्मापुत्र भगवान्कहाँ गए । गएर भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चुन्द कम्मारपुत्रलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पारी भगवान् आसनबाट उठी फर्केर जानुभयो ।

६३. अनि चुन्द कम्मारपुत्रको भोजन *(भत्तं)* खानुभएका भगवान्लाई कडा रोग उत्पन्न भयो । रगत बहने मरणान्तिक ठूलो वेदना हुन थाल्यो । अनि भगवान्ले स्मृतिसम्प्रजन्यताद्वारा पीडित नभई सहनुभयो[43] । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - "आनन्द ! जाऔं,

Downloaded from http://dhamma.digital/

जहाँ कुसीनगर हो त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो ।

मैले सुनें कि चुन्द कम्मारको भात खाएपछि धीर *(बुद्ध)* लाई कठोर आबाधले छोयो । सूकरमद्दव खाएपछि शास्तालाई कठोर व्याधि उत्पन्न भयो । अनि निरन्तर विरेचित हुनुभएका भगवान्ले भन्नुभयो - "म कुसीनगरमा जानेछु[44] ।"

[43] भोजनपछि भगवान्लाई ठूलो वेदना उत्पन्न भयो तर यो वेदना सूकरमद्दवको कारणले भएको होइन । यदि उहाँले यो पोष्य भोजन गर्नु नभएको भए योभन्दा पनि अधिक वेदना हुने थियो । भोजनको कारणद्वारा नै कम वेदना भएको हो । यदि अरूलाई यस्तो वेदना भएको भए हिँड्न वा बस्न नसकि बेसकरी छट्पटिनुपर्ने थियो । तर भगवान्ले स्मृतिसम्प्रजन्यताद्वारा त्यस्तो हुन दिनुभएन । त्यसैले सूत्रमा 'पीडित नभई' भनी उल्लेख भएको हो । उहाँले सहन गर्नु भएको थियो । भगवान्लाई यस्तो वेदना वेलुवगाउँदेखि नै भएको थियो । तर समापत्तिबलद्वारा परिनिर्वाण हुने दिन नआएसम्म दमनगरी राख्नुभएको थियो । त्यसदिन चाहिँ उहाँ परिनिर्वाण हुन चाहनुहुन्थ्यो । अतः प्राणीहरूलाई विरक्त पार्नको निमित्त त्यसदिन समापत्तिद्वारा दमन गर्नु भएको थिएन । त्यसैले गर्दा उहाँलाई खूब ठूलो तथा असह्य वेदना भएको थियो भनी उदा.अ.क.पृ. २८०:चुन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

[44] आफूले चाहेको ठाउँमा परिनिर्वाण हुनको निमित्त यसो भन्नुभएको हो ।

यसरी रोग हुँदाहुँदै भगवान् किन कुशीनगरमै जान लाग्नुभएको नि ? के अन्त कतै परिनिर्वाण हुन सकिन्न ?

जहाँ पनि परिनिर्वाण हुन सकिन्छ । परन्तु उहाँले यस्तो सोच्नुभएको थियो -

(१) कुशीनगरमा गएको खण्डमा महासुदस्सन-सुत्त देशनाको कारण बन्ने छ । यो सुनेर धेरै मानिसहरूले कुशलकर्म गर्ने इच्छा गर्नेछन् । (२) सुभद्र परिव्राजक पनि मकहाँ आई प्रश्न सोध्नेछन् र उत्तरको अन्तमा उनी मेरो शरणमा परी प्रव्रजित तथा उपसम्पन्न भई कर्मस्थान भावना गरी म छँदाछँदै अरहन्त पनि हुनेछन् । उनी मेरा अन्तिम श्रावक हुनेछन् । (३) अरू ठाउँमा परिनिर्वाण हुँदा धातुको कारणमा महाकोलाहन हुनेछ र नदीजस्तै रगत बग्ने छ । कुशीनगरमा परिनिर्वाण हुँदा चाहिँ धातुविवादलाई द्रोण ब्राह्मणले सुल्झाउने छन् र धातुहरू भाग लगाई कलह शान्त पार्ने छन् । यी तीन कारणहरूलाई ध्यानमा राख्नुभई भगवान् महत् उत्साहका साथ कुशीनगरमै जान चाहनुभएको हो ।

## २०. तथागतको महर्द्धिकता

Downloaded from http://dhamma.digital/

६४. अनि भगवान् बाटो छाडी जहाँ एउटा रूख थियो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई यसो भन्नुभयो - “हे आनन्द ! तिमीले मलाई चारदोबरी गरी सङ्घाटी पट्याई बिछ्याई देओ । आनन्द ! म थाकेको छु, बस्न चाहन्छु ।” “हवस्, भन्ते !” भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्दले चारदोबरी सङ्घटी पट्याई बिछ्याई दिनुभयो । अनि भगवान् बिछ्याइएको आसनमा बस्नुभयो । बस्नुभएका भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - “हे आनन्द ! तिमीले मलाई पिउन पानी ल्याइदेओ । आनन्द ! प्यास लागेको छ, पानी पिउँछु ।” यसो भन्नुहुँदा आयुष्मान् आनन्दले भगवान्लाई यसो भन्नुभयो - “भन्ते ! भर्खरैमात्र पाँचसय गाडाहरू गए । चक्काले कुल्चिएको पानी अलि अलि धमिलो र फोहर भई बग्दैछ । भन्ते ! यो ककुधम नदी नजिकमै छ, सुन्दर तथा मनोहर छ । भगवान्ले त्यहाँ पानी पनि पिउनुहोस् र शरीर पनि शीतल पार्नुहोस् ।”

दोस्रो पटक पनि … तेस्रो पटक पनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - “हे आनन्द ! तिमीले मलाई पिउने पानी ल्याइदेओ । आनन्द ! प्यास लागेको छ, पानी पिउँछु ।”

“हवस्, भन्ते ! भनी भगवान्लाई प्रत्युत्रर दिई आयुष्मान् आनन्द पात्र लिई जहाँ त्यो नदी हो त्यहाँ जानुभयो । अनि चक्काले कुल्चेर अलि अलि धमिलो र फोहर भई बगिरहेको सो नदीको पानी आयुष्मान् आनन्द त्यहाँ पुग्दापुग्दै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो । अनि आयुष्मान् आनन्दलाई यस्तो लाग्यो - “अहो आश्चर्य ! अहो अद्भुत ! ! अहो तथागतको महर्द्धिकता ‼ अहो तथागतको महानुभावता ! ! चक्काले कुल्चेर अलि अलि धमिलो र फोहर भई बगिरहेको यो नदी म यहाँ आइपुग्नेबित्तिकै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो ।” अनि पात्रमा पानी लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगपछि भगवान्लाई यसो भन्नुभयो - “आश्चर्य हो, भन्ते ! अद्भुत हो, भन्ते ! ! अहो तथागतका महर्द्धिकता । अहो तथागतको महानुभावता ! ! भन्ते ! चक्काले कुल्चेर अलि अलि धमिलो र फोहर भई बगिरहेको सो नदी म त्यहाँ पुग्नेबित्तिकै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो । भगवान् ! पानी पिउनुहोस्, सुगत ! पानी पिउनुहोस् ।” अनि भगवान्ले पानी पिउनुभयो ।

## २१. पुक्कुस मल्लपुत्रको कथा

६५. त्यसबखत पुक्कुस मल्लपुत्र[45] आलार कालामका[46] शिष्य थिए र कुसीनगरबाट पावा जाने बाटो लागी गइरहेका थिए । अनि पुक्कुस मल्लपुत्रले भगवान्लाई एउटा रूखमुनि बसिरहनुभएको देखे । देखेर उनी भगवान्कहाँ गए । त्यहाँ गएर भगवान्लाई अभिवादन गरी एक छेउमा बसे एक छेउमा बसेका पुक्कस मल्लपुत्रले भगवान्सँग यस्तो भने - “आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! जसरी प्रव्रजितहरू शान्तपूर्वक बस्छन् त्यसरी नै तपाईं पनि बस्नुभएको छ । भन्ते ! एकदिन आलार कालाम बाटो हिँडिरहेको बेलामा बाटोबाट एक छेउमा लागि दिवाविहारको निमित्त एक रूखमुनि बस्नुभयो । अनि पाँचशय गाडाहरू उहाँको नजिकबाट गए । भन्ते ! अनि ती गाडाहरूको पछि पछि हिँडिरहेको एक पुरूषले आलार कालामकहाँ गई यस्तो भन्यो - “भन्ते ! यहाँबाट पाँचशय गाडाहरू गएको देख्नुभयो ?”

Downloaded from http://dhamma.digital/

'आवुसो ! देखिन ।'

'भन्ते ! केही आवाज त सुनिनँ ।'

'भन्ते ! तपाईं निदाउनुभएको थियो ?'

'आवुसो ! म निदाएको थिइनँ ।'

'भन्ते ! के तपाईंमा होश थियो त ?'

'आवुसो ! थियो ।'

"भन्ते ! सो तपाईंमा होश भएर पनि पाँच पाँच सय गाडाहरू तपाईंकै छेउबाट जाँदा पनि न गाडाहरू देख्नुभयो न त आवाज नै सुन्नुभयो । के तपाईंको सङ्घाटीमा धूलो लागेको छैन ?"

'आवुसो ! लागेको छ ।'

"भन्ते ! अनि त्यो पुरूषलाई यस्तो लाग्यो - 'अहो आश्चर्य ! अहो अद्भुत ! यी प्रव्रजित कति शान्तपूर्वक बसिरहेको होलान् । जहाँ कि होश भएर पनि जागृत भएर पनि नजिकैबाट पाँच पाँच सय गाडाहरू जाँदा पनि न गाडाहरू देख्छन् न त आवाज नवै सुन्छन्' भन्दै आलार कालाममाथि प्रसन्नता व्यक्त गरी गयो ।"

६६. "पुक्कुस ! यी मध्ये तिमी कुनचाहिँ दुष्करतर र दुरभिसम्भवतर ठान्दछौ ? जो होश भएर पनि जागृत भएर पनि पाँच पाँच सय गाडाहरू नजिकबाट गएनको न देख्नु र न सुन्नु हो कि जो होश भएर पनि जागृत भएर पनि घनघोर मुसलधारे पानी आएको, बिजुली चम्केको र वज्रपात[47] भएको न देख्नु र आवाज न सुन्नु ?"

"भन्ते ! पाँच सय गाडाहरूले ··· सात सय गाडाहरूले ··· हजारौं हजार गाडाहरूले के गर्न सक्लान् र ! योभन्दा होश भएर पनि जागृत भएर पनि घनघोर मुसलधारे पानी आएको, बिजुली चम्केको र वज्रपात भएको नदेख्नु र आवाज नसुन्नु नै दुष्करतर र दुरभिसम्भवतर छ ।"

[45] यी मल्ल राजकुमारहरू पालो पालो गरी राज्य गर्छन् । राज्य नगर्ने बेलामा व्यापार गर्छन् । यिनी पनि व्यापारमा लागेका थिए र पाँचशय गाडाहरू लिई कुशीनगरबाट यात्राको लागि जाँदै थिए । भनिन्छ कि गाडा लैजाँदा अगाडिबाट बतास चलेको छ ········· अगाडि बसेर जान्छन् । पछाडिबाट बतास लागेको छ भने आफू पछाडि बसी गाडीवानलाई अगाडि बसाल्छन् ।

[46] यी 'आलार कालाम' उही हुन् जसकहाँ सिद्धार्थ कुमार बुद्ध हुनुभन्दा अगाडि एक समय बस्नुभएको थियो । 'आलार' भन्ने उनको नाम हो । 'कालाम' भन्ने उनको गोत्रको नाम हो ।

[47] नौ किसिमका वज्रपातहरू हुन्छन् ।

Downloaded from http://dhamma.digital/

“पुक्कुस ! एकदिन म आतुमाको दाइँ गर्ने ठाउँमा बसेको थिएँ । त्यसबखत घनघोर मुसलधारे पानी पऱ्यो । बिजुली चम्की वज्रपातद्वारा दाइँ गर्ने ठाउँ नजिकैमा दुईजना कृषकहरू र चारवटा गोरूहरू पनि मारिए । पुक्कुस ! अनि आतुमाका मानिसहरू बाहिर आई जुन ती दुईजना कृषकहरू र चारवटा गोरूहरू मारिए त्यहाँ आए । पुक्कुस ! त्यसबेला म दाइँ गर्ने ठाउँबाट बाहिर निस्की दाइँ गर्ने ठाउँको दैलोनिर बाहिर चंक्रमण गरिरहेको थिएँ । पुक्कुस ! अनि ती मासिनहरूमध्येबाट एक पुरूष मकहाँ आयो । मकहाँ आई मलाई अभिवादन गरी एक छेउमा उभियो । एक छेउमा उभिएको सो पुरूषसँग मैले यस्तो भनें - ‘आवुसो ! किन यहाँ मानिसहरू एकत्रित भएका ?’”

‘भन्ते ! अहिले भर्खरै घनघोर मुसलधारे पानी पर्दा बिजुली चम्किँदा र वज्रपात हुँदा दुईजना कृषकहरू र चारवटा गोरूहरू मरे । त्यसैले मानिसहरू एकत्रित भएका हुन् । भन्ते ! तपाई कहाँ हुनुहुन्थ्यो ?’

‘आवुसो ! म यहीँ थिएँ ।’

‘भन्ते ! के तपाईंले देख्नु भएन ?’

‘आवुसो ! अहँ, देखिन ।’

‘भन्ते ! के त आवाज पनि सुन्नुभएन ?’

‘आवुसो ! अहँ, मैले आवाज पनि सुनिनँ ।’

‘भन्ते ! तपाईं निदाउनुभएको थियो ?’

‘आवुसो ! म निदाएको थिइनँ ।’

‘भन्ते ! के तपाईं होशमा हुनुहुन्थ्यो त ?’

‘आवुसो ! थिएँ ।’

“भन्ते ! सो तपाईंमा होश भएर पनि जागृत भएर पनि घनघोर मुसलधारे पानी परी बिजुली चम्किँदा र वज्रपात हुँदा पनि तपाईंले देख्नु भएन र आवाज पनि सुन्नुभएन ?”

‘हो, आवुसो ! सुनिनँ ।’

“पुक्कुस ! अनि सो पुरूषलाई यस्तो लाग्यो - ‘अहो आश्चर्य ! अहो अद्भुत ! यी प्रव्रजित कति शान्तपूर्वक बसेका होलान् । जहाँ कि होश भएर पनि जागृत हुँदा पनि घनघोर मुसलधारे पानी परी बिजुली चम्की र वज्रपात हुँदा पनि यिनले न देखे न त आवज नै सुने भन्दै ममाथि ठूलो प्रसन्नता व्यक्त गरी मलाई अभिवादन र प्रदक्षिणा गरी गयो ।”

Downloaded from http://dhamma.digital/

यसो भन्नुहुँदा पुक्कुस मल्लपुत्रले भगवान्लाई यसो भने - “भन्ते ! जो मेरो आलार कालममाथि प्रसाद थियो त्यो अब ठूलो बतासमा छाडिदिनेछु वा बेसरी बगिरहेको नदीमा बगाइदिनेछु । धन्य हो भन्ते ! धन्य हो भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिँदा, ढाकेकोलाई उघारिदिँदा, बाटो भुलेकोलाई बाटो देखाइदिँदा र अँध्यारोमो दियो बालिदिँदा आँखा हुनेले रूप देख्ने हो, त्यस्तै गरी भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब सो म भगवान्को शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि नमरेसम्म भगवान्ले मलाई उपासक हो भनी धारण गर्नुहोस् ।”

६७. त्यसपछि पुक्कुस मल्लपुत्रले एक पुरूषलाई बोलाए - “हे पुरूष ! तिमीले मलाई सुवर्णवर्णी *(सिङ्गिवण्णं)* एकजोर असल कपडा ल्याइदेओ ।” “हवस् भन्ते !” भनी पुक्कुस मल्लपुत्रलाई प्रत्युत्तर दिई सुवर्णवर्णी एकजोर असल कपडा ल्याइदियो । अनि पुक्कुस मल्लपुत्रले सो कपडा भगवान्लाई चढाए - “भन्ते ! यो सुवर्णवर्णी एकजोर असल कपडा हो । अनुकम्पा राखी भगवान्ले यो कपडा स्वीकार गर्नुहोस् ।”

“पुक्कुस ! त्यस्तो भए एउटा मलाई देऊ र अर्को आनन्दलाई देओ ।”

“हवस्, भन्ते !” भनी पुक्कुस मल्लपुत्रले एउटा भगवान्लाई चढाए । अर्को आयुष्मान् आनन्दलाई चढाए । अनि भगवान्ले पुक्कुस मल्लपुत्रलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नु भयो । भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित … सम्प्रहर्षित भएका पुक्कुस मल्लपुत्र आसबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी गए ।

६८. अनि पुक्कुस मल्लपुत्र गइसकेपछि आयुष्मान् आनन्दले सो सुवर्णवर्णी असल कपडा भगवान्लाई चढाउँदा उहाँको शरीर खरानी नभएको आगो झैं तेजिलो देखिन थाल्यो । अनि आयुष्मान् आनन्दले भगवान्लाई यसो भन्नुभयो - “आश्चर्य हो भन्ते ! अद्‌भुत हो भन्ते ! भन्ते ! तथागतको छविवर्ण कति परिशुद्ध र निर्मल देखिएको ! भन्ते ! यो सवर्णवर्णी असल कपडा भगवान्लाई चढाउने बित्तिकै खरानी नभएको आगो जस्तै तेजिलो देखियो ।”

“आनन्द ! यस्तै हो ! आनन्द ! दुई अवस्थामा तथागतको शरीर अति परिशुद्ध र छविवर्ण अति निर्मल देखिन्छ । कुन दुई अवस्थामा भने - आनन्द ! जुन रातमा तथागतले अनुपम सम्यक् सम्बोधि अवबोध गर्छ र जुन रातमा अनुपादिशेष निर्वाण[48] धातुमा परिनिर्वाण हुन्छ । आनन्द ! यी दुई अवस्थमा तथागतको शरीर अति परिशुद्ध र छविवर्ण अति निर्मल देखिन्छ । आनन्द ! आज रातको अन्तिम याममा कुसीनगरमा मल्लहरूले उपवत्तन भन्ने शालवनमा दुईवटा शालवृक्षको बीचमा तथागत परिनिर्वाण हुनेछ । अतः आनन्द ! जहाँ ककुधा नदी हो त्यहाँ जाऔं ।

[48] पञ्चस्कन्धसहित निरोध हुनेलाई अनुपादिशेष निर्वाण भन्दछन् जबकि क्लेशहरू जम्मै निरोध हुनेलाई ‘स-उपदिशेष निर्वाण’ भन्दछन् ।

“हवस्, भन्ते !” भनी आयुष्मान् आनन्दले प्रत्युत्तर दिनुभयो ।

Downloaded from http://dhamma.digital/

**पुक्कुसले ल्याएर *(बुद्धलाई)* अति तेजिलो दुशाला जोडी अर्पण गरे,**

**त्यो *(दुशाला)* लगाई राख्नु भएका बुद्ध सुवर्ण वर्णझैं तेजिलो हुनुभयो ।**

६९. त्यसपछि भगवान् महत् भिक्षुसङ्घका साथ जहाँ कुकुट्ठा नदी हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि कुकुट्ठा नदीमा नुहाई पानी पिई सरेर जहाँ *(एक)* आम्रवन हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् चुन्दकलाई[49] आमन्त्रण गर्नुभयो -

"हे चुन्दक ! तिमीले मलाई चारदोबरी गरी सङ्घाटी पट्याई बिछ्याइदेओ । चुन्दक ! म क्लान्त छु, लेट्न चाहन्छु ।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान चुन्दकले चारदोबरी गरी सङ्घाटी पट्याई बिछ्याइदिनुभयो । अनि भगवान् दाहिनेतिरबाट सिंहशय्या गरी[50] *(दायाँ)* खुट्टामाथि *(बायाँ)* खुट्टा राखी स्मृतिसम्प्रजन्य भई उठ्ने संज्ञा मनमा राखी लेट्नुभयो । आयुष्मान् चुन्दक पनि त्यहीँ भगवान्को अगाडि बसे ।

"कुकुट्ठ भन्ने नदीमा गई बुद्धले निर्मल, पवित्र तथा मीठो पानी पिउनुभयो । अनि अति थकित हुनुभएका शास्ता तथा यो लोकमा अद्वितीय पुरूष हुनुभएका तथागत नदीमा ओर्लीनुभयो ।"

"नुहाई पानी पिई शास्ता नदी पार जानुभयो । भिक्षुगणका बीचमा बस्नुभएका अग्रपुरूष तथा धर्म प्रवर्तन गर्नुभएका महर्षि शास्ता आम्रवनमा जानुभयो । अनि चुन्दक भन्ने भिक्षुलाई बोलाई - 'लेट्नको निमित्त चारदोबरी गरी *(सङ्घाटी पट्याई)* आसन बिछ्याऊ' भनी भन्नुभयो ।"

"भावितात्म हुनुभएका बुद्धले यसो भन्नुभएको सुनी चुन्दकले हत्त र पत्त चारदोबरी गरी *(सङ्घाटी पट्याई)* आसन बिछ्याइदिए । अनि अति थकित हुनुभएका शास्ता लेट्नुभयो । चुन्दक पनि त्यहाँ *(शास्ताको)* अगाडि बसे ।"

[49]त्यसबखत आयुष्मान् चुन्दक भगवान्को अगाडि हुनुहुन्थ्यो । आयुष्मान् आनन्द चाहिँ त्यसबेला नुहाउने कपडा सुकाउँदै हुनुहुन्थ्यो । यसैले भगवान्ले अगाडि बसिरहेका आयुष्मान् चुन्दकलाई आमन्त्रण गर्नुभएको हो भनी उदा. अ.क.पृ. २८२ःचुन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यी आयुष्मान् चुन्दक आयुष्मान् सारिपुत्रका कान्छा भाइ थिए । अघि उनी भगवान्को उपस्थाक भएका थिए । उनी आनन्द महास्थविरका शिष्य थिए ।

[50] 'सिंहशय्या' भनेको सिंहजस्तै दाहिनेतिरबाट गरिने शय्या हो ।

चार प्रकारका शय्याहरू छन् - (१) कामभोगीशय्या, (२) प्रेतशय्या, (३) तथागतशय्या र (४) सिंहशय्या ।

Downloaded from http://dhamma.digital/

"भिक्षु हो ! कामभोगीहरू धेरैजसो बाँयातिरबाट सुत्छन्" भनेको कामभोगीशय्या हो । "भिक्षु हो ! प्रेतहरू धेरैजसो उत्तानोपरी सुत्छन्" भनेको प्रेतशय्या हो । "भिक्षु हो ! यहाँ तथागत चतुर्थध्यानमा बस्नुहुन्छ" भनेको तथागतशय्या हो । "भिक्षु हो ! सिंह मृगराज दाहिनेतिरबाट सुत्छन्" भनेको सिंहशय्या हो ।

## २२. चुन्दको अन्तिम भोजनको प्रशंसा

७०. अनि आयुष्मान् आनन्दलाई भगवान्ले आमन्त्रण गर्नुभयो - "आनन्द ! सायद चुन्द कुम्मारपुत्रलाई कसैले चिन्तित गराउनको निमित्त *(यस्तो भन्न)* सक्छ - 'आसुसो चुन्द ! तिम्रो लागि अलाभ हो, तिम्रो लागि दुर्लाभ हो, जहाँकि तिम्रो अन्तिम पिण्डपात *(भिक्षा)* भोजन गरी तथागत परिनिर्वाण हुनुभयो ।' आनन्द ! चुन्द कम्मारपुत्रको चिन्तालाई यसरी दूर गराइदिनुपर्छ -

'आवुसो चुन्द ! तिम्रो लागि यो लाभ हो, तिम्रो लागि यो सुलाभ हो, जहाँकि तिम्रो अन्तिम पिण्डपात *(भिक्षा)* भोजन गरी तथागत परिनिर्वाण हुनुभयो । आवुसो चुन्द ! मैले भगवान्कै सम्मुखमा सुनेको हुँ र भगवानकै सम्मुखमा मैले ग्रहण गरेको हुँ' - 'दुई पिण्डपातहरू *(भिक्षाहरू)* समानफलका तथा समान विपाकका छन् । अरू पिण्डपातहरूभन्दा धेरै महत्फलतर र महानिशंसतर छन् । कुन दुई भने महाराज ! जुन पिण्डपात *(भिक्षा)* भोजन गरी तथागतले अनुत्तर सम्यक्सम्बुद्धत्व अधिगमन गर्नुभयो तथा जुन पिण्डपात *(भिक्षा)* भोजन गरी अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण हुनेछ । यी दुई पिण्डपातहरू समानफलका[51] तथा समान विपाकका छन् । अरू पिण्डपातहरूभन्दा धेरै महत्फलतर र महानिशंसतर छन् ।' *(अतः)* 'आयुष्मान् चुन्द कम्मारपुत्रले आयु बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले वर्ण बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले सुख बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले स्वर्ग पुऱ्याइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले यश ल्याइदिने कर्म संचित गरे तथा आयुष्मान् चुन्द कम्मारपुत्रले आधिपत्य ल्याइदिने कर्म संचित गरे ।' *(अतएव)* आनन्द ! चुन्द कम्मारपुत्रको चिन्तालाई यसरी दूर गराइदिनुपर्छ ।"

अनि यस अर्थलाई बुझ्नुभई त्यसबेला भगवान्ले यो उदान प्रकट गर्नुभयो -

**"दिनाले पुण्य बढ्छ, संयमले वैर संचय हुन्न ।**

**ज्ञानीले पापलाई त्याग्छ, रागद्वेषमोहको क्षयद्वारा ऊ निर्वाण प्राप्त गर्छ ।"**

**चतुर्थ भाणवार समाप्त ।**

[51] कसरी समान फलका थिए ? जहाँकि सुजाताले क्षीर भोजन गराउँदा तथागत बोधिसत्व नै थिए तथा सरागी, सद्वेषी, समोही र क्लेशसहितका नै थिए । भोजनपछि मात्र उहाँले बुद्धत्व प्राप्त गर्नु भएको थियो । चुन्दको भोजन चाहिँ उनले वीतरागी, वीतद्वेषी, वीतमोही तथा निक्लेशी हुनुभएका

Downloaded from http://dhamma.digital/

बुद्धलाई दिएका थिए । अर्थात् सुजाताको भोजन चाहिँ सरागी हुनुभएका बोधिसत्वले गरेका थिए र चुन्दको भोजन चाहिँ वीतरागी हुनुभएका बुद्धले गरेका थिए । अनि कसरी समानफल हुन सक्ला ?

यहाँ तीन प्रकारका समानता छन् । जस्तै - (१) परिनिर्वाण-समानता, (२) समापत्ति-समानता, र (३) अनुस्मरणसमानता ।

(१) सुजाताले दिएको भोजन गरेर तथागतस-उपादिशेष *(क्लेशहरू जम्मै निरूद्ध भएका)* निर्वाणधातुमा परिनिर्वाण हुनुभयो । चुन्दले दिएको भोजन गरेर अनुपादिशेष *(पञ्चस्कन्धहरूसमते निरूद्ध भएका)* निर्वाणधातुमा परिनिर्वाण हुनुभयो । यसरी परिनिर्वाण-समानताले गर्दा समानफल भएको हो ।

(२) अभिसम्बुद्ध हुने दिनमा तथागतले अग्रमार्गको हेतु भएको चौबीसकोटी एकलाख *(२४,०१,००,०००)* समापत्तिहरू गर्नुभएको थियो । महापरिनिर्वाण हुने दिनमा पनि ती जम्मै समापत्तिहरू गर्नुभएको थियो । यसरी समापत्ति-समानताले गर्दा समानफल भएको हो । त्यसैले भगवान्ले भन्नुभएको हो -

"भिक्षु हो ! जसको भिक्षा भोजन गरी भिक्षु अप्रमाण समाधिहरूमा बस्छ, यसद्वारा उसले *(दाताले)* धेरै धेरै पुण्य पाउँछ, धेरै धेरै कुशलहरू पाउँछ ··· आदि ।" (अ.नि-४, पृ. ५७-५८: पठमपुञ्ञाभिसन्दनसुत्तं, पुञ्ञाभिसन्दनवग्गो)

(३) पछि गएर जब सुजाताले "उनी वृक्षदेवता थिएनन् । उनी बोधिसत्व थिए । मेरो क्षीर भोजन गरेर उनले सम्यक्सम्बुद्धत्व लाभ गरे । सात सातासम्म त्यस आहारद्वारा उनको यापन भएको थियो" भन्ने कुरा सुनिन् तब "धन्य हो ! मेरो भोजन !" भन्दै आफ्नो दानको अनुस्मरण गर्दा उनको उनका मनमा अपार प्रीति उत्पन्न भएको थियो । त्यस्तैगरी चुन्दलाई पनि अपार प्रीति उत्पन्न भएको थियो । भगवान् परिनिर्वाण भइसकेपछि जब चुन्दले आफूले दिएको भोजनदानको अनुस्मरण गरे तब उनको मनमा - 'अहो मेरो भोजन ! मेरो अन्तिम भोजन भगवान् अनुपादिशेष परिनिर्वाणधातुमा परिनिर्वाण हुनुभयो' भनी अपार प्रीति उत्पन्न भएको थियो । यसरी अनुस्मरण-समानताले गर्दा यी दुई दानका फलहरू समान भनिएको हो भन्ने कुरा बुझ्नसक्नुपर्छ ।

## २३. भगवान् परिनिर्वाण मञ्चतिर

७१. अनि भगवान्ले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो - "आऊ, आनन्द ! जहाँ हिरण्यवती नदीको उता पारिम तीर छ, जहाँ कुशीनाराका मल्लहरूको शालवन उपवन *(उपवत्तन)* छ, त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घ साथ जहाँ हिरण्यवती नदीको उता पारिम तीर छ, जहाँ कुशीनाराका मल्लहरूको शालवन उपवत्तन छ, त्यहाँ जानुभयो । त्यहाँ जानुभई आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो -

Downloaded from http://dhamma.digital/

"आनन्द ! यमक शाल वृक्ष *(दुईवटा शाल रूख)* को बीचमा मेरो निमित्त उत्तर तर्फ सिरान राखी मञ्च *(खाता)* बनाई देओ । आनन्द ! म क्लान्त छु, लेट्न चाहन्छु ।" "हवस्, भन्ते !" भनी आयुष्मानले प्रत्युत्तर दिई यमक शाल वृक्षको बीचमा उत्तर तर्फ सिरान राखी मञ्च बनाई दिनुभयो । अनि भगवान् दाहिनेतिरबाट सिंहशय्या गरी *(दाँया)* खुट्टा माथि *(बाँया)* खुट्टा राखी स्मृतिसम्प्रजन्य भई लेट्नुभयो ।

त्यसबेला ती दुवै शालवृक्ष असमयमै धेरै फूलहरू फुलिरहेका थिए । तथागतको पूजा हेतु ती फूलहरू तथागतको शरीरमाथि छरिएर झरिरहेका थिए । दिव्य चन्दन चूर्ण पनि आकाशबाट वर्षा भईरहेका थिए, ··· दिव्य चन्दन चूर्ण पनि आकाशबाट तथागतको शरीरमाथि छरिएर झरिरहेका थिए । तथागतको पूजा हेतु आकाशमा दिव्य वाद्य बज्न थाल्यो ··· दिव्य संगीत पनि बज्न थाल्यो । आनन्द ! *(परन्तु)* यति गर्दैमा तथागतको सत्कृत, गूरूकृत, मानित, पूजित तथा उपचित हुने होइन । आनन्द ! जब भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू *(मैले उपदेश दिएका)* धर्मको मार्गमा आरूढ भई धर्मानुसार आचरण गरी विहार गर्नेछन्, यथार्थ मार्गमा आरूढ भई पालन गर्नेछन्, वृद्धि गर्नेछन् भन्ने त्यसबेला मात्र तथागतको सत्कृत, गूरूकृत, मानित, पूजित तथा उपचित हुने हुन्छ । अतः तिमीहरूले धर्मको मार्गमा आरूढ भई धर्मानुसार आचरण गरी विहार गरे, यथार्थ मार्गमा आरूढ भई पालन गरे, वृद्धि गरे, आनन्द ! तिमीहरूले सिक्नुपर्छ ।

## उपवानलाई हटाइनु भएको

७३. त्यसबेला आयुष्मान् उपवान भगवान्को अगाडि उभिइ भगवान्लार्य पंखा हम्कँदै हुनुहुन्थ्यो । अनि भगवान्ले उपवानलाई भन्नुभयो - "भिक्षु ! हटेर जाऊ, तिमी मेरो अगाडि उभिई नबस ।" त्यसपछि आयुष्मान् आनन्दलाई यस्तो भयो - 'यी आयुष्मान् उपवान चिरकालदेखि भगवान्को समीपमा बस्ने सन्तिकावचर *(सेवामा अनुचरको रूपमा काम गर्ने)* उपस्थाक हुनुहुन्थ्यो ।' त्यस्तो भए पनि अन्तिम समयमा भगवान्ले उहाँलाई - भिक्षु ! हटेर जाऊ, तिमी मेरो अगाडि उभिई नबस भनी हटाउनुभयो । भन्ते ! भगवान्ले आयुष्मान् उपवानलाई हटाउनु भएको के हेतु के प्रत्यय होला ?"

"आनन्द ! धेरै नै दस लोकधातुका देवताहरू तथागतको *(अन्तिम)* दर्शन गर्न एकत्र भई रहेछन् । आनन्द ! यो बेला यहाँ मल्लहरूको शालवनको चारैतिर बाऱ्ह बाऱ्ह योजनसम्म एउटी केशसम्म राख्ने ठाउँ खाली छैन जहाँ महेशाख्य *(धेरै नै प्रभावशाली भएका)* देवताहरू नहोस् । आनन्द ! ती देवताहरू खिन्न भईरहेका थिए - 'हामी तथागतको दर्शनको निमित्त धेरै टाढाबाट आएका हौं । लोकमा तथागत अरहत् सम्यक्सम्बुद्ध कहिलेकाहीँ मात्र उत्पन्न हुन्छ, आजै रातको अन्तिम प्रहरमा तथागतको परिनिर्वाण हुनेछ । यहाँ भने यी महेशाख्य *(मोटे अथवा प्रतापीवाला)* भिक्षुले छेकेर तथागतको अगाडि उभिरहेछ । अन्तिम समयमा हामीलाई तथागतको दर्शन मिलिरहेको छैन ।'

७४. "भन्ते ! भगवान्ले ती देवताहरूको बारे कसरी देख्नुभएको छ ?

Downloaded from http://dhamma.digital/

"आनन्द ! पृथ्वी संज्ञी देवताहरू आकाशमा आ-आफ्ना केश फिजाएर रोइरहेका छन् । दुवै हातले बाहु *(पाखुरा)* समातेर रोइरहेका छन् । काटेको रूख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर गुडेर विलाप गरिरहेका छन् । - 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै सुगत परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो' ।"

"आनन्द ! पृथ्वी संज्ञी देवताहरू पृथ्वी *(जमिन)* मा आ-आफ्ना केश फिजाएर रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रूख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यताउति लडेर गुडेर विलाप गरिरहेका छन् । - 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै सुगत परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो ।' परन्तु जो ती देवताहरू वीतरागका छन् उनीहरूले स्मृतिसम्प्रजन्य राखी *(धैर्य धारण गरी)* सहन गरिहेका छन् - सङ्खार *(संस्कार)* अनित्य छ, अतः कसरी सधैं पाउन सकिएला ?"

## चार संवेजनीय स्थान

७५. "भन्ते ! पहिले दिशादिशाबाट वर्षावास बसी भिक्षुहरू भगवान्को दर्शन गर्न आइरहन्थे । ती मनोभावनीय भिक्षुहरूको दर्शन तथा सत्संग हामीलाई मिलिरहन्थे । भन्ते ! अब भगवान् नरहनुभएपछि हामीले ती मनोभावनीय भिक्षुहरूको दर्शन पनि पाउँदैनौ होला ।"

"आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त यी चार दर्शनीय, संवेजनीय *(वैराग्यप्रद)* स्थान हुन् । कुन चार स्थान ? यहाँ तथागत उत्पन्न भयो[52] भनी - आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अतुत्तर सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभयो [53] भनी - आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागतले अतुत्तर धर्मचक्र प्रवर्तन *(प्रथम धर्मोपदेश)* गर्नुभयो [54] भनी - आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभयो [55] भनी - आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । - आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । - आनन्द ! यी नै चार स्थान श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुन् ।

"आनन्द ! श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू *(भविष्यमा)* आउने छन् - 'यहाँ तथागत उत्पन्न भएको हो, यहाँ तथागतले अनुत्तर सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभएको हो, यहाँ तथागतले अतुत्तर धर्मचक्र प्रवर्तन *(प्रथम धर्मोपदेश)* गर्नुभएको हो, यहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभएको हो । आनन्द जो कसैको यी चेतियहरूमा चारिका गरी प्रसन्न चित्त राखी मृत्यु हुन्छ, ती सबै मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।"

[52] लुम्बिनी ।

Downloaded from http://dhamma.digital/

53 बुद्धगया ।

54 सारनाथ ।

55 कुशीनार *(कुशीनगर)* ।

## आनन्दको प्रश्न

७६. "भन्ते ! हामीले स्त्रीहरूसित कस्तो व्यवहार गर्नुपर्छ ?"

"आनन्द ! मुख नहेर्नू ।"

"भन्ते ! मुख हेर्नु पऱ्यो भने कसरी व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! कुरा नगर्नू ।"

"भन्ते ! कुरा गर्नु पऱ्यो भने कसरी व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! स्मृतिलाई सम्हाली होश राखेर बस्नू ।"

७७. "भन्ते ! *(निर्वाणेत्तर)* तथागतको शरीरलाई हामीले के गर्नुपर्छ ?"

"आनन्द ! तथागतको शरीर पूजामा तिमीहरू नलाग । आनन्द ! तिमीहरूले सारत्थको निमित्त प्रयत्न गर्नुपर्छ, सारत्थको निमित्त उद्योग गर्नुपर्छ । सारत्थको निमित्त अप्रमादी, उद्योगी, संयमी भई विहार गर्नुपर्छ । आनन्द ! क्षत्रिय पण्डितहरू, ब्राह्मण पण्डितहरू, गृहपति पण्डितहरू तथागतप्रति अभिप्रसन्न छन् । उनीहरूले तथागतको शरीर-पूजा गर्नेछन् ।

७८. "भन्ते ! तथागको शरीरलाई कस्तो व्यवहार गर्न पर्छ ?" "आनन्द ! जस्तो चक्रवर्ती राजाको शरीरलाई व्यवहार गर्नु भर्ने हो त्यस्तै नै तथागतको शरीरलाई पनि गर्नु पर्छ ।"

"भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले *(अहतेन वत्थेन)* बेर्नुपर्छ, त्यसपछि राम्ररी धुलाई राखेको रूवा कपास राखेर फेरि नयाँ वस्त्रले बेर्नुपर्छ । यसरी रूवा कपास र नयाँ वस्त्रले पाँचसय पटक बेरेर राजाको शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को फलामको खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्टादि दाउराको चिता बनाई चक्रवर्ती राजाको शरीरलाई जलाइन्छ । चतुमहापथ *(ठूल ठूला चौबाटो)* मा चक्रवर्ती राजाको स्तूप *(स्मृतिस्तम्भ)* बनाइन्छ । आनन्द ! जसरी चक्रवर्ती राजाको शरीर क्रिया गरिने हो त्यसरी नै तथागतको शरीर क्रिया गर्नुपर्छ । चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ । त्यहाँ जो कसैले माला, गन्ध, चूर्ण चढाउँछ अथवा चित्त प्रसन्न पार्छ उसको निमित्त दीर्घकालसम्म हित सुख हुन्छ ।"

Downloaded from http://dhamma.digital/

## स्तुप बनाउन योग्य पुद्‌गलहरू

७९. "आनन्द ! यी चार स्तूप बनाउन योग्य *(थूपारहो)* छन् । के के चार ? (१) तथागत अरहत् सम्यक्‌सम्बुद्धको *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (२) प्रत्येक बुद्धहरूको *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (३) तथागत अरहत्‌हरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (४) चक्रवर्ती राजाहरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ ।"

"आनन्द ! (१) तथागत अरहत् सम्यक्‌सम्बुद्धको किन स्तूप बनाउन योग्य भएको ? यो उहाँको भगवान् अरहत् सम्यक्‌सम्बुद्धको स्तूप हो - *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यही कारणले तथागत अरहत् सम्यक्‌सम्बुद्धको स्तूप बनाउन योग्य छ ।"

(२) "आनन्द ! प्रत्येकबुद्धहरूको किन स्तूप बनाउन योग्य भएको ? यो प्रत्येकबुद्धको स्तूप हो - *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यही कारणले प्रत्येकबुद्धहरूको स्तूप बनाउन योग्य छ ।"

(३) "आनन्द ! तथागतको श्रावकहरूको किन स्तूप बनाउन योग्य भएको ? यो तथागतको श्रावकको स्तूप हो - *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यही कारणले तथागतको श्रावकहरूको स्तूप बनाउन योग्य छ ।"

(४) "आनन्द ! चक्रवर्ती राजाको किन स्तूप बनाउन योग्य भएको ? यो धार्मिक, धर्मराजा चक्रवर्तीको स्तूप हो - *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यही कारणले तथागतको श्रावकहरूको स्तूप बनाउन योग्य छ ।"

## आनन्दको आश्चर्य-धर्म

८०. अनि, आयुष्मान् आन्नद विहारभित्र गएर खापाको आग्लो *(द्वारकाष्ठ)* पक्रेर उभिएर रोइरहे - 'म शैक्ष छु, सकरणीय छु । जो मेरा अनुकम्पक हुनुहुन्छ, मेरो शास्ता हुनुहुन्छ *(अब)* परिनिर्वाण भएर जाँदै हुनुहुन्छ ।' अनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो - "भिक्षु हो ! आनन्द कहाँ छ ?"

"भन्ते ! उहाँ आयुष्मान् आनन्द विहारभित्र गएर खापाको आग्लो पक्रेर उभिएर - 'म शैक्ष छु, सकरणीय छु । जो मेरा अनुकम्पक हुनुहुन्छ, मेरो शास्ता हुनुहुन्छ *(अब)* परिनिर्वाण भएर जाँदै

Downloaded from http://dhamma.digital/

हुनुहुन्छ' भनी रोइरहनुभएको छ । अनि भगवान्ले कुनै एकजना भिक्षुलाई आमन्त्रण गर्नुभयो - यता आऊ भिक्षु ! मेरो वचनले तिमी आनन्दलाई बोलाउनू - "आवुसो आनन्द ! शास्ताले तिमीलाई बोलाइरहनु भएको छ ।" "हवस्, भन्ते !" भनी त्यो भिक्षुलाई प्रत्युत्तर दिई जहाँ आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई आयुष्मान् आनन्दलाई यस्तो भने - "आवुसो आनन्द ! तथागतले तपाईंलाई बोलाउनुभएको छ ।" "हवस्, आवुसो ! भनी त्यस भिक्षुलाई प्रत्युत्तर दिई आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दलाई भगवान्ले भन्नुभयो - "आनन्द ! भैगो, शोक नगर, नरोओ । आनन्द ! मैले पहिले नै भनेको थिएन र - सबै प्रिय मनापसित बिछोड हुनुपर्छ, छोड्नुपर्छ, सधैं कहाँ सँगै बस्न पाइएला ? जति पनि उत्पन्न *(जन्मेका)* छन्, ती सबै भूत संस्कारका हुन्, ती सबै परलोक धर्मका हुन् । तथागतको शरीर पनि नाश नहोस् भन्ने कुरा सम्भव छैन । आनन्द ! तिमीले दीर्घरत अर्थात् दीर्घकालदेखि हितमय सुखमय एवं अपरिमित मैत्रीपूर्ण कायकर्मद्वारा तथागतको सेवा परिचर्या गरेका छौ ··· मैत्रीपूर्ण वचन कर्मद्वारा तथागतको सेवा परिचर्या गरेका छौ ··· मैत्रीपूर्ण मनःकर्मद्वारा तथागतको सेवा परिचर्या गरेका छौ । आनन्द ! तिमी कृतपुण्य अर्थात् पुण संग्राहक हौ । निर्वाण साधना *(प्रधान)* मा मन लगाएर चाँडै नै अनास्रव हुनेछौ ।"

८१. त्यसपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भिक्षु हो ! जो ती अतीत समयका तथागत अरहत् सम्यक्सम्बुद्ध थिए उहाँ भगवान्हरूका उपस्थाक पनि त्यतिकै परम उपस्थाक थिए जति हाम्रा आनन्द छन् । भिक्षु हो ! जो ती भविष्यमा हुने तथागत अरहत् सम्यक्सम्बुद्ध हुनुहुने छन् उहाँ भगवानहरूका उपस्थाक पनि त्यतिकै परम उपस्थाक हुनेछन् जति हाम्रा आनन्द छन् । भिक्षु हो ! आनन्द पण्डित छ । भिक्षु हो ! आनन्द मेधावी छ । ऊ जान्दछ कि यो भिक्षुहरूको तथागत दर्शन गर्न जाने समय हो ··· भिक्षुणीहरूको ··· उपासकहरूको ··· उपासिकाहरूको ··· महामात्यहरूको ··· तैर्थिकहरूको ··· तैर्थिक-श्रावकहरूको तथागत दर्शन गर्न जाने समय हो ।"

८२. "भिक्षु हो ! आनन्दसित यी चार आश्चर्य-अद्भुत-धर्महरू छन् । के के चार ? (१) यदि भिक्षु परिषद् आनन्दको दर्शन गर्न आयो भने उसको दर्शनैबाट सन्तुष्ट हुन्छ । यदि आनन्दले धर्मकोबारे भाषण गर्छ भने भिक्षु परिषद् त्यसलाई सुनी सन्तुष्ट हुन्छ । बरू त्यो भिक्षुपरिषद् त्यसबेला असन्तुष्ट हुन्छ जुनबेला आनन्द भाषण सिध्याई चुप हुन्छ । (२) यदि भिक्षुणी परिषद् ··· । (३) यदि उपासक परिषद् ··· । (४) यदि उपासिका परिषद् ··· *(पूर्ववत्)* ··· । यही चार आश्चर्य-अद्भुत गुण धर्महरू आनन्दसित छन् ।"

"भिक्षु हो ! चक्रवर्ती राजासित यी चार आश्चर्य-अद्भुत-धर्महरू छन् । के के चार ? (१) यदि क्षत्रिय परिषद् चक्रवर्ती राजाको दर्शन गर्न आयो भने उसको दर्शनैबाट सन्तुष्ट हुन्छ । यदि चक्रवर्ती राजाले भाषण गर्छ भने क्षत्रिय परिषद् त्यसलाई सुनी सन्तुष्ट हुन्छ । बरू त्यो क्षत्रिय परिषद् त्यसबेला असन्तुष्ट हुन्छ जुनबेला चक्रवर्ती राजा भाषण सिध्याई चुप हुन्छ । (२) यदि ब्राह्मण परिषद् ··· । (३) यदि गृहपति परिषद् ··· । (४) यदि श्रमण परिषद् ··· *(पूर्ववत्)* ··· । भिक्षु हो ! यही चार अद्भुत गुण धर्महरू चक्रवर्ती राजासित छन् । भिक्षु हो ! आनन्दसित यी नै चार आश्चर्य-अद्भुत-धर्महरू छन् । के के चार ? (१) यदि भिक्षु परिषद् आनन्दको दर्शन गर्न आयो भने

Downloaded from http://dhamma.digital/

उसको दर्शनैबाट सन्तुष्ट हुन्छ । यदि आनन्दले धर्मकोबारे भाषण गर्छ भने भिक्षु परिषद् त्यसलाई सुनी सन्तुष्ट हुन्छ । बरू त्यो भिक्षुपरिषद् त्यसबेला असन्तुष्ट हुन्छ जुनबेला आनन्द भाषण सिध्याई चुप हुन्छ । (२) यदि भिक्षुणी परिषद् … । (३) यदि उपासक परिषद् … । (४) यदि उपासिका परिषद् … *(पूर्ववत्)* … । भिक्षु हो ! यी नै चार अद्‌भुत गुण धर्महरू आनन्दसित छन् ।"

## महासुर्दशन राजाको कथा

८३. आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो निवेदन गरे - "भन्ते ! भगवान् यस्तो सानो नगरमा, जंगली प्रदेशमा, शाखा नगरमा परिनिर्वाण नहुनुहोस् । भन्ते ! धेरैधेरै ठूलठूला महानगरहरू छन्, जस्तो कि चम्पा, राजगृह, श्रावस्ती, साकेत, कौशाम्बी, वाराणसी । त्यहाँ भगवान् परिनिर्वाण हुनुहोस् । त्यहाँ तथागतप्रति अभिप्रसन्न भएका धेरैधेरै क्षत्रिय महाशाल *(धनाढ्य)* हरू, ब्राह्मण महाशालहरू, गृहपति महाशालहरू छन् । तिनीहरूले तथागतको शरीरलाई पूजा गर्नेछन् ।"

"आनन्द ! यस्तो नभन । आनन्द यस्तो सानो नगर, जंगली प्रदेश, शाखा नगर - नभन । आनन्द ! प्राचीन कालमा यहाँ धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता, जनपदमा प्रख्यात भएका शान्ति स्थापक सात रत्न सम्पन्न भएका महासुदस्सन *(महासुर्दशन)* चक्रवर्ती राजा भएका थिए । आनन्द ! महासुदस्सन राजाको यहीँ नै कुसीनारा 'कुशावती' नामक पूर्व-पश्चिम १२ योजन लमाइ, उत्तर दक्षिण सात योजन चौडाइ भएको राजधानी थियो । आनन्द ! कुशावती राजधानी समृद्ध थियो, धनधान्य सम्पन्न, जनाकीर्ण तथा सुभिक्षमय थियो । जस्तो कि, आनन्द ! देवताहरूको आलकमंदा नामको नगर समृद्ध … थियो । आनन्द ! यही प्रकारले कुशावती राजधानी समृद्ध थियो, धनधान्य-सम्पन्न, जनाकीर्ण तथा सुभिक्षमय थियो । आनन्द ! यस नगरमा रात दिन *(चौबीसै घण्टा)* दश प्रकारको शब्द लगातार गुँजिरहन्थे, जस्तो कि (१) हात्तीको आवाज, (२) घोडाको आवाज, (३) रथको आवाज, (४) भेरीको शब्द, (५) मृदङ्गको स्वर, (६) वीणाको स्वर, (७) गीताको शब्द, (८) शंखको स्वर, (९) लयबद्ध हातहरूको ताली तथा (१०) स्नान गर्नुहोस् खानुहोस्, पिउनुहोस् आदि शब्द । जाऊ आनन्द ! कुशीनगरमा गई कुसीनारावासी मल्लहरूलाई भन - "वाशिष्ठ ! आज रातको अन्तिम प्रहरमा तथागतको परिनिर्वाण हुँदैछ । आओ, वाशिष्ठहरू हो ! आऔं, पछि पश्चाताप नगर - "हाम्रै ग्राम क्षेत्रमा तथागतले परिनिर्वाण हुनुभएर पनि हामीले अन्तिम समयमा तथागतको दर्शन गर्न पाएनौं ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिएर चीवर पहिरी पात्र चीवर धारण गरी एक जना भिक्षु साथ कुसीनारामा प्रवेश गर्नुभयो ।

## मल्लहरूद्वारा वन्दना

८४. त्यस बेला कुसीनारावासी मल्लहरू केही *(विशेष)* कामले संस्थागारमा भेला भईरहेका थिए । अनि आयुष्मान् आनन्द जहाँ कुसीनाराको मल्लहरूको संस्थागार हो, त्यहाँ जानुभयो । त्यहाँ जानुभई कुसीनारावासी मल्लहरूलाई यसो भन्नुभयो - 'वाशिष्ठहरू हो ! आज रातको अन्तिम

Downloaded from http://dhamma.digital/

प्रहरमा तथागतको परिनिर्वाण हुँदैछ । आऔं वाशिष्ठहरू हो ! आऔं, पछि पश्चाताप नगर - हाम्रै ग्राम क्षेत्रमा तथागतले परिनिर्वाण भएर पनि हामीले अन्तिम समयमा तथागतको दर्शन गर्न पाएनौं' । आयुष्मान् आनन्दको कुरा सुनी मल्लहरू, मल्पुत्रहरू, मल्लवधुहरू, मल्ल प्रजापतिहरू दुःखित दुर्मना, दुःख समर्पित-चित्त राखी कुनै-कुनै त केश छाडी रोइरहेका थिए । दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रूख ढलेझैं जमिनमा लडेर यताउति लडेर, गुडेर विलाप गरिरहेका थिए - 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो' । अनि मल्लहरू ... दुःखित दुर्मना, दुःख समर्पित ... भई जहाँ उपवत्तन मल्लहरूको शालवन हो, जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो, त्यहाँ गए । त्यसपछि आयुष्मान् आनन्दलाई यस्तो भयो - 'यदि मैले कुसीनाराका मल्लहरूलाई एकएक गरी भगवान्लाई वन्दना गराउँ भने भगवान्लाई कुसीनाराका मल्लहरूबाट अभिवन्दित गराउँदैमा आजको रात बितेर जानेछ । अतः किन म कुसीनाराका मल्लहरूको एउटाएउटा कुल क्रमअनुसार भगवान्लाई यसरी वन्दना नगराउँ - 'भन्ते ! अमुक मल्ल सपुत्र, सभार्या, स-परिषद्, स-अमात्य भगवान्को चरणमा शिरले वन्दना गर्दछ ।' अनि आयुष्मान् आनन्दले कुसीनाराका मल्लहरूलाई एकएक कुल क्रमअनुसार *(यही रीतले)* भगवान्लाई वन्दना गराए । - 'भन्ते ! अमुक मल्ल ... सपुत्र, सभार्या, स-परिषद्, स-अमात्य भगवान्को चरणमा शिरले वन्दना गर्दछ ।' यस उपायबाट त्यो रात्रिको प्रथम प्रहरमै ती मल्लहरूद्वारा भगवान्लाई वन्दना गर्ने क्रम पूरा भयो ।

## सुभद्द परिव्राजकको प्रव्रज्या

८५. त्यसबखत सुभद्द *(सुभद्र)* भन्ने परिव्राजक कुसीनगरमा बसिरहेका थिए । अनि सुभद्द परिव्राजकले 'आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ' भन्ने सुने । अनि सुभद्द परिव्राजकलाई यस्तो लाग्यो - "परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिलेकाहीं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भनी भनेका कुरा मैले सुनेको छु । आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ भन्ने पनि सुन्दछु । ममा यस्तो शंका लागेको छ । श्रमण गौतममाथि म यति प्रसन्न छु - श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुने छ ।" यति सोची सुभद्द परिव्राजक जहाँ उपवत्तन भन्ने मल्लहरूको शालवन हो, जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दसँग बिन्ती गरे - "भो आनन्द ! मैले परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिलेकाहीं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भन्ने कुरा सुनेको छु । आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ । ममा यस्तो शंका लागेको छ । श्रमण गौतममाथि म यति प्रसन्न छु - श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुने छ । त्यसैले भो आनन्द ! मलाई श्रमण गौतमको दर्शन गर्ने मौका दिनुभए बेश हुने थियो ।" यस्तो भन्दा आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यसो भन्नुभयो - "आवुसो सुभद्द ! भइहाल्यो, तथागतलाई कष्ट नदेओ । भगवान् थाक्नुभएको छ ।" दोस्रो पटक पनि ... तेस्रो पटक पनि सुभद्द परिव्राजकले जेठापाका आचार्य प्राचार्यहरूले 'कहिलेकाहीं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भनी भन्ने कुरा सुनेको छु । आजकै

Downloaded from http://dhamma.digital/

रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ । मलाई यस्तो शंका लागेको छ । श्रमण गौतममाथि म यति प्रसन्न छु - श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुनेछ । त्यसैले भो आनन्द ! मलाई श्रमण गौतमको दर्शन गर्ने मौका दिनुभए बेश हुने थियो ।" तेस्रो पटक पनि आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यसो भने - "आवुसो सुभद्द ! भइहाल्यो, तथागतलाई कष्ट नदेओ । भगवान् थाक्नुभएको छ ।"

८६. अनि भगवान्ले आयुष्मान् आनन्दको सुभद्द परिव्राजकसँग भईरहेको कुराकानी सुन्नुभयो । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो - "आनन्द ! भइहाल्यो, सुभद्दलाई नरोक, आनन्द ! सुभद्दले तथागतको दर्शन पाऊन् । जति पनि सुभद्दले मसँग सोध्नेछन्, त्यो सबै जान्ने अभिप्रायले सोध्नेछन्, दुःख दिने अभिप्रायले होइन । जुन प्रश्नको उत्तर बताउनेछु त्यो उनले चाँडै नै बुझ्नेछन् ।" अनि आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यसो भन्नुभयो - "सुभद्द ! जाऊ, भगवान्ले अवकाश दिनुहुन्छ ।" अनि सुभद्द परिव्राजक भगवान् जहाँ हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सुभद्द परिव्राजकले भगवान्लाई यस्तो बिन्ती गरे - "भो गौतम ! जो ती श्रमण ब्राह्मणहरू संघी, गणी, गणाचार्य, प्रख्यात, यशस्वी, तीर्थकर र धेरै जनाको साधुसम्मत हुन् जस्तै - पूरण कश्यप, मक्खली गोशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र र निगण्ठनाटपुत्र हुन् । के ती सबैले आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् ? वा गरेका छैनन् ? अथवा केहीले साक्षात्कार गरेका छन्, केहीले गरेका छैनन् ? …"

"सुभद्द ! ती सबैले आ-आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् वा छैनन् अथवा केहीले साक्षात्कार गरेका छन्, केहीले गरेका छैनन् भन्ने यो कुरा छाडिदेओ । सुभद्द ! म तिमीलाई धर्मोपदेश गर्नेछु । त्यो राम्ररी सुन, मनमा राख, भन्नेछु ।"

"हवस् भन्ते !" भनी सुभद्द परिव्राजकले भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो -

८७. "सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइँदैन श्रमण पनि त्यहाँ पाईदैन । दोस्रो श्रमण पनि त्यहाँ पाईदैन । तेस्रो श्रमण पनि त्यहाँ पाईदैन । चौथो श्रमण पनि त्यहाँ पाईदैन । सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ; श्रमण पनि त्यहाँ पाइन्छ । दोस्रो श्रमण पनि त्यहाँ पाइन्छ । सुभद्द ! धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ । सुभद्द ! यहीं श्रमण पाइन्छ । यहीं दोस्रो श्रमण, यहीं तेस्रो श्रमण, यहीं चौथो श्रमण पाइन्छ । अरू वादमा श्रमणहरू शून्य छन् । सुभद्द ! यी भिक्षुहरू यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुने छैन ।"

"सुभद्द ! उनन्तीस वर्षको उमेरमा जो म किंकुशल गवेशी भई प्रव्रजित भएँ ।

"सुभद्द ! अहिले प्रव्रजित भएको पचास वर्षभन्दा बढी भइसक्यो ।

न्याय धर्मको *(आर्यमार्गको)* प्रदेशमा यसभन्दा बाहिर श्रमण पनि छैन ।"

Downloaded from http://dhamma.digital/

दोस्रो श्रमण पनि छैन, तेस्रो श्रमण पनि छैन, चौथो श्रमण पनि छैन । श्रमणहरूबाट परवाद शून्य छन् । सुभद्द ! यी भिक्षुहरू यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुने छैन ।"

यस्तो भन्नुहुँदा सुभद्द परिव्राजकले भगवान्लाई यस्तो भने - "धन्य हो भन्ते ! धन्य हो भन्ते ! ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिँदा वा ढाकिएकोलाई उघारिदिँदा वा बाटो भुलेकोलाई बाटो देखाइदिँदा अथवा अन्धकारमा तेलको दियो बालिदिँदा आँखा हुनेहरूले रूपहरू देख्ने हुन् त्यस्तैगरी भगवान्ले मलाई अनेक प्रकारले धर्म-प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान् समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"सुभद्द ! जो अघि अन्यतीर्थिय *(अन्य सम्प्रदायका साधु)* भएकाले - यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा हुन चाहन्छन् भने उसले चार महिनासम्म परिवास बस्नुपर्छ । चार महिना बितेपछि यदि भिक्षुहरू सन्तुष्ट भएमा *(उनीहरूले)* प्रव्रजित र भिक्षुत्वको निमित्त उपसम्पदा पनि गर्छन् । किन्तु मलाई व्यक्ति विशेषता पनि थाहा छ ।"

"भन्ते ! यदि पहिले अन्यतीर्थिय भएकाले - यस धर्मविनयमा प्रव्रज्या तथा उपसम्पदा चाहेमा - चार महिला परिवास बस्नुपर्छ र चार महिना बितेपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्छन् भने म चारवर्ष परिवास बस्नेछु । चारवर्ष पूरा भएपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त मलाई प्रव्रज्या र उपसम्पदा गरून् ।"

अनि भगवान्ले आयुष्मान् आनन्दलाई बोलाउनुभयो - "त्यस्तो भए आनन्द ! सुभद्दलाई प्रव्रज्या गर ।" "हवस भन्ते ! भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । अनि सुभद्द परिव्राजकले आयुष्मान् आनन्दलाई यसो भने[56] - "आवुसो आनन्द ! यो तपाईंहरू सबैको निमित्त लाभ हो । आवुसो आनन्द ! यो तपाईंहरू सबैको निमित्त सुलाभ हो ! ! जो यहाँ तपाईंहरूले शास्ताको समक्ष अन्तेवासिक अभिषेकले अभिषेक लिन पाउनुभयो ।" सुभद्द परिव्राजकले भगवान्समक्ष प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही छिनपछि एकान्तवासमा बसी अपमत्त भई, आतप्तयुक्त वीर्य गरिरहँदा चाँडै आयुष्मान् सुभद्दले जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन् - त्यो अनुत्तर फल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बसे । जन्म क्षीणभयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै कारण छैन" भन्ने पनि जाने । आयुष्मान् सुभद्द अरहत्हरूमध्येमा एक भए । उहाँ भगवान्का अन्तिमक साक्षिश्रावक[57] हुन् ।

56 आचार्य अमृतानन्दले यहाँ यसरी अनुवाद गर्नु भएको थियो - "आवुसो आनन्द ! यो मेरो निमित्त लाभ हो । आवुसो आनन्द ! यो निमित्त सुलाभ हो ! ! जो यहाँ मैले शास्ताको समक्ष अन्तेवासिक अभिषेकले अभिषेक लिन पाएँ । बु.का.प. III. पृ. २६५ ।

57 भगवान्को जीवनकालमा भगवान् समक्ष प्रव्रजित भई अरहत्फल पाउने श्रावकहरूलाई 'साक्षिश्राव' भनिन्छ । यी सुभद्द पनि भगवान् समक्ष प्रव्रजित भई भगवान् छँदा नै अरहत्व

Downloaded from http://dhamma.digital/

प्राप्त गर्ने भगवान्‌का अन्तिम श्रावक शिष्य थिए । त्यसैले उहाँलाई 'साक्षिश्रावक' भनिएको हो ।

**पञ्चम भाणवार समाप्त ।**

## तथागतको अन्तिम वचन

८९. त्यसपछि भगवान्‌ले आयुष्मान् आनन्दलाई यस्तो आज्ञा गर्नुभयो - "आनन्द ! सायद तिमीहरूलाई यस्तो लाग्न सक्छ - बितेका *(अतीत)* शास्ताको यो वचन हो, *(अब)* हाम्रा शास्ता छैनन् । आनन्द ! यस्तो मनमा लिनुहुन्न । आनन्द ! जुन धर्म र विनय देशना गरेको हो प्रज्ञप्त गरेको हो, म नभइसकेपछि त्यही धर्म र विनय तिमीहरूको शास्ता हुनेछन् । आनन्द ! जसरी हिजो आज भिक्षुहरू एक आपसमा 'आवुसो' भनी सम्बोधन गर्छन्, म नभएपछि त्यसरी नै सम्बोधन गरी कुरा नगर्नू । आनन्द ! स्थविरतर *(उपसम्पदा प्रव्रज्यामा जेष्ठ)* भिक्षुहरूले नवकतर *(उपसम्पदा प्रव्रज्यामा कान्छो)* गोत्र अथवा आवुसो भनी बोलाउनु । नवकतर भिक्षुले स्थविरतरलाई 'भन्ते' अथवा 'आयुष्मान्' भनी बोलउने गर । आनन्द ! इच्छा भएमा म नभएपछि सङ्घले स-साना *(क्षुद्र-अनुक्षुद्र)* शिक्षापदहरूलाई छाड्न सक्छ । आनन्द ! म नभएपछि छन्द भिक्षुलाई ब्रह्मदण्ड देओ ।

"भन्ते ! ब्रह्मदण्ड भनेको के हो ?"

"आनन्द ! छन्न भिक्षु अरू भिक्षुहरूलाई जे भने तापनि भिक्षुहरूले उसित केही पनि नबोल्नू, उपदेश नदिनू, अनुशासन नगर्नू ।"

९०. त्यसपछि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भिक्षु हो ! बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा प्रतिप्रदा *(उपाय)* बारे कोही एकजना भिक्षुको पनि शंका *(सन्देह)* छ भने सोध । भिक्षु हो ! पछि पटुताउनु नपरोस् - 'शास्ता हाम्रा सम्मुख हुनुहुन्थ्यो, हामीले भगवान्‌को सम्मुख केही पनि सोध्न पाएनौं ।' यस्तो आज्ञा हुँदा ती भिक्षुहरू केही पनि नबोलीकन मौन भईरहे । दोस्रो पटक पनि भगवान्‌ले ··· *(पूर्ववत्)* ··· तेस्रो पटक पनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भिक्षु हो ! बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा कांक्षा छ भने सोध । भिक्षु हो ! पछि पटुताउनु नपरोस् - 'शास्ता हाम्रा सम्मुख हुनुहुन्थ्यो, हामीले भगवान्‌को सम्मुख केही पनि सोध्न पाएनौं ।' यस्तो आज्ञा हुँदा ती भिक्षुहरू केही पनि नबोलीकन मौन भईरहे । *(फेरि तथागतले भन्नुभयो -)* भिक्षु हो ! तथागतप्रति गौरव राखी *(सङ्कोचको कारण)* तिमीहरूले तथागतसँग नसोधेको हो भने तिमीहरूले आफ्ना सहायक *(मित्र भिक्षुहरू)* मार्फत सोध । यस्तो आज्ञा हुँदा पनि ती भिक्षुहरू केही पनि नबोलीकन मौन भईरहे । त्यसपछि आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो बिन्ती गरे - "आश्चर्य हो, भन्ते ! अद्भुत हो, भन्ते ! आज म यो भिक्षुसङ्घप्रति यो देखेर अत्यन्त प्रसन्न भईरहेको छु कि यो *(यति ठूलो)*

Downloaded from http://dhamma.digital/

भिक्षुसङ्घमा एक जना पनि त्यस्तो भिक्षु छैन जसलाई बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा उपायको बारे कुनै शंका अथवा कांक्षा विमति, *(मतभेद)* होस् ।

"आनन्द ! तिमीले त यसरी श्रद्धापूर्वक भनिरहेछौ । *(परन्तु)* तथागतले साक्षत *(प्रतक्ष)* जान्दछ कि यो भिक्षुसङ्घमा उपस्थित एक जना पनि भिक्षुसित बुद्ध, धर्म, सङ्घ, मार्ग वा आचरणको बारे कुनै पनि शंका, सन्देह, कांक्षा, विमति छैन । आनन्द ! यी पाँचसय भिक्षुहरूमध्ये सबभन्दा कान्छो *(पश्चिमक = सबभन्दा पछि प्रव्रज्या प्राप्त गरेको)* भिक्षु पनि स्रोतापन्न, दुर्गतिमा नपड्ने, निश्चित सम्बोधि-परायण भएको छ ।

९१. अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "हन्त भिक्षु हो ! अब म भन्दछु कि - सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर । *(वयधम्मा सङ्खारा अप्पमादेन सम्पादेश)* ।" तथागतको यो अन्तिम वचन हो ।

## परिनिर्वाणको कथा

९२. अनि भगवान् प्रथमध्यानमा बस्नुभयो । प्रथमध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नु भई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो[58] । चतुर्थध्यानबाट उठ्नुभई आकाशानन्त्यायतन *(ध्यान)* मा बस्नुभयो । आकाशानन्त्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतन *(ध्यान)* मा बस्नुभयो । विज्ञानन्त्यायतनबाट उठ्नुभई आकिञ्चन्यायतन *(ध्यान)* मा बस्नुभयो । आकिञ्चन्यायतनबाट उठ्नुभई नैवसंज्ञानासंज्ञायतन *(ध्यान)* मा बस्नुभयो । नैवसंज्ञानासंज्ञायतनबाट उठ्नुभई संज्ञावेदयितनिरोध *(ध्यान)* मा बस्नुभयो ।

संज्ञावेदयितनिरोधबाट उठ्नुभई नैवसंज्ञानासंज्ञायतनमा बस्नुभयो । नैवसंज्ञानासंज्ञायतनबाट उठ्नुभई आकिञ्चन्यायतनमा बस्नुभयो । आकिञ्चन्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतन बस्नुभयो । विज्ञानन्त्यायतनबाट उठ्नुभई आकाशानन्त्यायतनमा बस्नुभयो । आकाशानन्त्यायतनबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानबाट उठ्नुभई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नुभई प्रथमध्यानमा बस्नुभयो ।

*(त्यसपछि फेरि)* प्रथमध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नु भई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानबाट उठ्नुभई तदनन्तर भगवान् परिनिर्वाण हुनुभयो[59] ।

[58] भगवान्ले यहाँनिर संक्षेपरूपमा चौबीस (२४) ठाउँहरूमा प्रथमध्यानहरू गर्नुभयो, तेह्र (१३) ठाउँहरूमा द्वितीय र तृतीयध्यानहरू गर्नुभयो र प्रन्ध (१५) ठाउँहरूमा चतुर्थध्यानहरू गर्नुभयो । कसरी भने ? -

Downloaded from http://dhamma.digital/

दश अशुभहरू (१०), द्वात्रिंसाकार (१) आठ कसिणहरू (८), मैत्री, करूणा, मुदिता (३), आनापानस्मृति (१) तथा अवकाशपरिच्छेद (१) गरी जम्मा चौबीस (२४) स्थानहरूमा प्रथमध्यानहरू गर्नुभयो । द्वात्रिंसाकार र दशवटा कसिणहरू छाडी बाँकी तेह्र (१३) स्थानहरूमा द्वितीय र तृतीयध्यानहरू गर्नुभयो । आठ (८) कसणहरू, उपेक्षा ब्रह्मविहार (१), आनापानस्मृति (१), अवकाश परिच्छेद (१), र चार (४) अरूपहरू गरी जम्मा प्रन्ध (१५) स्थानहरूमा चतुर्थध्यानहरू गर्नुभयो । यो पनि संक्षेप रूपमा हो । निर्वाणपुरमा प्रवेश गर्नुभन्दा अगाडि विदेशमा जानेहरूले आफ्ना सबै ज्ञातिबन्धुहरूलाई भेट्ने झैं धर्मस्वामी तथागतले पनि सबै चौबीसकोटी एकलाख (२४,०१,००,०००) (चतुबीसतिकोटिसतसहस्स सङ्ञाता) समापत्ति सुखहरू अनुभव गर्नु भई निर्वाणपुरमा प्रवेश गर्नुभएको थियो ।

59 'परिनिर्वाण हुनुभयो' भन्ने कुराको स्पष्टिकरणको निमित्त अर्थात् कुन अवस्थामा परिनिर्वाण हुनुभयो भन्ने कुरा जान्नको निमित्त यी कुराहरू उल्लेखनीय हुन्छन् -

यहाँ (१) ध्यानसमनन्तर र (२) प्रत्यवेक्षणासमनन्तर भन्ने दुई समनन्तरहरू छन् ।

(१) चतुर्थध्यानबाट उठी भवाङ्ग अवस्थामा अवतरण भई सोही अवस्थामै परिनिर्वाण हुनेलाई 'ध्यानसमन्तर' भन्दछन् ।

(२) चतुर्थध्यानबाट उठी पुनःध्यानाङ्गहरूको प्रत्यवेक्षणा गरी भवाङ्ग अवस्थामा अवतरण भई सोही अवस्थामै परिनिर्वाण हुनेलाई 'प्रत्यवेक्षणासमन्तर' भन्दछन् ।

तथागत भने ध्यानबाट उठ्नुभई ध्यानाङ्गहरू प्रत्यवेक्षणा गर्नुभई भवाङ्ग चित्तमा अव्याकृत अवस्थामा दुःखसत्यमा परिनिर्वाण हुनुभयो । बुद्ध, प्रत्येकबुद्ध, आर्यश्रावकहरू मात्र होइनन् बल्कि सानाभन्दा साना प्राणीहरूको मृत्यु पनि भवाङ्ग चित्तमा, अव्याकृत अवस्थामा तथा दुःखसत्यमा नै हुन्छन् । सार.प. I पृ. १७४: परिनिब्बानसुत्तवण्णना र सुमं. वि. II. पृ. ३०७ महापरिनिब्बानसुत्तवण्णना ।

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथसाथै सहम्पति ब्रह्माले यो गाथा प्रकट गरे -

"लोकका सबै प्राणीहरूले एक न एकदिन छाडेर जानेछन्, जहाँ कि लोकका अद्वितीय शास्ता दशविधज्ञान-बल प्राप्त तथागत सम्बुद्ध जस्ता पनि परिनिर्वाण हुनुभयो ।"

**"अनिच्चा वत सङ्खारा, उप्पादवय धम्मिनो ।**

**उप्पज्जित्वा निरूज्झन्ति, तेसं वूपसमो सुखो'ति ॥"**

"सबै संस्कारहरू अनित्य हुन्, उत्पन्न हुनु र विनाश हुनु - स्वभावधर्म हुन्, उत्पन्न भई निरूद्ध हुन्छन्, ती संस्कारहरूको उपशान्त हुनु नै सुख हो ।"

भगवान्को परिनिर्वाणको साथ-साथै आयुष्मान् अनुरूद्धले ती गाथाहरू प्रकट गर्नुभयो -

Downloaded from http://dhamma.digital/

**"नाहु अस्सासपस्सासो, ठितचित्तस्स तादिनो ।**

**अनेजो सन्तिमारब्भ, चक्खुमा परिनिब्बुतो ॥**

**"असल्लीनेन चित्तेन, वेदनं अज्झवासयि ।**

**पज्जोतस्सेव निब्बानं, विमोक्खो चेतसो अहू'ति ॥"**

"स्थितचित्त तथा अचल हुनुभएका *(तथागत)* को आश्वासप्रश्वास भएन, तृष्णा रूपी रजबाट मुक्त भई अनेज *(निर्मल)* हुनुभएका चक्षुमान् शान्तिको कारण परिनिर्वाण हुनुभयो ।"

"निर्लिप्त प्रफुल्ल चित्तद्वारा वेदनालाई अधिवासन गर्नुभयो, प्रद्योत निभ्नेझैं चित्त पनि विमुक्त भयो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै आयुष्मान् आनन्दले यो गाथा प्रकट गरे -

**"तदासि यं सनकं, तदासि लोमहंसनं ।**

**सब्बाकारव रूपेता, सम्बुद्ध परिनिब्बुते'ति ॥"**

"सबै प्रकारले श्रेष्ठतामा पुग्नुभएका सम्बुद्ध परिनिर्वाण भएको बेलामा रोमाञ्चित भएको थियो, लोमहर्षण भएको थियो ।"

९७. भगवान्को परिनिर्वाण हुनासाथै अवीतरागी भिक्षुहरू दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रूख ढलेझैं जमिनमा लडेर यताउति लडेर विलाप गरिरहेका थिए - 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुनुभयो । परन्तु जो ती भिक्षुहरू वीतरागका थिए उनीहरूले स्मृतिसम्प्रजन्य राखी *(धैर्य धारण गरी)* सहन गरिरहेका थिए - 'संस्कार अनित्य छ, अतः कसरी सधैं पाउन सकिएला ?'

९८. अनि आयुष्मान् अनुरूद्धले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो - "भैगो, आवुसो ! शोक नगर, नरोओ । आवुसो ! भगवान्ले पहिले नै भन्नुभएको थियो - सबै प्रिय तथा मनापसित बिछोड हुनुपर्छ, छोड्नुपर्छ, सधैं कहिले सँगै बस्न पाउँला ? जति पनि उत्पन्न *(जन्मेका)* छन्, ती सबै भूत संस्कारका हुन्, ती सबै नाशवान् हुन् । हाय् ! त्यो नाश नहोस् यो कुरो सम्भव छैन । आवुसो ! *(भगवान्को परिनिर्वाण हुनाले यस बेला)* देवताहरू पनि विलाप गर्दैछन् ।

"आवुसो आनन्द ! पृथ्वी संज्ञी देवताहरू आकाशमा आ-आफ्ना केश फिंजाएर रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रूख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर गुडेर भनीरहेका छन् - 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् लोकबाट अन्तर्धान हुनुभयो' । आवुसो आनन्द ! पृथ्वी

Downloaded from http://dhamma.digital/

संज्ञी देवताहरू पृथ्वी *(जमीन)* मा आ-आफ्ना केश छाडी रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रूख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर, गुडेर भनीरहेका छन्  - 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् लोकबाट अन्तर्धान हुनुभयो' ।' 'परन्तु जो ती देवताहरू वीतरागका छन् उनीहरूले स्मृति सम्प्रजन्य राखी सहन गरिराखेका छन् - सङ्खार *(संस्कार)* अनित्य छ, अतः कसरी सधैं पाउनु सकिएला ?' आयुष्मान् अनुरूद्धले र आयुष्मान् आनन्दले अवशिष्ट रात्रिपर्यन्त *(बाँकी रात भर)* धार्मिक कथा सुनाउँदै बिताउनुभयो ।"

९९. अनि आयुष्मान् अनुरूद्धले आयुष्मान् आनन्दलाई यस्तो भने - जाऊ, आवुसो आनन्द ! कुसीनारामा गई कुसीनाराका मल्लहरूलाई खबर गर - "वाशिष्ठ हो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो उचित सम्झ समय हेरी गर ।" "हवस् भन्ते !" भनी आयुष्मान् आनन्दले आयुष्मान् अनुरूद्धलाई प्रत्युत्तर दिएर समय चीवर धारण गरी अर्को एकजना भिक्षु साथ कुसीनारामा प्रवेश गर्नुभयो । त्यस बेला कुसीनाराबासी मल्लहरू केही *(विशेष अर्थात् त्यही)* कामले संस्थागारमा एकत्रित भईरहेका थिए । अनि आयुष्मान् आनन्द जहाँ कुसीनारको मल्लहरूको संस्थागार हो, त्यहाँ जानुभयो । त्यहाँ जानुभई कुसीनाराबासी मल्लहरूलाई यसो भन्नुभयो - "वाशिष्ठ हो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो उचित सम्झ समय हेरी गर । आयुष्मान् आनन्दको कुरा सुनी मल्लहरू, मल्लपुत्रहरू, मल्लवधुहरू, मल्लप्रजापतिहरू दुःखित दुर्मना, दुःख समर्पित-चित्त राखी कोही कोही त केश छाडी रोइरहेका थिए । दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रूख ढलेझैं जमिनमा लडेर यताउति लडेर, गुडेर विलाप गरिरहेका थिए - 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुनुभयो' ।'

## २४. बुद्धको शरीर पूजा

१००. अनि कुसीनाराका मल्लहरूले *(केही)* मानिसहरूलाई काम अऱ्हाए - 'भणे ! जाऔं, कुसीनाराका सबै सुगन्ध, माला तथा बाजाहरू जम्मा गर ।' अनि कुसीनाराका मल्लहरूले सुगन्ध, माला, सबै प्रकारका बाजाहरू तथा ५०० थान दोसल्ला वस्त्र लिएर जहाँ मल्लहरूको उपवत्तन शालवन हो, जहाँ भगवान्को शरीर राखिएको छ, त्यहाँ गए । त्यहाँ पुगेपछि उनीहरूले भगवान्को शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै *( रंगीविरंगी कपडाको)* चँदुवा बनाउँदै, मण्डल बनाउँदै पूरा दिनभर बिताए ।

अनि कुसीनाराका मल्लहरूलाई यस्तो भयो - 'भगवान्को शरीर दाह संस्कार गर्नुलाई आज धेरै नै अबेर भयो । अब भोलि *(मात्र)* हामी भगवान्को शरीर दाह संस्कार गर्नेछौं । अनि कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, चँदुवा बनाउँदै, मण्डप बनाउँदै, दोस्रो दिन पनि बिताए। … तेस्रो दिन पनि … । … चौथो दिन पनि … । … पाँचौं दिन पनि … । छैठौं दिन पनि बिताए ।'

Downloaded from http://dhamma.digital/

त्यसपछि सातौं दिन कुसीनाराका मल्लहरूलाई यस्तो भयो - 'हामी भगवान्को शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको दक्षिणको दिशाको बाहिरै बाहिरबाट लगेर नगरको दक्षिण दिशामै भगवान्को शरीर दाह-संस्कार गरौं ।'

१०१. अनि मल्लहरूका आठजना प्रमुख मल्लहरू शिर नुहाई नयाँ वस्त्र लाएर भगवान्को शरीरलाई उठाउन खोजे *(परन्तु)* उनीहरूले उठाउन सकेन । अनि कुसीनाराका मल्लहरूले आयुष्मान् अनुरूद्धलाई भने - "भन्ते अनुरूद्ध ! के कारण र के प्रत्यय होला जसले गर्दा हामी आठ प्रमुख मल्लहरूले भगवान्को शरीर उठाउन खोज्दा उठाउन नसकेको ?"

"वाशिष्ठ हो ! तपाईंहरूको विचार अर्कै छ, देवताहरूको विचार *(अभिप्राय)* अर्कै छ ।"

"भन्ते ! देवताहरूको के विचार छ ?"

"वाशिष्ठ हो ! तपाईंहरूका विचार हो - हामी भगवान्को शरीरलाई नृत्य ··· पूजा गर्दै नगरको दक्षिण दिशाको बाहिरै बाहिरबाट लगेर नगरको दक्षिण दिशामै भगवान्को शरीर संस्कार गर्ने *(भन्ने हो ।)* । देवताहरूको विचार हो - हामी भगवान्को शरीरलाई दिव्य नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको उत्तर दिशाबाट उत्तर लगेर उत्तरद्वारबाट ··· प्रवेश गराई नगरको मध्य भागमा लगेर पूर्वद्वारबाट बाहिर लगेर नगरको पूर्व दिशातिर *(जहाँ)* मुकुटबन्धन भन्ने मल्लहरूको चेतिय हो त्यहाँ भगवान्को शरीर दाह संस्कार गरौं *( भन्ने रहेको छ)* ।"

"भन्ते ! त्यस्तो भए जस्तो देवताहरूको विचार *(अभिप्राय)* हो त्यस्तै होस् ।"

१०२. त्यसबेला कुसीनारामा घुँडासम्म मन्दार *(पारिजात)* पुष्प वृद्धि भयो । अनि देवताहरू र कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई दिव्य नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको उत्तर दिशाबाट उत्तर लगेर उत्तरद्वारबाट ··· प्रवेश गराई नगरको मध्य भागमा लगेर पूर्वद्वारबाट बाहिर लगेर नगरको पूर्व दिशातिर *(जहाँ)* मुकुटबन्धन भन्ने मल्लहरूको चेतिय हो त्यहाँ भगवान्को शरीर ल्याएर राखे ।

१०३. अनि कुसीनारका मल्लहरूले आयुष्मान् आनन्दसँग सोधे - "भन्ते आनन्द ! हामीले तथागतको शरीरलाई के गर्नुपर्छ ?"

"वाशिष्ठ हो ! जस्तो चक्रवर्ती राजाको शरीरलाई गर्नु पर्ने हो त्यस्तै नै तथागतको शरीरलाई पनि गर्नुपर्छ ।"

"भन्ते ! चक्रवर्ती राजको शरीरलाई कसरी गर्नुपर्छ ?"

"वाशिष्ठ हो ! चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले *(अहतेन वत्थेन)* बेर्नुपर्छ, त्यसपछि राम्ररी धुलाई गरिराखेको रूवा कपास राखेर फेरि नयाँ वस्त्रले बेर्नुपर्छ । यसरी रूवा कपास र नयाँ

Downloaded from http://dhamma.digital/

वस्त्रले पाँचसय पटक बेरेर राजाको शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को सुवर्ण *(फलाम)* को खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्टादि दाउराको चिता बनाई चक्रवर्ती राजाको शरीरलाई जलाइन्छ । चतुमहापथ *(ठूल ठूला चौबाटो)* मा चक्रवर्ती राजाको स्तूप बनाइन्छ । वाशिष्ठ हो ! जसरी चक्रवर्ती राजाको शरीर क्रिया गरिने हो त्यसरी नै तथागतको शरीर क्रिया गर्नुपर्छ । चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ । त्यहाँ जो कोहीले माला, गन्ध, चूर्ण चढाउँछ अथवा चित्त प्रसन्न पार्छ उसको निमित्त दीर्घकालसम्म हित सुख हुन्छ ।"

१०४. अनि कुसीनाराका मल्लहरूले मानिसहरूलाई काम अऱ्हाए - "जाओ, भणे ! राम्ररी धुलाई गरिराखेको कपास जम्मा गर । अनि कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई नयाँ वस्त्रले बेरे त्यसपछि राम्ररी धुलाई गरिराखेको रूवा कपास राखेर फेरि नयाँ वस्त्रले बेरे । एवं रीतले पाँचसय पटक बेरेर भगवान्को शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को सुवर्ण *(फलाम)* को खाली द्रोणीले छोपी सबै चन्दा आदि सुगन्धित काष्ठादि दाउराको चिता बनाई भगवान्को शरीरलाई चितामा राखे ।"

## २५. महाकश्यपद्वारा दर्शन

१०५. त्यसबखत आयुष्मान् महाकश्यप पाँचशय (५००) महान् भिक्षुहरूका साथ पावाबाट कुसीनगर जाँदै हुनुहुन्थ्यो । अनि आयुष्मान् महाकश्यप बाटाको छेउ लागी एक रूखमुनि बस्नुभयो । त्यसबखत एक आजीवक कुसीनगरबाट मन्दार फूल लिई पावा जाँदै थियो । आयुष्मान् महाकश्यपले सो आजीवकलाई टाढैबाट आइरहेको देख्नुभयो । अनि सो आजीवकलाई यसो भन्नुभयो - "आवुसो ! हाम्रा शास्तालाई जान्दछौ के ?"

"आवुसो ! जान्दछु । श्रमण गौतम परिनिर्वाण भएको आज सातदिन भइसक्यो । मैले यो मन्दार फूल त्यहाँबाट ल्याएको हुँ । *(यो सुनेर)* त्यहाँ जो ती अवीतरागी भिक्षुहरू थिए तिनीहरूमध्ये केही टाउको समाती भुईंमा लडीबुडी गर्दै रून थाले । "चाँडै नै भगवान् परिनिर्वाण हुनुभयो, चाँडै नै सुगत परिनिर्वाण हुनुभयो र चाँडै नै लोकबाट आँखा बिलायो ।" जो ती वीतरागी भिक्षुहरू हुन् तिनीहरू होश र धैर्य राखी बसे । "संस्कारहरू अनित्य हुन्, ती कहाँ पाउन सकिन्छन् र !"

१०६. त्यसबखत सुभद्र भन्ने वृद्ध प्रव्रजित त्यस परिषद्मा बसेका थिए । अनि सुभद्र वृद्ध प्रव्रजितले ती भिक्षुहरूलाई यस्तो भने - "आवुसो ! भइहाल्यो शोक नगर, नरोओ । अब हामी उहाँ महाश्रमणबाट सुविमुक्त भयौं । उहाँ छँदा 'यो गर्नुहुन्छ, यो गर्नुहुन्न' भन्ने कुराबाट हामी पीडित थियौं । अब जे चाहन्छौ त्यही गर्न सक्नेछौ । जे चाहँदैनौ त्यो गर्नेछैनौं ।"

अनि आयुष्मान् महाकश्यपले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो - "आवुसो ! भइहाल्यो नरोऊ, शोक नगर । आवुसो ! भगवान्ले हामीहरूलाई पहिले नै सबै प्रियवस्तुबाट, सबै मनपर्ने वस्तुबाट नानाभाव, विनाभाव तथा अन्यथाभाव हुन्छ भनी बताउनुभएको छ, होइन त ?" आवुसो ! अब त्यो

Downloaded from http://dhamma.digital/

कसरी पाउन सकिन्छ र ! जो जन्मिन्छ, देखिन्छ र संस्कारित हुन्छ त्यो विनाश स्वभावको हुन्छ । त्यसैले तथागतको शरीरलाई छुन नसकोस् भनी कसरी भन्न सकिएला र ?"

१०७. त्यसबखत चारजना प्रमुख मल्लहरूले शिर नुहाई नयाँ वस्त्र लगाई - "हामी भगवान्को चितामा आगो लगाउँछौं" भनी आगो लगाउँदा आगो बाल्न सकेनन् । अनि कुसीनगरका मल्लहरूले अनुरूद्धलाई भने - "भन्ते अनुरूद्ध ! के कारण र के प्रत्यय होला जसले गर्दा यी चारजना मल्लहरूले भगवान्को चितामा आगो बाल्न नसकेको ?"

"वासेट्ठ ! देवताहरूको विचार अर्कै छ ।"

"भन्ते ! देवताहरूको के विचार छ त ?"

"वासेट्ठ ! देवताहरूको विचार - यी आयुष्मान् महाकश्यप पाँचशय महान् भिक्षुहरूका साथ पावाबाट कुसीनगर आउँदै हुनुहुन्छ । जबसम्म आयुष्मान् महाकश्यपले भगवान्को श्रीचरण ढोग्ने छैनन् तबसम्म भगवान्को चिताको आगो बल्ने छैन ।"

"भन्ते ! त्यसोभए जस्तो देवताहरूको विचार हो त्यस्तै होस् ।"

१०८. अनि आयुष्मान् महाकश्यप कुसीनगरको मुकुटबन्धन भन्ने मल्लहरूको जहाँ चैत्य हो र जहाँ भगवान्को चिता थियो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा शिरले ढोग्नुभयो । ती पाँचशय भिक्षुहरूले पनि चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा ढोगे । आयुष्मान् महाकश्यप र ती पाँचसय भिक्षुहरूले ढोगेपछि भगवान्को चितामा आफ आफै आगो बल्यो ।

१०९. यसरी बलेपछि भगवान्को शरीरमा जो छाला, मासु, नसा तथा लसिका थिए तिनीहरूको न गोल देखियो न खरानी नै । शरीरहरू मात्र बाँकी रहे । जस्तै - कुनै घ्यू वा तेला बल्दा त्यसको कुनै गोल वा खरानी देखिन्न त्यस्तैगरी भगवान्को शरीर बल्दा पनि भएको थियो । केवल शरीरहरू मात्र[60] बाँकी रहेका थिए । ती पाँचसय कपडाहरूमध्ये दुई पत्र मात्र बलेका थिएनन् । सबभन्दा भित्रको र सबभन्दा बाहिरको । भगवान्को शरीर जलिसकेपछि आकाशबाट शालवृक्षको फेदको मोठाइ बराबर, तिघ्राको मोटाइ बराबर, पाखुराको मोटाइ बराबर पानीको धाराले भगवान्को चिता निभाइदियो र कुसीनगरमा मल्लहरूले पनि सुगन्धित पानीले भगवान्को चिता निभाए । अनि कुसीनाराका मल्लहरूले भगवान्को धातुहरूलाई सन्थागारमा राखी संगीनै संगीनले पिञ्जरा जस्तो पारी पर्खालले घेरे झैं धनुषधारीहरूद्वारा घेरी एकसातासम्म बाजागाजासहित नाचगान तथा सुगन्धित फूलमालाहरूद्वारा सत्कार, गौरव, मानसहित पूजा गरे ।

[60] यहाँ शरीरहरूको अर्थ हो दानादार धातुहरूको थुप्रो ।

## २६. शरीर धातु विभाजन

Downloaded from http://dhamma.digital/

११०. मगधराजा वैदेहीपुत्र अजातशत्रुले सुने[61] - "भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।" अनि मगधराजा वैदेहीपुत्र अजातशत्रुले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए - "भगवान् पनि क्षत्री हुनुहुन्छ, म पनि क्षत्री हुँ । भगवान्को शरीरधातु म पनि चाहन्छु । मैले पनि भगवान्को शरीरधातुको स्तूप *(चैत्य)* बनाउने छु र महोत्सव पनि गर्नेछु ।"

वैशाली *(देश)* का लिच्छवीहरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि वैशालीका लिच्छवीहरूले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए - "भगवान् पनि क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप *(चैत्य)* बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

कपिलवस्तुका शाक्य *(राजा)* हरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि कपिलवस्तुका शाक्यहरूले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए - "भगवान् हाम्रा जाति *(परिवार)* को हुनुहुन्थ्यो । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप *(चैत्य)* बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

अल्लकप्प *(देश)* का बुलि *(राजकुमार)* हरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि अल्लकप्पका बुलिहरूले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए - "भगवान् पनि क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप *(चैत्य)* बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

रामग्रामका कोलिय *(राजा)* हरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि ... दूत पठाए - "भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

वेठदीपका ब्राह्मणहरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि ... दूत पठाए - "भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि ब्राह्मण हौं । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

पावाका मल्ल *(राजा)* हरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि ... दूत पठाए - "भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

61 कसरी यो समाचार सुने ? पहिले राजाका अमात्यहरूले सुने - "भगवान् परिनिर्वाण हुनुभयो । फेरि ल्याउन सक्ने छैन ।" अनि उनीहरूले सोचे "पृथक्जनिक श्रद्धामा हाम्रा राजा जस्तो श्रद्धा हुने अरू कोही छैनन् । यदि उहाँले अहिले तुरन्तै यो खबर सुनेमा उहाँको हृदय फुट्न सक्छ । अतः हामीले राजाको आरक्षा गर्नुपर्छ ।" यति सोची उनीहरूले सुवर्ण द्रोणीमा चतुमधुरसयुक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं । त्यसको कुफल हटाउनको निमित्त तपाईंले गर्धनसम्मको पानीमा डुबी स्नान गर्नुपर्छ" भनी भने । अर्थचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने ।

Downloaded from http://dhamma.digital/

अनि एक अमात्यले अलंकारहरू फुकाली केश फिजाई जुन दिशातिर शास्ता परिनिर्वाण हुनुभएको हो सो दिशातिर हेरी दुई हात जोडी राजालाई बिन्ति गरे -

"देव ! मरणबाट बच्नसक्ने कुनै छैनन् । हामीहरूले अभिवृद्धि हुने पूज्य स्थानमा उहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो ।"

अति सुन्नेबित्तिकै राजा बेहोश भई चतुमधुरस द्रोणीमा लडे । अनि राजालाई उचाली अर्को द्रोणीमा लेटाए । होश आएपछि उनले "तात ! के भनेका हौ ?" भनी सोधे ।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

फेरि पनि राजा बेहोश भई चतुमधुरस द्रोणीमा लडे । अनि उनलाई त्यहाँबाट उचाली तेस्रो द्रोणीमा लेटाए । होश आएपछि उनले "तात ! के भनेका हौ ?" भनी सोधे । "महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।" राजा फेरि बेहोश भए । अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी राखिदिए ।

होश आएपछि आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हातले छाती ठोक्दै छातीमा हात राखी राजा रूनथाले । यतिकैमा बहुलाजस्तो भई बाटो लागे । अनि अलंकृत नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवान्ले धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई "सर्वज्ञ भगवान् ! यस ठाउँमा बस्नुभई तपाईंले धर्मदेशना गर्नुभएको होइन ? मेरो शोकशल्यलाई दूर गर्नुभएको होइन ? तपाईंले मेरो शोकशल्यलाई झिकिदिनुभयो । अनि म तपाईंको शरणमा गएँ । अहिले चाहिँ भगवान् कुनै उत्तर दिनुहुन्न ।" यसरी बारबार रोई "अरू दिनमा भए यस्तो अवस्थामा भिक्षुसङ्घसहित भगवान् जम्बुद्वीपमा चारिकार्य जानुभयो" भन्ने सुन्दछु । अहिले चाहिँ कुनै अनुरूप खबर सुनिँदैन । यस्तो भन्दै साठीवटा जति गाथाहरूद्वारा भगवान्को गुण संस्मरण गरी "अब रूवाइबाट केही सिद्ध हुनेछैन । बरू दशबलका धातुहरू लगाउन पर्‍यो" भनी सोचे । यसप्रकार भगवान् परिनिर्वाण भएका खबर सुनी धातु ल्याउनको निमित्त दूतहरू पठाए । त्यसैले सूत्रमा "अनि मगधराजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरमा मल्लहरूकहाँ दूत पठाए" भनी भनिएको हो ।

१११. यी कुरा सुनेर कुसीनगरका मल्लहरूले एकत्रित भएका सङ्घ र गण सभालाई यस्तो भने - "भगवान् हाम्रो ग्रामक्षेत्रमा परिनिर्वाण हुनुभयो, हामी भगवान्को शरीर-धातुको भाग दिन्नौं ।"

११२. यो कुरा सुनेर द्रोण ब्राह्मणले त्यो सभागणलाई गाथाद्वारा यस्तो भने :-

"तपाईंहरू मेरो एक वचन सुन्नुहोस् ! हाम्रो बुद्ध क्षान्तिवादी हुनुहुन्थ्यो । उत्तम पुरूषको शरीर-भागको कारणले सम्प्रहार हुनु यो राम्रो होइन ।"

Downloaded from http://dhamma.digital/

"तपाईं हामी सबै एकछन्द र एकमत भई, परस्पर भई आठ भाग गरौं । धेरै जना चक्षुष्मान् बुद्धप्रति प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपको विस्तार होस् ।"

११३. "हे ब्राह्मणत्यस्तो भए तपाईंले नै शरीर-धातु समान रूपले आठ भागमा विभाजन गरिदिनुहोस्" भनी उपस्थित भएका सबैले भने ।

"हुन्छ" भनी द्रोण ब्राह्मणले त्यो सभासद्लाई उत्तर दिई भगवान्को शरीरधातु आठ भागमा बराबर विभाजित गरी सङ्घगणसँग यस्तो अनुरोध गरे :-

"तपाईंहरू मलाई यो 'तुम्ब' दिनुहोस्, म पनि यो 'तुम्ब' राखी स्तूप बनाई महोत्सव गर्नेछु ।"

द्रोण ब्राह्मणलाई 'तुम्ब' दिए । द्रोण ब्राह्मणले पछि सो 'तुम्ब' राखी स्तूप बनाई महोत्सव मनाए ।"

११४. पिप्पलीवन *(नामक देश)* का मोरियो *(मौर्य)* हरूले पनि सुने - 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि ... दूत पठाए - "भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीरधातु हामी पनि चाहन्छौं । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउनेछौं र महोत्सव पनि गर्नेछौं ।"

भगवान्को शरीरधातु *(अस्थ्यवशेषहरू)* बाँडी सक्यो अब बाँकी छैन *(सिध्यो)* । यहाँबाट गोल र खरानी लैजाओ । उनीहरूले त्यहाँबाट गोल र खरानी लगे ।

## धातु स्तूप पूजा

११५. अनि, (१) मगधराजा वैदेहीपुत्र अजातशत्रुले राजगृहमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (२) वैशालीका लिच्छवीहरूले पनि वैशालीमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (३) कपिलवस्तुका शाक्यहरूले पनि कपिलवस्तुमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (४) अल्लकप्पका बुलिहरूले पनि अल्लकप्पमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (५) रामग्रामका कोलियहरूले पनि रामग्राममा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (६) वेठदीपका ब्राह्मणहरूले पनि वेठद्वीपमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (७) पावाका मल्लहरूले पनि पावामा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । कुसीनगर *(कुसीनारा)* का मल्लहरूले पनि कुसीनगरमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (९) द्रोण ब्राह्मणले पनि तुम्ब राखी स्तूप बनाएर महोत्सव पनि गरे । (१०) पिप्पलीवनका मौर्यहरूले पनि गोल र खरानी राखी *(अंगार)* स्तूप बनाएर महोत्सव पनि गरे । यसरी भगवान्को शरीर धातु राखेर बनेका आठवटा स्तूप र नवौंचाहिँ तुम्बस्तूप र दशौंचाहिँ गोल र खरानीको अंगार-स्तूप *(८+१+१)* गरी जम्मा दशवटा पूर्वकालमा थिए ।

Downloaded from http://dhamma.digital/

११६.[62] चक्षुष्मान् *(मार्ग उपदेश तथागत)* को शरीर धातु जम्मा आठ द्रोण *(माप)* थियो ।

[62] अट्ठकथाचार्यको भनाइअनुसार यहाँदेखि जम्मा ५ गाथाहरू पछि श्रीलंकाका थेरहरूले थपेका हुने ।

तीमध्ये सात द्रोण मात्र जम्बुद्वीपमा पूजित भईरहेछ । तथा उहाँ पुरूषोत्तम *(बुद्ध)* का एक द्रोण रामग्रामका नागराजाद्वारा पूजित भईरहेको छ ।

*(भगवान्का ती शरीर धातुहरूमध्ये)* एउटा दन्त स्वर्गलोकमा देवताहरूद्वारा पूजित भईरहेको छ, एउटा गन्धारपुरमा र अर्को एउटा कलिङ्गराजको देशमा तथा एउटा दन्त नागराजद्वारा पूजित भईरहेको छ । उहींकै तेजबाट यो धन धान्य रत्न खानी जस्ता समलंकृत पृथ्वी अलंकृत छन् ।

**यसरी चक्षुष्मान् *(बुद्ध)* का शरीर *(धातु)* सत्कृतभन्दा सत्कृत**

**मानिसहरूद्वारा राम्ररी सत्कृत *(पूजित=सम्मानित)* भयो ।**

**देवेन्द्र, नागेन्द्र, नरेन्द्रहरूद्वारा पूजित, तथा श्रेष्ठ**

***(समाजका प्रतिष्ठित)* व्यक्तिहरूद्वारा पनि पूजित भयो ।**

**त्यसलाई *(अगाडि पाएर)* दुवै हात जोडेर प्रणाम गर,**

***(किनकि)* बुद्धलाई पाउनु भेटाउनु सयौं कल्पमा पनि दुर्लभ छ ।**

**उहाँका चालीसवटा दाँतहरू, केश, लोम आदि सबै एक एक**

**गरी देवताहरूले नाना चक्रवाल *(ब्रम्हाण्ड)* मा सर्वत्र फैलाइदिए ।**

**महापरिनिर्वाण-सुत्त समाप्त ।**

Downloaded from http://dhamma.digital/

“पञ्ञा नरान रतन”

# विशुद्धिमार्ग

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, द्वितीय पत्र)

विशुद्धिमार्ग प्राप्ताङ्क ३० अंक, १३ घण्टा

Dhamma.Digital

लेखक - आचार्य बुद्धघोषकृत

अनुवाद - सम्यक् सम्बोधि प्राणपुत्र

Downloaded from http://dhamma.digital/

नमस्कार उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई

# विशुद्धि मार्ग

## पहिलो परिच्छेद

## शील निर्देश

### (निदान कथा)

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*

*आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥*

(जो व्यक्ति प्रज्ञावान् हुन्छ, वीर्यवान् हुन्छ, पण्डित हुन्छ, संसारमा भय नै भय देख्नु (भिक्षु) हुन्छ, ऊ शीलमा प्रतिष्ठित भएर, चित्त (समाधि) र प्रज्ञाको भावना गर्दै यस जटा (जञ्जाल)लाई सुल्झाउन सक्दछ ।)

यसरी जुन माथिको गाथा भनिएको छ त्यो किन भनिएको हो ? यसको निम्न कारण छ - संयुक्त निकाय (१, ३, ३) अनुसार एक समय भगवान्ले श्रावस्तीमा गर्नुहुँदा, रातमा कुनै देवपुत्रले उहाँको नजिक आएर आफ्नो शङ्का मेटाउनको लागि निम्न प्रश्न गरेको थियो -

*अन्तो जटा बहि जटा, जटाय जटिता पजा ।*

*तं तं गोतम ! पुच्छामि, को इमं विजटये जटं ?*

(भित्र जटा (जञ्जाल) छ, बाहिर जटा छ, जटाले प्रज्ञा जकडिएको छ, त्यसैल हे गौतम ! तपाईंसँग सोध्दछु कि कसले यस जटालाई सुल्झाउन सक्दछ ?)

त्यस प्रश्नको निम्न संक्षिप्त अर्थ हो :-

जटा - यो जाल फैलाउने तृष्णाको नाम हो । त्यो रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म आलम्बनहरूमा तल रूप, माथि धर्म भएअनुसार बारम्बार उत्पन्न हुने हुनाले सिलाउने, गाँठो पार्ने, अर्थानुसार, बाँसको झ्याङ आदिको शाखा, जाल आदि जटाजस्तै भएकोले जटा भनिएको हो । त्यो

Downloaded from http://dhamma.digital/

तृष्णा आफ्नो र पराइवस्तुमा, आफ्नो र अरूको शरीरमा, चक्षु, स्रोत, घ्राण, जिव्हा, काय र मन, भित्री आयतन तथा रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म, बाहिरी आयतनहरूमा उत्पन्न भएबाट भित्री जटा, बाहिरी जटा भनिएको हो । जटाहरू यसरी उत्पन्न भएबाट प्राणी जटाद्वारा जकडिएका छन् । जसरी बाँसको जटा आदिले बाँस आदिहरू । यसप्रकार त्यस तृष्णाको जटाद्वारा सत्वसमूह भनिने सबै प्राणी जकडिएका छन्, बाँधिएका छन्, कस्सिएर सिलाइएका छन् भन्ने अर्थ लाग्दछ ।

यसरी जकडिएको छ, त्यसैले गौतम ! म तपाईंसँग सोध्दछु .....। यहाँ गौतम भने भगवान्लाई गोत्रद्वारा सम्बोधन गरिएको छ । कसले यस जटालाई काट्न सक्दछ ? यसप्रकार काम, रूप, अरूप तीनै धातुहरूलाई जकड्ने यस जटालाई कसले सुल्झाउँछ ? सुल्झाउनको लागि को समर्थ छ ? भन्ने तात्पर्यले सोधिएको हो ।

देवपुत्रले यसरी सोधेकोमा भूत, भविष्य र वर्तमान्का सबै कुराहरूलाई निर्वाधरूपले जान्ने, देवताहरूका देव, इन्द्रहरूमा उत्तम इन्द्र, ब्रह्माहरूमा उत्तम ब्रह्मा, चार प्रकारका वैशारद्य, दशबललाई धारण गर्ने, खुलाज्ञान भएको (अनावरण ज्ञान), समन्तचक्षु (सर्वज्ञ) भगवान्ले उसको उत्तर दिनुहुँदै निम्न

**बुद्ध गुण**

***चार वैशारद्य - १. आफूलाई सम्यक सम्बुद्ध भनिने सबै धर्महरू जानी निर्भीक हुनु । २. आफूलाई क्षीणस्रव भनिने सबै आस्रवहरू क्षीण भएको जानेर निर्भीक हुनु । ३. विघ्नकारक धर्महरू राम्ररी जानेर निर्भीक हुनु । ४. जुन उद्देश्यले धर्मको उपदेश दिइन्छ ती राम्ररी दुःख विनाशतर्फ लैजाने हुन् भनी जानेर निर्भीक हुनु ।***

***दश बल - १. उचितलाई उचित र अनुचितलाई अनुचितको स्तरमा ठीक ढङ्गले जान्नु । २. भूत, भविष्य, वर्तमान्मा गरिएका कर्महरूको विपाकलाई स्थान र कारणसहित ठीक ढङ्गले जान्नु । ३. सर्वत्रगामिनी प्रतिपदालाई ठीक ढङ्गले जान्नु । ४. अनेक धातु (ब्रह्माण्ड), नाना धातुयुक्त लोकहरूलाई ठीक ढङ्गले जान्नु । ५. नाना विचार भएका प्राणीहरूलाई ठीक ढङ्गले जान्नु । ६. अन्य प्राणीहरूका इन्द्रियहरूको प्रबलता र दुर्बलतालाई ठीक ढङ्गले जान्नु । ७. ध्यान, विमोक्ष, समाधि, समापत्तिको संक्लेश, व्यवधान (निर्मलीकरण) र उत्थानलाई ठीक ढङ्गले जान्नु । ८. पूर्वजन्मका कुराहरूलाई ठीक ढङ्गले जान्नु । ९. अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा प्राणीहरूको उत्पन्न हुने, मर्ने, परलोकमा गएको देख्नु । १०. आस्रवको क्षयद्वारा आस्रवरहित चित्तको विमुक्ति र प्रज्ञाको विमुक्ति साक्षात्कार गर्नु ।***

गाथा भन्नुभयो -

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*

Downloaded from http://dhamma.digital/

*आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥*

अब महर्षि (बुद्ध) द्वारा बताइएको यस गाथाको शील, समाधि, प्रज्ञाका भेदहरूे ठीकठीक अर्थ बताउँदै, बुद्ध धर्ममा अत्यन्तै दुर्लभ प्रव्रज्या पाएर, विशुद्धि (निर्वाण) को लागि कल्याणक, सीधा मार्ग र शील आदिको संग्रहलाई ठीकठीक थाहा नपाउनेहरू, शुद्धिको चाहना गर्नेहरू लगायत योगीले धेरै उद्योग गर्दा पनि यो विशुद्धिलाई पाउन सक्दैन, उसको प्रमोदको लागि बिल्कुलै परिशुद्ध, अनुराधपुर, श्रीलङ्काको महाविहारवासी भिक्षुहरूका निणयसँगै, धर्ममा आश्रित भएर विशुद्धि मार्गलाई बताउँदछु ।

त्यस सम्बन्धी मेरो सत्कारपूर्ण कथनलाई, विशुद्धि चाहने सबै साधुजनले आदरपूर्वक सुन्नुहोस् ।

## विशुद्धिमार्ग के हो ?

विशुद्धि = सब मलरहित, अत्यन्त परिशुद्ध निर्वाण भनेर जान्नुपर्दछ । त्यस विशुद्धिको मार्ग नै विशुद्धिमार्ग हो । निर्वाणको प्राप्तिको उपायलाई मार्ग भनिएको छ । त्यस विशुद्धमार्गलाई बताउँदछु भन्ने अर्थ हो ।

१. त्यो विशुद्धिमार्गको व्याख्या कतै विपश्यनाकै दृष्टिकोणले गरिएको छ । जस्तै - धम्मपद ( २७७) अनुसार भनिएको छ -

*सब्बे संखारा अनिच्चा ति यथा पञ्ञाय पस्सति ।*

*अथ निब्बिन्दति दुक्खे एस मग्गो विसुद्धिया ॥*

(सबै संस्कार अनित्य छन् - यसरी जब प्रज्ञाले देख्दछ, तब सबै दुःखबाट निर्वेद (विराग) प्राप्त हुन्छ - यही नै विशुद्धिको मार्ग हो ।)

२. कतै ध्यान र प्रज्ञाको दृष्टिकोणले । जस्तै धम्मपद (३७२) अनुसार भनिएको छ -

*यम्हि झानञ्च पञ्ञा च स वे निब्बान सन्तिके ॥*

(जसमा ध्यान र प्रज्ञा छन्, ऊ नै निर्वाणको नजिक हुन्छ ।)

३. कतै कर्म आदिको दृष्टिकोणले । जस्तै मज्झिम निकाय (३,५,१), संयुक्त निकाय (२,२,१०) अनुसार भनिएको छ -

*कम्मं विज्जा च धम्मो च सीलं जीवितमुत्तमं ।*

*एतेन मच्चा सुज्झन्ति न गोत्तेन धनेन वा ॥*

(कर्म, विद्या, धर्म, शील र उत्तम जीविका - यिनबाट प्राणी शुद्ध हुन्छ, न कि गोत्रले या धनले ।)

Downloaded from http://dhamma.digital/

४. कतै शील आदिको दृष्टिकोणले । जस्तै संयुक्त निकाय (२,२,५) अनुसार भनिएको छ -

*सब्बदा शील सम्पन्नो पञ्ञावा सुसमाहितो ।*

*आरद्धविरियो पहितत्तो ओघं तरति दुत्तरं ॥*

(सर्वदा शीलयुक्त रहने, प्रज्ञावान्, एकाग्रचित्त, उत्साही र संयमी व्यक्ति कठिनाइले मात्र पार गर्न सकिने काम, भव, दृष्टि, अविद्या आदि ओघ (बाढी) बाट पार तर्दछ ।)

५. कतै स्मृतिप्रस्थान आदिको दृष्टिकोणले । जस्तै दीघनिकाय (२,९) मज्झिम निकाय (१,१,१०) अनुसार भनिएको छ -

भिक्षुहरू, यो जुन चार स्मृतिप्रस्थान छन्, ती प्राणीहरूका विशुद्धिका लागि, शोक, विलाप, समतिक्रमणको लागि, दुःख दौर्मनस्य शान्त गर्नको लागि, आर्यमार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नका लागि एउटै मात्र मार्ग हुन् ।

सम्यक प्रधान आदिमा पनि यसैप्रकारले । जस्तै (१) अनुत्पन्न अकुशलहरू उत्पन्न नगर्न, (२) उत्पन्न अकुशलहरू प्रहाण गर्न, (३) अनुत्पन्न कुशलहरू उत्पन्न गर्न, (४) उत्पन्न कुशलहरू चिरस्थायी गर्नको लागि गरिने प्रयत्न, उद्योग, वीर्य आदि ।

- तर यस प्रश्नोत्तरमा शील आदिको दृष्टिकोणले बताइएको छ । त्यसको संक्षिप्त व्याख्या निम्नप्रकार छ :-

सीले पतिट्ठाय = शीलमा उभिएर । शीललाई राम्ररी पालन गर्नेलाई नै शीलमा उभिएको भनिन्छ । त्यसैले शीलको परिपूर्णताद्वारा शीलमा उभिएर भन्ने अर्थ हो । नरो = सत्व (प्राणी) । सपञ्ञो = कर्मद्वारा उत्पन्न हुने अलोभ, अदोष, अमोह आदि त्रिहेतुक प्रतिसन्धि (पुनर्जन्मको प्रथमचित्त) को प्रज्ञायुक्त प्रज्ञावान् । चित्तं पञ्ञञ्च भावयं = समाधि र विपश्यनाको भावना गर्दै । चित्त शब्दले यहाँ समाधि निर्दिष्ट भएको छ र प्रज्ञा शब्दले विपश्यना । आतापी = वीर्यवान् । वीर्य नै क्लेशहरूलाई तपाउने, पोल्नेको अर्थमा 'आताप' भनिन्छ । त्यो (योगी) वीर्यवान् छ, यसैले ऊ आतापी (वीर्यवान्, उद्योगी) हो । निपको = नैपक्व (प्रज्ञाले युक्त) । यस शब्दद्वारा कर्मस्थान (ध्यान) लाई परिपूर्ण गर्नमा लागेको परिहार्य प्रज्ञा देखाइएको छ ।

यस प्रश्नोत्तरमा प्रज्ञा शब्द तीन पटक आएको छ । पहिलो जाति (जन्मबाट उत्पन्न) प्रज्ञा, दोस्रो विपश्यना प्रज्ञा, तेस्रो हिँड्ने, उठ्ने, बस्ने आदि सबै कामहरूलाई पूर्ण गर्ने परिहार्य प्रज्ञा ।

संसारमा भय देख्दछ, अतः भिक्खु हो । ऊ यस शीलद्वारा, यस चित्तद्वारा, निर्दिष्ट समाधिद्वारा, यी तीन प्रकारका प्रज्ञाद्वारा र यस वीर्यद्वारा, यी ६ गुणयुक्त भिक्षु । सो इमं विजटये जटं = उसले यस जटालाई सुल्झाउन सक्दछ । जसरी मानिस पृथ्वीमा उभिएर राम्ररी सान लगाएर, धारिलो बनाइएको हतियार उठाएर, ठूलो बाँसको झ्याङ्गलाई काट्दछ, यसरी नै शीलरूपी पृथ्वीमा उभिएर, समाधिरूपी ढुङ्गामा सान लगाएर, धारिलो बनाइएको विपश्यनाको प्रज्ञारूपी हतियारलाई

Downloaded from http://dhamma.digital/

वीर्य र बलद्वारा पकडेर, परिहार्य प्रज्ञाको हातद्वारा उठाएर, आफूभित्र दबिएका ती सब तृष्णाको जटालाई सुल्झाउँदछ, टुक्राटुक्रा गरिदिन्छ, काटेर झारिदिन्छ। मार्ग प्राप्तिकावे क्षणमा नै यस भिक्षु त्यस जटालाई सुल्झाउँदछ। फल प्राप्ति भएको क्षण जटारहित भएर ऊ देवताहरूको साथै सारा लोकको अग्रदक्षिणेय (सबैभन्दा पहिले दान पाउनयोग्य) हुन्छ।

यसैले भगवान्‌ले भन्नुभएको छ -

*सीले पतिट्ठाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं।*

*आतापी निपको भिक्खु सो इमं विजटये जटं॥*

यो जुन प्रज्ञाद्वारा सपञ्ञो भनिएको छ, त्यसको लागि अलग केही पनि गर्नुपर्दैन। किनकि पूर्वजन्ममा गरिएको कर्मको आनुभावद्वारा नै उसलाई प्राप्त हुन्छ। आतापी निपको = यसमा बताइएको वीर्यद्वारा सततः परिश्रम गरेर, प्रज्ञाद्वारा होश सम्हालेर, शीलमा प्रतिष्ठित भएर, चित्त र प्रज्ञाअनुसार बताइएको समथ र विपश्यना भावना गर्नुपर्दछ। भगवान्‌ले शील, समाधि, प्रज्ञालाई यहाँ विशुद्धिमार्ग बताउनुभएको छ। यहाँसम्म -

(१) तीन शिक्षाहरू, (२) तीन प्रकारको कल्याणकारी धर्म (शासन), (३) त्रैविद्य (तीन विद्या) आदिको उपनिश्रय (प्रधान कारण), (४) दुई अन्त्यको त्याग, (मध्यम प्रतिपदा बीचको मार्ग) को सेवन, (५) अपाय आदिबाट मुक्ति पाउने उपाय, (६) तीन प्रकारले क्लेशको प्रहाण, (७) शिक्षापदको उल्लंघन आदिको प्रतिपक्ष (विरोध), (८) तीनै संक्लेशहरूको विशोधन र (९) स्रोतापन्न आदि मार्गफल पाउने साधन बताइएको छ।

कसरी ? यहाँ शीलद्वारा अधिशील शिक्षा, समाधिद्वारा अधिचित्त शिक्षा र प्रज्ञाद्वारा अधिप्रज्ञा शिक्षा बताइएको छ।

शीलबाट धर्म (शासन)को आरम्भमा कल्याणकारी हुने बताइएको छ। संयुक्त निकाय ( ४३,७,२) को यस वचनानुसार "कुशल धर्मको प्रमाणको लागि धम्मपद (१८३) को गाथा प्रस्तु गर्न सकिन्छ। जस्तै -

*सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा।*

*सचित परियोदपनं एतं बुद्धानुसासन॥*

(नगर्नु सबै पापहरू, गर्नु कुशल सञ्चय, चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा।)

कुशल धर्मको आरम्भ के हो ? - सुविशुद्ध शील। 'नगर्नु सबै पापहरू' शील धर्मको आरम्भ हो र त्यो पनि आफूले गरेको कर्मलाई याद गरेर पश्चाताप नगर्ने आदि गुणहरू प्राप्त हुने कारणले कल्याणकारी छ। समाधि मध्यमा कल्याणकारी हुने भनिएको छ। "कुशल (पुण्य) को सञ्चय गर्नु" आदि वचनले समाधि धर्मको मध्य हो, र त्यो पनि ऋद्धिविध आदि गुणहरूलाई प्राप्त हुने कारणले कल्याणकारी छ। प्रज्ञा अन्तमा कल्याणकारी हुने बताइएको छ। "चित्त शुद्ध गर्दै लानु यही

Downloaded from http://dhamma.digital/

बुद्धहरूका शिक्षा (शासन) हो" यस वचनले, प्रज्ञा सबैभन्दा ठूलो भएको कारण, प्रज्ञा नै शासन ( धर्म( को अन्तिम हो र त्यो प्रिय, अप्रिय (आलम्बनहरू) मा एकसमान हुनाले कल्याणकारी छ । जस्तै - धम्मपद (८१) अनुसार भनिएको छ -

*सेलो यथा एकघनो वातेन न समीरति ।*

*एवं निन्दा पसंसासु न समिञ्जन्ति पण्डिता ॥*

(जसरी ठोस पर्वत वायुद्वारा कम्पन हुँदैन, त्यसरी नै पण्डित निन्दा र प्रशंसाद्वारा विचलित हुँदैन ।)

त्यसरी नै, शील तीनै विद्याहरूको प्राप्तिको उपनिश्रय (प्रधान कारण) बताइएको छ । भिक्षु शील सम्पत्तिको सहाराले तीनै विद्याहरूलाई प्राप्त गर्दछ , त्यसभन्दा अगाडि होइन । समाधि ६ अभिज्ञाहरूको प्राप्तिको प्रधान कारण बताइएको छ । समाधिले सम्पत्तिहरूको सहाराले ६ अभिज्ञाहरूको प्राप्ति हुन्छ, त्यसभन्दा अगाडि होइन । प्रज्ञा अर्थ, धर्म, निरूक्ति, प्रतिभान यी चार प्रतिसम्भिदाका भेदहरूको प्राप्तिको साधन बताइएको छ । प्रज्ञाले सम्पत्तिको सहाराले चारैवटा प्रतिसम्भिदाहरूलाई प्राप्त गर्दछ, न कि कुनै अन्य साधनद्वारा ।

शील कामसुखमा लिप्त हुने तृष्णाको अन्त गर्ने त्याग भनिएको छ, समाधि आफूलाई पीडा दिनमा लागिरहने अत्तकिलमथानुयोग अन्त गर्ने त्याग र प्रज्ञा मध्यम प्रतिपदालाई ग्रहण गर्ने साधन बताइएको छ । त्यसरी नै शहील नरक, प्रेत, असुर, पशुपंक्षी आदि अपायबाट छुट्कारा पाउने उपाय भनिएको छ । समाधि कामधातुको अतिक्रमणको उपाय र प्रज्ञा सारा काम, रूप, अरूप आदि भवहरूलाई नाघेर जाने उपाय भनिएको छ ।

शील तदंग प्रहाणको रूपमा क्लेशरूको प्रहाण (त्याग) भनिएको छ । समाधि विक्कम्भन ( दबाउनु) प्रहाण र प्रज्ञा समुच्छेद प्रहाण भनिएको छ ।

त्यसरी नै, शील क्लेशहरूको दमन र विरोध, समाधि बारम्बार उत्पन्न भएर आउने क्लेशहरूको विरोध र प्रज्ञा कामराग, प्रतिघ, मिथ्यादृष्टि, शंका, मान, भवराग, अविद्या आदि सात अनुशयको विरोध भनिएको छ ।

Downloaded from http://dhamma.digital/

**पहाण**

***तदङ्ग पहाण - प्रदीपको प्रंकाशद्वारा जसरी अन्धकार अलिअलि गर्दै हटेर जान्छ, त्यसरी नै प्राणी हिंसाबाट विरत हुने आदि कुशल अङ्गहरूद्वारा प्राणीहिंसा गर्ने आदि अकुशल अङ्गहरूको प्रहाण हुन्छ । यसलाई तदङ्ग प्रहाण भनिन्छ ।***

***विक्खम्भन पहाण - जसरी गाग्रोले छुनासाथ पानीको सतहमा रहेको भ्याउ तर्केर जान्छ, त्यसरी नै उपचार र अर्पणा समाधिद्वारा पञ्चनीवरण दबेर जान्छ, टाढिएर जान्छ त्यसलाई विक्खम्भन प्रहाण भनिन्छ ।***

***समुच्छेद पहाण - चारैवटा आर्यमार्गहरूको भावनाद्वारा क्लेशहरू पूर्णतया हटेर जानु, फेरि कहिले पनि उत्पन्न नहुनुलाई समुच्छेद प्रहाण भनिन्छ ।***

शील दुराचारको खराबीहरूको विशोधन (दूरीकरण) भनिएको छ । समाधि तृष्णाको संक्लेश ( खराबी) को विशोधन र प्रज्ञा दृष्टिको संक्लेशको विशोधन भनिएको छ ।

त्यसरी नै शील स्रोतापन्न, सकृदागामी हुने साधन बताइएको छ । समाधि अनागामी हुने र प्रज्ञा अरहन्त हुने साधन बताइएका छन् । अंगुत्तर निकाय (१, २१४-२१५) अनुसार भनिएको छ कि स्रोतापन्न र सकृदागामी चरणहरू शीलहरूलाई परिपूर्ण गर्ने हुन्छन् । अनागामी चरण समाधिलाई परिपूर्ण गर्ने हुन्छ र अर्हत् प्रज्ञालाई परिपूर्ण गर्ने हुन्छ ।

यसप्रकार यहाँसम्म, तीन शिक्षाहरू, तीन प्रकारले कल्याणकर धर्म, त्रिविध आदिको उपनिश्रय, दुई अन्तको त्याग, मध्यम प्रतिपत्तिको सेवन, अपाय आदिबाट छुट्कारा पाउने उपाय, तीन प्रकारले क्लेशहरूको प्रहाण, शिक्षापदको उल्लंघन आदिको विरोध, तीनैवटा संक्लेशहरूको विशोधन र स्रोतापन्न आदि (मार्गफल) पाउने साधन - यी नौ र अन्य तीन विवेक, तीन कुशल मूल, यसप्रकारका तीन गुणहरूद्वारायुक्त धेरै धर्म बताइएका छन् ।

यस्ता अनेक गुणहरूयुक्त शील, समाधि, प्रज्ञाको रूपमा देशना गरिएको यो विशुद्धिमार्ग अति संक्षेपमा नै प्रस्तुत गरिएको छ । यसैले, 'सबैको उपकारको लागि पर्याप्त छैन' भनी सोचेर यसको विस्तृत वर्णन गर्नको लागि, पहिले शीलको सम्बन्धमा यी प्रश्न गरिएका छन् -

(१) शील के हो ? (२) शीलको अर्थ के हो ? (३) यसका लक्षण, रस (कृत्य), प्रत्युपस्थान ( जान्ने आकार), पदस्थान (प्रत्यय-सामीप्य कारण) के हुन् ? (४) शीलको गुण के हो ? (५) शील कति प्रकारका छन् ? (६) यसको मल (संक्लेश) के हो ? (७) यसको विशुद्धि के हो ?

यिनीहरूका उत्तर निम्नानुसार हुन् :-

Downloaded from http://dhamma.digital/

# १. शील के हो ?

जीवहिंसा आदि गर्नेबाट विरत रहनु, या उपाध्याय आदिको सेवटहल गर्ने व्यक्तिको चेतना आदि धर्म (मानसिक अवस्थाहरू) शील हो । प्रतिसम्भिदा मार्ग (१) ग्रन्थानुसार भनिएको छ - 'शील के हो ? चेतनाशील हो, चैतसिकशील हो, संवरशील हो, अनुल्लंघनशील हो ।

(क) जीवहिंसा आदिबाट विरत रहने या व्रतप्रतिपत्ति (व्रताचार) पूर्ण गर्ने व्यक्तिको चेतना नै चेतनाशील हो । अरू पनि, जीवहिंसा आदि गर्न छाड्ने व्यक्तिको तीन कायिक अकुशल र चार वाचिक अकुश छाडेको सात कुशल कर्मपथको चेतना (कुशल कर्महरू गर्ने विचार) चेतनाशील हो ।

(ख) जीवहिंसा आदिबाट विरत रहने व्यक्तिको विरति (अलग हुने विचार) चैतसिकशील हो ।

"लोभ (अभिध्या) त्यागेर, लोभरहित चित्तले विहार गर्दछ" आदिप्रकारले दीघनिकाय (१, २४) अनुसार भनिएको लोभरहति हुनु, प्रतिहिंसा नगर्नु र सम्यकदृष्टि राख्नु चैतसिकशील हो ।

(ग) संवर पाँच प्रकारका हुन्छन् - (१) प्रातिमोक्षसंवर, (२) स्मृतिसंवर, (३) ज्ञानसंवर, (४) क्षान्तिसंवर र (५) वीर्यसंवर । यिनमा - "यस प्रातिमोक्ष संवरले राम्ररीयुक्त हुन्छ" भनेर विभंग (१२, २) अनुसार भनिएको कुरा यही प्रातिमोक्षसंवर हो । "चक्षु इन्द्रियको रक्षा गर्दछ, चक्षु इन्द्रियको संवर गर्दछ" भनेर दीघनिकाय (१,२,४) र विभंग (१२,२) अनुसार भनिएको कुरा यही स्मृतिसंवर हो ।

*यानि सोतानि लोकिस्मं (अजिता ति भगवा) सति तेसं निवारणं ।*

*सोतानं संवरं बूमि पञ्ञायेते पिथियरे ॥*

(भगवान् अजितलाई बताउनुहुन्छ - संसारमा जुन तृष्णा आदिका स्रोत छन्, स्मृतिले तिनीहरूलाई रोक्दछ, म स्रोतहरूको संवर (संयम) बताउँदछु, यो प्रज्ञाद्वारा बन्द हुन्छ ।)

सुत्तनिपा (५६, ४) अनुसार भनिएको चाहिँ ज्ञान-संवर हो । प्रत्यय-प्रतिसेवन-शील पनि यसैमा समावेश हुन्छ ।

जुन - "ठण्डी गर्मीलाई सहने हुन्छ" आदिप्रकारले मज्झिम निकाय (१,१,२) अनुसार भनिएको छ - त्यो क्षान्तिसंवर हो । जुन "उत्पन्न भएको कामसम्बन्धी वितर्कद्वारा वशीभूत हुँदैन ।" आदिप्रकारले भनिएको छ त्यो वीर्यसंवर हो । आजीव परिशुद्धि, जीविकाको निर्दोषभाव शील पनि समावेश हुन्छ ।

यसप्रकार यी पाँच प्रकारका संवर र जो पापमा भय देख्ने कुलपुत्रशरूको अगाडि आएको पापका वस्तुहरूबाट विरति हो - यी सबैलाई संवरशील भनी जान्नुपर्दछ ।

(घ) ग्रहण गरिएको शीलको काय र वाणीद्वारा उल्लंघन नगर्नु नै अनुल्लंघन शील हो ।

Downloaded from http://dhamma.digital/

## २. शीलको अर्थ के हो ?

शीलन (आधार, वासस्थान) को अर्थमा शील हो । यो शीलन के हो ? कायकर्म आदिको संयम, अर्थात् सुशीलताद्वारा अवीप्रकीर्णता (एकजस्तो बनिरहनु) अथवा स्थिर हुनुको लागि आधारजस्तै कुशल धर्महरूलाई धारण गर्नु नै यसको अर्थ हो । शब्दलक्षण (व्याकरण) विद्हरूले यिनै दुई अर्थलाई मान्दछन् । अन्य आचार्यहरू, शिरार्थ (शिरसमान उत्तम) शीलार्थ हो, शीतलार्थ, शीलार्थ हो आदिप्रकारले पनि अर्थ लगाउँदछन् ।

## ३. यसका लक्षण, रस, प्रत्युपस्थान के हुन ?

*सीलनं लक्खणं तस्स भिन्नस्सापि अनेकधा ।*

*सनिदस्सनत्तं रूपस्स यथा भिन्नस्स नेकधा ॥*

(अनेकप्रकारको भेद भए तापनि शीलन (आधार हुनु) नै शीलको लक्षण हो । जसरी अनेकप्रकारले रातो, पहेंलो रंगमा बाँडिएको भए तापनि रूपको लक्षण सनिदर्शन (देखिनु) हो ।)

जसरी नीलो, पहेंलो आदि नानाप्रकारले बाँडिएको रूपायतनको पनि लक्षण सनिदर्शन हुनु नै हो, ती नीलो आदि भेदमा बाँडिए तापनि तिनले सनिदर्शन भावलाई नाघ्न सक्दैनन्, त्यसैप्रकार चेतना आदि नानाप्रकारमा बाँडिएको शीललाई पनि .... कायकर्म आदिको संयम र कुशल धर्महरूको वासस्थानको विचार अनुसार 'शीलन' (लक्षण) बताइएको छ । चेतना आदि भेदहरूमा बाँडिएको शीलले पनि संयम र वासस्थान (आधार) को उल्लंघन गर्न सक्दैन, त्यसैले त्यसको त्यही लक्षण हुन्छ । यस्तो लक्षणयुक्त शीलको -

*दुस्सील्यविद्धंसनता अनवज्जगुणो तथा ।*

*किच्चसम्पत्ति अत्थेन, रसो नाम पवुच्चति ॥*

(अनाचार (दुःशील) को नाश गर्नु तथा निर्दोष गुणयुक्त हुनु रस हो किनकि कृत्यर सम्पत्तिको अर्थमा नै रस शब्द प्रयोग गरिएको छ ।)

यसैले शीललाई, कृत्यको अर्थमा खराब आचरण (दुःशील) लाई नाश गर्नु रस (काम) युक्त र सम्पत्तिको अर्थमा निर्दोष रसयुक्त जान्नुपर्दछ । लक्षण आदिमा कृत्य (काम) नै सम्पत्ति या रस भनिन्छ ।

*सोच्चेय्य पच्चुपट्ठान तयिदं तस्स विञ्ञुहि ।*

*ओत्तप्पञ्च हिरि चेव पदट्ठानन्ति वण्णितं ॥*

Downloaded from http://dhamma.digital/

(पण्डितहरूले परिशुद्ध हुनु शीललाई जान्ने आकार (प्रत्युपस्थान) र संकोच तथा लज्जालाई पदस्थान (प्रत्यय) भनेका छन् ।)

"कायको पवित्रता, वाणीको पवित्रता, मनको पवित्रता" यसप्रकार इतिवुत्तक (३,२,७) र अंगुत्तर निकाय (३,२,८) अनुसार बताइएाके पवित्रता शीललाई जान्ने आकार हो । त्यो पवित्र भएकोले जान्ने गरिन्छ, ग्रहण गर्ने गरिन्छ (सम्झिने गरिन्छ) । पण्डितहरूले हिरि (पाप गर्नुमा लज्जा) र ओतप्प (पाप गर्नुमा डर) लाई यसको पदस्थान भनेका छन् । सामीप्य कारण यसको अर्थ हो । हिरि र ओतप्प भएर नै शील उत्पन्न हुन्छ र स्थिर हुन्छ । हिरि र ओतप्प नभएमा न त शील उत्पन्न नै हुन्छ, न स्थिर हुन्छ ।

यसप्रकार शीलका लक्षण, रस, प्रत्युपस्थान (जान्ने आकार) र पदस्थान (प्रत्यय) आदि जान्नुपर्दछ ।

## ४. शीलको गुण के हो ?

पश्चाताप नगर्नु आदि शीलका अनेक गुण छन् । अंगुत्तर निकाय (१०,१,१) अनुसार भनिएको छ - "आनन्द ! सुन्दर शील (सदाचार) पश्चाताप नगर्नको लागि हो, पश्चाताप नगर्नु यसको गुण हो ।" अरू पनि दीघनिकाय (२,३,१) र उदान (८,६) अनुसार भनिएको छ - "गृहपतिहरू, शीलवान्‌ले शील पालन गर्नुमा पाँच गुण छन् । कुन पाँच ?"

(१) यहाँ गृहपतिहरू, शीलवान्, शीलयुक्त व्यक्ति प्रमादमा नपर्ने कारणले धेरैधेरै धनसम्पत्ति प्राप्त गर्दछ । यो शीलवान्‌को शील पालन गर्नुको पहिलो गुण हो ।

(२) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान्‌को ख्याति, इमान्दारी फैलिन्छ । यो शीलवान्‌को शील पालन गर्नुको दोस्रो गुण हो ।

(३) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान् जुनजुन सभामा जान्छ, चाहे क्षत्रीयहरूकावे सभा होस्, चाहे ब्राह्मणहरूको सभा होस्, चाहे वैश्यहरूको सभा होस्, चाहे श्रमणहरूको सभा होस्, ऊ निर्भीक निःसंकोच रूपले जान्छ । यी शीलवान्‌को शील पालनको तेस्रो गुण हो ।

(४) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान् वेहोश भएर मर्दैन । यो शीलवान्‌को शील पालन गर्नुको चौथो गुण हो ।

(५) फेरि गृहपतिहरू, शील पालन गर्ने व्यक्ति, शीलवान् शरीरलाई त्यागी मरेपछि सुगति प्राप्त गरी स्वर्गलोकमा उत्पन्न हुन्छ । यो शीलवान्‌को शील पालन गरेको पाँचौ गुण हो ।"

अरू पनि, मज्झिम निकाय (१,१,६) अनुसार भनिएको छ "भिक्षुहरू ! यदि कुनै भिक्षुले 'म सब्रह्मचारीहरू (गुरू भाइहरू) का प्रिय मनाप र इज्जतको दृष्टिले हेरिने व्यक्ति होउँ' भन्ते चाहन्छ

Downloaded from http://dhamma.digital/

भने उसले शीलहरूकै पालन गर्नुपर्दछ" आदिप्रकारले, प्रिय मनाप हुनेदेखि लिएर आस्रवक्षय (अर्हत्व) सम्म पुग्ने धेरैधेरै शीलका गुण बताइएका छन् ।

यसरी पश्चाताप नगर्नु आदि अनेकप्रकारका गुणहरूको प्राप्ति शीलको गुण (आनिशंस) हो ।

अरू पनि -

*सासने कुलपुत्तानं पतिट्ठा नत्थि यं विना ।*

*आनिसंस परिच्छेदं तस्स सीलस्सको वदे ॥*

(जुन शीलविना कुलपुत्रहरूको धर्ममा प्रतिष्ठा हुँदैन, त्यस शीलको गुणको विस्तारलाई कसले बताउन सक्दछ ?)

*न गंगा यमुना चापि सरभू वा सरस्वती ।*

*निन्नगा वा चिरवती मही वा पि महानदी ॥*

*सक्कुणन्ति विसोधेतुं तं मलं इध पाणिनं ।*

*विसोधयति सत्तानं यं वे सीलजलं मलं ॥*

(गंगा, यमुना, सरभू या सरस्वती, अचिरवती (राप्ती) मही (नारायणी) या महानदीले जुन मललाई धोएर सफा गर्न सक्दैन, प्राणीहरूको त्यो मल यस शीलको जलद्वारा धोएर सफा हुन्छ ।)

*न तं सजलदा वाता न चापि हरिचन्दनं ।*

*नेव हारा न मणयो न चन्दकिरणङ्कुरा ॥*

*समयन्तीध सत्तानं परिलाहं सुरक्खितं ।*

*यं समेति इदं अरियं सीलं अच्चन्तसीलं ॥*

(न त पानी भरिएको हावा, न त हरिचन्दन, न मोतीको हार, न मणि, न चन्द्रका किरणहरूकले नै प्राणीहरूको त्यस परिडाह (जलन) लाई त्यति शान्त पार्न सक्दछ, जति कि राम्ररी रक्षा गरिएको, यो आर्यशीलले शीतल पार्न सक्दछ ।)

*सीलगन्धोसमो गन्धो कुतो नाम भविस्सति ।*

*यो समं अनुवाते च पटिवाते च वायति ॥*

(शीलको सुगन्धजस्तै दोस्रो सुगन्ध कहाँ हुन्छ ? जुन कि हावा लाग्ने दिशातिर र उल्टा दिशातिर पनि एकजस्तै बहन्छ ।)

Downloaded from http://dhamma.digital/

*सग्गारोहणसोपानं अञ्ञं सीलसमं कुतो ।*

*द्वारं वा पन निब्बान नगरस्स पवेसनं ॥*

(स्वर्गारोहणको लागि शीलजस्तै अर्को सिंढी कहाँ पाइन्छ ? अथवा निर्वाण नगरको प्रवेशको लागि द्वार कहाँ पाइन्छ ?)

*सोभन्तेवं न राजानो मुक्तामणि विभूसिता ।*

*यथा सोभन्ति यतिनो सील भूसनभूसिता ॥*

(मोती मणिहरूद्वारा सजाइएको राजा त्यसरी शोभित हुँदैन जसरी शीलको आभूषणद्वारा विभूषित भिक्षु (यति) शोभायमान् हुन्छ ।)

*अत्तानुवादादिभयं विद्धंसयति सब्बसो ।*

*जनेति कित्ति हासञ्च सीलं सीलवतं सदा ॥*

(शीलले आत्मनिन्दा आदि भयलाई सबैप्रकारले मेटाइदिन्छ र शीलवान्को लागि सर्वदा कीर्ति (यश) तथा हर्ष (सन्तोष) उत्पन्न गर्दछ ।)

*गुणानं मूल भूतस्स दोसानं बलघातिनो ।*

*इति सीलस्स विञ्ञेय्यं आनिसंस कथा मुखन्ति ॥*

(सारा गुणहरूको जरा र राग आदि दोषहरूको बललाई नाश गर्न सक्ने शीलको गुण ( आनिशंस) को कथाद्वारा यसप्रकार जान्नुपर्दछ ।)

## ५. शील कति प्रकारका छन् ?

(१) एक प्रकारको छ - यी सारा शील नै आफ्नो 'शीलन' (आधार हुनु) लक्षणले एक प्रकारको छ ।

(२) दुई प्रकारका छन् - चारित्र र वारित्र, आभिसमाचारिक र आदिब्रह्मचर्यक, विरति र अविरति, निश्रित र अनिश्रित, कालपर्यन्त र आप्राणकोटि, सपर्यन्त र अपर्यन्त, लौकिकर लोकोत्तर ।

(३) तीन प्रकारका छन् - हीन, मध्यम र प्रणीत; आत्माधिपत्य, लोकाधिपत्य र धर्माधिपत्य; परामृष्ट, अपरामृष्ट र प्रतिप्रश्रब्धि; विशुद्धि, अविशुद्धि र वैमत्तिक; शैक्ष, अशैक्ष र नशैक्ष (नैवशैक्षय) नाशैक्ष्य) ।

Downloaded from http://dhamma.digital/

(४) चार प्रकारका छन् - हानभागीय, स्थितिभागीय, विशेषभागीय र निर्वेदभागीय; भिक्षु, भिक्षुणी, अनुपसम्पन्न र गृहस्थ शील; प्रकृति, आचार, धर्मता र पूर्वहेतुक शील; प्रातिमोक्ष संवर, इन्द्रिय संवर, आजीव पारिशुद्धि र प्रत्यय सन्निस्रित शील ।

(५) पाँच प्रकारका छन् - पर्यन्त पारिशुद्धि शील आदिअनुसार । प्रतिसम्भिदामा मार्ग (१,४२) अनुसार यसो पनि भनिएको छ - "शील पाँच छन् - पर्यन्त पारिशुद्धिशील, अर्यन्तपारिशुद्धि शील, परिपूर्ण पारिशुद्धिशील, अपरामृष्ट पारिशुद्धिशील र प्रतिप्रश्रब्धि पारिशुद्धि शील ।" त्यसरी नै प्रहाण, वेरमणि (विरत हुनु) चेतना, संवर र अनुल्लंघन (अव्यतिक्रम) शीलअनुसार ।

एक प्रकारको शीलको अर्थ माथि भनिएको शीलन लक्षणअनुसार जान्नुपर्दछ ।

## द्विक

दुई प्रकारको समूहमा जुन भगवान्द्वारा 'यो गर्नुपर्दछ' भनी भनिएको शिक्षापद (नियम) लाई पालन गर्नु हो, त्यो चारित्र शील हो । जुन 'यो गर्नु हुँदैन' भनी निषेध गरिएकोलाई नगर्नु वारित्र शील हो ।

यसको यो भावार्थ हो - शीलअनुसार आचरण गर्नु, शीलहरूको राम्ररी पूर्तिको लागि कोशिस गर्नु, त्यो चारित्र हो । त्यसबाट निषेध गरिएको बाट शीललाई बचाव गर्नु, रक्षा गर्नु, त्यो वारित्र हो । श्रद्धा, वीर्यको साधन चारित्र हो । श्रद्धाको साधन वारित्र हो । यसरी चारित्र-वारित्रअनुसार (शील) दुई प्रकारका छन् ।

दोस्रो द्विकमा अभिसमाचारको अर्थ हो उत्तम समाचार (श्रेष्ठ आचरण) । अभिसमाचार नै आभिसमाचारिक हो । अथवा अभिसमाचारको सम्बन्धमा भनिएको आभिसमाचारिक हो । सम्यकवचन, सम्यककर्मान्त र सम्यक्आजीविका पालन गरिएको आजीव अष्टमलाई छाडी शेष शीलको यो नाम हो । मार्ग ब्रह्मचर्यको आदि (आरम्भ) भएबाट आदि ब्रह्मचर्यक भनिन्छ । यो आजीव अष्टमक शील कै नाम हो । पूर्वभागमा नै परिशुद्धि गर्ने कारणले, त्यो मार्गको प्रारम्भिक अवस्था हो । यसैले मज्झिम निकाय (३,२,७) अनुसार भनिएको छ - "पहिले नै भिक्षुको कायकर्म, वचीकर्म तथा आजीविका परिशुद्ध हुन्छन् ।" अथवा जुन शिक्षापद पाराजिकालाई छाडी शेष क्षुद्रानुक्षुद्रक (ससान) भनिएका छन् - यी आभिसमाचारिक शील हुन् र शेष आदिब्रह्मचर्यक शील हुन् । भिक्षु, भिक्षुणी प्रातिमोक्षमा आएको आदिश्रह्मचर्यक हुन् तथा स्कन्धक (विनयपिटकको चुल्लवग्ग र महावग्ग आदि) व्रतमा आएका आभिसमाचारिक शील हुन् । त्यसको पालन गर्नाले आदिश्रह्मचर्यक पनि पूर्ण हुन्छ । यसैले अंगुत्तर निकाय (३) अनुसार भनिएको छ - "भिक्षुहरू, भिक्षुले आभिसमाचरिक शीलको पूर्तिबिना आदिब्रह्मचर्यक शीललाई पूर्ण गर्नेछ भन्ने कुरा सम्भव छैन ।" यसप्रकार आभिसमाचारिक, आदिब्रह्मचर्यक अनुसार दुई प्रकारका शील छन् ।

Downloaded from http://dhamma.digital/

तेस्रो द्विकमा - जीवहिंसा आदिबाट विरत रहनु मात्र विरति शील हो । शेष चेतना, चेतशिक, संवर, अनुल्लंघन शील आदि अविरति शील हो । यसप्रकार विरति, अविरतिअनुसार शील दुई प्रकारका छन् ।

चौथो द्विकमा :- निश्रय दुई प्रकारका हुन्छन्, (१) तृष्णा निश्रय, र (२) दृष्टि निश्रय । "म यस शीलद्वारा देव वा देवहरूमा कुनै एक हुने छु" भन मज्झिम निकाय (१,५,६) अनुसार जो यस्तो भव सम्पत्तिलाई इच्छा गरेर पालन गरिएको शील छ यो तृष्णा निश्रय हो । जुन - "शीलद्वारा शुद्धि हुन्छ" विभंग (१२) अनुसार यसप्रकारले प्रव्रर्तित हुन्छ - यो दृष्टि निश्रय हो । त्यसैको उपकारक जुन कि लोकोत्तर र लौकिक छन् - ती अनिश्रित शील हुन् । यसप्रकार निश्रित, अनिश्रितअनुसार शील दुई प्रकारका छन् ।

पाँचौं द्विकमा - समयको परिच्छेद गरेर ग्रहण गरिएको शील कालपर्यन्त शील हो । त्यसरी ग्रहण नै ग्रहण गरेर जीवन पर्यन्त पालन गरिएको शील आप्राणकोटिक शील हुन्छ । यसप्रकार कालपर्यन्त, आप्राणकोटिकअनुसार शील दुई प्रकारका छन् ।

छैठौं द्विकमा - लाभ, यश (ख्याति), आफन्त (ज्ञाति), अंग र जीवन सम्बन्धी कुराहरूलाई देख्नासाथ नै जुन शील समाप्त हुन्छ, त्यो सपर्यन्त शील हो, यसको विपरीत अपर्यन्त शील हो । पटिसम्भिदामग्गमा भनिएको छ - "कुनचाहिँ शील सपर्यन्त हो ? लाभलाई देख्दैमा जुन खतम हुने शील छ, यशलाई देख्दैमा जुन खतम हुने शील छ, आफन्तहरूलाई देख्दैमा जुन खतम हुने शील छ, अंगलाई देख्दैमा जुन खतम हुने शील छ, जीवनलाई देख्दैमा जुन खतम हुने शील छ ।"

कुनचाहिँ शील लाभलाई देख्दैमा खतम हुने हुन्छ ? "कुनै मानिसले लाभको लागि, लाभको कारणले आफूले ग्रहण गरेको शिक्षापदको उल्लंघन गर्दछ - यो लाभलाई देख्दैमा खतम हुने शील हो ।" यसैप्रकार पटिसम्भिदामग्ग (१,१६) अनुसार अन्य विषयमा पनि विस्तार गर्नुपर्दछ ।

अपर्यन्त शीलको उत्तरमा पनि भनिएको छ - कुनचाहिँ शील लाभलाई देख्दैमा खतम हुँदैन ? "कुनै मानिस लाभको लागि, लाभको कारणले आफूले ग्रहण गरेको शिक्षापदको उल्लंघनको चित्त पनि उत्पन्न गर्दैन भने के उसले शीललाई उल्लंघन गर्दछ ? यो लाभलाई देख्दैमा खतम हुने शील होइन ।" यसप्रकार  अरूमा पनि विस्तार गर्नुपर्दछ । यस्ता सपर्यन्त, अपर्यन्तअनुसार शील दुई प्रकारका छन् ।

सातौं द्विकमा - सबै काम, भव, दृष्टि अविद्या आदि आस्रवसहित शील लौकि शील हुन् र आस्रवरहित लोकोत्तर शील हुन् । लौकिक भव-सम्पत्ति ल्याउन सक्ने र भव-निस्तार (मुक्ति) को साधन हुन्छ । जस्तै - परिवार पालि (१६४) अनुसार भनिएको छ - "विनय संवरको लागि हो । संवर पश्चाताप नगर्नुका लागि हो । पश्चाताप नगर्नु प्रमोदको लागि हो । प्रमोद प्रीतिको लागि हो । प्रीति प्रश्रब्धि (शान्त भाव) को लागि हो । प्रश्रब्धि सुखको लागि हो । सुख समाधि (चित्तको एकाग्रता) को लागि हो । समाधि यथार्थ ज्ञान (प्रत्ययसँगै नामरूप देख्ने ज्ञान) देख्नको लागि हो । यथार्थ ज्ञान देख्नु निर्वेदको लागि हो । निर्वेद विराग (अर्हत् मार्ग) को लागि हो । विराग विमुक्ति (अर्हत् फल) को लागि हो । विमुक्ति विमुक्तिज्ञान देख्नको लागि हो । विमुक्तिज्ञान देख्नु रूप, वेदना,

Downloaded from http://dhamma.digital/

संज्ञा, संस्कार, विज्ञान आदि उपादानरहित परिनिर्वाणको लागि हो । जुन केही पनि ग्रहण नगरी चित्त मुक्त हुनु हो, यसैको लागि (विनय सम्बन्धी) कुराकानी गर्नु हो । विचार गर्नु हो । सहारा लिनु हो । सुन्नुको लागि कान दिनु हो ।" लोकोत्तर (शील) भवनिस्तारतर्फ लाने र प्रत्यवेक्षण ज्ञान (प्राप्त गरिएको मार्गफल देख्ने ज्ञान) को भूमि हुन्छ । यसप्रकार लौकिक लोकोत्तरअनुसार शील दुई प्रकारका छन् ।

## त्रिक

त्रिकहरूमा पहिलो त्रिकमा - हीन-छन्द, चित्त, वीर्य (उत्साह-उद्योग) को मीमांसा (प्रज्ञा-ज्ञान) द्वारा पालन गरिएको शील हीनशील हो । मध्यम-छन्द आदिद्वारा पालन गरिएको मध्यमशील र प्रणीन (श्रेष्ठ-उत्तम) द्वारा पालन गरिएको प्रणीतशील हो । अथवा ख्यातिको अभिलाषाद्वारा ग्रहण गरिएको हीनशील हो, पुण्य फलको इच्छाद्वारा ग्रहण गरिएको मध्यमशील र "यो गर्नु नै छ" भनेर शिष्ट (आर्य) विचारद्वारा ग्रहण गरिएको प्रणीतशील हो । अथवा "म नै सदाचारी हुँ, यी अन्य भिक्षु दुराचारी र पापी हुन्" मज्झिम निकाय (१) अनुसार यसप्रकार आफूलाई माथि चढाउने र अरूलाई निन्दा गरेर पालन गरिएको उपक्लिष्ट (कलुषित) शील हीनशील हो । उपक्लिष्ट नभएको लौकिक शील मध्यमशील हो र लोकोत्तर शील प्रणीतशील हो । अथवा तृष्णाअनुसार भवसम्पत्ति तथा भोगसम्पत्तिको लागि पालन गरिएको शील हीनशील हो । अथवा मुक्तिको लागि पालन गरिएको मध्यमशील र सबै प्राणीहरूको मुक्तिको लागि पालन गरिएको बोधिसत्वको पारमिता शील प्रणीतशील हो । यसप्रकार शील - हीन, मध्यम र प्रणीतअनुसार तीन प्रकारका छन् ।

दोस्रो त्रिकमा - जो आफ्नो लागि अनुचित छ त्यसलाई छोड्ने इच्छाले, आत्मगौरव र आत्मसम्मानद्वारा पालन गरिएको शील आत्माधिपत्यशील हो । लोकनिन्दा हटाउने इच्छाले, लोकगौरव र लोकसम्मानद्वारा पालन गरिएको शील लोकाधिपत्यशील हो । धर्मको महत्वको पूजा गर्ने इच्छाले, धर्मको गौरव र सम्मान गर्दै पालन गरिएको शील धर्माधिपत्यशील हो । यसप्रकार अधिपत्यसमूहअनुसार शील ती प्रकारका छन् ।

तेस्रो त्रिकमा - द्विकमा जुन निश्रित र अनिश्रित बताइएका छन्, ती तृष्णा, दृष्टि (उल्टा धारणा) द्वारा परामृष्ट (जकडिएको) भएको कारणले परामृष्टशील हुन् । पृथक्जनमध्ये शीलयुक्त कल्याणपृथक्जनको मार्ग प्राप्तिको साधनले र अरहन्त हुन बाँकी भएका स्रातेपन्न, सकृदागामी, अनागामी, शैक्ष्यहरूका मार्गयुक्त शील अपरामृष्टशील हो । शैक्ष्य, अशैक्ष्यका फलयुक्त शील प्रतिप्रश्रब्धिशील हो । यसप्रकार परामृष्टसमहूह आदि अनुसार शील ती प्रकारका छन् ।

चौथो त्रिकमा - जुन शील आपत्ति (अपराध दोष) नगरिकन पालन गरिएको छ अथवा दोष गरे पनि त्यसको प्रतिकार गरेर पालन गरिएको छ त्यो विशुद्धशील हो । दोष गरेर प्रतिकार नगरिएको शील अविशुद्धशील हो । वस्तु, आपत्ति या उल्लंघन सम्बन्धी कुराहरूका जो विमति ( सन्देह) मा पर्दछ, उसको शील वैमतिकशील हो । योगीले अविशुद्ध शीलको विशोधन गर्नुपर्दछ । विमतिमा पर्दा परवस्तुको उल्लंघन नगरी विमति मेटाउनुपर्दछ । यसरी भिक्षुलाई सहुलियत हुनेछ । यसप्रकार विशुद्ध समूहअनुसार शील तीन प्रकारका छन् ।

Downloaded from http://dhamma.digital/

पाँचौं त्रिकमा - चार आर्यमार्गहरू र तीन श्रामण्यफलहरूयुक्त शील शैक्ष्यशील हो । अर्हत्फल अशैक्ष्यशील हो, शेष पृथग्जनको शील नैवशैक्ष्यनाशैक्ष्य (नशैक्ष्य नअशैक्ष्य) शील हो । यसप्रकार शैक्ष्यसमूहअनुसार शील तीन प्रकारका छन् ।

प्रतिसम्भिदा मार्ग (१) अनुसार भनिएको छ - "किनकि लोकमा प्राणीहरूको त्यस्तो प्रकृति ( स्वभाव) पनि शील भनिन्छ, जसबारे भनिन्छ कि यो सुखशील हो, यो दुःखशील हो, यो कलहशील ( झगडालु) हो, यो मण्डनीय (आफूलाई सिंगार, सजावटमा लागईराख्ने) शील हो । यसैले यस पर्यायले शील तीन प्रकारका छन् (१) कुशलशील (२) अकुशलशील, (३) अव्याकृतशील ।" यस्तै कुशलसमहूहअनुसार पनि शील ती प्रकारका छन् । यीमध्ये अकुशल यहाँ अभिप्रेत शीलको लक्षण आदिमा एउटासँग पनि मेल खाँदैन, यसैले यहाँ बताइएको छैन । अतः यहाँ बताइएको ढङ्गले नै यसलाई तीन प्रकारले जान्नुपर्दछ ।

## चतुष्क

पहिलो चतुष्कमा -

*योध सेवति दुस्सीले सीलवन्ते न सेवति ।*

*वत्थुवीतिक्कमे दोसं, न पस्सति अविद्दसु ॥*

*मिच्छासङ्कप्पबहुलो इन्द्रियानि न रक्खति ।*

*एवरूपस्स वे सीलं जायते हानभागियं ॥*

(जो मूर्ख दुःशीलवान्हरू (दुराचारीहरू) को संगत गर्दछ, शीलवान्हरूको संगत गर्दैन र शीलको वस्तुको उल्लंघनमा दोष देख्दैन, किसिम-किसिमको मिथ्यासंकल्प गर्छ र इन्द्रियको रक्षा गर्दैन त्यस्तो व्यक्तिको शील नै हानभागीय (पतनगामी) शील हुन्छ ।)

*यो पनत्तमनो होति सीलसम्पत्तिया इध ।*

*कम्मट्ठानानुयोगम्हि न उप्पादेति मानसं ॥*

*तुट्ठस्स सीलमत्तेन अघटन्तस्स उत्तरिं ।*

*तस्स तं ठितिभागियं सीलं भवति भिक्खुनो ॥*

(जो आफ्नो शील सम्पत्तिमा प्रसन्न हुन्छ, तर कर्मस्थानमा जुट्नको लागि भने प्रयोग गर्दैन त्यस शील मात्रले सन्तुष्ट रहने तर उत्तरोतर उद्योग नगर्ने भिक्षुको शील स्थितभागीयशील हुन्छ ।)

*सम्पन्नसीलो घटति समाधत्थाय यो पन ।*

Downloaded from http://dhamma.digital/

*विसेसभागियं सीलं होति एतस्स भिक्खुनो ॥*

(जो शीलसम्पन्न भएर समाधिको लागि उद्योग गर्दछ त्यस भिक्षुको शील विशेषभागीयशील हुन्छ ।)

*अतुट्ठो सीलमत्तेन निब्बिदं योनुयुञ्जति ।*

*होतिनिब्बेध भागियं सीलमेतस्स भिक्खुनो ॥*

(जो शील मात्रमा असन्तुष्ट भएर निर्वेद (विपश्यना) मा जुट्दछ त्यस भिक्षुको शील निर्वेदभागीय शील हुन्छ ।)

- यसरी हानभागीयअनुसार शील चार प्रकारका छन् ।

दोस्रो चतुष्कमा - भिक्षुहरूको लागि प्रज्ञप्त शिक्षापद, जुन भिक्षुणीहरूको लागि प्रज्ञप्त शिक्षापदबाट बच्नयोग्य शील, भिक्षुशील हो । भिक्षुणीहरूको लागि प्रज्ञप्त शिक्षापद, जुन भिक्षुहरूको लागि प्रज्ञप्त शिक्षापदहरूबाट बच्नयोग्य शील भिक्षुणीशील हो । श्रामणेर, श्रामणेरीहरूको जुन दश शील छन् ती अनुपसम्पन्नशील हो । उपासक, उपासिकाहरूको नित्य शील (सधैं पालन गर्ने शील) अनुसार पाँच शिक्षापद या उत्साह भएमा दश, शिक्षापद, उपोसथाङ्गानुसार आठ शिक्षापद गृहस्थशील हुन् । यसरी भिक्षुशील आदिअनुसार शील चार प्रकारका छन् ।

तेस्रो चतुष्कमा - उत्तर कुरू (द्वीप) मा बस्ने मनुष्यहरूले पञ्चशील उल्लंघन नगर्नु प्रकृतिशील हो । त्यसत्यस देश, कुल र सम्प्रदायको आ-आफ्नो परम्पराद्वारा ल्याइएको चारित्र आचारशील हो । “आनन्द यो स्वाभाविक कुरा हो कि जब बोधिसत्व आमाको गर्भमा वास गर्दछ, तब बोधिसत्वको आमालाई पुरूषहरूप्रति कामवासनाको चित्त उत्पन्न हुँदैन ।” यसरी दीघनिका ( २,१) र मिज्भिम निकाय (३,३,३) अनुसार भनिएको बोधिसत्वको आमाको शील स्वाभाविकशील हो । महाकश्यप आदि पवित्र चित्त हुने तथा बोधिसत्वको तीती जन्महरूमा पालन गरिएको शील पूर्वहेतुकशील हो । यसप्रकार प्रकृति आदिअनुसार शील चार प्रकारका छन् ।

चौथो चतुष्कमा - जुन कि - “यहाँ भिक्षु प्रातिमोक्षको संवरद्वारा संवृत भएर विहार गर्दछ, आचार र गोचरद्वारा सम्पन्न, अल्पमात्र पनि दोषहरूमा भय देख्ने हुन्छ र राम्ररी शिक्षापदलाई सिक्दछ ।” यसप्रकार विभंग (१२,१) अनुसार भगवान्द्वारा भनिएको शील प्रातिमोक्ष संवरशील हो । जुन - “ऊ चक्षुले रूपलाई देखेर निमित्तलाई ग्रहण नगर्ने हुन्छ र न अनुव्यञ्जनलाई, जसको कारण चक्षुइन्द्रियमा असंयतापूर्वक विहार गर्दै लोभ, दौर्मनस्य खराब अकुशल धर्म उत्पन्न होऊन् यसको संवर (संयम) को लागि जुट्दछ, चक्षुइन्द्रिको रक्षा गर्दछ । श्रोत्र (कान) द्वारा शब्द सुनेर, घ्राण (नाक) द्वारा गन्धलाई सुँघेर, जीव्हा (जिब्रो) द्वारा रसलाई चाखेर, कायद्वारा स्पर्श गरेर, मनले धर्मलाई जानेर निमित्त र अनुव्यञ्जनलाई ग्रहण गर्ने हुँदैन, मनेन्द्रियलाई संवर गर्दछ” भनी जुन दीघनिकाय (१,२) अनुसार भनिएको छ यो इन्द्रिय-संवरशील हो । जुन आजीविकाको कारण प्रज्ञप्त ६, शिक्षापदहरूको उल्लंघन जस्तै कुहन (धूर्त्याईं), लपन (कुराकानी गर्नु), नैमित्तकत्ता (ईशारा गर्नु), निष्प्रेषिकता (महत्व घटाउनु), लाभले लाभ खोज्नु (निजिगिंसनता-अन्वेषण) इत्यादि यसप्रकारका खराब धर्मानुसार हुने

Downloaded from http://dhamma.digital/

मिथ्या आजीविकादेखि विरति हो - यो आजीव पारिशुद्धिशील हो । “प्रज्ञाद्वारा जानेर चीवरको सेवन गर्दछ, ठण्डीदेखि बचाउ गर्दछ” आदिप्रकारले भनिएको, प्रज्ञाले जानेर परिशुद्ध चीवर, भोजन, शयनासन, औषधी यी चार प्रत्ययहरूको सेवन गर्नु प्रत्यय सन्निश्रितशील हो ।

## प्रातिमोक्ष संवरशील

चौथो चतुष्कमा उल्लेखित परिभाषाको आरम्भदेखि लिएर क्रमश: शब्दहरूको वर्णन समेतको विनिश्चय कथा (व्याख्या) हो । यहाँ = यस शासन (धर्म) मा । भिक्षु = संसारमा भय देख्ने वा छिन्नभिन्न (थाङ्ना) कपडा लाउने व्यक्ति आदि शब्दद्वारा बोलाइने, श्रद्धाद्वारा प्रव्रजित कुलपुत्र । प्रातिमोक्षको संवरद्वारा संवृत = प्रातिमोक्ष भनिन्छ शिक्षापद शीललाई । यस शीललाई जसले पालन गर्दछ, राख्दछ, यस शीलले त्यस व्यक्तिलाई अपायआदिको दु:खहरूबाट मुक्त गराउँछ, छोडाउँदछ, यसैले प्रातिमोक्ष भनिन्छ । ढाक्नु संवर हो । काय, वचनद्वारा शीलहरूको उल्लंघन नगर्ने कर्मको नाम हो । ... यसैले प्रातिमोक्ष संवर भनिएको हो । त्यस प्रातिमोक्ष संवरद्वारा उपगत, समन्नागत ( युक्त भएको) भन्ने अर्थ हा । विहार गर्दछ = वास गर्दछ ।

आचार र गोचरद्वारा सम्पन्न = इत्यादिको अर्थ झानविभंग (१२,१) पालिमा आएअनुसार नै जान्नुपर्दछ । भनिएको छ - “आचार र गोचरयुक्त - आचार पनि छ, अनाचार पनि छ । अनाचार के हो ? कायद्वारा नियमको उल्लंघन, वाणीद्वारा नियमको उल्लंघन र काय वाणीद्वारा नियमको उल्लंघन गर्नुलाई अनाचार भनिन्छ । सबै दु:शील्य (दुराचार) अनाचार हुन् ।

कोही भिक्षु बाँस, पात, फूल, दतिवन दिएर, नुहाइदिएर, चापलूसी गरेर, झूटो बोलेर, सेवाटहल गरेर, सन्देशबाहकको काम गरेर अथवा बुद्धद्वारा निन्दित अन्य प्रकारका मिथ्यापेशाद्वारा आफ्नो पेशा चलाउँदछ भने यो अनाचार भनिन्छ ।

आचार के हो ? कायद्वारा उल्लंघन नगर्नु, वाणीद्वारा उल्लंघन नगर्नु र कायवाणी द्वारा उल्लंघन नगर्नुलाई आचार भनिन्छ । सबै संवरशील आचार हुन् ।

कोही भिक्षु न बाँस दिएर, न पात दिएर, न फूल दिएर, न फल दिएर, न नुहाइदिएर, न दतिवन दिएर, न चापलुसी गरेर, न झूटो बोलेर न सेवाटहत गरेर, न सन्देशबाहक भएर र न बुद्धद्वारा निन्दित कुनै एक पेशा गरेर आचार गर्नुलाई आचार भनिन्छ ।

गोचर - गोचर पनि छ, अगोचर पनि छ । अगोचर के हो ? कुनै वेश्या बस्ने टोलतिर भिक्षाटन जाने गर्छ, विधवाकहाँ जाने, हुन्छ, किशोरी (पाँच कामगुणयुक्त युवती), हिजडा (नपुंसक), वा भिक्षुणीसँग मैथुन समागम गर्छ या भट्टीमा जाने गर्छ, राजा, राजाको महामन्त्रीहरू, अन्य मतावलम्बीहरू र अन्य मतावलम्बीहरूका चेलाहरूकासाथ मिलेर विहार गर्दछ । अनुचित गृहस्थहरूसँग लगाव राख्दछ । अथवा जुनसुकै श्रद्धारहित छन्, अप्रसन्न छन्, भिक्षु, भिक्षुणी, उपासक, उपासिकाप्रति आक्रोश वचन बोल्दछन् अनर्थ, अहित, अप्राशु (असुख विहार), गर्ने गर्दछन्,

Downloaded from http://dhamma.digital/

निर्भय हुन चाहँदैनन्, त्यस्ता कुलहरूको सेवन गर्दछन्, संगत गर्दछन्, बारम्बार त्यहाँ जाने गर्दछन् - त्यसलाई अगोचर भनिन्छ ।

गोचर के हो ? कोही वेश्या, विधवा किशोरी ... कहाँ नजाने हुन्छ । भट्टीमा जाँदैन । राजा, राज्य महामन्त्रीहरू ... अन्य मतावलम्बीहरूका चेलाहरूसँग मिलेर विहार गर्दैन । गृहस्थहरूसँग अनुचित लगाव राख्दैन । अथवा जुन कुल श्रद्धावान्, प्रसन्न, कुवाजस्तै भएको, काषाय वस्त्रद्वारा प्रभासित, जुन भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको अर्थ, हित चाहने हुन्छन् त्यस्ता कुलहरूको सेवन गर्दछ, संगत गर्दछ, त्यहाँ बारम्बार जान्छ - त्यसलाई गोचर भनिन्छ । यस्ता आचार र गोचरद्वार ... युक्त हुन्छ, यसैले आचार-गोचरसम्पन्न भनिन्छ ।"

यसप्रकारबाट पनि आचार-गोचरलाई जान्नुपर्दछ ।

अनाचार दुई प्रकारका हुन्छन् - शारीरिक र वाचसिक ।

शारीरिक अनाचा के हो ? कुनै भिक्षु संघमा गएर पनि अशिष्टता (अगौरव) साथ स्थविर भिक्षुहरूलाई धक्का दिँदै उठ्दछ, धक्का दिँदै बस्दछ, अगाडि नै उभिन्छ, अगाडि नै बस्दछ, अग्लो आसनमा पनि बस्दछ, टाउको छोपेर पनि बस्दछ । उठेर पनि बोल्दछ, हात हल्लाउँदै पनि बोल्दछ, स्थविर भिक्षुहरू विनाजुत्ता हिँड्डुल गर्दा जुत्ता लाएर हिँड्डुल गर्दछ । होचो स्थानमा हिँड्डुल गर्दा अग्लो स्थानमा हिँड्डुल गर्दछ, जमीनमा हिँड्डुल गर्दा चंक्रमणमा हिँड्डुल गर्दछ । स्थविर भिक्षुहरूसँग ठेलमठेल गरेर पनि बस्दछ, नयाँ भिक्षुहरूलाई पनि आसनबाट हटाउँदछ, अग्निशाला ( जन्ताघर) मा पनि भिक्षुहरूलाई नसोधी दाउरा छोडी आउँछ, ढोका बन्द गरिदिन्छ, घाटमा पनि स्थविर भिक्षुहरूलाई धक्का दिँदै पानीमा पस्दछ, अगाडि पनि उभिन्छ, धक्का दिँदै पनि नुहाउँछ, अगाडि पनि नुहाउँछ, धक्का दिएर पनि बाहिर निस्किन्छ, अगाडि पनि निस्किन्छ, गृहस्थीहरूको घरमा जाँदा पनि स्थविर भिक्षुहरूलाई धक्का दिँदै जान्छ, अगाडिअगाडि जान्छ, मार्गबाट हटेर पनि स्थविर भिक्षुहरूको अगाडिअगाडि हिँड्छ, जुन कुलहरूको भित्री पर्दा लगाएको कोठा हुन्छ, जहाँ कुलकी स्त्रीहरू, कुमारीहरू बस्दछन्, त्यहाँ पनि नसोधी पस्दछ, बच्चाको टाउको पनि सहलाउँदछ - आदिलाई शारीरिक अनाचार भन्दछन् ।

वाचसिक अनाचार के हो ? कुनै भिक्षु संघमा गएर पनि अगौरव (अशिष्टता) गर्दै स्थविर भिक्षुहरूलाई नसोधी धर्मोपदेश दिन्छ, प्रश्नको उत्तर दिन्छ, प्रातिमोक्षको उद्देश गर्दछ, उठीउठी पनि बोल्दछ, हात हल्लाउँदै पनि बोल्दछ, गृहस्थीहरूको घरमा गएर स्त्री या कुमारीसँग पनि यसप्रकार - हे फलाना नामकी, हे फलाना गोत्रकी, के छ हालचाल ? यवागु (जाउलो) छ ? भात छ ? खाना छ ? के पिउने ? के खाने ? के भोजन गर्ने ? अथवा के मलाई दिन्छौ ? यसो भनी सोध्दछ । यसलाई वाचसिक अनाचार भनिन्छ । यसको विपरीत आचार जान्नुपर्दछ ।

अरू पनि भिक्षु गौरव, इज्जत लज्जा र संकोचसाथ राम्ररी लगाएको, ओढेको, सुन्दरतापूर्वक आउनेजाने, अवलोकन-विलोकन (देखभाल गर्नु) र समेट्ने, पसार्ने, झुकेको आँखा भएको, इर्यापथयुक्त, इन्द्रियहरूमा संयम राख्ने, भोजनमा मात्रा जान्ने, जागरूक हुने, होश र ख्याल राख्ने

Downloaded from http://dhamma.digital/

अल्पेच्छक सन्तोषी, उद्योगी, आभिसमाचारिक कामहरू सत्कारपूर्वक गर्ने, ठूलाहरूलाई गौरव गर्दै विहार गर्दछ, यसलाई आचार भनिन्छ । यसप्रकार आचार जान्नुपर्दछ ।

गोचर तीन प्रकारका हुन्छन् - (१) उपनिश्रय गोचर (२) आरक्ष्य गोचर (३) उपनिबन्ध गोचर ।

के हो उपनिश्रय गोचर ? अंगुत्तर निकाय (१०,१, ९-१०) अनुसार १. अल्पेक्षकथा, २. सन्तुष्टिकथा, ३. प्रविवेककथा, ४. असंसृष्टकथा, ५. वीर्यारम्भकथा, ६. शीलकथा, ७. समाथिकथा, ८. प्रज्ञाकथा, ९. विमुत्तिकथा, १०. विमुक्ति-ज्ञान-दर्शनकथा आदि दश कथावस्तुका गुणहरूयुक्त कल्याण मित्रलाई जसको सहाराले (१) नसुनिएको कुरा पनि सुन्दछ, (२) सुनेको कुरालाई पक्का गर्दछ, (३) सन्देह मिटाउँदछ, (४) दृष्टि सीधा गर्दछ, (५) चित्त प्रसन्न गर्दछ, अथवा जसको अनुकरण गर्दै श्रद्धा, शील श्रुत, त्याग, प्रज्ञालाई बढाउँदछ, त्यसलाई उपनिश्रय गोचर भनिन्छ ।

के हो आरक्ष्य गोचर ? भिक्षु गाउँमा प्रवेश गरी सडकमा जाँदै झुकेको आँखा पारी चार हात टाढा हेरी संयमका साथ हिँड्दछ । न हाथी हेर्दै जान्छ, न घोडा, न रथ, न यात्री न स्त्री न पुरूढा, न माथि हेर्दै जान्छ, न तल हेर्दै जान्छ,  न दिशाविदिशामा हेर्दै जान्छ, यसप्रकार यसलाई आरक्ष्य गोचर भनिन्छ ।

के हो उपनिबन्ध गोचर ? चार स्मृतिप्रस्थान जसमा चित्तलाई बाँध्दछ । संयुक्त निकाय ( ५,१४८) अनुसार भगवान्ले यसो भन्नुभएको छ - “भिक्षुहरू, भिक्षुको कुनचाहिँ गोचर आफ्नो पैतृक विषय (अंश) हो ? त्यही जसमा चार स्मृतिप्रस्थान छन् ।” यसलाई उपनिबन्ध गोचर भनिन्छ । यसप्रकार यस आचार र यस गोचरयुक्त हुन्छ - यसैलाई आचार गोचरसम्पन्न भनिन्छ ।

अल्पमात्रको दोषहरूमा पनि भय देख्ने = अनजानमा गरेको ७५ सेखिय (भिक्षु नियम) दोष र अकुशल चित्तआदिको उत्पन्न हुने धेरै सानासाना दोषहरूमा पनि भय देख्ने । राम्ररी शिक्षापदहरूलाई सिक्दछ = जुनकुनै शिक्षापदमा सिक्न योग्य छ, ती सब राम्ररी सिक्दछ । प्रातिमोक्षद्वारा संवृत = यहाँसम्म व्यक्तिलाई ध्यानमा राखेर प्रातिमोक्ष-संवरशीलको उपदेश गरिएको छ । आचार-गोचर सम्पन्न इत्यादि सबै जसरी प्रतिपन्न हुने भिक्षुको शील पूर्ण हुन्छ, त्यस प्रतिपत्ति (मार्ग) लाई देखाउनको लागि भनिएको छ भनी सम्झनुपर्दछ ।

## इन्द्रिय संवरशील

यसपछि “ऊ चक्षुले रूपलाई देखेर” आदिप्रकारले इन्द्रिय संवरशीलमा देखाइएको छ त्यसमा ऊ = त्यस प्रातिमोक्ष-संवरशीलमा स्थित भिक्षु । चक्षुले रूपलाई देखेर = कारणानुसार चक्षु नामद्वारा पुकारिने रूपलाई देख्नमा समर्थ चक्षुविज्ञानद्वारा रूपलाई देखेर । पुरानो मानिसहरूे भनेका छन् - “चित्त नभएमा चक्षुले रूपलाई देख्दैन र चक्षु नभएमा चित्तले पनि देख्दैन । द्वार (भित्री आयतन) र आलम्बनको (बाहिरी आयतन) संघर्ष हुँदा मात्र चक्षुप्रसादयुक्त चित्तले देख्दछ । ‘धनुषले मार्दछ’ इत्यादिजस्तै । यसप्रकारको कारणयुक्त कथा हुन्छ । यसैले चक्षु विज्ञानद्वारा रूपलाई देखेर

Downloaded from http://dhamma.digital/

भन्ने अर्थ हो । न निमित्तलाई ग्रहण गर्ने हुन्छ = ऊ स्त्री पुरूषका शुभ निमित्त आदि अथवा क्लेश बढाउने वस्तुहरूको निमित्तलाई ग्रहण गर्दैन, हेर्ने मात्र गर्दछ । न अनुव्यञ्जनहरूलाई ग्रहण गर्ने हुन्छ = क्लेशहरूको पछिपछि उत्पन्न हुने र त्यसलाई प्रकट गरिएबाट अनुव्यञ्जन नामले भनिने हातखुट्टा, मुस्काउनु, हाँस्नु, बोल्नु, अवलोकन गर्नु (नियालेर हेर्नु), देख्नु आदिप्रकारका आकारहरूलाई ग्रहण गर्दैन । जुन यहाँ यथार्थमा छ त्यसैलाई मात्र ग्रहण गर्दछ । चैत्य पर्वत, मिहिन्तले, श्रीलङ्कामा बस्नु हुने महातिष्य स्थविरसमान ।

## महातिष्य स्थविरको कथा

महातिष्य स्थविर चैत्य पर्वतदेखि अनुराधपुर भिक्षटनको लागि आउँदै हुनुहुन्थ्यो । त्यस समयमा बाटोमा कुनै कुलवधु आफ्नो लोग्नेसँग झगडा गरी राम्ररी सजिएर देवकन्या (अप्सरा) जस्तै बिहानै अनुराधपुरदेखि निस्केर माइत जाँदै थिइन् । बीचमार्गमा स्थविरलाई देखेर, विपरीत चित्त (कामराग चित्त) भई खितितिती हाँसेर, शब्दले आकर्षित गर्न खोजिन् र स्थविरले - यो के हो ? भनी हेर्नुहुँदा त्यस स्त्रीको दाँतका हड्डीहरू देख्नुभयो । स्थविरले पनि ती हड्डीहरूमा नै अशुभसंज्ञा (विपश्यना ज्ञान) वृद्धि गर्नुभएर अरहत्व प्राप्त गर्नुभयो । यसैले भनिएका छ -

*तस्सा दन्तट्ठिकं दिस्वा पुब्बसञ्ञं अनुस्सरि ।*

*तत्थेव सो ठितो थेरो अरहतं अपापुणी ॥*

(उनको दाँतको हड्डीहरूलाई देखेर आफूले अधिष्ठान गरेको पूर्वको अशुभसंज्ञाको (चिन्तन) गर्नुभयो र त्यहीँ उभेर नै स्थविरले अर्हत्व प्राप्त गर्नुभयो ।)

एनको लोग्नेले पनि त्यसै बाटोबाट जाँदा स्थविरलाई देखेर सोध्यो - "भन्ते, के तपाईंले कुनै स्त्रीलाई देख्नुभयो ?" तब उसलाई स्थविरले भन्नुभयो -

*नभिजानामि इत्थी वा पुरिसो वा इतो गतो ।*

*ऋपि च अट्ठिसंघातो गच्छतेसं महापथे ॥*

(म जान्दिन कि स्त्री या पुरूष यहाँबाट गएको छ तर पनि यस महामार्ग भएर त्यो हड्डीसमूह कंकाल जाँदैछ ।)

जसको कारण = प्रारम्भमा, जुनकारणद्वारा उसको चक्षुइन्द्रियको असंवरको हेतु यो व्यक्ति स्मृतिको झ्यालबाट । चक्षुइन्द्रियमा असंवृत = चक्षुद्वारलाई विनाबन्द गरी । विहार गर्दै लोभ दौर्मनस्य खराब अकुशल धर्म = यी अभिध्या (विषम लोभ) आदि प्रवृत्तिहरू । उत्पन्न होस् = पछि परोस्, एकदम व्याप्त होस् । जसको संवरको लागि जुट्दछ = त्यसै चक्षुइन्द्रियको स्मृतिको झ्याललाई बन्द गर्नको लागि जुट्दछ र यसरी जुटेर नै चक्षुइन्द्रियको रक्षा गर्दछ = चक्षुइन्द्रियमा संवर गर्दछ आदि भन्ने गरिन्छ ।

Downloaded from http://dhamma.digital/

यद्यपि चक्षुइन्द्रियमा संवर या असंवर छैन । चक्षुप्रसादको सहाराले स्मृति (होश) या प्रमाद ( वेहोश) हुँदैन । तैपनि जब रूपालम्बन आँखा अगाडि आउँदछ तब भवांग चित्त दुई पटक उत्पन्न भएर निरूद्ध हुँदा क्रियामनोधातु आवर्जनको काम गर्दै उत्पन्न भएर निरूद्ध हुन्छ । तत्पश्चात् चक्षुविज्ञानले देख्ने काम गर्दछ, फेरि विपाकमनोधातु सम्प्रतिच्छन्नको काम, त्यसपछि विपाक-अहेतुक-मनोविज्ञानधातु सन्तीरणको काम, फेरि क्रिया-अहेतुक-मनोविज्ञानधातु व्यवस्थापन गर्ने काम गर्दै उत्पन्न भएर निरूद्ध हुन्छ, त्यसपछि जवन चित्त उत्पन्न हुन्छ । त्यसमा पनि न त भवांगको समय, न आवर्जन आदिमध्ये कुनै एकको नै समयमा संवर या असंवर हुन्छ ।

जवनको समयमा यदि दुःशील, भूल, अज्ञान, अक्षान्ति या आलस्य उत्पन्न हुन्छ, तब असंवर हुन्छ । यसो भएको कारणले त्यो चक्षुइन्द्रियमा असंवर हुनु भनिन्छ । किन ? किनकि त्यस समय स्मृतिद्वार पनि अरक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथि चित्त पनि अरक्षित नै हुन्छ । कसरी ? जसरी नगरका चारैवटा द्वारहरू बन्द नरहनाले, यद्यपि भित्रको घर, द्वार, कोठाहरू इत्यादि राम्ररी बन्द हुन्छन्, तैपनि, भित्र नगरमा सारा सामान अरक्षित नै हुन्छ । किनकि नगरको द्वारबाट चोर पसेर जे चाह्यो त्यो गर्न सक्दछ । यसरी नै जवनको समय दुःशील आदि उत्पन्न हुँदा तिनको असंवर भएबाट द्वार पनि अरक्षित हुन्छ, भवांग पनि, आवर्नन आदि वीथिचित्त पनि अरक्षित हुन्छन् ।

त्यसमा शील आदि उत्पन्न हुँदा द्वार पनि रक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथि चित्त पनि । कसरी ? जसरी नगरमा द्वारहरू बन्द रहनाले, यद्यपि भित्रको घर इत्यादि आरक्षित हुन्छन्, तथापि,

**वीथि सन्तती**

*चित्तको उत्पति विनाश हुँदै लगातार प्रवाहित हुने क्रमलाई सन्तती भनिन्छ । तर एउटा रूप ( भौतिकसमूह) उत्पन्न भएर विनाश हुन्जेलसम्म सत्रवटा चित्तहरू उत्पति विनाश भइसक्छन् । अर्थात् सत्रवटा चित्तको आयुजस्तै एउटा रूपको आयु हुन्छ । यी सत्र चित्तहरूको उत्पत्ति-विनाश क्रमलाई वीथि भनिन्छ । यसरी एक वीथिभित्र उत्पन्न हुने सत्र चित्तहरूको नाम र कृत्य यसप्रकार छन् -*

*१. भवंग - यो पहिलो चित्त हो । भवको अंगलाई भवांग भनिन्छ । यसलाई अतीत भवंग र गाढनिन्द्राको अवस्था पनि भनिन्छ । किनकि यसबेला चित्तले पूर्वसंस्कारलाई मात्र ग्रहण गरेको हुन्छ ।*

*२. भवंगचलन - यो दोस्रो चित्त हो । जब कुनै आलम्बन कुनै द्वारमा ठक्कर खानासाथ त्यसलाई ग्रहण गर्ने चित्त उत्पन्न हुनलाई भवंग चित्त आलम्बनतिर प्रभावित हुन खोज्ने चित्तको नाम नै भवंचलन हो ।*

*३. भवंगोपच्छेद - यो तस्रो चित्त हो । आलम्बनतिर प्रभावित हुन खोज्दाखोज्दै चित्तको उत्पत्ति-विनाशको तीव्रगति भएकोले भवंगचलन विनाश भएर अतीत संस्कारलाई छाड्ने नयाँ चित्तको नाम नै भवंगोपच्छेद हो ।*

*४. आवर्जन - यो चौथो चित्त हो । अतीत संस्कारलाई त्यागेर आलम्बनतिर प्रभावित हुँदा कुन द्वारमा के भएको हो भनी विचार गर्दछ । यसलाई क्रियामनोधातु पनि भनिन्छ । यो पञ्चद्वारमा आवर्जन गर्नेलाई पञ्चद्वारावर्जन र मनमा आवर्जन गर्नेलाई मनोद्वारावर्जन भनिन्छ ।*

*५. विज्ञान - यो पाँचौं चित्त हो । कुन द्वारमा आलम्बनले ठक्कर खाएको छ त्यसलाई जान्ने*

Downloaded from http://dhamma.digital/

*गर्दछ । द्वारअनुसार चक्षुविज्ञान (हेर्ने चित्त), श्रोत्रविज्ञान (सुन्ने चित्त), घ्राणविज्ञान (सुँघ्ने चित्त), जिव्हाविज्ञान (स्वादलिने चित्त), कायविज्ञान (स्पर्श गर्ने चित्त), मनोविज्ञान (विचार गर्ने चित्त) भनिन्छ ।*

६. *सम्प्रतिच्छन्न - यो छैठौं चित्त हो । विज्ञानले जानिएको आलम्बनलाई सम्यक्‌रूपले ग्रहण गर्ने वा स्वीकार गर्ने गर्दछ । यसलाई विपाक-मनोधातु पनि भनिन्छ ।*

७. *सन्तीरण - यो सातौं चित्त हो । ग्रहण गरिएको आलम्बनलाई सम्यक विचार वा देखेको हो वा होइन भनी चिन्तन गर्दछ । यसलाई विपाक-अहेतुक-मनोविज्ञानधातु पनि भनिन्छ ।*

८. *वोट्ठपन - यो आठौं चित्तले त्यसरी विचार गरेको आलम्बनप्रति मीमांसा गरी राम्रो वा नराम्रो भनी छुट्याएर निर्णय गर्दछ ।*

९. *जवन - नवौंदेखि पन्ध्रौं चित्तहरू वोट्ठपन चित्तले राम्रो र नराम्रो भनी निर्णय गर्नासाथ आलम्बनप्रति प्रभावित भएर कुशल या अकुशल भएर दौडिन्छन् । विशेषगरी वोट्ठपन चित्तानुसार सही निर्णय गरेमा जवनचित्तहरू कुशलचित्तहरू हुन्छन् । गलत निर्णण गरेमा अकुशलचित्तहरू हुन्छन् । वास्तवमा वीथिको सत्र चित्तहरूमध्ये कर्मफल दिने चित्तहरू यी सातवटा जवन चित्तहरू मात्र हुन् ।*

१०. *तदालम्बन - सोह्रौं र सत्रौं चित्तहरू ज्वन चित्तहरूलाई आलम्बन गरी उत्पत्ति हुने गर्दछन् । सातवटा जवनचित्तहरू उत्पत्ति भइसकेपछि त्यसको प्रतिक्रिया रोकिन्छ तर गतिको प्रभावको कारणले यी सोह्रौं र सत्रौं तदालम्बनचित्तहरू उत्पत्ति भएका मात्र हुन् । त्यसैले चित्तहरूको कुनै फल हुँदैनन् ।*

*यसरी एक रूप उत्पन्न-विनाश हुन्जेलसम्म सत्रवटा चित्तहरू उत्पत्ति-विनाश भइसकेपछि चित्त पुनः भवंग अवस्थामा नै पुग्दछ । अतः यसरी नै चित्तहरू क्रमैले उत्पत्ति-विनाश हुँदै जीवन प्रवाह (प्रवर्ति) कायम गर्दछन् ।*

भित्र नगरमा सार सामान राम्ररी र गोप्य हुन्छन् । नगरको द्वारहरू बन्द हुँदा चोर पस्न सक्दैन । यसरी नै जवनचित्तको समय शील आदि उत्पन्न हुँदा द्वार पनि सुरक्षित हुन्छन्, भवांग पनि, आवर्जन आदि वीथिचित्त पनि सुरक्षित हुन्छन् । यसैले जवनको समयमा उत्पन्न भए तापनि चक्षुइन्द्रियमा संवर भनिएको हो ।

श्रोत्रद्वारा शब्दलाई सुनेर = इत्यादिमा पनि यसरी नै बुझ्नुपर्दछ । यसप्रकार थोरैमा रूप आदि क्लेशहरूको बन्धन, निमित्त (लक्षण) आदि ग्रहण गर्नेलाई त्यागयुक्त स्वभावलाई इन्द्रियसंवर शील जान्नुपर्दछ ।

## आजीव-पारिशुद्धि-शील

इन्दिय-संवरशीलपछि बताइएको आजीव-पारिशुद्धि-शीलमा विनयपिटकानुसार जुन जीविकाको कारण प्रज्ञप्त ६ शिक्षापदहरू छन् - जसले (१) जीविकाको हेतु, जीविकाको कारण, खराब इच्छुक, इच्छानुसार काम गर्ने, अविद्यमान्, असत्य, अलौकिक शक्ति (उत्तरमनुष्यधर्म) को कुरा गर्दछ उसलाई पाराजिकाको आपत्ति हुन्छ (२) जीविकाको हेतु, जीविकाको कारण, कुनै स्त्री सन्देश पुरूषकहाँ या पुरूषको सन्देश स्त्रीकहाँ पुऱ्याइदिन्छ उसलाई संघादिशेषको आपत्ति हुन्छ । (३)

Downloaded from http://dhamma.digital/

जीविकाको हेतु, जीविकाको कारण, "जो तिम्रो विहारमा रहनुहुन्छ, उहाँ भिक्षु अर्हत् हुनुहुन्छ" - भनी भन्दछ गृहस्थहरूले उसलाई सही मानेमा त्यस भिक्षुलाई थुल्लच्चयको आपत्ति हुन्छ । (४) जीविकाको हेतु, जीविकाको कारण, भिक्षु बिरामी नभएता पनि आफ्नो लागि अरूलाई भनेर उत्तम भोजन गर्दछ उसलाई पाचित्तियको आपत्ति हुन्छ (५) जीविकाको हेतु, जीविकाको कारण, भिक्षुणीले बिरामी नभए तापनि आफ्नो लागि अरूलाई भनेर उत्तम भोजन गर्दछ, उसलाई पाटिदेशनीयको आपत्ति हुन्छ । (६) जीविकाको हेतु, जीविकाको कारण, सूप (झोल) या भात बिरामी नभए तापनि आफ्नो लागि अरूलाई भनेर खान्छ, उसलाई दुक्कटको आपत्ति हुन्छ । यसप्रकार प्रज्ञप्त जुन ६ शिक्षापद छन् यिनै ६ शिक्षापदमध्ये विभंग (१२) अनुसार कुहन निर्देशनमा यस्तो लेखिएको छ ।

*"तत्थ कतमा कुहना ? लाभ सक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या पच्चयपटिसेधनसंखातेन वा समान्तजप्पितेन वा इरियापथस्स वा अट्ठपना, सण्ठपना, भाकुटिका, भाकुटियं, कुहना, कुहायना, कुहितयं-अयं कुच्चति कुहना ।"*

(कुहन (धूत्याईं) के हो ? लाभ, सत्कार प्रशंसा पाउनको लागि खराब इच्छा हुने, इच्छाचारीको जुन चीवर आदि प्रत्ययको निषेध सम्बन्धी अरहन्तजस्तै गरेर आफ्नो लागि भनिने हो, इर्यापथ चालढालको हावभाव हो, सजावट हो, दुरूस्त गर्नु हो, भृकुटी गर्नु हो, वञ्चन, ठगवृत्ति र ठग्ने भाव हो - यसलाई कुहन (धूत्याईं) भनिन्छ ।

लाभसक्कारसिलोकसन्निस्सितस्स = लाभसत्कार र कीर्ति शब्द (ख्याति) सँग मिलेको वा चाहने व्यक्तिको । पापिच्छस्स = आफूमा नरहने गुणलाई वर्णन गर्ने पापेच्छुकको । इच्छापकतस्स = इच्छाचारीको अर्थात् त्यस्तो पापेच्छाबाट दास भएको व्यक्तिको ।

यसपछि किनकि प्रत्यय प्रतिषेधन सामन्तजप्पा, इर्यापथ सम्बन्धी तीन प्रकारका कुहन वस्तु महानिद्देसमा आएका छन् यसैले तीनै प्रकारका देखाउनको लागि पच्चपटिसेधनसंखातेन वा इत्यादि भनी आरम्भ गरिएको छ ।

पच्चयपटिसेधन संखातेन = प्रत्ययप्रतिषेधनसँग सम्बन्धित । अथवा प्रत्ययहरूको प्रतिषेधन भनिनेसँग सम्बन्धित । भिक्षुलाई चीवर आदि दिनको लागि दायकहरूको निमन्त्रणा गर्दा त्यसलाई चाहेर पनि खराब इच्छाको कारण ढोंगी भएर अस्वीकार गर्दछ । गृहस्थले "अहा, आर्य अल्पेच्छ हुनुहुन्छ, केही लिन पनि चाहनुहुन्न । हाम्रो लागि भलाई हुन्छ यदि थोरै भए पनि केही लिइदियोस्" आदि विचार गरी अनुरोध गरेर किसिम-किसिमका उपायहरूद्वारा राम्राराम्रा चीवर आदि ल्याउँदा, भिक्षुले गृहस्थहरूलाई आफूप्रति अचल श्रद्धावान् जानेर, गृहस्थहरूप्रति अनुकम्पा गर्ने भावलाई प्रकट गरेर स्वीकार गर्दछ । तब यसप्रकार त्यस्तो ढोंगी स्वभावको कारणले ऊ पछिपछि भारी गाडाहरूसमेत ल्याउने (स्वीकार्ने) हुन जान्छ । यसैलाई प्रत्ययप्रतिषेधन (प्रत्ययको निवारण) कुहनवस्तु सम्झिनुपर्दछ । महानिद्देसमा यस्तो भनिएको छ -

"के हो प्रत्ययप्रतिषेधन कुहनवस्तु ? यहाँ गृहस्थ भिक्षुलाई चीवर, पिण्डपात (भिक्षान्त), शयन, आसन, ग्लानप्रत्यय (रोगीको पथ्य), भैषज्य (औषधि) र परिष्कारहरूद्वारा सत्कार गर्न निमन्त्रित गर्दछ । खराब इच्छुक, इच्छाचारी (भिक्षु) चीवर परिष्कारको इच्छुक भए तापनि त्यसभन्दा

Downloaded from http://dhamma.digital/

अधिक पाउने इच्छाले, चीवर, पिण्डपात, शयनासन, ग्लानप्रत्यय, भैषज्य र परिष्कार लिनलाई अस्वीकार गर्दछ र ऊ यसो भन्दछ "साधुलाई मूल्यवान् चीवरसँग के मतलब ? यो उचित छ कि साधु श्मशानमा या फोहरमा फ्याँकिएको, दोकानबाट त्यागिएको वस्त्रहरू या थाङ्नाहरू जम्मा गरेर, संघाटी बनाएर, धारण गरोस् । साधुलाई मूल्यवान् भिक्षान्नसँग के मतलब ? यो उचित छ कि साधु भिक्षा मागेर भिक्षाद्वारा जीवन बिताओस् । साधुलाई मूल्यवान् शयनासनसँग के मतलब ? यो उचित छ कि साधु रूखमुनि बस्ने होस् या खुला मैदानमा । साधुलाई मूल्यवान् ग्लानप्रत्यय भैषज्य - परिष्कारसँग के मतलब ? यो उचित छ कि साधु गोमूत्रको औषधि या हर्रोको चूणद्वारा औषधि गरोस् ।"

त्यसो भनेर गृहस्थलाई देखाउनको लागि खस्रो चीवर लगाउँदछ, रूखासुखा भिक्षान्न खान्छ, खस्रो शयनासन सेवन गर्दछ । रूखासुखा ग्लान प्रत्यय भैषज्य परिष्कार सेवन गर्दछ । यसले गर्दा उसलाई गृहस्थले यसप्रकार मान्दछ - "यो साधु (श्रमण) अल्पेच्छ छ, सन्तोषी छ, संयमी छ, एक्लै विहार गर्दछ, उद्योगी छ, त्यागमय रहनसहनयुक्त (धुतवादी) छ ।" त्यसपछि उनीहरू अझ बढी चीवर पिण्डपात प्रदान गर्न निमन्त्रणा गर्दछन् । त्यो देखेर भिक्षुले, मज्झिम निकाय (३,५,१) अनुसार, यसो भन्दछ - "दान गर्दाखेरि तीन कुराको मेल भएमा श्रद्धावान् कुलपुत्रलाई धेरै पुण्य हुन्छ । (१) श्रद्धा, (२) दान दिने वस्तु र (३) दाक्षिणेत्रय्ये (प्रतिग्राहक) । तिमीहरूमा श्रद्धा छ, दान दिने वस्तु पनि छ, र म प्रतिग्राहक (दान लिने व्यक्ति) हुँ । यदि मैले यस दानलाई ग्रहण नगरूँ भने तिमीहरू दानपुण्यदेखि बञ्चित हुनुपर्छ । मलाई यस वस्तुको मतलब छैन तैपनि तिमीहरूलाई अनुकम्पा गरेर ग्रहण गर्दछु" भन्दै त्यस समय धेरै चीवर, पिण्डपात, भैषज्य र परिष्कार पनि ग्रहण गर्दछ । जुन यसप्रकार भृकुटी गर्नु हो, ठगीवृत्ति हो, यसैलाई प्रत्ययप्रतिषेधन कुहनवस्तु भनिन्छ ।"

सामन्तजप्पितेन (सांकेतिक भाषा) = विषयलाई संकेत गरी घुमाएर बोलिएको । ढोंगी इच्छा हुँदाहुँदै अलौकिक धर्मको प्राप्तिसूचक वाणी बोल्नु र त्यस्तैत्यस्तै आश्चर्य पार्ने काम गर्नुलाई सामन्तजप्पा कुहनवस्तु भनेर जान्नुपर्दछ । जस्तै भनिएको छ - के हो सामन्तजप्पा कुहनवस्तु ? यहाँ कुनै खराब इच्छा हुने, इच्छाचारी, इज्जत पाउने इच्छुक हुन्छ, "मानिसहरूले मेरो यसरी इज्जत गर्दछ" भनी सोचेर आफूले आर्यधर्म प्राप्त गरेझैं गरेर, आफ्नो रहनसहनप्रति संकेत गरेर दायकहरूले आफूलाई आर्य नै सम्झिने गरी, आर्यहरूले बोल्नेझैं गरी आर्यधर्म (लोकोत्तर धर्म) मिश्रित वाणी बोल्दै, भन्दछ - जो यसप्रकार चीवर धारण गर्दछ, ऊ श्रमण महानुभावयुक्त ( महेशाख्य) भनिन्छ । जो यसप्रकारको पात्र, फलामको थाल (लोहथालकं), धर्मकरक (पानी चाल्ने चाल्नी विशेष), कपडाछान, साँचो, कायबन्धन (पेटी), जुत्ता, धारण गर्दछ ऊ महानुभावयुक्त हुन्छ । जसका यसप्रकारका उपाध्याय, आचार्य समानोपाध्याय, गुरूभाइ (समानाचार्य) परिचित्र व्यक्ति, एकसाथ खाने पिउने, अभिन्न मित्र, सहायक छन्, जो यसप्रकारको विहारमा बस्दछ, जस्तो कि विहार, घर, महल, बंगला, गुफा, शून्यागार, कुटी, कूटागार, अट्ट (मोटो भित्ता भएको घर), माल ( भुईंतला घर), उद्दण्ड (बिनाकोठाको दीर्घशाला), उपस्थानशाला, मण्डप, रूखमुनि बस्दछ .... अथवा कुहक भावले हमेशा संयमशील भइबस्ने, अत्यन्त मुख खुम्च्याउने, अति नै आश्चर्यमा पार्ने, मुखौटे, मुखविकारद्वारा सम्मानित हुन्छ यस्तो श्रामणले यसप्रकारको शान्त विहार समापत्तिहरूलाई प्राप्त गरेको छ । यसरी गम्भीर, गूढ, निपुण, ढाकिएको, लोकोत्तर, शून्यता (निर्वाण) को विषयमा

Downloaded from http://dhamma.digital/

कुराकानी गर्दछ । जुन यसप्रकारको भृकुटी ढोंग गर्दछ - ठग्ने गरिन्छ, यसलाई सामन्तजप्पा सम्बन्धी कुहनवस्तु भनिन्छ ।"

इरियापथस्स वा = सुत्ने, बस्ने, उठ्ने, उभिने शरीरको अवस्था आदि चार इर्यापथहरूको । ढोंग गर्ने इच्छा नै भएर सम्मानित हुने अभिप्रायद्वारा, आफ्नो चालढाल (इर्यापथ) द्वारा आश्चर्यमा पार्ने इर्यापथसम्बन्धी कुहनवस्तु भनेर जान्नुपर्दछ । जस्तै भनिएको छ - "के हो इर्यापथसम्बन्धी कुहन वस्तु ? कुनै खराब इच्छुक, इच्छाधारी, सम्मानित हुने अभिप्रायले "लोकले मेरो इज्जत गर्नेछ" भनी सोचेर अरहन्तहरूजस्तै आफ्नो चालढाल बनाउँदछ, बिछ्यौना बिछ्याउँदछ, लोकले मलाई अरहन्त सम्झियोस् भन्ने चाहना गर्दै हिँड्दछ, उठ्छ, बस्छ, सुत्छ, एकाग्र चित्तयुक्तझैं, हिँड्छ, उठ्छ, बस्छ, सुत्छ र बाटामा बसेर ध्यान गर्ने हुन्छ । जुन यसप्रकारले इर्यापथको स्थापन, संस्थापन गरिन्छ ... यसलाई इर्यापथसम्बन्धी कुहनवस्तु भनिन्छ ।"

अट्ठपना = प्रारम्भिक स्थापन, या आदरद्वारा स्थापना । ठपना = स्थापन (बनावट) का आकार । सण्ठपना = ठीकठाक (अभिसंस्करण) गर्नु । प्रासादिक भाव (यसप्रकार हावभाव बनाउनु कि जसलाई देख्दैमा मन प्रसन्न होस्) गर्नु भनिएको छ । भाकुटिका = प्रधान (श्रमणधर्म ध्यानादि) द्वारा मर्दित भावले ढोंग गर्नु । 'मुख खुम्च्याउनु' भनिएको छ । भृकुटी ढोंग गर्नु यसको स्वभाव हो, यसैले यो भ्राकुटिक हो । भ्राकुटिकको हुनु भाकुटियं हो । कुहना = ढोंग गर्नु, विस्मय (अचम्म) मा पार्नु । कुह (विस्मय) को क्रिया कुहायना हो । विस्मयमा परेको (कुहित) हुनु कुहितत्तं हो ।

*तत्थ कतमा लपना ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या परेसं आलपना, लपना, सल्लपना, उल्लपना, समुल्लपना, उन्नहना, समुन्नहना, उक्काचना, समुक्काचना, अनुप्पियभाणिता, चाटुकम्यता, मुग्गसुप्पता, पारिभट्टता - अयं वुच्चति लपना ।*

के हो लपना (कुराकानी गर्नु) ? लाभ, सत्कार र प्रशंसा पाउनको लागि, खराब इच्छायुक्त, इच्छाचारीको जनु अरूलाई सम्बोधन गर्नु, कुरा गर्नु, धम्काई कुरा गर्नु, घुमाइफिराई कु गर्नु, लगातार घुमाइफिराई कुरा गर्नु, कुरामा फसाउनु, लगातार कुरामा फसाउनु, बढाइचढाई कुरा गर्नु, लगातार बढाइचढाई कुरा गर्नु, प्रिय वचन बोल्नु, चापलुसी गर्नु, ख्यालख्याल कुरा गर्नु, सेवटहल गर्नु - आदिलाई लपन (कुराकानी गर्नु) भनिन्छ ।

आलपना = (सम्बोधन गर्नु) विहारमा आएर मानिसहरूलाई देखेर - "केको लागि तपाईंहरू आउनुभएको हो, के भिक्षुहरूलाई दान दिनको लागि निमन्त्रणा गर्न ? यदि यस्तो हो भने हिँड्नुहोस् म पछि उनीहरूलाई लिएर आउनेछु ।" यसप्रकार आरम्भदेखि नै आफैंले सम्बोधन गर्दै भन्नु अथवा आफ्नो सम्बन्धमा - "म तिष्य हुँ, राजा ममाथि प्रसन्न छ र प्रसन्न छन् अन्य फलाना-फलाना राजमन्त्रीहरू" यसप्रकारले भन्नु, ... कुरा कोट्याउँदै विज्ञापन गर्नु । लपना = सोद्धा मात्र त्यसप्रकारले भन्नु । सल्लपना = फकाउनु । गृहस्थहरू आफ्नो कारणले उदास भएको बेला घुमाइफिराई फकाउनु । उल्लपना = उल्क्याउनु "तपाईं महाकुटुम्बी हुनुहुन्छ, महानाविक हुनुहुन्छ, महादानपति हुनुहुन्छ" यसप्रकार बढाइचढाई भन्नु । समुल्लपना = सबै प्रकारले फुर्क्याई, फूर्क्याई ( फकाईफुलाई) गरी भन्नु ।

Downloaded from http://dhamma.digital/

उन्नहना = फसाउनु । "उपासकहरू ! तिमीहरू पहिले यस्तो समयमा दान दिन्थ्यौ, अब किन दिँदैनौ ?" यसप्रकार जबसम्म "भन्ते, हामीहरू दान दिन्छौं तर अवकाश पाउँदैनौं" इत्यादि भन्दैनन् तबसम्म बढाइचढाई गरी आफ्नो कुरामा फसाउनु, बाँध्नु भनिन्छ अथवा ऊखुलाई हातमा लिएको देखेर - 'उपासक कहाँबाट ल्याइरहेको छौ ?' "ऊखु खेतबाट भन्ते ।" "के त्यहाँको ऊखु मिठो छ ?" "भन्ते ! खाएर जान्नुपर्दछ ।" "उपासक, भिक्षुहरूलाई "मलाई ऊखु देउ" भनी मागेर खाने अनुमति छैन, के गर्नु" आदि भनी जुन यसप्रकारको खोलेर पनि बाँध्ने कुराकानी छ त्यो उन्नहना हो । चारैतिरबाट घुमाइफिराई बाँध्नु, फसाउनु समुन्नहना हो ।

उक्काचना = सूचित गर्नु । "यो कुलले मलाई चिन्दछ, मान्दछ । यदि यहाँ दान दिने वस्तु छ भने मलाई नै दिन्छ" - यसरी दायकअगाडि नै संकेत गरी भन्नु, राम्ररी प्रकट गर्नु उक्काचना भनिन्छ । उदाहरणको लागि तेल कन्दरिकाको कथा यहाँ भन्नुपर्दछ ।

## तेल कन्दरिकाको कथा

दुई भिक्षुले एक गाउँमा गएर आसनशालमा बसेर एउटी केटीलाई बोलाए । उनी आएपछि एक भिक्षुले दोस्रो भिक्षुसँग सोध्यो - "भन्ते, यी कसकी छोरी हुन् ? अर्कोले भन्यो - "हाम्रो सेवटहल गर्ने तेल कन्दरीकाकी छोरी हुन् । यिनकी आमाले मलाई घिउ दिँदा गाग्रोबाट नै दिन्थिन् । यिनले पनि आमा जस्तै गाग्रोबाट नै दिन्छिन्" भनी त्यस भिक्षुले उक्काचन गर्‍यो ।

सबैप्रकारले बारम्बार उक्काचन गर्नु समुक्काचना हो । अनुपिय्यभाणिता = सत्यानुरूप या धर्मानरूप नभएर आफ्नो स्वार्थको लागि मात्र बारम्बार प्रिय वचन (मीठो कुरा) बोल्नु । चाटुकम्यता = चापलुसी गर्नु । नीचवृत्तिभाव भएको हुनु, आफूलाई तलतल पारी प्रस्तुत गर्नु । मुग्गसुप्पता = मूंगीको सूप (झोल) जस्तै हुनु । जस्तै - मूंगीलाई पकाउँदा कुनै पाक्दैन, बाँकी पाक्दछ, यसरी नै जुन व्यक्तिको कुरामा केही मात्र साँचो हुन्छ, बाँकी झूठो हुन्छ त्यस्तो व्यक्तिलाई 'मूंगीको सूपजस्तै' भनिन्छ । पारिभट्टता = सेवटहलको भाव । जस्तै - बच्चाहरूको धाई (रेखदेख गर्ने महिला) जस्तै - दायकको बच्चालाई स्वयं काख या काँधमा बोक्नु, लिइराख्नु ... त्यो पारिभृत्यको काम हो । पारिभृत्य हुनु नै पारिभृत्यता हो ।

*तत्थ कतमा नेमित्तिकता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स यं परेसं निमित्तं, निमित्तकम्मं, ओभासो, ओभासकम्मं, सामान्तजप्पा, परिकथा - अयं वुच्चति नेमित्तिकता ।*

(के हो नेमित्तिकता (इशारा गर्नु) ? लाभसत्कार र प्रशंसा पाउनको लागि ... अरूको लागि निमित्त गर्नु, निमित्त दिनु, संकेत गर्नु, अवभास गर्नु, अरूको सम्बन्धमा भनेझैं गरी आफ्नो लागि भन्नु, त्यसलाई प्रकट गर्नु, कथा भन्नु आदिलाई नैमित्तकता (इशारा गर्नु) भनिन्छ ।)

Downloaded from http://dhamma.digital/

निमित्त = प्रत्यक्ष संकेत गर्नु । केही अरूबाट आफूलाई प्रत्यय, आवश्यक वस्तु दिलाउनको लागि काय र वाक प्रयोग गर्नु । निमित्तकम्म = अप्रत्यक्ष संकेत गर्नु । खानेवस्तुलाई लिएर गइरहेको देखेर 'के तपाईंले खाना पाउनुभयो ? आदिप्रकारले निमित्त गर्नु । ओभासो - प्रत्ययको विषयमा प्रत्यक्ष कुराकानी गर्नु । ओभासकम्मं = प्रत्ययबारे अप्रत्यक्ष कुरा गर्नु । बाछ्यालाई पाल्ने गोठालालाई देखेर - 'के यी बाछ्याहरू दूध पिउने बाछ्याहरू हुन् कि मही पिउने बाछ्याहरू हुन्, भनी सोध्दा "भन्ते, दूध पिउने बाछ्याहरू हुन्" भनी जवाफ दिँदा "दूध पिउने बाछ्याहरू होइनन् होला । यदि दूध पिउने बाछ्या हुन् भने त भिक्षुले पनि दूध पाउँथ्यो नि ?" इत्यादिले अथवा ती केटाहरूको आमाबाबुलाई भनेर दूध दिलाउनको लागि संकेत गर्नु । सामन्तजप्पा = सांकेतिक कुरा गर्नु । इच्छितवस्तुलाई नजिक गरी कुरा गर्नु । गृहस्थको घरमा बारम्बार जाने कुलूपक भिक्षुको कथा यहाँ भन्नुपर्दछ -

## कुलूपक भिक्षुको कथा

कुलूपक भिक्षु भोजन गर्नेइच्छाले घरभित्र प्रवेश गरी बस्यो । गृहस्वामिनीले उसलाई देखेर केही पनि नदिने इच्छाले 'चामल छैन' भन्दै, चामक लिएर आउने इच्छा भएकीजस्ती गरी छिमेकीको घरमा गइन् । भिक्षु पनि कोठाभित्र पसेर हेर्दै झ्यालको कुनामा ऊखुको लाँक्रा, भाँडोमा गुंड (सख्खर) को डल्लो, टोकरीमा नुनिलो माछ्याको सील, ठूलो घैंटो (कुम्भी) मा चामल, भाँडामा घिउ हेरेर, निस्केर बस्यो । गृहस्वामिनी 'चामल पाइएन' भन्दै आइन् । भिक्षुले भन्यो - "उपासिका, आज भिक्षा पाउँदिन भनी मैले पहिले नै अपशकुन देखेको थिएँ ।"

"के भन्ते"

"झ्यालको कुनामा राखको उखुको लाँक्राझैं सर्पलाई देखे । त्यसलाई मार्छु भनी चारैतिर हेर्दा भाँडामा राखिएको गुँडको डल्लाजस्तै ढुंगालाई देखें । ढुंगाले हिर्काएपछि टोकरीमा राखेको नुनिलो माछ्याको सीलजस्तै सर्पले फुलाएको फणलाई देखें । त्यस डल्लालाई डस्ने इच्छा गरी मुख खोल्दा ठूलो घैंटोमा राखिएको चामलजस्तै उसको दाँतहरूलाई देखें र त्यो कुपित हुँदा भाँडामा राखिएको घिउजस्तै त्यसको मुखबाट निस्किँदै गरेको फिँजलाई देखें ।"

उनले "चिण्डेलाई बहकाउन सकिँदैन" भनी सोचेर अन्तमा उखु, भात पकाएर, घिउ, गुँड र माछ्यासहित सबै थिइन् ।

यसरी विषयलाई नजिक गरी भन्नुलाई सामन्तजप्पा जान्नुपर्दछ । परिकथा = जसरी कुनै कुरा भन्न मिल्दछ त्यसरी नै उदाहरण दिँदै घुमाइफिराई भन्नु ।

*तत्थ कतमा निप्पेसिकता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या परेसं अक्कोसना, वम्भना, गरहना, उक्खेपना, समुक्खेपना, खिपना, संखिपना, पापना, सम्पापना, अवण्णहारिका, परिपिट्ठिमंसिकता - अयं वुच्चति निप्पेसिकता ।*

Downloaded from http://dhamma.digital/

(के हो निष्प्रेषिकता (महत्व घटाउनु) ? लाभसत्कार र प्रशंसा पाउनको लागि ... अरूलाई हकार्नु, निन्दा गर्नु, बेइज्जत गर्नु, उत्क्षेपण गर्नु (व्यङ्ग्य गर्नु), समुत्क्षेपण गर्नु (बारम्बार व्यङ्ग्य गर्नु), हाँसोमा उडाउनु, बारम्बार हाँसोमा उडाउनु, अपराध गर्नु, बारम्बार अपराध गर्नु, निन्दा फैलाउनु, पछाडि कुरा काट्नु - यसलाई निष्प्रेषिकता (महत्व घटाउनु) भनिन्छ ।

अक्कोसना = आक्रोषन गर्नु । संयुक्त निकाय अर्थकथा (१,११,१,४) अनुसार - (१) चोर होस्, (२) मूर्ख होस्, मूढ होस्, ऊँट होस्, गोरू होस्, गधा होस्, नरकगामी होस्, पशु होस्, तिमीलाई सुगति छैन, तिमीलाई दुर्गति मात्र छ आदि दश आक्रोषन कुराहरूद्वारा गाली गर्नु, होच्याउनु । वम्भना = तुच्छ बनाउनु, होच्याएर भन्नु । गरहना = निन्दा गर्नु । तिमी अश्रद्धावान् छौ, अप्रसन्न छौ आदिप्रकारले दोषरोपण गर्नु । उक्खेपना = कुरा काट्नु । "यसलाई यहाँ नभन" आदि तरिकाको कुराले उत्क्षेपण गर्नु । समुक्खेपना = घुमाइफिराई कुरा काट्नु समुत्क्षेपण हो । अथवा दायकले नदिने देखेर "अहा, दानपति" आदि भन्दै व्यंगात्मक तरिकाले बढाइचढाई गरेर भन्नु उत्क्षेपण हो । 'महादानपति' यसप्रकार व्यंगात्मक तरिकाले राम्ररी बढाइचढाई गरी भन्नु समुच्क्षेपण हो । "यस्तो पनि जिन्दगी हो जसले यस्तो बीज खान्छ ?" भनी हाँसो गर्नु (मजाक गर्नु) । संखिपना = घुमाइफिराई उपहास गर्नु । 'के उहाँलाई तपाईं नदिने अदायक भन्नुहुन्छ जो सर्वदा सबैलाई छैन भन्ने वचन दिन्छ' आदि भनी व्यंग गरी खुब हाँसोमा उडाउनु ।

पापना = बदनाम गर्नु । दायक हुन नदिनु या दायक होइन भनी निन्दा गर्नु । सबप्रकारले पापना सम्पापना हो । अवण्णहारिका = गोप्यता फैलाउनु । 'यस्तो निन्दाको डरले मलाई दिन्छ भनी सोचेर एक घरदेखि अर्को घर, एक गाउँदेखि अर्को गाउँ, एक जनपददेखि अर्को जनपदमा दायकको निन्दालाई पुऱ्याउनु ।

परपिट्ठमंसिकता = चुक्ली लगाउनु । अगाडि मीठो कुरा गरी अरूसँग उसको पछाडि निन्दा गर्नु । जो पछाडि देख्न नसक्नेको पिठ्यूँको मासु पछाडिबाट खाएजस्तो हो, यसैले पिठ्यूँको मासु खानुजस्तै भनिएको छ । अयं वुच्चति निप्पेसिकता = किनकि जुनप्रकार बाँसको खप्लेटो (वेणु पेसिका) शरीरमा लागेमा लगाएको अभ्यांग (मालिश गरिएको वस्तु) लाई बिल्कुलै पुछिदिन्छ, त्यसप्रकार यो अरूको गुणलाई पिनेर गन्ध (सुगन्ध) खोज्नेभैंं अरूको गुणहरूलाई बिल्कुल नष्ट गरेर चूर्णविचूर्ण गरेर आफूले लाभ खोज्नेजस्तै हुन्छ, यसैले निष्प्रेषिकता भनिन्छ ।

*तत्थ कतमा लाभेन लाभं निजिगिंसनता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छो इच्छापकतो इतो लद्धं आमिसं अमुत्र हरति, अमुत्र वा लद्धं आमिसं इधाहरति या एकरूपा आमिसेन आमिसस्स एट्ठि, गवेट्ठि, परियेट्ठि, एसना, गवेसना, परियेसना - अयं वुच्चति लाभेन लाभं निजिगिंसनता ।*

(के हो लाभले खोज्नु ? लाभ, सत्कार प्रशंसा पाउनको लागि .... यहाँबाट पाइएको आमिष (चार प्रत्यय) लाई यहाँबाट त्यहाँ लैजान्छ या त्यहाँ पाएकोलाई यहाँ ल्याउँछ । यो यसप्रकारले आमिषले आमिषलाई खोज्नु, तलाशी लिनु, पत्ता लगाउनु, एषण, गवेषण, पर्येषण गर्नु, यसैलाई भनिन्छ लाभले लाभलाई खोज्नु ।)

Downloaded from http://dhamma.digital/

निजिगिंसनता = खोज्नु । इतो लद्ध = यस घरबाट पाएको । अमुत्र = अमुक घरमा । एट्ठि = चाहना । गवेट्ठि = खोज्नु । परियेट्ठि = बारम्बार खोज्नु । शुरूदेखि लिएर प्राप्त भएको भिक्षालाई ठाउँठाउँमा केटाहरूलाई दिएर अन्तमा दूधबाट बनाइएको यवागु आफूले खाएर गएको भिक्षुको कथा यहाँ भन्नुपर्दछ । यसैले एट्ठिलाई एसना, गवेट्ठिलाई गवेसना, परियेट्ठिलाई (पर्रेष्ठि) लाई परियेसना = पर्येषण आदि पर्यायवाची शब्दहरू हुन् भनी यहाँ सम्झनुपर्दछ ।

यी कुहन आदिका अर्थ हुन् ।

अब इत्यादि यसप्रकारका खराब धर्महरूको = यहाँ 'इत्यादि' शब्दले = "जस्तै कुनैकुनै श्रमण ब्राह्मण श्रद्धापूर्वक दिएको भोजनलाई खाएर उनीहरू यसप्रकारका तिर्यक विद्याहरू ( अनावश्यक विद्याहरू) को मिथ्या आजीविकाले जीवन व्यतित गर्दछन् । जस्तै - अंग, निमित, उत्पात, स्वप्न, लक्षण, मुसाले खाएको लुगाको फललाई बताउनु, अग्निहोम (अग्नि हवन), दर्विहोम आदिप्रकारले ब्रह्मजाल सूत्रमा भनेजस्तै अनेक खराब धर्महरूलाई ग्रहण गर्ने भनी जान्नुपर्दछ ।

**विभिन्न तिर्यक विधाहरू**

***(१) अंग विद्या = हातखुट्टा आदिमा यसप्रकारको अंगयुक्त मानिस दीर्घायु हुन्छ, यशवान् हुन्छ भनी जान्ने ज्ञान । (२) निमित्त विद्या = पण्डूराजा (महावंश ८, १०) ले तीन मोतीहरूलाई मुट्ठीमा लिएर ज्योतिषसँग सोध्यो "मेरो हातमा के छ ?" ज्योतिषले यताउता हेऱ्यो । त्यस समय माउसुलीद्वारा पक्डिएको झिंगा मुक्त भएको देख्यो तब उसले "मोती छ" भनी भन्यो । फेरि राजाले "कति छ ?" भनी सोध्दा ज्योतिषले तीन पटक कुखुरा बासेको शब्द सुनेर "तीन वटा छ" भनी भन्यो । यसरी त्यस कुरालाई बताउनका लागि निमित्तलाई हेर्ने ज्ञान । (३) उत्पात विद्या = बिजुली चम्किने, इन्द्रधनुष निस्कने आदिलाई देखेर "यो हुन्छ, यस्तो हुन्छ" आदि भन्ने ज्ञान । (४) स्वप्न विद्या = सपना देखेअनुसार योयो फल हुन्छ भनी जान्ने ज्ञान । (५) लक्षण विद्या = लक्षण हेरेर मानिसहरूको भविष्य, गुणधर्म जान्ने ज्ञान । (६) मुसाले खाएको लुगाको फल विद्या = अमुक भागमा मुसाले प्वाल पार्दा यस्तो फल हुन्छ भनी जान्ने ज्ञान । (७) अग्निहोम विद्या = यसप्रकारको काठले यस्तो हवन गर्दा यस्तो फल हुन्छ भनी जान्ने ज्ञान । (८) दर्विहोम विद्या = डाडुअनुसार होम गर्ने विद्यान ज्ञान ।***

यसप्रकारको आजीविकाको कारण भगवान्द्वारा भनिएको यी ५ शिक्षापदहरूको उल्लंघन गर्ने र कुहन (धूर्त्याइँ), लपन (कुराकानी गर्नु), नैमित्तकता (इशारा गर्नु), निष्प्रेषिकता (महत्व घटाउनु), लाभले लाभलाई खोज्नु आदि यस्ता खराब (पाप) धर्महरूद्वारा गरिएको मिथ्या आजीविका छन्, ती मिथ्या आजीविकाद्वारा सबैप्रकारले जुन विरति (अलग हुनु) हो, त्यही आजीवपरिशुद्धिशील हो ।

यो शब्दार्थ हो - यसको सहाराले बाँच्दछन् - त्यसैले यो आजीव हो । त्यो के हो ? चीवर आदि खोज्न गरिएको व्यायाम (प्रयत्न) । पारिशुद्धि भनिन्छ पारिशुद्ध हुनुलाई । आजीवको परिशुद्धि नै आजीवपारिशुद्धि हो ।

Downloaded from http://dhamma.digital/

## प्रत्यय सन्निश्रित शील

त्यसपछि जुन प्रत्यय सन्निश्रितशील भनिएको छ, त्यसका चीवर सम्बन्धी पालि यसप्रकार छ -

*पटिसंखा योनिसो चीवरं पटिसेवति, यावदेव सीतस्स पटिघाताय, उण्हस्स पटिघाताय, डंसमकसवातप सिरिंसपसम्फस्सानं पटिघाताय, यावदेव हिरिकोपीनपटिच्छादनत्थं ।*

पटिसंखा योनिसो = उपायद्वारा, पथद्वारा, ज्ञान (प्रतिसंख्या) द्वारा जानेर, प्रत्यवेक्षण (राम्ररी विचार) गरेर, भन्ने अर्थ लाग्दछ । यहाँ "ठण्डीद्वारा वचावको लागि" आदिप्रकारले भनिएको प्रत्यवेक्षणलाई नै 'योनिसो पटिसंखा' जान्नुपर्दछ । चीवरं = संघाटी, उत्तरासँग, अन्तरवासक आदिमध्ये जुनकुनै पनि भिक्षुको लागि प्रयोग हुने लुगा । पटिसेवति = परिभोग गर्दछ, लगाउँछ, या ओड्दछ । यावदेव = जबसम्म । यो प्रयोग गर्ने समयलाई जनाउने शब्द हो । योगीलाई त्यति नै चीवर सेवन (प्रयोग) गर्नु आवश्यकता छ, जति ठण्डी आदिबाट बचाउको लागि आवश्यक छ, यसभन्दा बढी होइन । सीतस्स = भित्री (आध्यात्मिक शारीरिक) धातुको प्रकोप (ज्वर आदि) ले या बाहिरी (बाह्य) ऋतु परिवर्तनको कारणले उत्पन्न जुनकुनै प्रकारका ठण्डीलाई । पटिघाताय = मेटाउनको लागि । जसरी गर्दा शरीरमा रोग उत्पन्न हुँदैन त्यसप्रकार उसलाई हटाउनको लागि । ठण्डीले पीडित हुँदा विक्षिप्तचित्त भएको भिक्षु ठीकढंगले प्रधान (ध्यानअभ्यास) गर्न सक्दैन । यसैले ठण्डीबाट बच्नको लागि चीवर सेवन गर्नुपर्दछ भनी भगवान्ले आज्ञा दिनुभएको छ । यसैप्रकार सर्वत्र बुझ्नुपर्दछ । मात्र यहाँ उण्हस्स = अग्नि सन्तापको भनी बुझ्नुपर्दछ । जंगलमा डढेलो लाग्ने ( वनदाह) आदिको समयमा त्यस्तो सम्भावना जान्नुपर्दछ ।

डंसमकवातातपसिरिंसपसम्फस्सानं, = यसमा डंस = डस्ने झिंगा । उनीहरूलाई अन्ध माखा (डंस) पनि भनिन्छ । मकस = लमखुट्टे । वात = वायु धूलोसहित वा धूलोरहित सबैप्रकारका । आतप = सूर्यको गर्मी । सिरिंसप = जुनसुकै घिस्रिएर हिँड्ने प्राणी, दीर्घ जाति = सर्प, खजुर, माकुरा, माउसुली, बिच्छी आदि । सम्फस्सानं = ती प्राणीहरूद्वारा डस्ने र छुने दुवै प्रकारको स्पर्श । त्यो पनि चीवर ओढेर बस्नेलाई पीडित गर्दैन । यसैले त्यस्ता स्थानहरूमा उनीहरूबाट बच्नको लागि चीवर प्रतिसेवन (प्रयोग) गर्दछ ।

यावदेव = जबसम्म । फेरि यसको निश्चित प्रयोजनको समय अलग गरी देखाउनको लागि यो शब्द प्रयोग गरिएको हो । लज्जांगलाई ढाक्नु नै यसको निश्चित प्रयोजन हो । अरू प्रयोग भने कहिलेकाहीँ मात्र हुनेछ । हिरिकोपीनं = त्योत्यो सम्बाध स्थान (लज्जांग) । जुनजुन अंगलाई खोल्नाले हिरि (लज्जा) कुपित हुन्छ, नाश हुन्छ, त्यसत्यस हिरिलाई कोपन (कुपित गर्नु) द्वारा नै हिरिकोपीन भनिन्छ । त्यस हिरिकोपीनलाई ढाक्नुको अर्थमा हिरिकोपीनपटिच्छादनत्थं ।

पिण्डपात सेवनबारे पालि यसप्रकार छ -

Downloaded from http://dhamma.digital/

*पटिसंखा योनिसो पिण्डपातं पटिसेवति, नेव दवाय, नमदाय, नमण्डनाय, नविभूसनाय, यावदेव इमस्स कायस्स ठितिया यापनाय विहिंसूपरितिया ब्रह्मचरियानुग्गहाय, इति पुराणञ्चवेदनं पटिहंखामि, नवञ्च वेदनं नउप्पादेस्सामि, यात्रा च मे भविस्सति अनवज्जा च फासुविहारो चाति ।*

पिण्डपात = जुनकुनै आहार । जुनकुनै पनि आहार भिक्षाद्वारा भिक्षुको पात्रमा राखिदिएकोले पिण्डपात भनिन्छ अथवा पिण्डहरूको पतना (पतन हुनु - झर्नु) पिण्डपात हो । ठाउँठाउँमा पाइएको भिक्षाको सन्निपात (थुप्रो) समूह भनिन्छ । नेव दवाय = गाउँका केटाहरूजस्तै खेल्नको लागि होइन, मनोरञ्जन गर्नको निमित्त होइन भन्ने अर्थ लाग्दछ । न मदाय = गाउँका केटाहरूले मुक्का हान्ने, पहलवानी गर्ने आदिजस्तै घमण्ड गर्नको लागि होइन । बलको र पुरूषमद (म पुरूष हुँ यसप्रकारको मान) को लागि होइन । न मण्डनाय = अन्तःपुरको वेश्या आदिजस्तै श्रृंगार गर्नको लागि होइन अथवा सजावट अंगप्रत्यंगलाई मोटाउनुको लागि होइन । न विभूसनाय = नर्तक, नर्तकी आदिजस्तै विभूषणको लागि होइन । अर्थात् छविकावे सुन्दरवर्ण गर्नको निमित्त होइन ।

यसमा "क्रिडाको लागि होइन" जुन भनियो त्यो मोहको उपनिश्रय हटाउनको लागि भनिएको हो । 'न मदको लागि' द्वेषको उपनिश्रय हटाउनको लागि हो । 'न मण्डनको लागि', "न विभूषणको लागि" यो रागको उपनिश्रयलाई हटाउनको लागि हो । 'न क्रिडाको लागि', 'न मदको लागि' यी दुवै आफ्नो संयोजन (बन्धन) को उत्पत्तिलाई रोक्नको लागि हो । यी चारैवटाबाट अयोनिशः (वेठीक) प्रतिपत्ति र कामभोगको सुखका लिप्सामा लागिरहनेलाई हटाउनको लागि भनिएको हो भनी जान्नुपर्दछ ।

यावदेव, = जबसम्म । इमस्स कायस्स = यी चार महाभूतहरू (पृथ्वी, जल, अग्नि, वायु) द्वारा बनिएको रूपकायको । ठितिया = स्थितिको लागि, सिलसिला कायम गर्नको लागि । यापनाय = जीवन प्रवाहलाई अटूट बनाईराख्नको लागि । यो धेरै दिनसम्म स्थित राख्नको लागि । जीर्ण घर भएको मानिसको घरलाई भत्किन नदिनको लागि खम्बा, टेको लगाउनेझैं, बैलगाडी धूरालाई तेल लगाउनेझैं, शरीरको स्थिति बनिरहने र जीवन व्यतीत गर्नको लागि यो पिण्डपात (भिक्षान्त) को सेवन गर्दछ (खाँदछ) न कि क्रिडा, मद, मण्डन, विभूषणको लागि । अर्थात् स्थिति जीवितेन्द्रियको नाम हो । यसैले 'यस शरीरको स्थिति बनिरहने तथा जीवन व्यतीत गर्नको लागि' भन्नाले शरीरको जावितेन्द्रियलाई प्रवर्तित गरिराख्नको लागि पनि भनिएको सम्झिनुपर्दछ ।

विहिंसूपरतिया = जिघच्छा परमा रोगा (भोक परम रोग हो) - धम्मपद (१५७) को यस वचनानुसार रोगको अर्थमा भोकलाई विहिंसा भनिन्छ । भोकको शान्तिको लागि पनि भिक्षु भोजन गर्दछ । घाउमा औषधिको लेप लगाएझैं र गर्मी ठण्डी आदिमा उसको प्रतिकार गरेझैं । ब्रह्मचरियानुग्गहाय = सम्पूर्ण शासन ब्रह्मचर्य र मार्ग ब्रह्मचर्यको पालन गर्नको लागि । भिक्षु पिण्डपातको प्रतिसेवनको कारण प्राप्त शारीरिक बलको सहारा तीन अधिशील, अधिचित्त, अधिप्रज्ञा शिक्षाहरू कार्यपूर्ण गर्नमा लागिरहनको लागि, संसाररूपी मरूभूमिलाई पार गर्नको लागि प्रयत्नशील, ब्रह्मचर्य (श्रमण धर्म) को रक्षाको लागि, संयुक्त निकाय (१२,७,३) को मरूभूमि पार हुनेहरूको आफ्नो छोराको मासु, नदी पार गर्नेहरूको नाउ र समुद्र पार हुनेहरूको नाउ आदि उदाहरणजस्तै भोजन गर्दछ ।

Downloaded from http://dhamma.digital/

इति पुराणञ्च वेदनं पटिहंखामी नवञ्च न उप्पादेस्सामि = यसप्रकार यस भिक्षान्तलाई खानाले पुरानो भोकको वेदना (पीडा) लाई हटाउँछु र ज्यादा खानाको कारण (१) आहार हस्तक (धेरै खाएर उठ्न नसकेर अरूले हात दिएर उठाउनु पर्ने), (२) अलम शाटक (धेरै खाएर पेट फुलेपछि कपडा लगाउन नसक्ने), (३) तत्रवर्तक (धेरै खाएर उठ्न नसकी त्यहीँ पल्टिरहने), (४) काक मांसक (कागले आएर खान सक्ने गरी मुख बाहिरसम्म आउने गरी खाने), (५) भुक्त वमितक (धेरै खाएर त्यहीँ वान्ता गर्ने), ब्राह्मणहरूमध्ये कुनै एकजस्तै नयाँ वेदना उत्पन्न गर्दिन । यसरी ध्यानमा राखेर रोगीको उपचार प्रयोग गरेझैं भोजन गर्दछ । या अनुचित अति भोजनको कारण पुरानो कर्मको प्रत्ययले उत्पन्न हुने वेदनालाई यस समय पुरानो वेदना भनिन्छ । उचित परिमाणानुसारको भोजनद्वारा त्यसको प्रत्यय (हेतु) लाई भिडाउँदै त्यस पुरानो वेदनालाई हटाउनेछु । जुन भोजन यस समयमा गरिएको छ त्यो अनुचित परिभोगको कारण अगाडि उत्पन्न हुनाले नयाँ वेदना भनिन्छ । उचित भोजन गरेर त्यसको जरालाई उत्पन्न हुन नदिएर नयाँ वेदनालाई उत्पन्न गर्दिन । त्यसप्रकारले पनि यहाँ अर्थ सम्झिनुपर्दछ ।

यहाँसम्म, उचित भोजन गर्नु, शरीरलाई पीडित गर्नेलाई त्याग र धार्मिक सुखलाई नत्याग्नु बताइएको छ भनी जान्नुपर्दछ ।

यात्रा च मे भविस्सति = उचित र परिमित भोजनद्वारा जीवितेन्द्रियको उपच्छेद (मृत्यु) गर्ने या इर्यापथलाई बिगार्ने उपद्रव (परिश्रय) नहुनाले हाम्रो यस आहार आदि प्रत्ययहरूको अनुरूप हुने शरीरलाई चिरकालसम्म चलिरहने (बाँचिरहनु) नामले चिनिने जीवन यात्रा हुनेछ । औषधिको बलमा बाँच्ने रोगीजस्तै - यसैले पनि यसको सेवन गर्दछ ।

अनवज्जता च फासु विहारो च = (निर्दोष र सुख विहार) अनुचितरूपले खोज्ने, लिने, परिभोग गर्ने बानीलाई त्याग्नाले निर्दोष र परिमित भोजनले सुखविहार हुन्छ । या अनुचित र अपरिमित भोजनको कारण उदासी तन्द्रा, हाई, विज्ञहरूद्वारा निन्दित हुने आदि दोषहरू नभएबाट निर्दोष र उचित, परिमित भोजनको कारण शारीरिक बल उत्पन्न हुनाले सुखविहार हुन्छ । अथवा जति खान सकिन्छ त्यति ठोसीठोसी पेटभरी खाने आदत त्याग्नाले शयन, स्पर्श, निद्राको सुखलाई त्याग्नाले निर्दोष र चार पाँच गाँस मात्र कम खानाले चारै इर्यापथहरू (सुन्नु, बस्नु, उभिनु, हिँड्नु) को योग्य (शरीरलाई) बनाउनाले मलाई सुखविहार हुनेछ भनी सोचेर पनि प्रतिसेवन गर्दछ । थेरगाथा (९८३) मा यो भनिएको पनि छ ।

*चत्तारो पञ्च आलोपे अभुत्वा उदकं पिवे ।*

*अलं फासु विहाराय पहितत्तस्स भिक्खुनो ॥*

(चारपाँच गाँस कम खाएर पानी पिउनु । यसो गर्नु ध्यानरत निर्वाणमुखी भिक्षुको सुखपूर्वक विहारको लागि पर्याप्त छ ।)

यहाँसम्म प्रयोजनको परिग्रहण र मध्यम प्रतिपदा बताइएको छ भनी जान्नुपर्दछ ।

शयनासन सेवनबारे पालि यसप्रकार छ -

Downloaded from http://dhamma.digital/

*पटिसंखा योनिसो सेनासनं पटिसेवति, यावदेव सितस्स पटिघाताय, उण्हस्स पटिघाताय, डंसमकसवातातपसिरिंसपसम्फस्सानं पटिघाताय, यावदेव उतुपरिस्सयविनोदनपटिसल्लानारामत्थं ।*

सेनासनं = शयन र आसन । जहाँजहाँ सुत्छ, विहारमा या अटारी, आराम कोठा आदिमा त्यो शयन हो । जहाँजहाँ आसन लगाउँदछ, बस्दछ त्यो आसन हो । उनीहरूलाई एउटै गरेर शयनासन भनिन्छ ।

उतुपरिस्सयविनोदनपटिसल्लानारामत्थं = ऋतु परिश्रयलाई हटाउन तथा चित्त एकाग्र गर्नको लागि पीडित गर्ने अर्थमा ऋतु नै परिश्रय (उपद्रव) हो । त्यस ऋतु परश्रयलाई हटाउन तथा चित्तको एकाग्रता गर्नको लागि अर्थात् जुन शरीरमा रोग उत्पन्न गर्ने र चित्तलाई विक्षिप्त (चंचल) गर्ने ऋतु हुन्छ, त्यसलाई हटाउन र एकाग्रताद्वारा उत्पन्न सुखको लागि भनिएको हो । ठण्डी आदिदेखि बचावटद्वारा नै ऋतु परिश्रय (मौसमको गडबडीले उत्पन्न कष्ट) लाई हटाउन भनिएको हो । जस्तै - चीवरको प्रतिसेवन गर्नाले लज्जांगलाई ढाक्ने, खास मतलब हो, अरू प्रयोग कहिलेकाहीँ मात्र हुन्छ भनी भनिएको छ । यसैप्रकार यहाँ पनि विशेष ऋतुको गडबडीद्वारा उत्पन्न कष्टलाई हटाउनेबारे नै भनिएको भनी जान्नुपर्दछ । अथवा यो उक्तप्रकारको ऋतु नै ऋतु हो । तर परिश्रय दुई प्रकारका हुन्छन् - (१) प्रकट परिश्रय र (२) प्रतिच्छन्न परिश्रय । प्रकट परिश्रय (उपद्रव) सिंह, बाघ, आदि हुन् र प्रतिच्छन्न परिश्रय राग, द्वेष आदि हुन् । ती, जहाँ बिनासुरक्षा र अयुक्त रूपहरूको हेर्ने आदिद्वारा पीडित हुँदैन, त्यस शयनासनलाई जानेर, राम्ररी सोच विचार गरी प्रतिसेवन गर्दै भिक्षुले "प्रज्ञाद्वारा राम्ररी जानेर ऋतुको परिश्रयलाई हटाउनको लागि शयनासनको सेवन गर्दछ" भनिएको भनी जान्नुपर्दछ ।

औषधि सेवनबारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो गिलानपच्चयभेसज्जपरिक्खारं पटिसेवति, यावदेव उप्पन्नानं वेय्यावाधिकानं वेदनानं पटिघाताय, अव्यापज्जपरमतायाति ।*

गिलानपच्चयभेसज्जपरिक्खारं = (ग्लान-प्रत्यय भैषज्य - परिष्कार), यहाँ रोगको विपक्षी ( प्रतिअयनार्थ) भएको अर्थमा प्रत्यय हुन्छ । विपरीत हुनु नै यसको अर्थ हो । जनुकुनै पनि पथ्यको यो नाम हो । वैदद्वारा आज्ञा गरिएबाट भिषक् (वैद्य) को काम भैषज्य भनिन्छ । ग्लान (रोगी) को प्रत्यय नै भैषज्य हो । जस्तै - जुनकुनै रोगीयोग्य दवाई, तेल, मह, घिउ, सख्खर आदि पथ्यहरू ।

परिक्खारो = (परिष्कार) । त्रिपिटकमा परिष्कार शब्दको विभिन्न अर्थमा प्रयोग भएको छ । जस्तै - संयुक्त निकाय (२,१२,७,३), को "सात नगरपरिष्कारहरूद्वारा राम्ररी घेरिएको थियो" आदिमा परिष्कारको परिवार भनिन्छ । संयुक्त निकाय (२,१२,७,३), को "रथ शील परिष्कायुक्त छ, ध्यान यसको धुरी हो र वीर्य चक्का हुन्" आदिमा अलंकार अर्थ लाग्दछ । संयुक्त निकाय (२,१२,७,३), को "जुनकुनै यी प्रब्रजितद्वारा जीवनको लागि परिष्कार जुटाउनुयोग्य छ ?" आदिमा सम्भार (कारण) अर्थ लाग्दछ । यहाँ परिवार र सम्भार दुवै नै उपयुक्त छन् । त्यो ग्लान प्रत्यय भैषज्य जीवननाशक रागेहरूको उत्पन्न हुनको लागि मौका नदिएर रक्षा गर्नाले जीवनको परिवार पनि हुन्छन् । जसले गर्दा धेरै दिनसम्म जीवन चालु भइरहन्छ । यसरी नै भैषज्यको कारणले सम्भार पनि हो । यसैले

Downloaded from http://dhamma.digital/

यसप्रकार ग्लान प्रत्यय भैषज्य परिष्कारलाई परिष्कार भनिन्छ । वैद्यद्वारा बताइएको रोगीको लागि जुन केही पथ्य तेल, मह, घिउ, सख्खर आदि छन् ती सबलाई जीवन परिष्कार भनिन्छ ।

उप्पन्नानं = उत्पन्न भएको, पैदा भएको, जन्मेको । वेय्याबाधिकानं = आबाधहरूको । यहाँ व्याबाधा भनिन्छ धातुप्रकोपलाई र त्यसबाट उत्पन्न कोढी, खटेरा, विमिराहरू आदिलाई । व्याबाधाले उत्पन्न हुनाले व्यावाधिक भनिन्छ । वेदनानं = (वेदनाहरूको), दुःखवेदना, अकुशल-विपाकवेदना अर्थात् ती व्याबाधाहरू (रोगहरू) का वेदनाहरू (पीडाहरू) को । अव्यापज्जपरमताय = दुःखरहित हुनका लागि अर्थात् जबसम्म ती सारा दुःख हराएर जाँदैन तबसम्म ... ।

यसरी संक्षेपमा प्रज्ञाद्वारा राम्ररी जानेर प्रत्ययहरूको परिभोग (सेवन) गर्ने लक्षण भएको 'प्रत्यय सन्निश्रित शील' सम्झिनुपर्दछ ।

यहाँ, यो शब्दार्थ - किनकि यसको प्रत्यय (कारण) सहाराले, परिभोग गर्दै प्राणी चल्दछन्, प्रवर्तित हुन्छन् (जीवित रहन्छन्) यसैले प्रत्यय भनिन्छ । ती प्रत्ययहरूको सन्निश्रित हुनु प्रत्यय सन्निश्रित हो ।

## प्रातिमोक्ष संवर शुद्धि सम्पादन विधि

यसरी यी चारै प्रकारका शीलहरूमा श्रद्धापूर्वक 'प्रातिमोक्ष संवर' लाई पूर्ण गर्नुपर्दछ । शिक्षापदहरूको प्रज्ञापन गर्नु श्रावकहरूको सामर्थ्यको बाहिर भएको कारण त्यो श्रद्धाले नै पूर्ण गरिनुपर्ने विषय हो । शिक्षापदको प्रज्ञप्तिका प्रतिक्षेप नगर्नु नै यहाँ उदाहरण दिइन्छ । यसैले जसरी शिक्षापद बताइएका छन् त्यसरी नै सबैलाई श्रद्धाले ग्रहण गरेर आफ्नो जीवनको चाहना नगरी राम्ररी पूरा गर्नुपर्दछ । यो भनिएको पनि छ -

*किकी व अण्डं चमरी बालधिं पियं व पुत्त नयनं व एककं ।*

*तथेव सीलं अनुरक्खमानका सुपेसला होथ सदा सगारवा ति ॥*

(जसरी बट्टाई चराले आफ्नो अण्डालाई, चौंरीले आफ्नो पुच्छरलाई, आमाले एक्लो प्रिय पुत्रलाई, कानोले आफ्नो एउटै आँखाको रक्षा गर्दछ, त्यसरी नै शीललाई राम्ररी रक्षा गर्दै शीलप्रति सर्वदा प्रेम र गौरव गर्ने होऊ ।)

अर्को पनि - अंगुत्तर निकाय (८,२,९) अनुसार भनिएको छ - "यस्तै नै प्रल्हाद महाराज । जुन मैले शिष्यहरूको लागि शिक्षापद बनाएको छु ती शीलहरूका मेरा शिष्यहरू जीवनको लागि पनि उल्लंघन गर्ने छैनन् ।" यस सम्बन्धमा चोरहरूद्वारा जंगलमा बाँधिएको स्थविरहरूको कथा जान्नुपर्दछ -

Downloaded from http://dhamma.digital/

## महावर्तनिक स्थविरको कथा

महावर्तनिक जंगलमा एक स्थविरलाई चोरले कालवल्ली नामको लता विशेषद्वारा बाँधेर सुताइदियो । सुताइएको स्थविर जुनप्रकार सुतेको थियो, त्यसैप्रकार सुतेर, सात दिनसम्म विपश्यना बढाउनु भएर, अनागामी फल प्राप्त गरी त्यहीँ मर्नुभई ब्रह्मलोकमा उत्पन्न हुनुभयो ।

## ताम्रपर्णी द्वीप स्थविरको कथा

एक अर्को स्थविरलाई ताम्रपर्णी द्वीप, श्रीलंकामा चोरहरूले गुरूचिको लताद्वारा बाँधेर सुताइदियो । त्यहाँ जंगलमा आगो लाग्यो । त्यस लतालाई चोरले जरादेखि काटेको थिएन । भिक्षुहरूलाई लता काट्ने वा चुँडाउने अनुमति छैन । चुँडाउनेलाई पाचित्तियको दोष हुन्छ । त्यसैले उहाँले आपत्तिदेखि डराउनुभएर लतालाई नचुँडालिकन नै विपश्यना गर्नुभई समसीसी हुनुभएर परिनिर्वत हुनुभयो । पाँच सौ भिक्षुहरूसँगै आउनुभएको महाअभिज्ञा प्राप्त दीर्घभाणक अभय स्थविरले उहाँ अरहन्त भिक्षुलाई देख्नुभएर उहाँको शरीरलाई जलाएर चैत्य बनाउनुभयो ।

**समसीसी**

***समसीसी तीन प्रकारका हुन्छन् - १. इरियापथ समसीसी, २. रोग समसीसी, ३. जीवित समसीसी । १. जो उभिनु आदि इरियापथहरूमा कुनै एकको अभिष्ठान गरी "यसलाई भंग नगरेर नै अरहत्वलाई पाउने छु" भन्दै विपश्यना गर्दछ तब उसलाई अरहत्व प्राप्ति र इरियापथको भंग एकैसाथ हुन्छ भने यसलाई इरियापथ समसीसी भनिन्छ । २. जो चक्षु आदि कुनै रोग हुँदा "यहाँबाट नउठी नै अरहत्वलाई पाउने छु" भन्दै विपश्यना गर्दछ । तब उसलाई अरहत्वको प्राप्ति र रोगदेखि मुक्ति सँगसँगै हुन्छ भने यसलाई रोग समसीसी भनिन्छ । ३. जसको आस्रवक्षय र जीवितक्षय एकैसाथ हुन्छ यसलाई जीवित समसीसी भनिन्छ । संयुक्त निकाय अर्थकथा (१,४,३,३) र पुग्गल पञ्ञति (१,१९) अनुसार भनिएको छ - "जो व्यक्तिको न अघि न पछि एकसाथ आस्रवहरूक्षय र जीवनक्षय हुन्छ त्यस व्यक्तिलाई जीवित समसीसी भनिन्छ ।***

यसरी अन्य श्रद्धावान् कुलपुत्रले पनि -

*पातिमोक्खं विसोधेन्तो अप्पेव जीवितं जहे ।*

*पञ्ञतं लोकनाथेन न भिन्दे सील संवरं ॥*

(प्रातिमोक्षको विशुद्धरूपले पालन गर्दै चाहे मर्नु परोस् तर लोकनाथ (भगवान् बुद्ध) द्वारा प्रज्ञप्त शील संवरलाई भेद (नाश) नगरोस् ।)

Downloaded from http://dhamma.digital/

# इन्द्रिय संवर शुद्धि सम्पादन विधि

जसरी प्रातिमोक्ष संवर श्रद्धाद्वारा पूर्ण गरिन्छ र त्यसै गरी स्मृतिद्वारा इन्द्रियसंवरलाई पूर्ण गर्नुपर्दछ । किनकि स्मृति (होश) द्वारा बचाइएको इन्द्रियहरू अभिध्या (लोभ) आदिद्वारा पछारिंदैन, अतः ऊ इन्द्रिय-संवरशील स्मृतिद्वारा पूर्ण गर्ने हुनेछ । यसैले "भिक्षुहरू तातो, जलेको, ज्वाला भएको, धमधपाएको फलामको छडद्वारा चक्षुइन्द्रियलाई दागेमा उत्तम छ । तर आँखाद्वारा देखिने रूपहरूमा बनावटअनुसार निमित्त (लक्षण) ग्रहण गर्नु राम्रो होइन" आदिप्रकारले संयुक्त निकायको आदित्त परियाय सूत्रलाई राम्ररी स्मरण गरी रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म विषयहरूमा चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, मनोद्वारहरू आदिले उत्पन्न भएको विज्ञानका, अभिद्या आदिद्वारा पछारिएको निमित्त आदिको ग्रहण गर्नलाई, बनेको स्मृतिद्वारा रोक्दै राम्ररी यसलाई पूर्ण गर्नुपर्दछ ।

यसरी यसको पूर्ण नगर्नाले प्रातिमोक्ष-संवरशील पनि धेरै दिनसम्म नरहने अचिरस्थायी हुन्छ । शाखा समूहद्वारा राम्ररी नघेरिएको बालाजस्तै यो क्लेशरूपी चोरहरूद्वारा हरण हुन्छ । जसरी खुला ढोका भएको गाउँ डाँकाहरूद्वारा लुटिन्छ त्यसरी नै उसको चित्तमा राग घुस्दछ, या ठीक ढंगले नछाएको घरमा पानी चुहिन्छ । त्यसैले भनिएको छ -

*रूपेसु सद्देसु अथो रसेसु*

*गन्धेसु फस्सेसु च रक्खं इन्द्रियं ।*

*एते हि द्वारा विवटा अरक्खिता*

*हनन्ति गामं व परस्स हारिनो ॥*

(रूप, शब्द, गन्ध, रस र स्पर्शहरूमा इन्द्रियको रक्षा गर । यी द्वारहरूलाई खुला र अरक्षित राखेमा डाँकुहरूद्वारा लुटिने गाउँसमान हरण गरिनेछ ।)

धम्मपद (१,१३) मा पनि भनिएको छ -

*यथा अगारं दुच्छनं उट्ठि समतिविज्झति ।*

*एवं अभावितं चित्तं रागो समति विज्झति ॥*

(जसरी गलत तरिकाले छाएको घरमा वर्षाको पानी चुहिन्छ त्यसरी नै ध्यानाभ्यासरहित चित्तमा राग घुस्दछ ।)

त्यसलाई पूर्ण गर्दा प्रातिमोक्ष-संवरशील पनि धेरै दिनहरूसम्म रहने चिरस्थायी हुन्छ । शाखा समूहद्वारा राम्ररी घेरिएको बालाजस्तै यो क्लेशरूपी चोरहरूद्वारा हरण गरिंदैन । ठीकसँग बन्द गरिएको ढोका भएको गाउँजस्तै डाकुहरूद्वारा लुटिंदैन । त्यसरी नै उसको चित्तमा राग पस्दैन वा ठीकसँग छाएको घरमा वर्षाको पानी नचुहिनेसमान । त्यसैले भनिएको छ -

Downloaded from http://dhamma.digital/

*रूपेसु सद्देसु अथो रसेसु*

*गन्धेसु फस्सेसु च रक्खं इन्द्रियं ।*

*एते हि द्वारा विवटा अरक्खिता*

*न हनन्ति गामं व परस्स हारिनो ॥*

(रूप, शब्द, गन्ध, रस र स्पर्शहरूमा इन्द्रियलाई रक्षा गर । यी द्वारहरूलाई बन्द र ठीकसँग संवृत्त गरेमा डाँकुद्वारा लुटिने गाउँजस्तै हरण हुँदैन ।)

*यथा अगारं सुच्छन्नं वुट्ठि न समति विज्झति ।*

*एवं सुभावितं चित्तं रागो न समति विज्झति ॥*

(जसरी राम्ररी छाएको घरमा वर्षाजल चुहिँदैन त्यसरी नै ध्यानाभ्यासद्वारा अभ्यस्त चित्तमा राग पस्दैन ।)

यो अत्यन्त उत्कृष्ट (उत्तम) उपदेश हो । यो चित्त धेरै नै छिटोछिटो बदलिरहन्छ । यसैले उत्पन्न रागलाई अशुभनिमित्तले मनसिकार (मनमा ग्रहण गर्नु) ले रोकेर इन्दि्य संवरलाई पूर्ण गर्नुपर्दछ, नयाँ प्रब्रजित भएको वङ्गीस स्थविरजस्तै । संयुक्त निकायको बङ्गीस संयुक्त, आनन्द सुत्तानुसार भरखरै प्रब्रजित भएको स्थविरलाई भिक्षाटनमा जाँदा आँखाको माध्यमबाट राग उत्पन्न भयो । तत्पश्चात् उहाँले आनन्द स्थविरलाई भन्नुभयो -

*काम रागेन डय्हामि, चित्तं मे परिडय्हति ।*

*साधु निब्बापनं ब्रूहि अनुकम्पाय गोतमाति ॥*

(म कामरागले जलिरहेछु । मेरो चित्त पनि जलिरहेछ, हे गौतम (गोत्री) ! अनुकम्पा गरेर यसलाई शान्त गर्ने केही उपाय भन्नुहोस् ।)

तब आनन्द स्थविरले भन्नुभयो -

*सञ्ञाय विपरियेसा चित्तं ते परिडय्हति ।*

*निमित्तं परिवज्जेहि सुभं रागूपसंहितं ॥*

*संखारे परतो पस्स, दुक्खतो नो च अत्ततो ।*

*निब्बापेहि महारागं मा डय्हित्थो पुनप्पनं ॥*

*असुभाय चित्तं भावेहि एकग्गं सुसमाहितं ।*

Downloaded from http://dhamma.digital/

*सतिकायगता त्यत्थु निब्बिद्धाबहुलो भव ॥*

(विपरीत विचार भएको कारण तिम्रो चित्त जलिरहेछ, त्यसैले रागयुक्त शुभनिमित्तलाई त्याग । अशुभनिमित्तद्वारा एकाग्र र सुसमाहित चित्तको भावना गर । संस्कारहरूलाई अनित्य र दुःखको स्तरमा हेर, आत्माको स्तरमा होइन । महारागलाई शान्त गर, बारम्बार नजलाऊ । चित्तमा अशुभभावना राख, एकाग्र र समाधिष्ठ होऊ, तिमीमा कायगतास्मृति बनाई राख । बारम्बार वैराग्य बढाई राख )

वंगीस स्थविरले पनि रागलाई हटाई भिक्षाटन गर्नुभयो ।

इन्द्रियसंवर गर्ने भिक्षु कुरण्डक महलेण गुफामा रहने चित्रगुप्त स्थविर र चोरक विहारमा बस्नुहुने महामित्र स्थविरजस्तै हुनुपर्दछ ।

## चित्रगुप्त स्थविरको कथा

कुरण्डक महालेण (गुफा) मा सात बुद्धहरूका अभिनिष्क्रमणको चित्रकर्म अतिसुन्दर बनाइएको थियो । एक समय केही भिक्षुहरू शयनासनको लागि घुम्दै त्यस महालेणमा आईपुगे र भित्र हेर्दै जाँदा ती चित्रकर्म देखेर - "भन्ते, मनोरम चित्रकर्म रहेछन्" भनी भन्दा स्थविरले भन्नभयो - "आवुसो ! यस लेणमा बसेको साठी वर्षभन्दा पनि धेरै भैसक्यो तर यसमा चित्रकर्म छ या छैन भन्ने जानेको पनि थिइन । आज चक्षुमान् (आँखा हुने) हरको कारणले जानें ।"

स्थविरले यतिका दिनसमम त्यहाँ बस्नुहुँदा, आँखा उठाएर गुफालाई पहिले कहिले पनि हेर्नुभएको थिएन । त्यस गुफाको ढोकामा एउटा धेरै ठूलो (Iron wood tree) नगरको रूख थियो । त्यसको माथि पनि स्थविरले पहिले कहिले हेर्नुभएको थिएन । प्रत्येक वर्ष जमिनमा कशरी झरेको देखेर फूल फुलेको भनी जान्नुहुन्थ्यो ।

श्रीलंकाको दुट्ठगामीनी अभयका पिता कावेनतिष्य (ई पू. १४५-१०१ अगाडि) राजाले स्थविरको त्यस गुण सम्पत्तिलाई सुनेर वन्दना गर्ने इच्छाले तीन पटकसम्म सन्देश पठाए । तैपनि स्थविर नआउँदा त्यस महाग्राम गाउँमा "तबसम्म बच्चाहरूले दूध पिउन नपाउन् जबसम्म स्थविर आउनुहुन्न" भनी साना बच्चाहरू भएका स्त्रीहरूका स्तनलाई छोपेर छाप लगाइदिए ।

स्थविर बच्चाहरूमाथि कृपा गरी तत्कालीन श्रीलंकाको राजधानी महाग्राम जानुभयो । राजाले सुनेर, "जाऊ भणे, स्थविरलाई साथै ल्याऊ, शील ग्रहण गर्नेछु" भनी मानिस पठाए । अन्तपुरमा स्थविरलाई ल्याएर राजाले प्रणाम गरी भोजन गराए । भोजन समापत भएपछि "भन्ते, आज फुर्सत छैन, भोलि शील ग्रहण गर्नेछु" भन्दै स्थविरको पात्र लिँदै रानीसँगै अलिक टाढासम्म पछिपछि आएर प्रणाम गरी फर्के । स्थविर, राजाले प्रणाम गरोस् या रानीले "महाराज सुखी होऊ," भन्थे । यसप्रकार सात दिन बित्यो । भिक्षुहरूले सोधे - "भन्ते, किन तपाईं राजाले प्रणाम गर्दा पनि,

Downloaded from http://dhamma.digital/

रानीले प्रणाम गर्दा पनि - ‘महाराज सुखी होऊ’ यति मात्र भन्नुहुन्छ ?” स्थविरले भन्नुभयो - “आवुस, यो राजा हो कि यो रानी हो भनी म विचार राख्दिन ।”

सप्ताह बितेपछि “स्थविरलाई यहाँ रहनु दुःखदाय छ भनेर राजाद्वारा बिदा दिइएपछि उहाँ कुरण्डक महालेणमा जानुभएर राती चंक्रमण गर्न सुरू गर्नुभयो । नागको रूखमा बस्ने देवता दण्ड दीपक (मशाल) लिएर उभिरह्यो । त्यस मशालले गर्दा स्थविरको कर्मस्थान परिशुद्धरूपले प्रकट भयो । तब स्थविरले “के आज मेरो कर्मस्थान अत्यन्न परिशुद्ध प्रकाशित भइरहेछ ?” भनी सोचेर खुशी हुँदै कर्मस्थान बढाउनु हुँदै लगभग मध्यपहरको समय सारा पर्वतलाई गुञ्जाउँदै अर्हत्व प्राप्त गर्नुभयो ।

यसैले आफ्नो भलाइ चाहने अन्य कुलपुत्रले पनि -

*मक्कटो व अरञ्ञम्हि वने भन्तमिगो विय,*

*वालो विय च उत्रस्तो न भवे लोललोचनो ।*

*अधो खिपेय्य चक्खूनि युगमत्तदसो सिया,*

*वनमक्कटलोलस्स न चित्तस्स वसं वजे ॥*

(जंगलको बाँदरजस्तै, वनमा चञ्चल मृगजस्तै, मूर्खजस्तै त्रस्त हृदय र चंचल नेत्रको नहुनू । आँखालाई झुकाएर चार हात टाढा हेर्ने (युग्मदर्शी) बन, जंगली चंचल बाँदरजस्तै चित्तको वशमा नजाऊ ।)

## महामित्र स्थविरको कथा

महामित्र स्थविरकी आमालाई विषगण्ड (ट्यूमर) निस्कियो । उनकी छोरी पनि भिक्षुणीहरूसँग प्रब्रजित भएकी थिइन् । आमाले छोरीलाई भनिन् - “जाऊ आर्ये, आफ्नो भाइकहाँ गएर मेरो विमारी बारे बताएर औषधी ल्याऊ ।” उनी गएर भिक्षुलाई भनिन् । स्थविरले भन्नुभयो - “मलाई जडीबुटी आदि औषधी जम्मा गरेर पकाउन आउँदैन, तर तिमीलाई औषधी बताउँदछु, ‘म जबदेखि प्रब्रजित भएँ तबदेखि कामराग चित्तले मैले कहिले पनि इन्दि्यहरूलाई खोलेर कामराग उत्पन्न हुने स्त्री आदि विषभाग रूपलाई हेरिन । यस सत्यवचनले मेरी आमा निरोगी होऊन् ।’ जाऊ, यस वाक्यलाई भनेर उपासिकाको शरीर मल ।” उनी गएर भनेअनुसार गरिन् । उपासिकाको खटिरा पनि त्यसै क्षण फिँजको पिण्डजस्तै फुटेर निको भयो । उनले उठेर “यदि सम्यक सम्बुद्ध जीवित हुँदो हो त किन मेरो पुत्रजस्तै भिक्षुको शिरमा आफ्नो जालजस्तै हातद्वारा नसहलावस्” भन्दै आनन्दवचन भनिन् । यसैले -

*कुलपुत्तमानी अञ्ञोपि पब्बजित्वान सासने ।*

Downloaded from http://dhamma.digital/

*मित्तत्थेरो व तिट्ठेय्य वरे इन्द्रिय संवरे ॥*

(कुलपुत्र हुँ भनेर दाबी गर्ने अरूहरू पनि शासनमा प्रव्रजित भएर मित्र स्थविरजस्तै श्रेष्ठ इन्द्रिय संवरमा उभिनुपर्दछ ।)

## आजीव पारिशुद्धि सम्पादन विधि

इन्द्रियसंवर स्मृतिद्वारा पूर्ण गरिएजस्तै यसरी नै वीर्यद्वारा आजीव पारिशुद्धि पूर्ण गर्नुपर्दछ । ठीकढंगले आरम्भ गरिएको वीर्यद्वारा मिथ्या (वेठीक) आजीविकाको प्रहाण भएको कारण त्यस वीर्यद्वारा नै पूर्ण गर्नुपर्दछ । यसैले अनुचित अन्वेषणलाई छोडेर वीर्यद्वारा भिक्षाटन आदि सम्यक खोजद्वारा यसलाई पूर्ण गर्नुपर्दछ । परिशुद्धरूपले उत्पन्न प्रत्ययहरूको सेवन गर्नु र अपरिशुद्धहरूलाई विषधारी सर्पलाई त्यागिदिएझैं त्यागिदिनुपर्दछ ।

धुताङ्ग धारण नगरेको संघबाट, गणबाट र धर्मोपदेश आदि गुणहरूद्वारा प्रसन्न गृहस्थहरूबाट प्राप्त प्रत्यय परिशुद्धरूपले प्राप्त भएको भनिन्छ । भिक्षाटन आदिद्वारा उत्पन्न प्रत्यय अत्यन्त परिशुद्ध हुन्छ नै । धुताङ्ग धारण गरेको भिक्षुको भिक्षाटन आदि र उसका गुणहरूद्वारा प्रसन्न भएकाहरूबाट धुताङ्गको नियमानुकूल प्राप्त प्रत्यय पनि परिशुद्ध हुन्छ । एक विरामीलाई राम्रो गर्न योग्य गाईको मूत्रमा भिजाएको हर्रो र घिउ, मक्खन, मह, चिनीयुक्त चारमहवस्तुहरू प्राप्त हुँदा - "चारमहवस्तुहरूलाई अन्य सब्रह्मचारीले पनि खानेछ" भनी सोचेर हर्रोको एक भागलाई मात्र खाने भिक्षु धुताङ्ग ग्रहण गर्न योग्य हुन्छ । यसै भिक्षुलाई उत्तम आर्यवंशको भनिन्छ ।

जुन यी चीवर आदि प्रत्यय छन्, तिनमा जुनकुनै आजीवको परिशोधन गर्नेलाई चीवर र पिण्डपात (भिक्षान्त) बारे निमित्त, अवभास, परिकथाका विज्ञप्तिहरू गर्नु हुँदैन । शयनासनमा जसले धुताङ्ग धारण गरेको छैन, उसले निमित्त, अवभास परिकथा गर्न सक्दछ ।

निमित्त = शयनासनको लागि भूमि ठीकठाक आदि गर्नुलाई भनिन्छ । 'भन्ते, के गरिँदैछ ? कसले गराउँदैछ ?' भनी गृहस्थद्वारा सोध्दा - "कोही पनि छैन" भनी उत्तर दिनु अथवा जुनकेही अन्य पनि यसप्रकारको निमित्त गर्नुलाई निमित्त भनिन्छ । अवभास = संकेत गर्नु । "उपासकहरू, तिमीहरू कहाँ बस्छौ ?" "प्रासादमा, भन्ते ।" "तर उपासकहरू ! भिक्षुहरूलाई प्रासादको अनुमति छैन ।" यसप्रकार भन्नु अथवा जुनकेही अन्य तरिकाले यस्तो अवभास गर्नु । परिकथा = उपमा कथा । "भिक्षुसंघको लागि शयनासनको दिक्कत छ" भनी कुरा भन्नु, या जुन अन्य पनि यसप्रकारको पर्यायकथा छन् ।

भैषज्य (औषधीमा) जब उचित छ । तर त्यसप्रकारले प्राप्त भएको भैषज्य रोग निको भइसकेपछि खानुपर्छ कि पर्दैन ?

Downloaded from http://dhamma.digital/

"भगवान्ले अनुमति दिनुभएको छ, यसैले उचित छ" भनी विनयपिटकलाई कण्ठस्थ गर्ने विनयधर भन्छ, तर सूत्रपिटकलाई कण्ठस्थ गर्ने सूत्रान्त्रिक भन्छ - "यद्यपि आपत्ति हुँदैन, तर आजीविका कुपति हुन्छ । यसैले उचित छैन ।"

जुन भगवान्द्वारा बताइएकोलाई पनि निमित्त, अवभास, परिकथाका विज्ञप्तिहरू नगरिकन अल्पेच्छता आदि गुणहरूको नै सहारा जान्ने समय आए तापनि अवभास आदि विनाप्राप्त भएको प्रत्ययहरूको प्रतिसेवन गर्दछ, यो परम सल्लेखवृत्ति भनिन्छ जस्तै - सारिपुत्र स्थविरको उदाहरणबाट स्पष्ट हुन्छ ।

## सारिपुत्र स्थविरको कथा

उहाँ आयुष्मान् एक समय गणलाई छाडी एकान्तमा फल समापत्तिसहित विहार गर्ने समय प्रविवेक बढाउँदै महामौद्गल्यायन स्थविरसँगै कुनै एक जंगलमा विहार गर्नुहुन्थ्यो । एक दिन उहाँलाई पेटमा वायुको रोग उत्पन्न भएर धेरै पीडित गऱ्यो । महामौद्गल्यायन स्थविर सन्ध्याको समय उहाँ आयुष्मान्कहाँ जानुभयो । स्थविरलाई पल्टिरहेको देखेर, त्यसबारे "आवुस, पहिले तपाईंको यो रोग कुन चीजले निको हुन्थ्यो ?" भनी सोध्नुभयो । सारिपुत्र स्थविरले भन्नुभयो - "आवुस, गृहस्थकालमा मेरी आमाले घिउ, चिनी आदि मिलाएर पानीरहित दूधमा पकाएको खीर दिन्थी, त्यसैले मेरो रोग निको हुन्थ्यो ।" महामौद्गल्यायन आयुष्मान्ले पनि "धेरै राम्रो आवुस, यदि मेरो या तपाईंको पुण्य छ भने शायद भोलि पाइनेछ" भनी भन्नुभयो ।

उनीहरूको यस कुराकानीलाई चंक्रमणको एक छेउको रूखमा बस्ने देवताले सुनेर - "भोलि आर्यको लागि खीर प्राप्त गर्नेछु" भनी विचार गरी त्यसै समय स्थविरको सेवक (उपस्थापक) को घरमा गएर जेठो छोरोको शरीरमा पसेर पीडित गऱ्यो । उसको औषधी गर्नको लागि जम्मा भएका व्यक्तिहरूसँग त्यस देवताले भन्यो - "यदि भोलि सारिपुत्र स्थविरको लागि यस्तोयस्तो (माथि बताएजस्तै) खीर तयार गर्छौ भने म यसलाई छाडिदिन्छु ।" उनीहरूले "तिमीले नभने पनि हामीहरू स्थविरको लागि सदा निश्चित भिक्षा दिन्छौं" भनेर भोलिपल्ट त्यस्तो खीर तयार गऱ्यो ।

महामौद्गल्यायन स्थविरले सबेरै नै आएर "आवुस, जबसम्म म भिक्षाटनबाट आउने छैन तबसम्म यहीं बस्नुस्" भनेर गाउँमा प्रवेश गर्नुभयो । ती मानिसहरूले अगाडि आएर स्थविरको पात्र लिएर त्यसप्रकारको खीर भरिदिए । स्थविरले जानको लागि संकेत गर्नुभयो । उनीहरूले - "भन्ते, तपाईं खानुहोस्, अरू पनि दिने छौं" भनेर स्थविरलाई खुवाएर फेरि पात्र भरिदिए । उहाँले पछि "राम्रो आवुस, सारिपुत्र ! खानुहोस्" भनेर खीर नजिक लानुभयो । सारिपुत्र स्थविरले "कसरी यो प्राप्त भयोहोला ?" भनी विचार गर्दा त्यो प्राप्त भएको कारण देख्नुभएर "आवुस, मौद्गल्यायन ! भिक्षान्न खान योग्य छैन" भनी खान अस्वीकार गर्नुभयो ।

मौद्गल्यायन स्थविरले पनि आयुष्मान्ले "मजस्तोले ल्याएको भिक्षान्न पनि खानु हुँदैन" भनी एकरति पनि दुःखी चित्त नगरी एकै वचामा नै पात्रको मुखको धारमा (बिंडमा) पक्डेर एकतर्फ

Downloaded from http://dhamma.digital/

घोप्टाईदिनुभयो । खीर जमिनमा पोखिनासाथ नै स्थविरको रोग निको भयो । तबदेखि उहाँलाई जीवन पर्यन्त त्यो रोग फेरि लागेन । तत्पश्चात् उहाँले मौद्गल्यायन स्थविरसँग भन्नुभयो - "आवुस, कुराकानी गरेको कारणले प्राप्त भएको खीर आन्द्राहरू निस्केर जमिनमा घुमे तापनि खानु अनुचित छ" भनेर मिलिन्दपञ्हो (६,१,५) अनुसार यस उदानलाई भन्नुभयो -

*वची विञ्ञति विप्फारा उप्पन्नं मधुपायासं ।*

*सचे भुत्तो भवेय्याहं साजीवो गहरितो मम ॥*

*यदिपि मे अन्तगुणं निक्खमित्वा बहि चरे ।*

*नेव भिन्देय्यमाजीवं चजमानोपि जीवितं ॥*

(कुराकानी गरेको कारण प्राप्त भएको मीठो खीर मैले खाएको भए, तब मेरो आजीविका निन्दित हुन्थ्यो । यदि मेरो आन्द्रा निस्केर बाहिर घुम्न थाले तापनि म आजीविकालाई तोड्न सक्दिन, चाहे प्राण नै निस्केर जाओस् ।)

*आराधेमि सकं चित्तं विवज्जेमि अनेसनं ।*

*नाहं बुद्धं पतिकुट्ठं काहामि च अनेसनं ॥*

(म आफ्नो चित्तलाई वशमा लिन्छु, अन्वेषणको त्याग गर्दछु । बुद्धद्वारा निन्दित अन्वेषणलाई म गर्दिन ।)

चीरगुम्बमा रहने आम्रखादक महातिष्य स्थविरको कथा पनि यहाँ भनिनुपर्दछ ।

## महातिष्य स्थविरको कथा

महातिष्य स्थविर अकालको समय मार्गमा जाँदा भोजन नमिल्दा र यात्राको थकावटले थाकेर दुर्बल शरीर भएर, कुनै पाकेको आँपको रूखमुनि पल्टिनुभयो । धेरैजसो आँप यताउता खसेको थियो । त्यहाँ एकजना धेरै बूढा गृहस्थले स्थविरको नजिक गएर, स्थविरलाई थाकेको जानेर, आँपको सर्वत पिलाएर आफ्नो पिठ्यूँमा बोकेर आफू बस्ने स्थानमा ल्यायो । तब स्थविरले "ऊ न तिम्रो पिता हो, न माता हो, न आफन्त हो, न भाई हो, जसले त्यस्तो काम गरोस्, मात्र तिमी शीलवान् भएको नाताले त्यो व्यक्तिले तिम्रो सेवा गर्दैछ" आदि मनमनमा विचार गर्दै आफैलाई उपदेश गरी विपश्यना ज्ञान बढाएर गृहस्थको पिठ्यूँमा नै अरहत्व प्राप्त गर्नुभयो ।

यसरी सबप्रकारबाट पनि

*अनेसनाय चित्तम्पि, अजनेत्वा विचक्खणो ।*

Downloaded from http://dhamma.digital/

*आजीवं परिसोधेय्य, सद्धा पब्बजितो यती ति ॥*

(श्रद्धाद्वारा प्रब्रजित बुद्धिमान् भिक्षु अन्वेषणको लागि चित्त पनि उत्पन्न नगरी आफ्नो आजीविकालाई परिशुद्ध गरोस् ।)

## प्रत्यय-सन्निश्रित-शील सम्पादन विधि

जसरी वीर्यद्वारा आजीव परिशुद्धि हुन्छ, त्यसरी नै प्रत्यय सन्निश्रित शीललाई प्रज्ञाद्वारा पूर्ण गर्नुपर्दछ । प्रज्ञावान्ले नै प्रत्ययहरू सदोष वा निर्दोष जान्न सक्दछ । अतः त्यो प्रज्ञाद्वारा नै साध्य छ । यसैले प्रत्ययप्रति गिद्ध स्वभाव (लोभ) त्याग गरी धर्मयुक्त प्रत्ययहरूलाई भनिएको विधिअनुसार प्रज्ञाद्वारा प्रत्यवेक्षण गरेर परिभोग गर्दै त्यसलाई पूर्ण गर्नुपर्दछ ।

## दुई प्रकारका प्रत्यवेक्षण

प्रत्यवेक्षण दुई प्रकारका हुन्छन् - (१) प्रत्ययहरूलाई पाउने समय र (२) परिभोग गर्ने समय । पाउने समयमा पनि धातु व्यवस्थान (धातु मनसिकार) अनुसार र आहार प्रतिकूलको संज्ञाअनुसार प्रत्यवेक्षण गरी राखिएको चीवर आदि, त्यसको पछि परिभोग गर्ने व्यक्तिको परिभोग निर्दोष नै हुन्छ । परिभोग गर्ने समयमा पनि प्रत्यवेक्षण गरेमा प्रत्यय परिभोग निर्दोष नै हुन्छ ।

## चार प्रकारका परिभोग

यो निश्चयात्मक निश्चय हो - परिभोग चार प्रकारका हुन्छन् - १) स्तेयपरिभोग, २) ऋणपरिभोग, ३) दायादपरिभोग, ४) स्वामी परिभोग । संघको बीचमा बसेर परिभोग गरिएको दुःशीलको परिभोग स्तेयपरिभोग हो । शीलवान्ले विनाप्रत्यवेक्षण गरी परिभोग गर्नु ऋणपरिभोग हो । यसैले चीवरलाई जबजब लगाउँछ, ओढ्छ, तबतब प्रत्येवक्षण गर्नुपर्दछ । पिण्डपात भने गाँसगाँसमा प्रत्येवक्षण गर्नुपर्दछ । यस्तो गर्न नसक्नेले दिउँसोको भोजनभन्दा पहिले, पछि, पहिलो प्रहर, बीचको प्रहर, अन्तिम प्रहरमा गर्न सकिन्छ । यदि विनाप्रत्यवेक्षण गरेर नै सूर्योदय हुन्छ भने ऊ ऋण परिभोग गर्ने व्यक्ति हुन्छ । शयनासन पनि जबजब परिभोग गर्दछ तबतब प्रत्यवेक्षण गर्नुपर्दछ । औषधी लिने समयमा पनि परिभोग गर्नेगर्ने समयमा प्रत्ययको विचार राख्नु नै उचित राख्नु नै उचित हुन्छ । यस्तो हुँदा पनि लिने समय भने विचार गरी तर परिभोग गर्ने समय प्रत्यवेक्षण नगर्ने व्यक्तिलाई आपत्ति हुन्छ । तर लिने समयमा विचार नगरी परिभोग गर्ने समयमा प्रत्यवेक्षण गर्ने व्यक्तिलाई भने आपत्ति हुँदैन ।

## चार प्रकारका शुद्धिहरू

Downloaded from http://dhamma.digital/

शुद्धि चार प्रकारका हुन्छन् - १. देखनाशुद्धि, २. संवरशुद्धि, ३. पर्येष्टिशुद्धि, ४. प्रत्यवेक्षणशुद्धि । देशनाशुद्धि = प्रामिमोक्ष संवरशीललाई भनिन्छ । देशनाद्वारा भिक्षु शुद्ध हुने कारणले देशनाशुद्धि भनिन्छ । संवरशुद्धि = इन्द्रिय संवरशीललाई भनिन्छ । ऊ "म फेरि यसो गर्ने छैन" यसरी मनमा अधिष्ठान गर्ने संवरले नै शुद्ध हुने कारणले संवरशुद्धि भनिन्छ । पर्येष्टिशुद्धि = आजीव पारिशुद्धि शीललाई भनिन्छ । ऊ अन्वेषणलाई त्यागेर धर्मसहित प्रत्यय लाभ गर्ने व्यक्तिको पर्येषण (खोजी) को शुद्धताको कारणले पर्येष्टिशुद्धि भनिन्छ । प्रत्येवेक्षणशुद्धि = प्रत्यय सन्निश्रितशीललाई भनिन्छ । भिक्षुले भनेअनुसार प्रत्ययवेक्षणद्वारा शुद्ध हुने कारणले प्रत्यवेक्षणशुद्धि भनिन्छ । यसैले भनिएको छ "लिने समय विचार नगर्दा पनि परिभोग गर्ने समय प्रत्यवेक्षण गर्ने व्यक्तिलाई आपत्ति हुँदैन ।"

स्रोतागामी मार्गप्राप्त, स्रोतापत्ति फलप्राप्त, सकृदागामी मार्गप्राप्त, सकृदागामी फलप्राप्त, अनागामी मार्गप्राप्त, अनागामी फलप्राप्त, अरहन्त मार्गप्राप्त यी सात शैक्ष्यहरूको परिभोग दायादपरिभोग हो । उनीहरू भगवान्‌का पुत्र हुन्, यसैले बाबुसँग रहने प्रत्ययको दायाद ( उत्तराधिकारी) भएर प्रत्ययको परिभोग गर्दछन् । के उनीहरू भगवान्‌का प्रत्ययहरूको परिभोग गर्दछन् या गृहस्थहरूका प्रत्ययहरूको ? गृहस्थहरूद्वारा दिइएको भए तापनि भगवान्‌द्वारा स्वीकार गरिएको कारणले भगवान् कै वस्तु हुन्छन्, यसैले भगवान्‌का प्रत्ययहरूको परिभोग गर्दछन् भनी जान्नुपर्दछ । मज्झिम निकाय (१,१,३) को धम्मदायाद सुत्त यसको प्रमाण हो । क्षीणास्रवहरूको परिभोग स्वामीपरिभोग हो । उनीहरू तृष्णाको दासत्वबाट निस्किसकेको काराणले स्वामी भएर परिभोग गर्दछन् ।

यी परिभोगहरूमा स्वामीपरिभोग र दायादपरिभोग सबैका लागि उचित छन् । ऋणपरिभोग उचित छैन । स्तेय परिभोगको त कुरै छैन । जुन यो शीलवान्‌को प्रत्यवेक्षण हो, त्यो ऋण परिभोगको बिल्कुल विरूद्ध भएको कारणले ऋणरहित परिभोग हुन्छ । यो दायादपरिभोगमा नै संगृहीत हुन्छ । शीलवान् पनि शीलशिक्षायुक्त हुनाले शैक्ष्य नै भनिन्छ ।

यी परिभोगहरूमध्ये स्वामीपरिभोग सर्वश्रेष्ठ छ, यसैले यसलाई चाहना गर्ने भिक्षुले भनेअनुसार प्रत्यवेक्षण गरी, परिभोग (सेवन) गर्दै, प्रत्यय सन्निश्रितशीललाई पूर्ण गर्नुपर्दछ । यस्तो गर्ने व्यक्ति नै कृत्यकारी हुनेछ । त्यसैले संयुक्त निकाय (२,१४,१६-१७) अनुसार भनिएको छ -

*पिण्डं विहारं सयनासनञ्च आपञ्च संघाटि रजूपवाहनं ।*

*सुत्वान धम्मं सुगतेन देसितं संखाय सेवे वरपञ्ञसावको ॥*

(भोजन, शयनासन, विहार, जल र संघाटीको धूलो धुने काम, सुगत (बुद्ध) द्वारा उपदेशित धर्मलाई सुनेर प्रज्ञावान् भिक्षु प्रत्यवेक्षण गरी उपभोग गरोस् ।)

*तस्मा हि पिण्डे सयनासने च आपे च संघाटिरजूपवाहने ।*

*एतेसु धम्मेसु अनूपलित्तो भिक्खु यथा पोक्खरे वारिविन्दु ॥*

Downloaded from http://dhamma.digital/

(यसैले भोजन, शयनासन, पानी र संघाटिको धूलो धुने काम - यति कुरामा कमलको पातमा पानीको थोपाजस्तै भिक्षु लिप्त नहोस् ।)

*कालेन लद्धा परतो अनुग्गहा खज्जेसु भोज्जेसु च सयनासनेसु ।*

*मत्तं सो जञ्ञा सततं उपट्ठितो वणस्स आलेपनरूहने यथा ॥*

(अरूको कृपाद्वारा समयमा मिलेको खाद्य भोज्य र शयन-आसनमा सर्वदा मात्रा जानोस्, जस्तो - घाउमा लगाउनको लागि औषधिको आलेप (मलम) को मात्रा ।)

*कन्तारे पुत्तमंसं व अक्खस्सम्भञ्जनं यथा ।*

*एवं आहारे आहारं, यापनत्थममुच्छितो ॥*

(मरूभूमिमा छोराको मासु र घुरीलाई तेल लगाउनेझैं धेरै खाने तृष्णालाई छोडेर जीवन यापन गर्नको लागि भोजन गरोस् ।)

यस प्रत्यय सन्निश्रितशीलको पूर्तिको लागि भाञ्जा संघरक्षित श्रामणेरको कथा भन्नुपर्दछ । ऊ राम्ररी प्रत्यवेक्षण गरी खान्थ्यो । जस्तै भनिएको छ -

*उपज्झायो मं भुञ्जमानं सालिकूरं सुनिब्बुतं ।*

*मा हेव त्वं सामणेर जिव्हं झापेसि असञ्ञतो ॥*

*उपज्झायस्स वचो सुत्वा संवेगमलभिं तदा ।*

*एकासने निसीदित्वा अरहत्तं अपापुणिं ॥*

*सोहं परिपुण्णसंकप्पो चन्दो पण्णरसो यथा ।*

*सब्बासवपरिक्खीणो नत्थि दानि पुनब्भवोति ॥*

(खुब चिसो धानको भात मैले खाँदा समय उपाध्यायले मलार्य भन्नुभयो - "श्रामणेर, यसरी तिमी असंयमी भएर जिब्रो नचलाऊ" उपाध्यायको वचनलाई सुनेर त्यस समय मलाई संवेग प्राप्त भयो र उक आसनमा बसी अर्हत्व प्राप्त गरें । म पूर्णिमाको चन्द्रजस्तै पूर्ण संकल्पयुक्त छु । मेरो सबै आस्रव क्षीण भइसक्यो, अब फेरि जन्मलिनु छैन ।

*तस्मा अञ्ञोपि दुक्खस्स पत्थयन्तो परिक्खयं ।*

*योनिसो पच्चवेक्खित्वा पटिसेवेथ पच्चयेति ॥*

(यसैले अरू पनि दुःखको नाश चाहने भिक्षुले ठीकसँग प्रत्येवेक्षण गरी प्रत्ययहरूको सेवन गरोस् ।)

Downloaded from http://dhamma.digital/

यसरी प्रातिमोक्ष संवरशील आदिअनुसार शील चार प्रकारका हुन्छन् ।

## पञ्चक

पाँच प्रकारको समूहमा पञ्चकमा अनुपसम्पन्न शील आदिअनुसार अर्थ सम्झिनुपर्दछ । प्रतिसम्भिदा मार्ग (१,१६) अनुसार भनिएको छ - "कुनचाहिँ पर्यन्त परिशुद्धिशील हो ? पर्यन्त शिक्षापदयुक्त अनुपसम्पन्नहरूको शील नै पर्यन्त पारिशुद्धिशील हो । कुनचाहिँ अपर्यन्त पारिशुद्धिशील हो ? अपर्यन्त शिक्षापदयुक्त उपसम्पन्नहरूको शील नै अपर्यन्त पारिशुद्धिशील हो । कुनचाहिँ परिपूर्ण पारिशुद्धिशील हो ? कुशल धर्ममा लागिरहने कल्याण पृथग्जनहरूको, शैक्ष्य पर्यन्त परिपूर्ण गर्नेहरूको, शरीर तथा जीवनप्रति चाहना नराख्नेहरूको र जीवन त्यागेकाहरूको शील नै परिपूर्ण पारिशुद्धिशील हो । कुनचाहिँ अपरामृष्ट पारिशुद्धिशील हो ? सात शैक्ष्यहरूको शील नै अपरामृष्ट पारिशुद्धिशील हो । कुनचाहिँ प्रतिप्रश्रब्धि पारिशुद्धिशील हो ? तथागतका श्रावहरूको, प्रत्येक बुद्धहरूको, र तथागत अरहत सम्यक्सम्बुद्धको शील प्रतिप्रश्रब्धि पारिशुद्धिशील हो ।"

अनुसम्पन्नहरूको शीललाई गन्तिमा सपर्यन्त (सीमासहित) हुनाले पर्यन्त पारिशुद्धिशील भनेर जान्नुपर्दछ । उपसम्पन्नहरूको -

*नवकोटी सहस्सानी असीति सतकोटियो ।*

*पञ्ञाससतसहस्सानि छत्तिंसा च पुनापरे ॥*

*एते संवर विनया सम्बुद्धेन पकासिता ।*

*पेय्यालमुखेन निद्दिट्ठा सिक्खा विनयसंवरे ॥*

(आठ खरब, नब्बे अरब, पचास लाख, छत्तीस (८,९०,००,५०,००,०३६) यति सम्बुद्धद्वारा बताइएको विनय संवर छन्, जो ऐजनद्वारा विनय पिटकमा निर्दिष्ट छन् ।)

यसरी गिन्तिले सपर्यन्तलाई पनि सम्पूर्णरूपले ग्रहण गर्नु र लाभ, यश, ज्ञाति, अंग, जीवितअनुसार अदृष्ट पर्यन्तलाई अपर्यन्त पारिशुद्धि शील भनेर जान्नुपर्दछ । चीरगुम्बमा बस्नुहुने आम्रखादक महातिष्य स्थविरको शीलजस्तै बुझ्नुपर्दछ ।

*धनं चजे अङ्गवरस्स हेतु, अङ्गं चजे जीवितं रक्खमानो ।*

*अङ्गं धनं जीवितञ्चापि सब्बं, चजे नरो धम्ममनुस्सरन्तो ॥*

(राम्रो अङ्गलाई बचाउनको लागि धनको त्याग गरोस्, जिन्दगीको रक्षा गर्दै अङ्गको त्याग गरोस् अंग, धन र जिन्दगी सबैलाई मानिसले धर्मको स्मरण गर्दै त्यागिदेओस् ।)

Downloaded from http://dhamma.digital/

उहाँ आयुष्मान्ले उपरोक्त महासुत्तसोम बोधिसत्व (जातक अर्थकथा २१,५) सत्पुरूषको अनुश्रुतिलाई नछाडी, प्राण जाने शंका भए तापनि, शिक्षापदको उल्लंघन नगरी, निम्नअनुसार संवेग उत्पन्न गर्दै त्यसै अपर्यन्त पारिशुद्धिशीलको सहाराले उपासकको पिठ्यूँमा नै अर्हत्व प्राप्त गर्नुभयो । त्यसैले भनिएको छ -

*न पिता नपि ते माता न जाति नपि बन्धवो ।*

*करोतो तादिसं किच्चं सीलवन्तस्स कारणा ॥*

*संवेगं जनयित्वान सम्मसित्वान योनिसो ।*

*तस्स पिट्ठिगतो सन्तो अरहत्तं अपापुणि ॥*

(ऊ न तिम्रो पिता हो, न माता, न नातेदार हो र न त बन्धु नै हो, केवल शीलवान् भएको कारणले त्यस्तो काम गरिरहेको छ - यसप्रकार संवेग पैदा गरी र ठीकरूपले विचार गरेर उसको पिठ्यूँमा बसेर अर्हत्व प्राप्त गरे ।)

कल्याण पृथग्जनको शील उपसम्पदादेखि लिएर राम्ररी धोएको जातिमणिजस्तै र राम्ररी निखारिएको सुनजस्तै अत्यन्त परिशुद्ध हुनाले, चित्त उत्पन्न गर्ने मात्रको मलरहित अर्हत्वको नै प्रत्यय हुन्छ । त्यसैले परिपूर्ण पारिशुद्धिशील भनिएको छ । महासंघरक्षित र भाञ्जा संघरक्षित स्थविरहरूजस्तै ।

## महासंघरक्षित स्थविरको कथा

साठी वर्षभन्दा अधिक उमेरमा, मृत्यु शैय्यामा सुतेको समयमा महासंरक्षित स्थविरसँग भिक्षुसंघले लोकोत्तर धर्मको प्राप्तिको विषयमा सोध्यो । स्थविरले - "मलाई लोकोत्तर धर्मको प्राप्ति भएको छैन" भन्नुभयो तब उहाँको सेवा टहल गर्ने तन्नेरी भिक्षुले भन्यो - "भन्ते, तपाईं परिनिवृत्त हुनुहुँदैछ भनी थाहा पाएर चारैतिरबाट बाह्र योजनदेखि टाढाबाट पनि मानिस जम्मा भएका छन् । तपाईंको पृथग्जन मृत्युले महाजन समूहलाई पछुताउ हुनेछ ।"

"आवुस, मैले मैत्रेय भगवान्को दर्शन गर्नेछु भनी सोचेर विपश्यना गरिन । ठीक छ, मलाई उठाएर राख र एक्लै छाड" भनी स्थविरले भन्नुभएपछि त्यस तन्नेरी भिक्षुले पनि स्थविरलाई बसालेर बाहिर निस्केर आयो । स्थविरले पनि ऊ निस्कनासाथ नै अर्हत्व प्राप्त गरेर चुट्कीले संकेत गर्नुभयो । संघ जम्मा भएर भन्यो - "भन्ते, यस्तो मृत्युको समयमा पनि लोकोत्तर धर्मलाई उत्पन्न गर्नुभएर तपाईंले कठिन काम गर्नुभयो ।"

"आवुस, यो काम कठिन छैन, तैपनि तिमीहरूलाई कठिन कुरा बताउनेछु । आवुस, म प्रब्रजित भएको समयदेखि लिएर स्मृतिरहित अज्ञानले गरेको कामलाई देख्दिन ।"

Downloaded from http://dhamma.digital/

उहाँको भाञ्जाले पनि पचास वर्षको अवस्थामा त्यस्तै अर्हत्व प्राप्त गर्नुभयो ।

*अप्पस्सुतोपि चे होति सीलेसु असमाहितो ।*

*उभयेन न गरहन्ति सीलतो च सुतेन च ॥*

(यदि अल्पश्रुत पनि हुन्छ र शीलहरूमा पनि असंयमी हुन्छ भने उसको शील र श्रुत दुवैबाट निन्दा हुन्छ ।)

*अप्पस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*

*सीलेतो न पसंसन्ति तस्स सम्पज्जते सुतं ॥*

(यदि अल्पश्रुत पनि हुन्छ र शीलहरूमा पनि संयमी हुन्छ भने उसको शीलद्वारा प्रशंसा गरिन्छ, उसको लागि श्रुत आफै पूर्ण भएर जान्छ ।)

*बहुस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*

*सीलेतो न पसंसन्ति तस्स सम्पज्जते सुतं ॥*

(यदि बहुश्रुत पनि हुन्छ तर शीलमा असंयमी हुन्छ तब उसको शीलको कारणले निन्दा हुन्छ उसको लागि श्रुत सुखदायि हुँदैन ।)

*बहुस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*

*उभयेन नं पसंसन्ति सीलतो च सुतेन च ॥*

(यदि बहुश्रुत पनि हुन्छ र शीलहरूमा पनि संयमी हुन्छ तब उसको शील र श्रुत दुवैद्वारा प्रशंसा हुन्छ ।)

*बहुस्सुतं धम्मधरं सम्पञ्ञं बुद्धसावकं ।*

*नेक्खं जम्बोनदस्सेव को तं निन्दितुमरहित ॥*

*देवापि नं पसंसन्ति ब्रह्मनापि पसंसितो ति ॥*

(बहुश्रुत, धम्मधर, प्रज्ञवान्, बुद्धको शिष्य, सुनको सिक्का (असर्फी) जस्तै कसले निन्दा गर्न योग्य हुन्छ ? देवता पनि उसको प्रशंसा गर्दछ, ऊ ब्रह्माद्वारा पनि प्रशंसित हुन्छ ।)

शैक्षहरूको दृष्टिले या पृथग्जनहरूको भवले परामृष्ट (पकडिने) नभएको शीललाई अपरामृष्ट - शील भनेर जान्नुपर्दछ । कुटुम्विकपुत्र तिष्य स्थविरको शीलजस्तै ।)

Downloaded from http://dhamma.digital/

## तिष्य स्थविरको कथा

मज्झिम निकाय अर्थकथा (१,१,१०) अनुसार श्रावस्तीमा तिष्य नामको एक वैश्यको छोरो थियो । उहाँले चालीस करोड सुन छाडी प्रव्रजित भई गाउँदेखि शून्य जंगलमा ध्यान गरी बस्नुहुन्थ्यो । उहाँको भाइबुहारीले - "जाऊ उसलाई मार" भनेर ५०० चोरहरूलाई पठाई । उनीहरू गएर स्थविरलाई घेरेर बसे । स्थविरले भन्नुभयो "उपासक, केका लागि आएका हौ ।" चोरहरूले पनि "तपाईंलाई मार्न आएका हौं" भनी जवाफ दिए । तब स्थविरले "उपासक मेरो वचन लिएर मलाई आज एकरातको लागि प्राण देओ" भनी अनुरोध गर्दा चोरहरूले "श्रमण, को यहाँ साक्षी हुन सक्छ ?" भनी भने । स्थविरले ठूलो ढुङ्गा लिएर दुवै तिघ्राको हड्डीहरूलाई भाँचेर "उपासक, साक्षी ठीक छ ?" भनी सोध्नुभयो । उहाँले फेरि त्यस्तो शीलको सहाराले अर्हत्व पाउने इच्छाले चोरहरूलाई भन्नुभयो ।

*उभो पादानि भिन्दित्वा सञ्ञापेस्सामि वो अहं ।*

*अट्ठियामि हरायामि सरागमरणं अहं ॥*

(दुवै खुट्टाहरूलाई भाँचेर तिमीहरूलाई सम्झाउँछु मलाई रागसहित मर्नुमा घृणा र लज्जा लाग्दछ ।)

स्थविरको कुरा सुनेर चोरहरू हटेर चक्रमणको छेउमा आगो बालेर सुते । स्थविरले पीडालाई दबाएर शीलको प्रत्यवेक्षण गर्नुहुँदै, परिशुद्ध शीलको कारणले प्रीति पामोज्ज उत्पन्न भयो । तब उहाँले विपश्यनालाई बढाएर तीनै प्रहर रातमा श्रमणधर्म गरी अरूयोदयको समयमा अरहत्व प्राप्त गर्नुभयो ।

## कुनै महास्थविरको कथा

अरू पनि, कुनै महास्थविर धेरै सिकिस्त विरामी भएर आफ्नो हातले भोजन पनि खान नसक्ने भएर आफ्नो पिसाप दिसामा पोतिएर ओल्टेकोल्टे फेर्दै हुनुहुन्थ्यो । उहाँलाई देखेर कुनै एक तन्नेरी भिक्षुले भन्यो - "अहा, जीवन संस्कार कति दुःखकर छ ?" तब उसलाई महास्थविरले भन्नुभयो -

"आवुस, म यस समय मरे स्वर्गको सम्पत्ति पाउनेछु, यसमा कुनै शंका छैन, तर यस शीललाई नष्ट गरी पाएको सम्पत्ति भिक्षु शिक्षालाई त्यागेर गृहस्थ हुनेभैं हो" र यति भन्नुभएर - "शीलसहित नै मर्ने छु" भनी प्रतिज्ञा गरी त्यहीं पल्टिनुभएर त्यसै रोग बारे विचार गर्नुहुँदै अर्हत्व पाउनुभएर भिक्षुसंघलाई जातक अर्थकथा (२, ४३७) अनुसार यी गाथाहरूद्वारा भन्नुभयो -

*फुट्ठस्स मे अञ्ञतरेन व्याधिना, रोगेन बाल्हं दुक्खितस्स रूप्पतो ।*

Downloaded from http://dhamma.digital/

*परिसुस्सति खिप्पमिदं कलेवरं, पुप्फं यथा पंसुनि आतपे कतं ॥*

(मलाई एक रोग हुँदा, त्यस रोगले धेरै दुःखीत र पीडित यो मेरो गर्मीको समय धूलोमा राखिएको फूलझैं छिटोछिटो सुक्दै थियो ।)

*अजञ्ञं जञ्ञसंखातं असुचिं सुचिसम्मतं ।*

*नाना कुणप परिपूरं जञ्ञरूपं अपस्सतो ॥*

(यो घृणित शरीर मूर्खद्वारा मनोहर भनिने तथा अपवित्र हुँदाहुँदै पनि पवित्र मानिने नाना दुर्गन्धहरूले भरिएको यथार्थतालाई नदेख्नेहरूको लागि मनोहर हुन्छ ।)

*धीरत्थुमं आतुरं पूतिकायं दुग्गन्धियं असुचिं व्याधिधम्मं ।*

*यत्थप्पमत्ता अधिमुच्छिता पजा हापेन्ति मग्गं सुगतूपपत्तिया ॥*

(यो आतुर, दुर्गन्ध बहने, अपवित्र, रोगी, फोहर शरीरलाई धिक्कार छ, जसमा प्रमादी बनी (भुलेर) मूर्छित् भएर मानिसले स्वर्गको प्राप्तिको मार्ग भएको शीललाई त्यागिदिन्छ ।)

अर्हन्त आदिको शीललाई सबै क्लेशहरू शान्त र परिशुद्ध गर्ने प्रतिप्रश्रब्धि पारिशुद्धिशील भने जान्नुपर्दछ ।

दोस्रो पञ्चकमा - जीवहिंसा आदि त्याग आदिअनुसार अर्थ सम्झिनुपर्दछ । प्रतिसम्भिदामार्गमा यसो भनिएको छ - "शील पाँच छन्, (१) प्राणातिपातको प्रहाणशील, (२) विरत (वेरमणि) शील, (३) चेतनाशील, (४) संवरशील, (५) उल्लंघन नगर्नु (अव्यतिक्रम) अनुल्लंघनशील । ... चोरी, व्यभिचार झूटो बोली, चुक्ली, कटुवचन, अनावश्यक गफ, अभिध्या (विषम लोभ), व्यापाद (प्रतिहिंसा), मिथ्यादृष्टिको नैष्क्रम्य (कामभोगलाई त्याग गरी निस्कनु) द्वारा कामच्छन्द (कामभोगको चाहना), अव्यापाद (अविहिंसा) द्वारा व्यापादको, आलोकसंज्ञा (उज्यालेको विचार) द्वारा थिनमिद्ध (मानसिक र चैतसिक आलस्स) को, अविक्षेप (एकाग्रता) द्वारा उद्दच्चपन (चंचल स्वभाव) को, धर्मसम्बन्धी विचार विमर्शद्वारा विचिकिच्छा (शंका) को, ज्ञानद्वारा अविद्याको, प्रामोद्य (प्रमुदित हुनु) द्वारा उदासीनताको, प्रथमध्यानद्वारा नीवरणहरूको, द्वितीयध्यानद्वारा वितर्क र विचारको, तृतीयध्यानद्वारा प्रीतिको, चतुर्थध्यानद्वारा सुखदुःखको, आकाशानन्त्यायतन समापत्तिद्वारा रूपसंज्ञा, प्रतिघ र नानात्वसंज्ञाको, विज्ञानानन्त्यायतन-समापतिद्वारा अकाशानन्त्यायतन-संज्ञाको, आकिंचन्यायतन-समापतिद्वारा विज्ञानानन्त्यायतन-संज्ञाको, नैवसंज्ञानासंज्ञायतन-समापतिद्वारा आकिंचन्यायतन-संज्ञाको, अनित्यको अवलोकनद्वारा नित्यसांको, दुःखको अवलोकनद्वारा सुखसंज्ञाको, अनात्मको अवलोकनद्वारा आत्मसंज्ञाको, निर्वेदानुपश्यनाद्वारा नन्दि (प्रीतियुक्त तृष्णा) को, विरागानुपश्यनाद्वारा रागको, निरोधानुपश्यनाद्वारा समुदय (उत्पत्ति) को, प्रतिनिःसर्गानुपश्यनाद्वारा (नित्य आदिको रूपमा) ग्रहण गर्ने कामको, क्षयानुपश्यनाद्वारा घनसंज्ञा (एकत्व ग्रहणको विचार) को, व्यय (विनाश) अनुपश्यनाद्वारा आयुहन (राशिकरण) को, विपरिणामानुपश्यनाद्वारा ध्रुवसंज्ञाको, अनिमित्तानुपश्यनाद्वारा निमित्तको, अप्रणिहितानुपश्यनाद्वारा प्रणिधि (इच्छा)को, शून्यतानुपश्यनाद्वारा

Downloaded from http://dhamma.digital/

अभिनिवेष (आत्मदृष्टि)को, अभि-प्रज्ञा-धर्म-विपश्यना (दुःख आदिअनुसार सब त्रैभूमिक धर्मको विचार) द्वारा सारग्रहण गर्ने विचारको, यथाभूत ज्ञानदर्शन (स्थीरभावको प्राप्त अनित्य आदिको विपश्यना) द्वारा संमोहको विचारको, आदिनवानुपश्यना (दोषहरूलाई देख्नु) द्वारा आलस्स चित्तमा जमेको तृष्णाको, प्रतिसंख्यानुपश्यना (संस्कारहरूको त्यागको अवलोक) द्वारा अप्रतिसंख्याको, विवर्तानुपश्यना (निर्वाणको अवलोक) द्वारा संयोगको विचारको, स्रोतापत्तिमार्गद्वारा दृष्टिले उत्पन्न क्लेशहरूको, सकृदागामीमार्गद्वारा स्थूल क्लेशहरूको, अनागामीमार्गद्वारा सूक्ष्म क्लेशहरूको, अरहत्मार्गद्वारा सारा क्लेशको प्रहाणशील हो, वेरमणिशील हो, चेतनाशील हो, संवरशील हो, अनुल्लंघनशील हो ।

पटिसम्भदामग्ग (१,१६) अनुसार यसप्रकारको शीलले चित्तमा पश्चाताप आउन दिँदैन, प्रमोदलाई ल्याइदिन्छ, प्रीति, प्रश्रब्धि, सौमनस्य, ध्यानाभ्यास, भावना, आधिक्य, अलंकार, परिष्कार, परिवार, पपूर्ति, एकान्त निर्वेद, विराग, निरोध, उपशमन, अभिज्ञा, ज्ञान र निर्वाणलाई ल्याइदिन्छ ।"

यहाँ प्रहाण = उक्तप्रकारको जीवहिंसा आदि नहुने अतिरिक्त अरू कुनै दोस्रो धर्म छैन । किनकि विभिन्न प्रहाण (त्याग) विभिन्न कुशल धर्मको प्रतिष्ठा (आधार) को अर्थमा धारण गर्ने हुन्छ र कम्पित नहुने कारणले समाधान (कायकर्म आदिको संयम) हुन्छ । यसैले पहिले भनिएको प्रकारले नै आधार (वासस्थान) र संयम भनिने शीलनको अर्थमा शील भनिएको छ । दोस्रो चार कुराहरू त्यसत्यस (कर्म) देखि अलगिने, त्यसत्यस कार्यको संवर ती दुवैयुक्त चेतना र त्यसत्यस कुराको उल्लंघन नगर्ने भिक्षुको उल्लंघन नगर्ने अधिष्ठानअनुसार चित्तको प्रवृत्ति हुनुलाई भनिएको हो । उसको शीलार्थ पहिले बताइसकिएको छ । यस्तो प्रहाण आदिअनुसार शील पाँच प्रकारका छन् ।

## संक्लेश र विशुद्धि

"शीलको संक्लेश (मल) के हो ? शीलको विशुद्धि के हो ? खण्डित (टुक्रिनु) आदि हुनु शीलको संक्लेश हो र अखण्डित हुनु विशुद्धि हो । त्यो खण्डित आदि हुनु लाभ, यश आदिको कारण भेद (नाश) हुने र सात प्रकारको मैथुन संभोगमा गनिन्छ । जसको सात आपत्ति स्कन्धहरूमध्ये प्रारम्भमा या अन्तमा शिक्षापद टुक्रिन्छ, उसको शील किनारा फाटेको कपडाजस्तै खण्डित हुन्छ । जसको शिक्षापद बीचमा टुक्रिन्छ उसको बीचमा प्वाल परेको कपडाजस्तै प्वालैप्वाल परेको हुन्छ । जसको शिक्षापद लगातार दुईतीन पटक टुक्रिन्छ उसको पिठ्यूँमा या पेटमा नराम्रो रंगले कालो, रातो आदि कुनै रंगको शरीर भएको गाईजस्तै टाटेपाटे हुन्छ । जसको शिक्षापद अन्तर राखीराखी टुक्रिएको हुन्छ उसको अन्तर राखीराखी भद्दा रंगहरूको विन्दुयुक्त विचित्र छिर्केबिर्के गाईजस्तै अशोभनीय हुन्छ । यसप्रकार लाभ आदिको कारण भेद (नाश) हुनाले खण्डित आदि हुन्छ ।"

यसरी नै सात प्रकारका मैथुन संभोगद्वारा पनि शील खण्डित हुन्छ । अंगुत्तर निकाय (७,५,७) अनुसार भगवान्‌ले भन्नुभएको छ, (१) "ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण पक्का ब्रह्मचारी हुने दावा गर्दै स्त्रीसँग त मैथुन सेवन गर्दैन तर स्त्रीद्वारा बुकुवा लगाउँछ, शरीर मलाउँछ, उसको सहाराले नुहाउँछ, शरीर मल्न लगाउँछ र त्यसको मजा लिन्छ । उसलाई मन पराउँछ र उसमा

Downloaded from http://dhamma.digital/

प्रसन्न मन गर्छ - ब्राह्मण, यो ब्रह्मचर्यको खण्ड हुनु पनि हो, प्वाल पर्नु पनि हो र टाटेपाटे हुनु पनि हो । ब्राह्मण, यो भनिन्छ कि त्यसले अपरिशुद्ध ब्रह्मचर्य पालन गर्दैछ, मैथुन संयोगद्वारा संयुक्त । त्यसले जन्म, बुद्धत्व, मृत्युबाट छुट्कारा पाउँदैन र त्यो दुःखदेखि पनि छुट्दैन भनी म भन्दछु ।

(२) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण पक्का ब्रह्मचर्य हुने दावा गर्दै स्त्रीसँग मैथुन सेवन गर्दैन, न त बुकुवा नै लगाउँछ तर स्त्रीसँग ठट्टा गर्दै हाँस्छ, जिस्किन्छ, जस्किँदै जीवन व्यतित गर्दछ, त्यो त्यसको मजा लिन्छ ... ।

(३) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... न जिस्किँदै हिँड्छ, तर आफ्नो आँखाले स्त्रीको आँखासँग जुधाएर हेर्दछ, अवलोकन गर्दछ, ऊ त्यसको मजा लिन्छ ... ।

(४) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... र न त आँखाले स्त्रीको आँखासँग जुधाउँछ - तर भित्ताको आड लिएर, पर्खालको छेउबाट हाँस्दै गरेकी, बोल्दै गरेकी, गाउँदै गरी, या रूँदै गरेकी स्त्रीको शब्द सुन्छ र त्यसमा मजा लिन्छ ... ।

(५) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... न स्त्रीको शब्द सुन्छ तर पहिले स्त्रीसँग जुन ख्याल ठट्टा गरेको थियो त्यसैलाई याद गर्छ र त्यसको मजा लिन्छ ...।

(६) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... न उसलाई याद गर्छ र न त्यसको मजा लिन्छ । तर पाँच काम गुणहरूमा समर्पित समङ्गीभूत (तल्लीन), त्यसमा आनन्द लिँदै गरेको गृहपति या गृहपति पुत्रलाई देखेर ऊ त्यसको मजा लिन्छ ...।

(७) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण त ऊ त्यसको मजा लिन्छ तर ऊ कुनै देव निकायको इच्छा गर्दै ब्रह्मचर्यको पालन गर्छ "म यस शील व्रत, तप अथवा ब्रह्मचर्यद्वारा देवता हुनेछु या कुनै विशेष देवता हुनेछु भनी ऊ त्यसको मजा लिन्छ ...।"

यसप्रकार यस्तो भिक्षु लाभ आदिको कारण भेद र सात प्रकारका मैथुन संभोगद्वारा खण्डित आदि हुनुमा गनिएको जान्नुपर्दछ ।

खण्डित आदि नहुनु भनेको सबप्रकारले शिक्षापदहरू नटुट्नुमा, टुक्रिएको (शिक्षापदहरू)को प्रतिकर्म (सुधार) गर्न योग्यको प्रतिकर्म गर्नुमा, सात प्रकारको मैथुन संभोग नहुनुमा र अन्य क्रोध, लुकिराखेको शत्रुता, म्रक्ष (अरूको गुणलाई हीन गरी देखाउनु र आफ्नो त्यसभन्दा अधिक गुणवान् बनाउनु), निष्ठूरता (पलास), ईर्ष्या, मात्सर्य, माया, शठता, जडता, हिंसा, मान, अतिमान, मद, प्रमाद, आदि खराब कुराहरू उत्पन्न नहुनाले अल्पेक्ष हुनु, संतोष, संलेख आदि गुणहरूको उत्पतिमा संगृहीत हुनु हो ।

जुन शील लाभ आदिको लागि पनि भंग हुँदैन या भूलचूकले भंग भए तापनि प्रतिकर्म गरिएको छ, मैथुन संभोग या क्रोध लुकेको शत्रुता आदि खराब धर्महरूद्वारा दुषित भएको छैनन् ती सबप्रकारले अखण्डित, अछिद्रित, सादा, अकलुषित भनिन्छन् । ती नै भुजिस्व (स्वाधीन, तृष्णाको दासत्वदेखि मुक्त) हुनाले स्वतन्त्र छन्, विज्ञहरूद्वारा प्रशंसनीय छन., तृष्णा र दृष्टिद्वारा दृढतापूर्वक

Downloaded from http://dhamma.digital/

नपकडिएकाले अपरामृष्ट छन् । ती उपचारसमाधि या अपर्णासमाधिलाई प्राप्त गराउने हुन्छन् । अतः समधि दिलाउने हुन्छन् यसैले शील अखण्डित आदि हुनुलाई विशुद्धि भनेर जान्नुपर्दछ ।

यो विशुद्धि दुई प्रकारले पूर्ण हुन्छ - (१) शील विपत्तिको दोषलाई र (२) शील सम्पत्तिको गुणलाई देख्नाले । "भिक्षुहरू, दुःशीलको शील विपत्तिमा यी पाँच दोष छन् ।" अंगुत्तर निकाय ( ५,२,३) को सूत्रानुसार शील विपत्तिको दोष सम्झिनुपर्दछ ।

दुःशील व्यक्ति दुःशील हुनाको कारणले देवता र मनुष्यहरूको अप्रिय हुन्छ । सब्रह्मचारीहरू उसको आज्ञा मान्दैनन् । ऊ दुःशील भएको निन्दाले दुःखित रहन्छ । शीलवान्हरूको प्रशंसा भएको बेलामा ऊ पछुतो गर्छ र दुःशील भएको कारण सनपाटको कपडाजस्तै दुर्वर्ण हुन्छ । जो उसको नक्कल गर्दछ, ऊ पनि धेरै दिनहरूको लागि अपाय दुःखलाई ल्याउने हुनाले दुःख भोग्दछ । जसको दानवस्तुहरू ग्रहण गर्दछ, त्यस दुःशील भिक्षुले ग्रहण गरेको कारणले, त्यो दान महाफल दायक नहुने कारणले कम मूल्यवान् हुन्छ । अनेक वर्षदेखि भरिएको गुहुको कुण्डजस्तै साफ गर्न नसकिने हुन्छ । श्मशानमा जलेको काठजस्तै श्रामण्य मार्गफल र गृहस्थ कामभोगविलास दुवैतर्फबाट वञ्चित रहन्छ । भिक्षु भएको दावा गरे तापनि भिक्षु हुन सक्दैन । गाईहरूको पछिपछि जाने गधाजस्तै हुन्छ । ऊ सबैसँग दुश्मनी साँध्ने मानिसजस्तै हमेशा उद्विग्न रहन्छ । मुर्दा जस्तै एकसाथ रहनयोग्य छैन । श्रुत आदि गुणहरूबाट युक्त भए तापनि सब्रह्मचारीहरूको लागि पूजनीय हुँदैन, ब्राह्मणहरूको लागि श्मशानको आगोजस्तै । विशेष अधिगम (मार्गफलको प्राप्ति) मा असमर्थ हुन्छ, रूप देख्नमा अन्धाजस्तै हुन्छ । सद्धर्ममा आशारहित हुन्छ, राज्यमा चण्डाल (पोडे) को छोराजस्तै हुन्छ । म सुखी हुँ यस्तो माने तापनि दुःखी नै हुन्छ, अंगुत्तर निकायको "अग्गक्खन्ध परियाय" मा भनिएको दुःखहरूको भागी हुनाको कारण ।

दुःशीलहरूको पाँच कामगुणहरूको परिभोग, वन्दना, सत्कार गर्नु, आदि सुखको मजा लिनुमा तल्लीन चित्तयुक्त व्यक्तिहरूको, तिनलाई याद गर्नाले पनि हृदयमा सन्ताप पैदा भई गर्म रगत वमन गर्नु लगाउने, अत्यन्त कटु दुःखलाई देखाउँदै, सबप्रकारले कर्मको विपाकलाई प्रत्यक्ष देख्ने भगवान्ले अंगुत्तर निकाय (७,७,८) अनुसार भन्नुभयो - "भिक्षुहरू, तिमीहरू आदिप्त, दनदन बलेको, धपधपाएको, त्यस आगोको धेरै ठूलो राशिलाई देख्छौ होइन ?" "हो भन्ते !" "तब के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम छ - त्यस धपधपाएको आगोको धेरै राशिलाई आलिंगन गरेर, त्यसको नजिक बसेको या सुतेको अथवा धेरै कोमल हातखुट्ट भएकी क्षत्रिय कन्या (राजकुमारी), ब्राह्मण कन्या या गृहपति कन्यासँग आलिंगन गरी उसँग बसेको या सुतेको ?"

"भन्ते, यही उत्तम हुन्छ जो कि धेरै कोमल हात खुट्टा भएकी क्षत्रीय कन्या, ब्राह्मण कन्या या गृहपति कन्यासँग आलिंगन गरी उसँग बसेको या सुतेको । भन्ते, यो आदिप्त दन्किएको, धपधपाएको त्यस आगोको धेरै ठूलो राशीलाई आलिंगन गरी त्यसको नगिच बसेको वा सुतेको दुःखदायी हुन्छ ।"

"भिक्षुहरू, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई बताउँदछु कि त्यस दुःशील, पापधर्मी, अपवित्र, सन्देहरहित काम गर्ने, लुकीलुकी कर्म गर्ने अश्रमण, जुन कि श्रमण हुने दावा गर्दछ, अब्रह्मचारी जनु कि ब्रह्मचारी हुने दावा गर्दछ, भित्र दुर्गन्धले भरिएको, अवश्रुत (उत्पन्न राग

Downloaded from http://dhamma.digital/

आदिद्वारा भिजिएको), रछ्यानजस्तै भएको व्यक्तिको लागि उत्तम छ कि त्यस आदिप्त दन्किएको, धपधपाएको आगोको धेरै ठूलो राशीलाई आलिंगन गरी त्यसको नजिक बसेको या सुतेको । त्यो के कारणले ? भिक्षुहरू, ऊ त्यसको कारणले मृत्यु प्राप्त गर्दछ या मृत्यु मात्रको दुःखलाई । तर उसको शरीर छुटेपछि मरेर अपाय दुर्गति विनिपात नर्कमा उत्पन्न हुँदैन । तर भिक्षुहरू, त्यस दुःशील ... रछ्यानजस्तै भएको ... क्षत्रीय कन्या ... को साथ बसेको या सुतेको त्यो उसको धेरै दिनको अहित, र दुःखको लागि हुनेछ । किनकि शरीर छुटेपछि ... दुर्गति ... नरकमा उत्पन्न हुनेछ ।"

यस्तो अग्निस्कन्धको उपमाद्वारा स्त्रीसम्बन्धी पाँच कामगुणहरूको सेवनको कारणले उत्पन्न दुःखलाई देखाउनुभएर त्यसै उपायद्वारा अंगुत्तर निकाय (७,७,९) अनुसार भगवान् भन्नुहुन्छ "त के मान्दछौ, भिक्षुहरू, कुनचाहिँ उत्तम, जुन कि बलवान् मानिस मजबुत केशको डोरीले दुवै खुट्टाको नलीखुट्टा बाँधेर रगडोस्, ऊ नरम छालालाई छेडोस् । नरम छालालाई छेडेर भित्री छालालाई छेडोस्, भित्री छालालाई छेडेर मासुलाई छेडोस्, मासुलाई छेडेर नसालाई छेडोस्, नसालाई छेडेर हड्डीलाई छेडोस्, हड्डीलाई छेडेर मासीमा रोकोस् अथवा जुन कि क्षत्रीय महासार, ब्राह्मण महासार या गृहपति महासारको अभिवादन पाओस् ?"

अंगुत्तर निकाय (७,७,१०) अनुसार भगवान्ले भन्नुभयो - "त के मान्दछौ, भिक्षुहरू, कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तेलमा धोइएको धारिलो बर्छीले ठीक छातीमा हिर्काएको वा क्षत्रीय महासार, ब्राह्मण महासार या गृहपति महासारको अञ्जलि पाएको ?"

**महासार विधान**

***अभिधानप्पदीपिका (३३७-३९) अनुसार - कम्तिमा यस करोड रूपियाँ जसको निधान छ र २० प्रतिशत व्यवहारमा ल्याउँदछ ऊ क्षत्रिय महासार भनिन्छ । असी करोड रूपैयाँ जसको निधान छ र नित्य १० प्रतिशत व्यवहारमा ल्याउँदछ ऊ ब्राह्मण महासार भनिन्छ र त्यसको आधा जसको निधन छ र नित्य व्यवहारमा पनि आधा नै आउँछ ऊ गृहपति (वैश्य) महासार भनिन्छ ।***

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको पाताले शरीरलाई बेरेको या क्षत्रीय ... ब्राह्मण ... गृहपतिले श्रद्धापूर्वक दिएको चीवरको परिभोग गरेको ?"

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तातो, आदिप्त, दन्किएको, धपधपाएको फलामको डण्डाले मुख खोलेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको गोलालाई मुखमा राखेको, त्यसले ओठ पोलोस्, मुख पनि, घाँटी पनि, पेट पनि पोलोस्, ठूलोआन्द्रा पनि, सानो आन्द्रा पनि, लिएर तलतिर निस्कोस् अथवा क्षत्रीय, ब्राह्मण, गृहपति महासारहरूले श्रद्धापूर्वक दिएको भोजनलाई खाएको ?"

Downloaded from http://dhamma.digital/

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम, बलवान् मानिसले टाउको या काँधमा पक्रेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको खाट या फलामको पिर्कामा बसाएको या सुताएको अथवा क्षत्रीय, ब्राह्मण, गृहपतिबाट श्रद्धापूर्वक दिइएको खाट र पिर्का परिभोग गरेको ?"

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम, बलवान् मानिसले माथि खुट्टा तल टाउको गरी पक्रेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको गाग्रीमा राखेको, ऊ त्यहाँ फिँज निकाली पाक्दै गरेको, एकपल्ट माथि पनि आओस्, एकपल्ट तल पनि जाओस्, एकपल्ट तेर्सो पनि जाओस् अथवा क्षत्रीय, ब्राह्मण, गृहपति महासारको श्रद्धापूर्वक दिइएको विहार उपभोग गरे ?"

केशको डोरी, धारिलो बर्छी, फलामको पाता, फलामको गोला, फलामको खाट, फलामको पिर्का, फलामको ठूलो गाग्रो, यी उपमाहरूद्वारा अभिवादन, हात जोड्नु, चीवर, पिण्डपात, खाट, पिर्का, विहारको परिभोगको कारणले उत्पन्न दुःखलाई देखाइएका छन् । यसैले भनिएका छन् -

*अग्गिक्खन्धालिङ्गन दुक्खातिदुक्खं कटुकं फलं ।*

*अविजहतो कामसुखं सुखं कुतो भिन्नसीलस्स ॥*

(आगोको राशिलाई आलिंगन गरेको दुःखभन्दा अत्यन्त दुःखदायक र तीतो, फल दिने काम सुखलाई नत्याग्ने, शील खण्डित भएको भिक्षुलाई सुख कहाँ ?)

*अभिवादन सादियने किं नाम सुखं विपन्नसीलस्स ।*

*दल्हवालरज्जुघंसन - दुक्खाधिक - दुक्ख - भागिस्स ॥*

(बलियो केशको डोरीद्वारा रगड्ने दुःखभन्दा अधिक दुःख भोग्ने शीलरहित (दुःशील) भिक्षुलाई अभिवादन लिनमा के सुख छ ?)

*सद्धानमञ्जलिकम्मसादियने किं सुखं असीलस्स ।*

*सत्तिपप्हार दुक्खाधिमत्तदुक्खस्य यं होतु ॥*

(श्रद्धावान्हरूले हात जोडी प्रणाम गरेको आश्वाद लिनुमा शीलरहित व्यक्तिलाई के सुख छ, जुन कि बर्छीद्वारा रोपिएको दुःखभन्दा अधिक दुःखको कारण हो ?)

*चीवरपरिभोग सुखं किं नाम असंयतस्स येन चिरं ।*

*अनुभवितब्बा निरये जलित अयोपट्ट - सम्फस्सा ॥*

(असंयमीलाई चीवर परिभोग गर्न के सुख ? जसले कि नरकमा धेरै दिनसम्म जलेको फलामको पाताहरूको स्पर्श भोग्नुपर्दछ ।)

*मधुरोपि पिण्डपातो हलाहलविसूपमो असीलस्स ।*

Downloaded from http://dhamma.digital/

*आदित्ता गिलितब्बा आयोगुला येन चिररत्तं ॥*

(अशीलवान्को लागि मीठो भिक्षा पनि हलाहल विषझैं हो जसले गर्दा उसले तातो फलामको गोला धेरै दिनसम्म निल्नुपर्नेछ ।)

*सुखसम्मतोपि दुक्खो असीलिनो मञ्चपीठपरिभोगो ।*

*यं बाधिस्सन्ति चिरं जलित अयोमञ्च पीठानी ॥*

(दुःशीलको लागि खाटपिर्काको परिभोग सुखसम्मत भए तापनि दुःखदायक हुन्छ, जुन कि धेरै दिनसम्म फलामको तातिएको खाटपिर्काले पीडित गर्छ ।)

*दुस्सीलस्स बिहारे सद्धादेय्य म्हिका निवासरति ?*

*जलितेसु निवसितब्बा येन अयोकुम्भिमज्झेसु ॥*

(दुःशीलले श्रद्धापूर्वक दान दिइएको विहारमा वास गरेको रति (सुख) के ? जसबाट कि उसले बल्दो फलामको धेरै ठूलो लौह कुम्भी नरकमा वास गर्नुपर्दछ ।)

*संकस्सरसमाचारो कसम्वुजातो अवस्सुतो पापो ।*

*अन्तोपूती ति च यं निन्दन्तो आह लोकगुरू ॥*

(जसलाई के लोक गुरू (भगवान्) ले निन्दा गर्दै भन्नुभयो - यो भिक्षु सन्देह गर्दै विचरण गर्ने रछ्यान भएको छ, अवश्रुत (रागादिद्वारा भिजिएको) छ र भित्र दुर्गन्धले भरिएको छ ।)

*धि जीवितं अधञ्ञस्स तस्स समणजनवेसधारिस्स ।*

*अस्समणस्स उपहतं खतमत्तानं वहन्तस्स ॥*

(त्यस अभागी श्रमण भेषधारी अश्रमण, दुःखित, आफ्नो जरालाई खन्दै गरेको व्यक्तिको जीवनलाई धिक्कार छ ।)

*गूथं विय कुणपं वियमण्डनकामा विवज्जयन्तीध ।*

*यं नाम सीलवन्तो सन्तो किं जीवितं तस्स ॥*

(यहाँ गुहुजस्तै, लाशजस्तै आफूलाई सजाउने दुःशील, जसलाई कि शीलवान् सज्जन त्यागिदिन्छ, उसको जीवनबाट के लाभ ?)

*सब्बभयेहि अमुत्तो मुत्तो सब्बेहि अधिगमसुखेहि ।*

*सुपिहित सग्गद्वारो अपाय मग्गं समारूल्हो ॥*

Downloaded from http://dhamma.digital/

*करूणाय वत्थुभूतो कारूणिकजनस्स नाम को अञ्ञो ।*

*दुस्सीलसमो दुस्सीलताय इति बहुविधा दोसाति ॥*

(सारा भयहरूद्वारा अमुक्त, सारा अभिगम (मार्गफल) को सुखहरूद्वारा वञ्चित, जसको लागि स्वर्गको द्वार बिल्कुल बन्द भएको छ, जुन अपायको मार्गमा हिँडिरहेछ, दयालु मानिसहरूको दयाको पात्र बन्न सुहाउने, दुःशीलजस्तै अरू को छ ? यसप्रकार दुःशीलताका धेरै प्रकारका दोष छन् ।)

यसप्रकार प्रत्यवेक्षण आदिद्वारा शील विपत्तिमा दोष देख्ने र त्यसदेखि विपरीत शील सम्पत्तिमा गुण देख्नेलाई जान्नुपर्दछ । अरू पनि -

*तस्स पासादिकं होति पत्तचीवरधारणं ।*

*पब्बज्जा सफला तस्स यस्स सीलं सुनिम्मलं ॥*

(जसको शील सुनिर्मल छ, उसले पात्र र चीवरको धराण गर्नु प्रासादिक हुन्छ । उसको प्रब्रज्या सफल हुन्छ ।)

*अत्तानुवादादिभयं सुद्धसीलस्स भिक्खुनो ।*

*अन्धकारं विय रविं हदयं नावगाहति ॥*

(शुद्ध शीलवान् भिक्षुको हृदयमा आफ्नो निन्दा, परनिन्दा, राजा भय, दुर्गति भय आदि भयहरू त्यसप्रकार पस्दैनन् जसरी कि अन्धकार सूर्यमा ।)

*सीलसम्पत्तिया भिक्खु सोभमानो तपोवने ।*

*पभासम्पत्तिया चन्दो गगने विय सोभति ॥*

(शील सम्पत्तिद्वारा भिक्षु तपोवनमा त्यसप्रकार शोभित हुन्छ जुनप्रकार प्रभा सम्पत्तिद्वारा चन्द्रमा आकाशमा शोभायमान् हुन्छ ।)

*कायगन्धोपि पामुज्जं सीलवन्तस्स भिक्खुनो ।*

*करोति अपि देवानं सीलगन्धे कथा व का ॥*

(शीलवान् भिक्षुको शरीरको वासनाले पनि देवहरूसम्मलाई प्रमुदित गर्दछ भने शीलको वासनाको कुरा नै के गर्नु ?)

*सब्बेसं गन्धजातानं सम्पत्तिं अभिभुय्य ।*

*ऋविधाति दसदिसा सीलगन्धो पवायति ॥*

Downloaded from http://dhamma.digital/

(सबप्रकारका सुगन्धहरूको सम्पत्तिलाई उछिनेर शीलको सुगन्ध दशै दिशामा बेरोकटोक बहन्छ ।)

*अप्पकम्पि कता कारा सीलवन्ते महप्फला ।*

*होन्ती ति सीलवा होति पूजा सक्कारभाजनं ॥*

(शीलवान्को लागि अल्पमात्र पनि गरेको उपकार महाफलदायक हुन्छ । यसैले शीलवान् पूजा सत्कारको पात्र हुन्छ ।)

*सीलवन्तं न वाधन्ति आसवा दिट्ठधम्मिका ।*

*सम्परायिकदुक्खानं मूलं खनति सीलवा ॥*

(यस जन्मको आस्रवले शीलवान्लाई पीडित गर्दैन, शीलवान्ले परलोकको दु:खहरूको पनि जरा उखेल्छ ।)

*या मनुस्सेसु सम्पत्ति या च देवेसु सम्पदा ।*

*न सा सम्पन्नसीलस्स इच्छतो होति दुल्लभा ॥*

(मनुष्यलोकमा जुन सम्पत्ति छ र देवलोकमा सम्पदा जुन छ, त्यो चाहेमा शीलवान्को लागि दुर्लभ हुँदैन ।)

*अच्चन्तसन्ता पन या अयं निब्बानसम्पदा ।*

*सम्पन्नसीलस्स मनो तमेव अनुधावति ॥*

(यो अत्यन्त शान्त निर्वाण जुन सम्पत्ति छ, त्यसैपछि शीलसम्पन्न भिक्षुको मन दौडिन्छ ।)

*सब्बसम्पत्तिमूलम्हि सीलम्हि इति पण्डितो ।*

*अनेकाकारवोकारं आनिसंसं विभावये ति ॥*

(शील सबै सम्पत्तिको मूल हो - यसप्रकार जानेर पण्डित व्यक्तिले अनेक तरहले यसको गुणको वर्णन गरोस् ।)

त्यस्तो वर्णन गर्ने व्यक्तिको मन शीलको विपत्तिप्रति उदासीन भएर शील सम्पत्तितर्फ झुकेको हुन्छ । यसैले यस शीलको यथोक्त विपत्तिको दोष र शीलको सम्पत्तिको गुणलाई देखेर सबप्रकारले आदरपूर्वक शीललाई परिशुद्ध गर्नुपर्दछ ।

यहाँसम्म, “सीले पतिट्ठाय नरो सपञ्ञो”, यस गाथाद्वारा “विशुद्धिमार्ग” मा शील, समाधि, प्रज्ञाको भेदले दिइएको उपदेशमध्ये शील सम्बन्धी अंश समाप्त भएको छ ।

Downloaded from http://dhamma.digital/

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*

*विशुद्धिमार्गमा*

*शील निर्देश नामक*

*पहिलो परिच्छेद समाप्त ।*

❋❋❋

Downloaded from http://dhamma.digital/

# दोश्रो परिच्छेद

## धुताङ्ग निर्देश

अल्पेच्छ, सन्तोष आदि गुणहरूद्वारा जुनप्रकारले शील परिशुद्धि हुन्छ, ती गुणहरू पूर्ण गर्नको लागि, राम्ररी शील पालन गर्ने योगीले धुताङ्ग धारण गर्नुपर्दछ । यसै गरी अल्पेच्छ, सन्तोष, सल्लेख, प्रविवेक (क्लेशहरूको) दूरीकरण, उद्योग, सुभरता (पाल्न सजिलोपन) आदि गुणरूपी जलले चित्त मल धोइन्छ र शील परिशुद्ध हुनेछ, व्रत पनि पूर्ण हुनेछ । यसप्रकार निर्दोष शील व्रत गुणद्वारा परिशुद्ध सबै आचरणहरू भएको, अंगुत्तर निकाय (४,३,८) अनुसार चार आर्यवंशमध्ये १. चीवरमा सन्तोष २. पिण्डपातमा सन्तोष ३. सयनासनमा सन्तोष - यी तीन आर्यवंशमा प्रतिष्ठित भएपछि उक्त योगी चौथो ४. भावनारामता नामक आर्यवंशको प्राप्तियोग्य हुन्छ । यसैले धुताङ्गको कथा प्रारम्भ गर्दछु । कुलपुत्रहरू जुन लोकामिष (लाभसत्का आदि) त्याग गरी, शरीर र जीवनप्रति ममतारहित हुन्छन्, त्यसैले त्यस अनुलोम प्रतिपद् (विपश्यना भावना) पूर्ण गर्नको लागि भगवान्‌ले तेह्र धुताङ्ग बताउनुभएको छ । जस्तै कि :-

(१) पांशुंकूलिकांग (२) त्रैचीवरिकांग (३) पिण्डपातिकांग (४) सापदानचारिकांग (५) एकासनिकांग (६) पात्रपिण्डकांग (७) खलुपच्छाभत्तिकांग (८) आरण्यकांग (९) वृक्षमूलिकांग (१०) अभ्यवकाशिकांग (११) श्मशानिकांग (१२) यथासंस्थरिकांग (१३) नैसाद्यिकांग ।

*अत्थतो लक्खणादीहि समादानविधानतो ।*

*पभेदतो भेदतो च तस्स तस्सानिसंसतो ॥*

*कुसलत्तिकतो चेव धुतादीनं विभागतो ॥*

*समासब्यासतो चापि विञ्ञातब्बो विनिच्छयो ॥*

(अर्थद्वारा, लक्षण आदिद्वारा, ग्रहण गर्ने विधानद्वारा, प्रभेद र विनाशद्वारा, उसको गुण, कुशलत्रिकद्वारा, धुत आदिको विभागद्वारा तथा संक्षेप - विस्तारद्वारा विनिश्चय जान्नुपर्दछ ।)

अर्थद्वारा विनिश्चय यसप्रकार छन् - सडक, श्मशान, रछ्यानको थुप्रो र जहाँकहीं पनि धूलो (पांशु) माथि फालिएको वस्तुहरू धूलो भन्ने अर्थ लाग्दछ । त्यसैले त्यस्ता ठाउँमा फालिएको कपडा पनि धूलोको किनारजस्तै हुनाले पांशुकूल भनिन्छ । अथवा धूलोजस्तै कुत्सित अवस्थालाई प्रापत हुनाले त्यस कपडालाई पाशंकूल भनिन्छ । यस्तो नामले जानिने पाशंकूल चीवर धारण गर्नु नै पाशुंकूल भनिन्छ । जुन भिक्षुले त्यस्तो शीलसम्पन्न हुन्छ उसलाई पांशुकूलिक भनिन्छ । पांशुकूलिकको अंग पांशुकूलिकांग हो । अंग भनिन्छ कारणलाई । अर्थात् जुन कारणले यस्तो शील ग्रहण गर्दा पांशुकूलिक भनिन्छ त्यसैलाई पांशुकूलिकांग भनिएको भनी जान्नुपर्दछ ।

Downloaded from http://dhamma.digital/

यसैगरी संघाटी, उत्तरासँग, अन्तरवासक - यी तीन चीवरहरूलाई धारण गर्ने जसको शील हुन्छ त्यस भिक्षुलाई त्रैचीवरिक भनिन्छ। त्रैचीवरिकको अंग त्रैचीवरिकांग हो।

अन्नको गाँस (पिण्ड) लाई भिक्षा भनिन्छ र त्यस पिण्डहरूको पतन नै पिण्डपात हो। अर्थात् अरूले दिएको पिण्डहरू आफ्नो पात्रमा झार्नु भनिएको हो। त्यस पिण्डपातको चाहना गरेर, घरघर गएर खोजी गरेर आफ्नो पात्रमा प्राप्त भएको आहारलाई नै पिण्डपात भनिन्छ। जसले त्यस्तो पिण्ड (भिक्षा) को लागि खोजी गर्ने व्रत पालन गर्दछ उसैलाई पिण्डपाती भनिन्छ। यहाँ पतनाको अर्थ हो घुम्नु। पिण्डपाती भिक्षुलाई नै पिण्डपातिक भनिन्छ। पिण्डपातिकको अंग पिण्डपातिकांग हो।

दान भनिन्छ भेद गर्नुलाई। दानरहित भएको अर्थमा अपदान भनिन्छ। जसको अर्थ भेद नपार्नु। अपदानसहित हुनु सापदान हो। अर्थात् नछुटाईकन प्रत्येक घरमा भिक्षा माग्ने भन्ने अर्थ लाग्दछ। यसैले सापदान गुणयुक्त भएर घरैपिच्छै भिक्षा माग्दै हिड्ने शील भएको भिक्षु सापदानचारी हो। सापदानचारी नै सापदानचारिक हो। उसको अंग सापदानचारिकांग हो।

एक आसनमा एक भोजन गर्नु एकासन हो। त्यो शील हुने भिक्षु एकासनिक हो। उसको अंग एकासनिकांग हो।

विभिन्न भाँडालाई अस्वीकार गरी, एउटै पात्रमा परेको पिण्डलाई पात्रपिण्ड भनिन्छ। त्यसप्रकारको पात्रपिण्डको गुणलाई विचार गरी पात्रपिण्डको शीललाई पालन गर्ने भिक्षुलाई पात्रपिण्डिक भनिन्छ। उसको अंग पात्रपिण्डिकांग हो।

खलु निपात शब्द हो जसको अर्थ अस्वीकार गर्नु हो। खाइसकेपछि प्राप्त हुने आहरलाई पच्छाभत्त भनिन्छ। त्यसप्रकार प्राप्त भएको आहारलाई खानु पच्छाभत्त भोजन भनिन्छ। खाइसकेपछि पाएको आहार खानु हुँदैन भनेर थाहा पाईकन पनि पछिको आहारलाई लिने भिक्षु पच्छाभत्तिक हो। पच्छाभत्तिक नभएको भिक्षु नै खलुपच्छाभत्तिक हो। ग्रहण गर्ने नियमानुसार अतिरिक्त भोजनलाई अस्वीकार गर्ने भिक्षुको यो नाम हो। तर अर्थकथामा भनिएको छ - "खलु एक पंक्षी हो। त्यसले मुखमा लिएको फल खस्दा फेरि खाँदैन।" त्यसरी नै यो भिक्षु पनि त्यस्तै शीलको हुन्छ अर्थात् खाँदाखाँदै मुखबाट कुनै सिता वा आहार खसेमा बाँकी खाना नखाई उठ्ने शील पालन गर्नाले खलुपच्छाभत्तिक भनिएको हो। उसको अंग खलुपच्छाभत्तिकांग हो।

आरण्य (जंगल) मा बस्नु जसको शील हुन्छ, उसलाई आरण्यक भनिन्छ। उसको अंग आरण्यकांग हो।

रूखमुनि बस्नुलाई वृक्षमूल भनिन्छ। त्यस्तो शील भएको भिक्षुलाई वृक्षमूलिक भनिन्छ। वृक्षमूलिकको अंग वृक्षमूलिकांग हो। अभ्यवकाशिकांग, श्मशानिकांगमा पनि यसैप्रकार जान्नुपर्दछ।

जुनसुकै वस्तु बिछ्याइएको हुन्छ त्यसलाई यथासंस्थत भनिन्छ। "त्यो तिम्रो लागि हो" भनी यसप्रकार निश्चित उद्देश्य गरी बिछ्याइएको शयनासनको नै यो नाम हो। त्यस यथासंस्थतमा विहार गर्नु जसको शील हुन्छ उसैलाई यथासंस्थिक भनिन्छ। उसको अंग यथासंस्थिकांग हो।

Downloaded from http://dhamma.digital/

चार इरियापथमध्ये सुत्ने इरियापथलाई त्यागी बस्ने, उठ्ने, हिड्ने इरियापथमा मात्र विहार गर्ने जसको शील हुन्छ उसैलाई नैसद्यिक भनिन्छ। उसको अंग नैसद्यिकांग हो।

## धुतांग के हो ?

यी सबै ग्रहण गर्नाले क्लेशहरू नष्ट हुने हुनाले धुत (परिशुद्ध) भनिन्छ जुन भिक्षुको अंग हो। या क्लेशहरूलाई चकनाचुर पार्न सक्ने हुनाले 'धुत' नामले जानिने ज्ञानांगलाई धुतांग भनिन्छ। अथवा आफ्नो प्रतिपक्ष (वैरी) लाई नष्ट गर्ने अर्थमा धुत र प्रतिपत्तिको अंग हुनाले पनि धुतांग भनिन्छ।

यस लक्षण आदिद्वारा विनिश्चय यसप्रकार छन् - ग्रहण गर्ने चेतना यसको लक्षण हो। अर्थकथामा भनिएको छ - व्यवहारिक सत्यानुसार जसले ग्रहण गर्दछ त्यसलाई व्यक्ति भनिन्छ। तर परमार्थ सत्यानुसार ग्रहण गर्ने चित्त चैतसिक धर्म मात्र हुन्। यसैले जुन ग्रहण गर्ने चेतना हो त्यो धुतांग हो। जुन विषयहरूलाई त्यागिन्छ त्यसलाई वस्तु भनिन्छ। धुतांगले चंचल स्वभावलाई हटाउने वा त्याग्ने गर्दछ। त्यसैले चंचलतारहित हुनु जान्ने आकार (प्रत्युपस्थान) हो। अल्पेच्छा आदि आर्यधर्म यसको प्रत्यक्ष कारण (पदस्थान) हो।

ग्रहण गर्नेद्वारा विनिश्चय यसप्रकार छन् - (१) समादान, (२) विधान, (३) प्रभेद, (४) भेद र (५) गुण आदि पाँचै ग्रहण गर्ने विधानमा, भगवान्को जीवित समय, सबै धुतांगहरूलाई भगवान्सँग नै ग्रहण गर्नुपर्दछ। उहाँको परिनिर्वृत्तपछि महाश्रावकसँग, उहाँहरू नहुँदा क्षीणास्रव ... अनागामी ... सकृदागामी ... स्रोतापन्न ... त्रिपिटकधारी ... दुई पिटकधारी ... एक पिटकधारी ... दीघनिकाय आदिमध्ये कुनै एक निकायलाई कण्ठस्थ गर्ने ... एक संगीतिलाई धारण गर्ने ... अर्थकथाचार्य ... धुताङ्गधारीसँग ग्रहण गर्नुपर्दछ। उहाँहरू पनि नहुँदा चैत्य या आँगन बडारकुँडार गरी टुक्रुक्क बसी, सम्यक सम्बुद्धसँग भनेझैं गरेर ग्रहण गर्नुपर्दछ। स्वयं पनि ग्रहण गर्नु उचित छ। यहाँ, चैत्य पर्वतमा बस्ने दुई भाइ स्थविरहरूमध्ये जेठो भाइको धुताङ्गको अल्पेच्छताको कथा भन्नुपर्दछ।

## दुई भाइ स्थविरहरूको कथा

उहाँहरूमध्ये एकजना स्थविर नैसद्यिक हुनुहुन्थ्यो। यो कुरा सबैलाई पनि थाहा थिएन। एकरात उहाँलाई सुत्ने चौकीमा पल्टिरहनुभएको समयमा अर्को स्थविरले बिजुलीको चमकमा देख्नुभएपछि सोध्नुभयो - "के भन्ते, तपाईं नैसद्यिक हुनुहुन्छ ?" स्थविरले धुताङ्गको अल्पेच्छताको कारणले त्यसक्षण सुतेर पछि फेरि धुताङ्ग ग्रहण गर्नुभयो।

यो अहिले साधारण कथा हो। अब, एकएकको ग्रहण गर्ने विधान, प्रभेद, विनाश र गुणको वर्णन गर्दछु।

Downloaded from http://dhamma.digital/

## १. पांशुकूलिकांग

समादान = "गृहपतिद्वारा दिइएको चीवरलाई त्यागदछु र पांशुकूलिकांग ग्रहण गर्दछु" यी दुई वाक्यमध्ये कुनै एकवाक्यद्वारा पाशुकूलिकांग धुताङ्ग ग्रहण गर्न सकिन्छ ।

विधान = यसप्रकार जति धुतांग ग्रहण गरिन्छ, उसलाई श्मशानिक, पार्पणिक, रथियचोल, संकार चोल, स्वस्ति वस्त्र, स्नान वस्त्र, तीर्थको वस्त्र, गतप्रत्यागत, आगोले डढेको वस्त्र, गाईले खाएको वस्त्र, धमिराले खाएको वस्त्र, मुसाले खाएको वस्त्र, किनारा काटिएको वस्त्र, झल्लर च्यातिएको वस्त्र, ध्वजाहृतवस्त्र, स्तूपमाथिको वस्त्र, श्रमणको चीवर, अभिषेकको वस्त्र, ऋद्धिमय वस्त्र, पान्थिक वस्त्र, वताहृत वस्त्र, देवदत्तीय वस्त्र, सामुद्रिक वस्त्र - यीमध्ये कुनैलाई लिएर च्याती, कमजोर भागलाई छाडी, बलियो भागलाई साफ गरी चीवर बनाई, पुरानो गृहपति चीवर (गृहस्थले दिएको चीवर) लाई त्यागी परिभोग गर्नुपर्दछ ।

## चीवर परिभोग

श्मशानिक = श्मशानमा फालिएको कपडा । पार्पणिक = दोकानको ढोकामा फ्याँकिएको कपडा । रथियचोल = पुण्य चाहनेहरूद्वारा झ्यालबाट बाटोमा फालिएको कपडा । संकारचोल = रछ्यानमा फ्याँकिएको कपडा । स्वस्ति वस्त्र = गर्भको मललाई पुछेर फ्याँकिएको कपडा ।

तिष्य अमात्यकी आमाले सय कार्षापण (असर्फी) मूल्य पर्ने वस्त्रले गर्भको मल पुछेर "पांशुकूलिक भिक्षुले लिनेछ" भनी सोचेर महाग्राम, श्रीलङ्काको तावेलि नामक मार्गमा फ्याँक्न लगाईन् । कुनै एक पांशुकूलिक भिक्षुले च्यातिएको पुरानो भागलाई सिउनको लागि मात्र त्यो कपडा लियो ।

स्नानवस्त्र = झाँक्रीहरूद्वारा शिरदेखि नुहाउन लगाइएको व्यक्तिले जुन "यो अभागी वस्त्र हो" भनेर छोडेर गएको वस्त्र । तीर्थवस्त्र = स्नान तीर्थमा छोडिएको कपडा टुकडा । गतप्रत्यागतवस्त्र = मानिस श्मशान गएर आउने समय, नुहाई त्यहीँ छाडिदिएको कपडा । आगोले जलेको वस्त्र = आगोले डढेको कपडाको आंशिक भाग, त्यसलाई मानिसले फ्याँकिदिन्छ । गाईहरूले खाएको आदि स्पष्ट छ । यसप्रकारको वस्त्र पनि मानिसहरू फ्याँकिदिन्छन् । ध्वजाहृत वस्त्र = नाउमा चढ्दा ध्वजा बाँधेर चढ्ने कपडा, त्यसलाई उनीहरूले नदेख्ने भएपछि लिनुपर्छ । लडाई मैदानमा ध्वजा बाँधेर राखिएको कपडा भएमा त्यसलाई दुवै सेनाहरू गइसकेपछि लिनुपर्दछ ।

स्तूपमाथिको वस्त्र = वल्मीकलाई घेरेर पूजाकर्म गरिएको कपडा । श्रमणको चीवर = भिक्षुसँग प्राप्त गरेको चीवर । अभिषेक वस्त्र = राजाको अभिषेक भएको स्थानमा छोडिएको वस्त्र । ऋद्धिमय वस्त्र = "आऊ, भिक्षु" भने प्रब्रजित भएका भिक्षुहरूको ऋद्धिद्वारा उत्पन्न भएको चीवर । पान्थिक वस्त्र = बाटोमा खसेको कपडा । जुन वस्त्र मालिकको भूलले बिर्सेको हुन्छ, त्यसलाई अलि पर्खिएर लिनुपर्छ । वाताहृत वस्त्र = हावाले हुत्याएर टाढा फालिएको कपडा । त्यसलाई

Downloaded from http://dhamma.digital/

मालिकहरूले नदेख्ने भएपछि लिनुपर्छ । देवदत्तीय वस्त्र = अनुरूद्ध स्थविरजस्तो महान् व्यक्तित्व भएको भिक्षुलाई देवताहरूद्वारा दिइएको चीवर । सामुद्रिक वस्त्र = समुद्रको लहरद्वारा स्थलमा तारिएको, फ्याँकिएको कपडा ।

तर “संघको लागि दिनेछौं” भनेर दिइएको, या वस्त्र माग्दै घुम्दा प्राप्त भएको वस्त्रहरू पांशुकूल होइनन् । भिक्षुद्वारा दिइएको वस्त्रमा पनि जुन वर्षावासको अन्तमा उपासकहरूद्वारा भिक्षुहरूलाई हातमा पक्रन लगाएर पांशुकूलिकलाई दिने गरिन्छ या शयनासन बनाएर “यस शयनासनमा रहने भिक्षुले यसको उपभोग गरोस्” भनी दिइएको शयनासन चीवर हुन्छ, त्यो पनि पांशुकूल होइन । त्यसरी पकड्न नलगाइएको वस्त्र नै पांशुकूल हुन्छ । त्यसमा पनि जुन दायकहरूद्वारा कुनै भिक्षुको खुट्टामा चढाइएको हुन्छ, त्यस भिक्षुद्वारा पांशुकूलिक भिक्षुको हातमा राखिएको भएमा त्यो एक तरिकाले शुद्ध हुन्छ । जुन भिक्षुको खुट्टामा उक्त प्रकारले राखिएको हुन्छ त्यसलाई पनि त्यसरी नै दिइएको हुन्छ भने त्यो दुवैतर्फबाट शुद्ध हुन्छ । तर अरूहरूको हातमा नै राखिएको हुन्छ, त्यो अनुत्कृष्ट चीवर हो । यसप्रकार पांशुकूलिक भिक्षुले सही ढंगले चीवरको परिभोग गर्नुपर्दछ ।

प्रभेद = पांशुकूलिक तीन प्रकारका हुन्छन् (१) उत्कृष्ट, (२) मध्यम र (३) मृदु । श्मशानमा फ्याँकिएको (वस्त्र) मात्र ग्रहण गर्ने भिक्षु उत्कृष्ट धुतांगधारी हुन्छ । “कुनै प्रब्रजितले लिनेछ” भनी सोचेर राखिएकोलाई ग्रहण गर्ने भिक्षु मध्यम धुतांगधारी हुन्छ । खुट्टामा राखेर दिइएको लिने भिक्षु मृदु धुतांगधारी हुन्छ ।

भेन (विनाश) = त्यसमा आफ्नो रूचि, इच्छाले गृहस्थले दिएको चीवरलाई लिएको क्षणमा नै धुतांग नष्ट हुन्छ ।

गुण = जब भिक्षु उपसम्पन्न हुन्छ तब उसलाई चार निश्रय बताइन्छ - (१) यो तिम्रो प्रब्रज्या भिक्षाटनको सहारामा हुनेछ । (२) पांशुकूल चीवरको सहारामा हुनेछ । (३) वृक्षमूल शयनासनको सहारामा हुनेछ । (४) गौमूत्रमा भिजिएको हर्रोको सहारामा हुनेछ । यसभन्दा बढी प्राप्त भएमा तिमीलाई लाभ हुनेछ । अन्यथा यी निश्रयहरूमा तिमीले जीवनपर्यन्त उत्साह गर्नुपर्दछ । यसप्रकार बताइएको निश्रयहरूमध्ये “पांशुकूल चीवरको सहारा प्रवज्या हुनेछ” यस वाक्यद्वारा निश्रयको अनुरूप प्रतिपतिको हुनु, पहिलो आर्यवंश (चीवरमा सन्तोष) मा प्रतिष्ठित हुनु, चीवरहरूको रक्षा गर्ने दुःखबाट छुट्कारा पाउन, अरूको कब्जादेखि बाहिर हुनु, चोरहरूको डरदेखि निडर हुनु, परिभोग गर्ने तृष्णारहित हुनु, श्रमणयोग्य परिष्कारको हुनु, “ती मूल्यहीन छन् तर सुलभ छन्, निर्दोष छन्” यसरी भगवान्द्वारा अंगुत्तर निकाय (४,३,७) र इतिवुत्तक (४,२) अनुसार प्रशंसा गरिएको प्रत्ययको हुनु, आत्म विश्वासको प्रेरक हुनु, अरूलाई देख्नुमा सुन्दर लाग्नु, अल्पेच्छ आदिको गुणहरूले पूर्ण हुनु, प्रतिपत्तिको वृद्धितिर राम्ररी गतिशील हुनु, भविष्यमा भिक्षुहरूले अनुसरण गर्न योग्य हुनु ।

*मारसेन विधाताय पंसुकूलधरो यति ।*

*सन्नद्धकवचो युद्धे खतियो विय सोभति ।*

Downloaded from http://dhamma.digital/

(मारको सेनालाई नाश गर्नको लागि युद्धमा कवच लगाई तैयार क्षत्रियसमान पांशुकूल धारण गर्ने भिक्षुको शोभा हुन्छ ।)

*पहाय कासिकादीनि वरवत्थानि धारितं ।*

*यं लोकगुरूना को तं पंसुकूलं न धारये ॥*

(काशी आदिमा बनेको सुन्दर वस्त्रहरूलाई छाडी लोकगुरू (भगवान्) ले पनि जुन पांशुकूललाई धारण गर्नुभयो त्यस पांशुकूललाई कसले धारण गर्दैन ?)

*तस्मा हि अत्ततो भिक्खु पटिञ्ञं समनुस्सरं ।*

*योगाचारानुकूलंम्हि पंसुकूले रतो सिया ॥*

(यसैले भिक्षु आफ्नो प्रतिज्ञालाई स्मरण गर्दै योगाचारअनुकूल पांशुकूल धारण गर्नमा लागोस् ।)

## २. त्रैचीवरिकांग

समादान = "चौथो चीवरलाई त्याग्दछु या त्रैचीवरिकांगलाई ग्रहण गर्दछु" यसमध्ये कुनै एक वाक्यद्वारा त्रैचीवरिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस त्रैचीवरिकले चीवरको लागि पाएको, कपडालाई जबसम्म कठिनाइको कारणले चीवर बनाउन सक्दैन वा विचारक (सहयोगी भिक्षु वा श्रामणेर) लाई पाउँदैन या सियो आदिमध्ये कुनै पनि पाउँदैन भने तबसम्म पुरानो चीवर राखिछोड्नुपर्दछ । राखिछोड्नुमा दोष छैन । तर चीवर बनाएर रंगाउने समयदेखि पुरानो चीवर राखिछाड्नु हुँदैन । यस्तो गर्ने धुतांग चोर हुन्छ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रंगाउने समयमा पहिले अन्तरवासक या उत्तरासंगमध्ये एउटालाई लगाएर, दोस्रोलाई रंगाउनुपर्दछ । त्यसपछि दोस्रोलाई लगाएर पहिलो रंगाउनुपर्दछ । उत्तरासँग ओढेर संघाटी रंगाउनुपर्दछ । संघाटीलाई अन्तरवासकजस्तै लगाउनु हुँदैन । यो गाउँको नजिक भएको शयनासनमा बस्ने भिक्षुको नियम हो । तर जंगलमा रहँदा दुवैलाई एकसाथ धोएर रंगाउनुपर्दछ र यस्तो नजिक स्थानमा राख्नुपर्दछ ताकि कसैलाई देखेमा काषाय वस्त्र तानेर लगाउन सकियोस् । चीवर रंगाउने घरमा चीवर रंगाउँदा लगाउने एक काषाय वस्त्र हुन्छ, त्यसलाई लगाएर या ओढेर रंगाइको काम गर्नुपर्दछ ।

मृदु धुतांगधारीले आफ्नो मेलजोल भएको भिक्षुको चीवर लगाएर या ओढेर रंगाइको काम गर्नुपर्दछ । त्यहाँ तन्ना या बिछ्याउनाको रूपना बिछ्याइएको चीवर पनि उसको लागि ठीक छ, तर हमेशा धारण गर्नु ठीक छैन । मेलजोलको भिक्षुहरूको चीवर पनि समय अन्तर पारेर परिभोग

Downloaded from http://dhamma.digital/

गर्नुपर्दछ । धुतांगधारी त्रैचीवरिकको लागि चौथो कपडाको रूपमा अंशकाषाय (एक काँध भएको गञ्जी) नै हुनुपर्दछ । त्यो पनि चौडाइमा एब बित्ता र लम्बाइमा तीन हात नै हुनुपर्दछ ।

भेद = यी तीनै (उत्कृष्ट, मध्यम, मृदु) ले पनि चौथो चीवर ग्रहण गर्ने क्षण नै धुतांग नष्ट हुन्छ ।

गुण = त्रिनचीवर धारण गर्नु भिक्षु काय परिहरण गर्ने चीवरद्वारा सन्तुष्ट हुन्छ । आफ्नो पखेटासँगै जाने चराजस्तै त्रिचीवरसहित स्वतन्त्र यात्रा गर्न सक्ने, थोरै काम गरे पुग्ने, धेरै कपडाहरू नबटुल्ने, बोझ्‍ हलुंगो भएको जीवन हुनु, अधिक चीवरको लागि लालच नहुनु, विहित (कल्प्य) भएर पनि मात्रा जानेको कारण सल्लेखको विचार भएको हुनु, अल्पेच्छता आदिको गुणसम्पन्न भएको - इत्यादिको गुण सिद्ध हुन्छन् ।

*अतिरेकवत्थतण्हं पहाय सन्निधिविवज्जितो धीरो ।*

*सन्तोससुखरसञ्ञू तिचीवरधरो भवति योगी ॥*

(तीनचीवरलाई धारण गर्ने धीर योगीले अधिक वस्त्र राख्ने तृष्णा छाडेर चीवर धेरै जम्मा गर्ने इच्छालाई परित्याग गरेर सन्तोष र सुखको रसलाई बुझ्‍ेको हुन्छ ।)

*तस्मा सपत्तचरणो पक्खीं व सचीवरो व योगिवरो ।*

*सुखमनुविचरितुकामो चीवर - नियमे रतिं कयिरा ति ॥*

(यसरी आफ्नो पखेटासहित विचरण गर्ने पक्षीजस्तै चीवरसाथ नै सुखपूर्वक विचरण गर्ने इच्छा भएको उत्तम योगीले चीवरको नियममा मन लगाओस् ।)

## ३. पिण्डपातिकांग

समादान = "अधिक लाभलाई त्यागदछु, या पिण्डपातिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा पिण्डपातिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस पिण्डपातिकले सांघिक भोजन, केही भिक्षुहरूलाई उद्देश्य गरी दिइएको उद्देश्य भोजन, निमन्त्रण, दायकले "यति भिक्षु आउनुहोस्" भनी संख्या तोकी पठाएको शलाक भोजन, पाक्षिक भोजन, उपोसथको भोजन, प्रतिपदाको भोजन, अन्य स्थानबाट आएको भिक्षु भिक्षाटनमा जान असम्भव हुँदा दिइने आगन्तुक भोजन, अन्य स्थानमा जाँदा भिक्षाटनको व्यवस्था नमिल्ने हुनाले जानअघि दिइने गमिक विरामी भोजन, बिरामी भिक्षुको लागि पठाइएको बिरामी भोजन, बिरामी भिक्षुको सेवटहल गर्ने सेवकलाई दिइने भोजन, विहारमा दिइने विहार भोजन, घरमा दिइने गृहस्थ भोजन, पालोपालो गरी दिइने पालो भोजन - यी चौदह प्रकारका भोजन ग्रहण गर्नु हुँदैन ।

Downloaded from http://dhamma.digital/

यदि "सांघिक भोजन ग्रहण गर्नुहोस्" आदिप्रकारले नभनेर "हाम्रो घरमा संघ भिक्षा ग्रहण गर्दछ, तपाईं पनि भिक्षा ग्रहण गर्नुहोस्" भनेर दिइएको हुन्छ भने त्यसलाई ग्रहण गर्नुपर्दछ । संघद्वारा निरामिष शलाका (औषधि आदिको शलाका), विहारमा पकाइएको भात पनि ग्रहण गर्नु ठीक नै छ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले अगाडिबाट पनि, पछाडिबाट पनि ल्याइएको भिक्षालाई ग्रहण गर्दछ । ढोकाअगाडि उभिएर पात्र ग्रहण गर्नेलाई दिइएको, फर्काएर ल्याइएको भिक्षालाई पनि ग्रहण गर्दछ । तर त्यस दिन उसले पर्खेर भिक्षा ग्रहण गर्दैन । मध्यम धुतांगधारीले त्यस दिन पर्खेर पनि ग्रहण गर्दछ । तर भोलिको लागि स्वीकार गर्दैन । मृदु धुतांगधारीले भोलिको लागि पनि, अरू दिनहरूको लागि पनि भिक्षा स्वीकार गर्दछ । ती मध्यम र मृदु दुवैले स्वतन्त्रतापूर्वक विहार गर्ने सुख पाउँदैन, तर उत्कृष्टले पाउँदछ । जस्तै -

## उत्कृष्ट पिण्डपातिकको कथा

एउटा गाउँमा अंगुत्तर निकाय (४,३,८) को आर्यवंश सूत्रको उपदेश हुँदै थियो । उत्कृष्ट धुतांगधारीले अन्यलाई भन्यो - 'आऊ, आवुस, जाऔं धर्म सुन्नको लागि ।' त्यसमध्ये एकले भन्यो - "भन्ते, एक मानिसद्वारा म भोजनको लागि बसाइएको छु ।" "भन्ते, मैले भोलिको लागि एउटा मात्र भिक्षा स्वीकार गरेको छु" भनी दोस्रोले जवाफ दियो । यसप्रकार भिक्षाको लागि पर्खिनु पर्दा धर्मश्रवणबाट दुवै वञ्चित रहे । पहिलो भिक्षुले बिहानै भिक्षाटन गरी धर्मदेशना सुनेर धर्मरसको अनुभव (प्रतिसंवेदन) गऱ्यो ।

भेद = यी तीनैको पनि संघभोजन आदि धुताङ्ग प्रतिज्ञाभन्दा बढी प्राप्त हुने अतिरेक लाभ ग्रहण गर्ने क्षण नै धुतांग नष्ट हुन्छ ।

गुण = "पिण्डपिण्ड गरी प्राप्त भएको गाँस (आलोप) को सहारा प्रब्रज्या हो" यस वाक्यद्वारा निश्रय अनुरूप प्रतिपत्तिको हुनु, दोस्रो आर्यवंश (पिण्डपातमा सन्तोष) मा प्रतिष्ठित हुनु, अरूको अधिकारभन्दा बाहिर रहने जीवन हुनु, "ती थोरै छन् तर सुलभ र निर्दोष छन्" भनी भगवान्द्वारा प्रशंसा गरिएको प्रत्ययको हुनु, अल्छीपनको नाश हुनु, परिशुद्ध आजीविकाको हुनु, सेखीय प्रतिपत्ति पूर्ण गरिसकेको हुनु, अरूलाई पालन पोषण नगर्नु, दायकहरूप्रति अनुग्रह गर्नु, मान (घमण्ड) को त्याग, रस्वादन गर्ने तृष्णाको त्याग गर्नु, पाचित्तीय आपत्ति हुने गण भोजन, परस्पर भोजन निमन्त्रणामा विनासमय विचरण गर्दा चारित्र शिक्षापदहरूद्वारा आपत्तिको नहुनु, अल्पेच्छता आदिअनुसार विचार हुनु, राम्ररी प्रतिपत्तिको वृद्धि, भविष्यको जनतामाथि अनुकम्पा गर्नु ।

*पिण्डियालोपसन्तुट्ठो अपरायत्तजीविनो ।*

*पहीणाहारलोलुप्पो होति चातुद्दिसो यति ॥*

*विनोदयति कोसज्जं आजीवस्स विसुज्झति ।*

Downloaded from http://dhamma.digital/

*तस्मा हि नातिमञ्ञेय्य भिक्खाचरियं सुमेधसो ॥*

(पिण्डपिण्ड गरी प्राप्त भएको आलोप (गाँस) द्वारा सन्तुष्ट हुनु, स्वतन्त्र पेशा भएको, आहारको लोलुपतारहित भएको भिक्षु चारै दिशामा जाने हुन्छ । ऊ आलस्यलाई छोड्दछ, उसको आजीविका परिशुद्ध हुन्छ, यसैले प्रज्ञावान् भिक्षुले कहिले पनि भिक्षाटनलाई अवहेलना नगरोस् ।)

यसप्रकारको भिक्षुको -

*पिण्डपातिकस्स भिक्खुनो अत्तभरस्स अनञ्ञपोसिनो ।*

*देवापि पिहयन्ति तादिनो नो चे लाभसिलोकनिस्सितोति ॥*

(अरूको पालन पोषण नगरी केवल आफ्नो भरण गर्ने, मन, काय, वाणी तीनैमा लाभ, प्रशंसालाई नचाहने पिण्डपातिक भिक्षुलाई देवताले पनि चाहन्छ ।)

## ४. सापदानचारिकांग

समादान = "लोलुप स्वभावलाई त्यागदछु या सापदानचारिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा सापदानचारिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस सापदानचारिकलाई गाउँबाहिर ढोकामा उभिएर साँढे, कुकुर, वेश्या, सक्स्याहा, विधवा आदिको परिश्रय (विघ्नबाधा) नहुने विचार गर्नुपर्दछ । जुन गल्ली या गाउँमा उपद्रव (परिश्रय) हुन्छ, त्यसलाई छाडेर अन्य स्थानमा भिक्षाटन गर्नुपर्दछ । जुन घर, गल्ली या गाउँमा केही प्राप्त हुँदैन त्यहाँ गाउँ नभएको विचार गरी छाडिजानुपर्दछ । तर जहाँ केही प्राप्त हुन्छ त्यसलाई छाडिजानु ठीक छैन । त्यो भिक्षुले समयमा नै गाउँमा प्रवेश गर्नुपर्दछ । यस्तो भएमा कठिनाइले भिक्षा मिल्ने स्थानहरूलाई छाडेर अन्य स्थानमा जान सक्नेछ । यदि विहारमा दान दिइरहेको या बाटोमा आउँदै गरेको मानिसले पात्र लिएर भोजन दिन्छ भने त्यो योग्य छ । उसले बाटामा जाँदै गर्दा पनि भिक्षाटन गर्ने समयमा पुगेको गाउँलाई नछोडिकन नै भिक्षाटन गर्नुपर्दछ । त्यहाँ नपाएमा अथवा थोरै पाएमा गाउँको परिपाटीद्वारा अर्को गाउँमा भिक्षाटन गर्नुपर्दछ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले अगाडिबाट, पछाडिबाट, फर्काएर ल्याएको, दिएको गएको भिक्षालाई ग्रहण गर्दैन, तर आफू पुगेको ढोकामा पात्र दिने गर्छ । यस धुतांगमा महाकाश्यप स्थविरजस्तो अरू कोही हुन सकेन । तर उहाँको पनि पात्र दिने ठाउँ देखिन्छ । मध्यम धुतांगधारीले अगाडि, पछाडि अथवा फर्काएर ल्याएको भिक्षालाई ग्रहण गर्दछ । आफू पुगेको ढोकामा पात्रलाई दिन्छ तर भिक्षा पर्खेर बस्दैन । यसप्रकार ऊ उत्कृष्ट पिण्डपातिकजस्तै हुन्छ । मृदु धुतांगधारीले त्यस दिन बसेर पर्खिरहन्छ ।

भेद = यी तीनैको पनि धुतांग लोलुप (लालची) स्वभाव उत्पन्न हुने मात्रले पनि भंग हुने गर्दछ ।

Downloaded from http://dhamma.digital/

गुण = नित्य नयाँ दाताहरू पाउनु, चन्द्रमाजस्तै हुनु, कुलप्रतिको आशक्तिको त्याग गर्न सक्नु, सबैमा एकैप्रकारको अनुकम्पा राख्नु, कुलूपक (दायकको घरमा बरोबर जाने भिक्षु) द्वारा उत्पन्न दोषहरूबाट मुक्त हुनु, निमन्त्रणा नचाहने हुनु, भिक्षा ल्याइदियोस् भन्ने इच्छा नहुनु, अल्पेच्छ आदिअनुसार जीवन हुनु ।

*चन्दूममो निच्चनवो कुलेसु, अमच्छरी सब्बसमानुकम्पो ।*

*कुलूपकादीनव विप्पमुत्तो होतीध भिक्खु सपदानचारी ॥*

(सपदाचारी भिक्षु चन्द्रमाजस्तो नित्य कुलमा नयाँ, कंजुसी नभएको, सबैप्रति बराबर अनुकम्पा गर्ने, कुलूपकको दोषहरूबाट मुक्त हुन्छ ।)

*लोलुप्पचारञ्च पहाय तस्मा ओक्खितचक्खू युगमत्तदस्सी ।*

*आकङ्खमानो भुवि सेरिचारं चरेय्य धीरो सपदानचारं ॥*

(यसैले लोलुप स्वभाव त्यागेर, आँखा झुकाएको, चारहातसम्म हेर्ने, धीर भिक्षु संसारमा इच्छानुरूप विचरण गर्ने इच्छुक सपदानचारी बनोस् ।)

## ५. एकासनिकांग

समादान = "नानाप्रकारको भोजनलाई त्यागदछु या एक आसनमा गरिने भोजनलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा एकासनिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस एकासनिकलाई आसनशालामा बस्दा, स्थविरको आसनमा नबसेर "यो आसन मेरो हो" यस्तो आफ्नो योग्य आसनको विचार गरी बस्नुपर्दछ । यदि भोजन आरम्भ गरेपछि आचार्य या उपाध्याय आउनुभएमा उठेर व्रत (आफ्नो कर्तव्य) गर्नुपर्दछ । तर त्रिपिटकधारी चूडाभय स्थविरले भन्नुभयो - "भोजन समाप्त नगरेसम्म आसनमा बसी भोजन गरोस् या करणीय व्रत गरोस्, तर यदि उठेर व्रत गर्दछ भने व्रत गरोस्, तर फेरि खाना नखाओस् ।"

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले थोरै होस् या धेरै, जुन भोजनमा हात लगाउँछ, त्यसपछि अर्को लिन सक्दैन । यदि मानिसहरूले - "स्थविरले केही खानु भएन" भनी सोचेर घिउ आदि ल्याउँछ भने त्यसलाई पनि औषधिको रूपमा मात्र ग्रहण गर्नुपर्दछ, न कि आहारको लागि । मध्यम धुतांगधारीले जबसम्म भात सिध्दिएको हुँदैन तबसम्म अरू लिन सक्दछ । ऊ भोजन पर्यन्तक भिक्षु हुन्छ । मृदु धुतांगधारीले जबसम्म आसनबाट उठ्दैन, तबसम्म खान सक्दछ । ऊ जबसम्म पात्र धुनलाई पानी लिँदैन तबसम्म खाएर आसन पर्यन्तक हुन्छ अथवा जबसम्म उठ्दैन, तबसम्म खाँदै गरेको आसन पर्यन्तक हुन्छ ।

भेद = नाना आसनहरूमा खाना खाएको क्षण यी तीनैको धुतांग भंग हुन्छ ।

Downloaded from http://dhamma.digital/

गुण = निरोग हुनु, सुखपूर्वक जिउनु, स्फुर्ति, बल, सुखविहार गर्नु, अतिरिक्त भोजन नगर्नाको कारण आपत्तिको नहुनु, रसास्वादनको तृष्णाको नाश हुनु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*एकासनभोजने रतं न यतिं भोजनपच्चया रूजा ।*

*विसहन्ति रसे अलोलुपो परिहापेति न कम्ममत्तनो ॥*

(एक आसनमा भोजन गर्नुमा लीन भएका यति (भिक्षु) लाई भोजनको कारण रोगले सताउँदैन, ऊ रसमा लोलुप भई आफ्नो कामलाई बिगार्दैन ।)

*इति फासुविहारकारणे सुचिसल्लेखरतूपसेविते ।*

*जनयेथ विसुद्धमानसो रतिमेकासनभोजने यती ॥*

(यसैले विशुद्ध चित्त भएको भिक्षु सुखपूर्वक विहार गर्नको लागि कारण बनोस् र उसले पवित्र सल्लेखको रति (सुख) द्वारा सेवित, एक आसनमा भोजन गर्नुमा प्रेम गरोस् ।)

## ६. पात्रपिण्डिकांग

समादान = "दोस्रो भाँडालाई त्याग्दछु या पात्रपिण्डिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा पात्रपिण्डिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस पात्रपिण्डिकलाई यवागु (जाउलो) पिउने समय अतिरिक्त भाँडामा व्यञ्जन पाएमा, व्यञ्जनलाई पहिले खानुपर्दछ अथवा यवागु पिउनुपर्दछ । यदि यवागुमा राखिदियो भने नुनिलो सुकाएको माछा आदि व्यञ्जनहरू राख्नाले यवागु प्रतिकूल (अरूचिकर) हुन्छ र जसरी प्रतिकूल रहोस् त्यसै गरी खानुपर्दछ । यसैले त्यस्तो व्यञ्जनको सम्बन्धमा नै यो भनिएको हो । जुन मह, सख्खर आदि प्रतिकूल हुन्न, त्यसलाई यवागुमा राख्नुपर्दछ । ग्रहण गर्ने समय मात्राले ग्रहण गर्नुपर्दछ । काँचो साग हातले पक्रेर खानुपर्दछ । त्यसरी नखाएसम्म पात्रमा नै राख्नुपर्दछ । दोस्रो भाँडालाई त्याग गरेको कारण कुनै रूखको पात पनि लिनु योग्य हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ - त्यसमा उत्कृष्ट धुतांगधारीले ऊखु खाने समय अतिरिक्त, अन्य खाना खाँदा केही पछि छोड्नु हुँदैन । भातको पिण्ड, माछा, मासु, मालपुवालाई पनि टुक्राएर खानु हुँदैन । खान अयोग्य पहिले नै फ्याँक्नुपर्दछ र भातका पिण्डहरू खानुअघि नै टुक्रा पार्नुपर्दछ । मध्यम धुतांगधारीले एक हातले टुक्राचाएर खान सक्दछ । यसलाई हस्तयोगी भनिन्छ । मृदु धुतांगधारीलाई पात्रयोगी भनिन्छ । उसको लागि जुन पात्रमा राख्नसक्ने लायक हुन्छ, त्यस सबैलाई हातद्वारा या दाँतले टुक्रचाएर खान सक्दछ ।

भेद = यी तीनैको पनि धुतांग अन्य भाँडोलाई लिने क्षण भंग हुन्छ ।

Downloaded from http://dhamma.digital/

गुण = नानाप्रकारका रसहरूको तृष्णा नहुनु, भोजन गर्ने अत्यधिक इच्छा नराख्नु, आहारको प्रयेजनलाई देख्नु, थाल आदि बोक्नुबाट उत्पन्न दुःख नहुनु, अविक्षिप्त भएर भोजन गर्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*नाना भोजनविक्खेयं हित्वा ओखित्तलोचनो ।*

*खणन्तो विय मूलानि रसतण्हाय सुब्बतो ॥*

*सरूपं विय सन्तुट्ठिं धारयन्तो सुमानसो ।*

*परिभुञ्जेय्य आहारं को अञ्ञो पत्तपिण्डिका ॥*

(नाना भोजनको विक्षेपलाई त्यागेर, आँखा तल झुकाएर हिड्ने, सन्तोष धारण गर्दै, प्रसन्न चित्तले खाना खाने, रस तृष्णाको जार उखेलेजस्तै भएको सुव्रती पात्रपिण्डिक भिक्षुलाई छाडेर अरूको आहार खाने छ ?)

## ७. खलुपच्छाभतिकांग

समादान = "अतिरिक्त भोजन त्यागदछु या खलुपच्छाभत्तिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा खलुपच्छाभत्तिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस खलुपच्छाभत्तिकलाई खाइसकेपछि फेरि भोजन कल्प्य गराएर खानु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । जुन भिक्षान्न खान अयोग्य हुन्छ त्यसलाई प्रवारण भिक्षान्न भनिन्छ । त्यसमा उत्कृष्ट धुतांगधारीले प्रवारण नगरिएको प्रथम भिक्षान्न खाइसकेपछि फेरि अर्को प्रवारित भिक्षान्नलाई खानु हुँदैन । मध्यम धुतांगधारीले जुन भोजनलाई प्राप्त गर्दछ त्यसैलाई खान सक्दछ । मृदु धुतांगधारीले जबसम्म आसनदेखि उठ्दैन, तबसम्म खान सक्दछ ।

भेद = यी तीनैको पनि खाइसकेपछि कल्प्य गराई खाएको क्षण धुतांग भंग हुन्छ ।

गुण = अतिरिक्त भोजन खाने आपत्तिदेखि बच्नु, खञ्चुवा स्वभावको नुहुनु, आमिषको संचय नगर्नु, फेरि भिक्षान्न नखोज्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*परियेसनाय खेदं न याति न करोति सन्निधिं धीरो ।*

*ओदरिकत्तं पजहति खलुपच्छाभतिको योगी ॥*

(खलुपच्छाभत्तिक धीर योगी (भिक्षु) भोजन खोज्ने दुःख उठाउँदैन, न त संचय गर्दछ, खञ्चुवा स्वभावलाई त्यागदछ ।)

Downloaded from http://dhamma.digital/

*तस्मा सुगतपसत्थं सन्तोसगुणादि वुड्ढीसञ्जननं ।*

*दोसे विधुनितकामो भजेय्य योगी धुतङ्गमिदं ॥*

(यसैले सन्तोष आदि गुणहरूलाई बढाउने, दोषहरूलाई नाश गर्ने इच्छाले सुगतद्वारा प्रशंसित यस धुतांगलाई योगीले पालन गरोस् ।)

## ८. आरण्यकांग

समादान = "गाउँको शयनासनलाई त्यागदछ या आरण्यकांगलाई ग्रहण गर्दछ" यीमध्ये कुनै एक वाक्यद्वारा आरण्यकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस आरण्यकले गाउँको शयनासनलाई छाडी जंगलमा सबेरै अरूणेदयसम्म रहनुपर्दछ ।

## शयनासन प्रमाण

उपचार सिमाना भएको गाउँ नै ग्रामान्त शयनासन हो । जुनकुनै एक झोपडी मात्र अथवा अनेक झोपडी भएको, घेरिएको अथवा नघेरिएको, मानिस भएको वा मानिस नभएको, यहाँसम्म कि चार महिनाभन्दा बढी बसेको सार्थ (यात्रा टोली) पनि गाउँ नै हो । प्रकारद्वारा घेरिएको गाउँको सम्बन्धमा, श्रीलंकाको पुरानो राजधानी अनुराधपुरजस्तो यदि दुई इन्द्रशील (मूल ढोकामा राखिएको ढुंगाको खम्बा) हुन्छ तब मूलद्वारमा उभिएर मध्यम कद भएको मानिसले फ्याँकेको ढुंगा खस्ने दुरीसम्म गाउँको उपचार सिमाना हुन्छ । त्यसको लक्षण - "जसरी जवान मानिस आफ्नो बललाई देखाउँदै हातलाई फैलाएर ढुंगा फ्याँक्छ, त्यस्तो फ्याँकिएको ढुंगा झर्ने स्थानको भित्र" भनी विनयधर भन्दछ । तर सौत्रान्तिकले भने "कागलाई भगाउनको लागि हानिएको ढुंगा झर्ने क्षेत्र भित्रमा" भनी भन्दछ । नघेरिएको गाउँको सम्बन्धमा जुन सबभन्दा अन्तको घरद्वारमा उभिएकी स्त्रीले भाँडाबाट पानी फ्याल्दा भिज्ने स्थानसम्म घरको उपचार सिमाना हो । त्यस घरको उपाचार सिमानाबाट माथि भनेअनुसार ढुंगा फ्याँक्दा झरेको स्थानसम्म गाउँ भनिन्छ र त्यहाँबाट फेरि ढुंगा फ्याँक्दा झरेको स्थान गाउँको उपचार सिमाना हो ।

आरण्य - विनयपिटक, पाराजिक पालि (२) को पर्यायले - "गाउँ र सिमानालाई छाडी, बाँकी सबै आरण्य भनिएको छ । अभिधर्मपिटकको विभंग (१२) को पर्यायले "इन्द्रशीलदेखि बाहिर निस्केर सब आरण्य" भनिएको छ । तर सूत्रान्तको पर्यायमा लक्षण यसप्रकारको छ - आरण्य शयनासन कमसेकम पाँचसय धनुष (२,००० हात) हुन्छ । त्यसलाई नघेरिएको गाउँको सन्दर्भमा आचार्यद्वारा चढाइएको धनुषद्वारा र घेरिएको गाउँको सन्दर्भमा पहिलो ढुंगा खसेको ठाउँदेखि लिएर जंगल विहारको घेरासम्म नापेर ठीक गर्नुपर्दछ ।

Downloaded from http://dhamma.digital/

यदि विहार घेरिएको छैन भने विनयको अर्थकथाअनुसार जुन सबभन्दा पहिले शयनासन, भोजनशाला, सर्वदा एकत्रित हुने स्थान (बैठक), बोधिवृक्ष र चैत्य हुन्छ, शयनासन भने टाढा पनि हुन सक्छ, त्यसलाई अलग गरी नाप्नुपर्दछ । तर मज्झिम निकायको अर्थकथाअनुसार विहार र गाउँको उपचार सिमानालाई छाडेर दुवै ढुंगा झर्ने स्थानको बीचलाई नाप्नुपर्दछ भनी भनिएको छ ।

यद्यपि नजिकै गाउँ छ, त्यहाँबाट विहारमा बसेको भिक्षुहरूलाई मनुष्यहरूको शब्द सुनिन्छ, पहाड, नदी आदि बीचबीचमा हुनाले सिधा जान सकिँदैन भने जुन उसको स्वाभाविक मार्ग भए, नाउद्वारा जानुपर्दा त्यस मार्गमा पाँचसय धनुष लिनुपर्दछ । तर कसैले ध्यान अभ्यासको लागि हो भनी बहाना बनाएर यदि नजिकको गाउँको ठाउँठाउँमा मार्ग बन्द गर्दछ भने उसलाई धुतांग चोर भनिन्छ ।

विधान = यदि आरण्यक भिक्षुको उपाध्याय या आचार्य बिरामी हुन्छ भने आरण्यमा पथ्य ( आवश्यक सामान) लाई नपाएको कारण गाउँको शयनासनमा लगेर सेवा गर्नुपर्दछ । तर त्यस स्थानबाट समयानुसार सबेरै निस्केर आफ्नो धुतांगको अंगयुक्त स्थानमा पुगेर अरूणोदय गर्नुपर्दछ । यदि अरूणोदयको समयसम्म पनि रोगीको रोग बढ्दछ भने रोगीको नै काम गर्नुपर्दछ । धुतांगको शुद्धिलाई हेर्नु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले सर्वदा आरण्यमा अरूणोदय बिताउनुपर्दछ । मध्यम धुतांगधारीले वर्षाको चार महिना, गाउँमा बस्न सक्दछ । मृदु धुतांगधारीले जाडोमा पनि बस्न सक्दछ ।

भेद = यी तीनैको नियत समयानुसार आरण्यदेखि आएर गाउँको शयनासनमा धर्मोपदेश सुन्दै अरूणोदय भएमा पनि धुतांग भंग हुँदैन । सुनेर जाँदै गरेको अवस्थामा मार्गमा अरूणोदय हुँदा पनि त्यो भंग हुँदैन । तर धर्मोपदेशक उठेर जाँदा पनि “क्षणभरजति सुतेर जानेछु” भनी सुत्दासुत्दै अरूणोदय हुन्छ वा आफ्नो इच्छाले गाउँको शयनासनमा बस्दाबस्दै अरूणोदय गर्दछ भने धुतांग भंग हुन्छ ।

गुण = आरण्यक भिक्षु आरण्यको गुणलाई मनमा राखी नपाएको समाधि प्राप्त गर्न समर्थ हुन्छ या प्राप्त गरेकोलाई रक्षा गर्न सक्दछ भने शास्ता पनि उसमाथि प्रसन्न हुन्छ । जस्तै अंगुत्तर निकाय (३,२,३) अनुसार भनिएको छ - “नागित, म त्यस भिक्षुको आरण्य विहारदेखि प्रसन्न छु ?” एकान्त शयनासनवासी यस भिक्षुको चित्तलाई अनुचित रूप आदिले विक्षिप्त गर्दैन । तसर्थ ऊ भयरहित हुन्छ, जीउने इच्छा त्याग्दछ, एकान्त सुखको रसको अनुभव गर्दछ, पांशुकूलिक आदि हुन पनि ऊ योग्य हुन्छ ।

*पविवितो असंसट्ठो पन्तसेनासने रतो ।*

*आराधयन्तो नाथस्स वनवासेन मानसं ॥*

*एको अरञ्ञे निवसं यं सुखं लभते यति ।*

Downloaded from http://dhamma.digital/

*रसं तस्स न विन्दन्ति अपि देवा सइन्दका ॥*

(एकान्त चिन्तनमा लीन, संसर्गरहित, एकान्त शयनासनमा लागेको, वनको वासद्वारा नाथ ( भगवान्) को मनलाई प्रसन्न गर्दै, एक्लै जंगलमा रहने यति, जुन सुखलाई प्राप्त गर्दछ, त्यसको रसलाई इन्द्रसाथै सबै देवताहरूले पनि पाउन सक्दैन ।

*पंसूकूलं च एसो व कवचं विय धारयं ।*

*अरञ्ञसंगामगतो अवसेसधुतायुधो ॥*

*समत्थो नचिरस्सेव जेतुं मारं सवाहनं ।*

*तस्मा अरञ्ञवासम्हि रतिं कयिराथ पण्डितो ॥*

(यो पांशुकूललाई कवचजस्तै धारण गरेको, आरण्यसंग्राममा गएको अवशेष धुतांगरूपी हतियारहरूद्वारा सुसज्जित भिक्षुले थोरै दिनमा सेनासाथ मारलाई जित्न समर्थ हुन्छ । यसैले आरण्यवासमा पण्डित सुख गरोस् ।)

## ९. वृक्षमूलिकांग

समादान = "छाएकोलाई त्यागदछु, रूखमुनि बस्ने वृक्षमूलिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा वृक्षमूलिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस वृक्षमूलिकलाई देशको सीमामा भएको रूख, देवी देवताहरूको चैत्यमा भएको वृक्ष, गुँद आउने रूख, फलको रूख, चमेराहरू भएको रूख, खोक्रो भएको रूख, विहारको बीच भएको रूख, यी रूखहरूलाई छाडी विहारदेखि टाढा रूखलाई ग्रहण गर्नुपर्दछ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रूचिअनुसार रूख ग्रहण गरी सफासुग्घर गराउन सक्दैन । झरेको पातहरूलाई खुट्टाले हटाएर बस्नुपर्दछ । मध्यम धुतांगधारीले त्यस स्थानलाई आएका मानिसहरूद्वारा सफासुग्घर गराउन सक्छ । मृदु धुतांगधारीले विहारको श्रामणेरहरूलाई बोलाएर सफा गराई, बराबर गरी बालु बिछ्याई, पर्खालले घेरा लगाई, ढोका लगाउन सक्दछ । पूजाको दिन वृक्षमूलिक त्यहाँ नबसेर अन्य स्थानको आडमा बस्नुपर्दछ ।

भेद = यी तीनै धुतांग छाइएको स्थानमा वास गर्दा क्षण भंग हुन्छ । तर जानीजानी छाइएको स्थानमा अरूणोदय हुँदासम्म बस्दछ भने धुताङ्ग भङ्ग हुन्छ भनी अंगुत्तर भाणक भन्दछ ।

गुण = "वृक्षमूलयुक्त शयनासनको सहारा प्रब्रज्या हो" महावग्गको यस वाक्यद्वारा निश्रयानुसार प्रतिपतिको हुनु । "उनीहरू थोरै छन् तर सुलभ र निर्दोष छन्" भनी भगवान्द्वारा प्रशंसित प्रत्ययको हुनु, हर समय रूखका पातहरूका विकारहरूलाई देख्नाले अनित्यको विचार

Downloaded from http://dhamma.digital/

उत्पन्न हुनु, शयनासनको कंजुसी र नाना काममा जुटिरहन नपर्ने हुनु, देवताहरूकोसाथ रहनु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*वण्णितो बुद्धसेट्ठेन निस्सयोति च भासितो ।*

*निवासो पविवित्तस्स रूक्खमूल समो कुतो ।*

(श्रेष्ठ भगवान् बुद्धद्वारा प्रशंसित र निश्चय भनिएको एकान्त निवासको लागि वृक्षमूलजस्तै अन्य निवास के हुन्छ ?)

*आवासमच्छेरहरे देवता परिपालिते ।*

*पविवित्ते वसन्तो हि रूक्खमूलम्हि सुब्बतो ॥*

*अभिरत्तानि नीलानि पण्डूनि पतितानि च ।*

*पस्सन्तो तरूपण्णानि निच्चसञ्ञं पनूदति ॥*

(आवास सम्बन्धी कञ्जुसी हराउँछ । देवताहरूद्वारा परिपालित एकान्तमा वृक्षमुनि रहँदै, शीलवान् भिक्षु रातो, नीलो र पहेंलो खसेको रूखको पातहरूलाई हेर्दै, नित्य हुने विचारलाई छाडिदिन्छ ।)

*तस्मा हि बुद्धदायज्जं भावनाभिरतालयं ।*

*विवित्तं नातिमञ्ञेय्य रूक्खमूलं विचक्खणो ॥*

(यसैले बुद्ध दायाद, भावनामा लागिरहने आलय र एकान्त वृक्षमूललाई बुद्धिमान् भिक्षु अवहेलना नगरोस् ।)

Dhamma.Digital

## १०. अभ्यवकाशिकांग

समादान = "छाएको र वृक्षलाई त्यागदछु या खुला मैदानमा बस्ने व्रतलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा अभ्यवकाशिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस अभ्यवकाशिकलाई धर्म सुन्नको लागि छाएको स्थानमा या उपोसथ गर्नका लागि उपोसथ गृहमा पस्नुपर्दछ । यदि त्यसरी पस्दा वर्षा हुन्छ भने वर्षा भएसम्म ननिस्केर वर्षा समाप्त भएपछि मात्र निस्कनुपर्दछ । साथै भोजनशाला अथवा अग्निशालामा गएर व्रत गर्ने समय, भोजनशालामा बूढा भिक्षुहरूलाई भोजन दिने समय, पढ्ने या पढाउने समय भिक्षुहरूले बाहिर राखेको खाट, पिर्का आदिलाई भित्र राख्ने समय छाएका स्थानमा पस्नुपर्दछ । यदि बाटोमा हिँड्दा आफूभन्दा बूढा भिक्षुहरूको परिष्कार ग्रहण गरेको समयमा वर्षा भएमा बाटोमा स्थित शालामा

Downloaded from http://dhamma.digital/

पस्नुपर्दछ । तर केही पनि लिएको छैन भने "शाखामा उभिनेछु" भनी सोचेर छिटो हिँड्नु हुँदैन । स्वाभाविक चालले गएर ओत लागेर वर्षा नरोकिएसम्म रोकिएर जानुपर्दछ । वृक्षमूलिकको पनि यसैप्रकार विधान जानुपर्दछ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रूख, पहाड वा घरको सहारा लिएर बस्नु हुँदैन । खुला मैदानमा नै चीवरको कुटी बनाई रहनुपर्दछ । मध्यम धुतांगधारी घरको सहाराविना रूख, पहाडको मात्र आड लिएर बस्न सक्दछ । मृदु धुतांगधारीले मर्यादा (गुफाभित्र पानी नजाओस् भनी गुफामाथि खनेको सानो रेखा नाली) नकाटिएको गुफा पनि, हाँगाहरूबाट बनिएको मण्डप पनि, पीनाले जमा गरी कडा गरिएको कपडा र खेतको हेरविचार गर्नेहरूले छाडिराखेको झोपडी प्रयोग गर्न सक्दछ ।

भेद = यी तीनवटै धुतांग बस्ने उद्देश्य लिएर छाएको स्थान र रूखतल जानासाथ भंग हुन्छ । "जानीजानी त्यहाँ अरूणोदय गरेमात्र पनि भंग हुन्छ" भनी अंगुत्तर भाणक भन्दछ ।

गुण = आवासको बाधाहरूको उपच्छेद (नाश) हुनु, थिनमिद्ध (मानसिक र शारीरिक आलस्य) को नाश हुनु, "मृगजस्तो विचरण गर्ने भिक्षु आलयरहित र घरविहीन भएर विहार गर्दछ ।" संयुक्त निकाय (१,१,९,४) अनुसार यसप्रकार गरिएको प्रशंसायोग्य हुनु, घरबाररहित हुनु, चारै दिशाहरूमा जानु, अल्पेच्छता आदिअनुसार वृत्ति ।

*अनगारियभावस्स अनुरूपे अदुल्लभे ।*

*तारामणि वितानम्हि चन्ददीपप्पभासिते ॥*

*अब्भोकासे वसं भिक्खु मिगभूर्तेन चेतसा ।*

*थीनमिद्धं विनोदेत्वा भावनारामतं सितो ॥*

*पविवेक रसस्सादं न चिरस्सेव विन्दति ।*

*यस्मा तस्मा हि सप्पञ्ञो अब्भोकासे रतो सिया ॥*

(प्रब्रजितहरूको अनुरूप, सुलभ, तारामणिद्वारा सजिएको, चन्द्ररूपी बत्तीद्वारा प्रभासित, खुला मैदानरूपी चउरमा भिक्षु मृगजस्तो मनयुक्त भएर बस्दै, शारीरिक र मानसिक आलस्यलाई हटाई, भावना गर्दै तुरून्त नै प्रविवेक (एकान्त चिन्तन) को रस्वादन गर्दछ, यसैले प्रज्ञावन् भिक्षु खुला मैदानमा रहने अभ्यास गरोस् ।)

## ११. श्मशानिकांग

Downloaded from http://dhamma.digital/

समादान = “श्मशानलाई त्याग्दिन या श्मशानिकांगलाई ग्रहण गर्दछु” यीमध्ये कुनै एक वाक्यद्वारा श्मशानिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस श्मशानिकले जुन ठाउँमा मानिसले गाउँ बसाउँदै “यो श्मशान हो” भनी मान्दछ, त्यहाँ बस्नु हुँदैन । किनकि लाश नजलाएको स्थान श्मशान हुँदैन । लाश जलाउन छाडेको बाह्र वर्ष पुगेको ठाउँलाई श्मशान नै भनिन्छ ।

त्यसमा चक्रमण, मण्डप आदि बनाई, खाट, पिर्का बिछ्याई, पिउनको लागि पानी राखी धर्म पाठ गर्दै बस्नु हुँदैन । यो धुतांग धेरै कठिन छ । यसैले उत्पन्न उपद्रव मिटाउनको लागि संघ स्थविर या राजकर्मचारीलाई भनेर अप्रमादले रहनुपर्दछ । चक्रमण गर्दा समय, आधा आँखाले मूर्दाघाटी (मूर्दा जलाउने स्थान) लाई हेर्दै चक्रमण गर्नुपर्दछ । श्मशानमा जाँदा पनि महामार्गबाट उत्रेर, अलग बाटो हिँड्नुपर्दछ । दिनमा नै आलम्बनलाई राम्ररी हेरेर मनमा राख्नुपर्दछ । यसरी गर्नाले उसको लागि त्यो रात्री भयानक हुँदैन । अमनुष्यहरूले शोर गरी घुमे तापनि कुनै वस्तुद्वारा हिर्काउनु हुँदैन । श्मशानमा नित्य जानुपर्दछ । “रातको दोस्रो प्रहरलाई श्मशानमा बिताएर अन्तिम प्रहरमा फर्किनुपर्दछ” भनी अंगुत्तर भाणक भन्दछ । अमनुष्यहरूको प्रिय तिलको मालपुवा, केराउ मिसिएको खिचडी, माछा, मासु, दूध, तेल, सक्खर आदि खाद्य भोज्यलाई खानु हुँदैन । मानिसहरूका घरमा जानु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले जहाँ हमेशा मूर्दा जलाउँछ, हमेशा मुर्दा राखिन्छ, हमेशा रूवाबासी भइरहन्छ, त्यस्तो स्थानमा बस्नुपर्दछ । मध्यम धुतांगधारीको लागि ती तीन स्थाहरूमध्ये कुनै एक भए पनि ठीक हुन्छ । मृदु धुतांगधारीले उक्त प्रकारको श्मशानलाई पाए मात्र पनि उचित नै हुन्छ ।

भेद = यी तीनवटै धुतांग श्मशान नभएको स्थानमा वास गर्नासाथ भंग हुन्छ । साथै “श्मशानमा नजाने दिनमा पनि” भंग हुन्छ भनेर अंगुत्तर भाणक भन्दछ ।

गुण = मर्ने विचार आइरहनु, अप्रमादपूर्वक विहार गर्नु, अशुभ निमित्तको लाभ हुनु, कामरागको दूरीकरण हुनु, हमेशा शरीरको स्वभावलाई हेर्नु, संवेगको अधिकता हुनु, आरोग्यता आदिको घमण्डलाई त्याग गर्न सक्नु, भय र भयानकताको सहनशीलता हुनु, अमनुष्यहरूको गौरवनीय हुनु, अल्पेच्छ आदिअनुसार जीवन हुनु ।

*सोसानिकं हि मरणानुसतिप्पभावा ।*

*निद्दागतम्पि न फुसन्ति पमाददोसा ॥*

*सम्पस्सतो च कुणपानि बहूनि तस्स ।*

*कामानुराग वसगम्पि न होति चित्तं ॥*

Downloaded from http://dhamma.digital/

(श्मशानिकलाई मरणानुस्मृतिको प्रभावले निद्रालु हुने प्रमादबाट उत्पन्न दोषलाई पनि छुन पाउँदैन र धेरै लाशलाई हेर्दाहेर्दै उसको चित्त कामरागको पनि वशिभूत हुँदैन ।)

*संवेगमेति विपुलं न मदं उपेति ।*

*सम्मा अथो घटति निब्बुतिमेसमानो ॥*

*सोसनिकंगमिति नेकगुणावहत्ता ।*

*निब्बाननिन्न हदयेन निसेवितब्बं ॥*

(धेरै संवेग उत्पन्न हुनछ, धमण्ड आउँदैन, ऊ शान्ति (निर्वाण) लाई खोज्दै राम्ररी उद्योग गर्दछ, यसैले अनेक गुणहरूलाई ल्याउने श्मशानिकांगलाई निर्वाणतर्फ भुकिएको हृदयले नै सेवन गर्नुपर्दछ ।

## १२. यथासंस्थरिकांग

समादान = "शयनासनको लोलुपतालाई त्याग्दछु या यथासंस्थारिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा यथासंस्थारिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस यथासंस्थारिकले "यो तिम्रो लागि हो" भनेर उसको लागि जुन दिइएको शयनासन हुन्छ त्यसैबाट सन्तोष गर्नुपर्दछ । अन्य शयनासनमा अरूलाई उठाउनु हुँदैन ।

प्रभेद = यो पति तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले आफ्नो शयनासनलाई "के टाढा छ ? धेरै नजिक छ ? या अमनुष्य, दीर्घ जातिक (साँप) आदिद्वारा उपद्रवयुक्त छ अथवा गर्मी या शीतल छ ?" भनी सोध्न सक्दैन । मध्यम धुतांगधारीले सोध्न सक्दछ । तर गएर हेर्न सक्दैन । मृदु धुतांगधारीले गएर हेरेर, यदि त्यो उसलाई राम्रो लाग्दैन भने अर्कोलाई ग्रहण गर्न सक्दछ ।

भेद = यी तीनवटै धुतांग शयनासनको लोलुपता उत्पन्न भएमा भंग हुन्छ ।

गुण = "जुन मिल्छ त्यसमा सन्तोष गर्नु," जवनहंस जातक (४७६) र पाचित्तिय पालिअनुसार उपदेशको पालन गर्नु, सब्रह्मचारीहरूको हितैषी हुनु, हीन, उत्तमको विचारको त्याग हुनु, अनुरोध र विरोधको प्रहाण हुनु, अधिक इच्छाको ढोकालाई बन्द गर्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*यं लद्धं तेन सन्तुट्ठो यथासन्थतिको यति ।*

*निब्बिकप्पो सुखं सेति तिणसन्थरणेसुपि ॥*

Downloaded from http://dhamma.digital/

(जे पाइन्छ त्यसैमा सन्तुष्ट रहने यथासंस्थारिक भिक्षु बिछ्याएको घाँसमा पनि निर्विकल्प सुखपूर्वक सुत्दछ ।)

*न सो रज्जति सेट्ठम्हि हीनं लज्जा न कुप्पति ।*

*सब्रह्मचारि नवके हितेन अनुकम्पति ॥*

(ऊ उत्तम पाएर त्यसमा राग गर्दैन र न त हीन पाएर क्रोध नै गर्दछ । नयाँ सब्रह्मचारीहरूको भलाई गरिनयोग्य अनुकम्पा गर्दछ ।)

*तस्मा अरियसताचिण्णं मुनिपुंगव वण्णितं ।*

*अनुयुञ्जेथ मेधावी यथासंथतरामतं ॥*

(त्यसैले आर्यजनहरूद्वारा बराबर सेवित भएको, मुनिपुंगव (भगवान् बुद्ध) द्वारा प्रशंसित यथासंस्थर विहारमा प्रज्ञावान् जुटोस् ।)

## १३. नैषद्यिकांग

समादान = "ओछ्यानलाई त्याग्दछु या नैषद्यिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा नैषद्यिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस नैषद्यिकलाई रात्रीको तीन प्रहरमध्ये एक प्रहर उठेर चक्रमण गर्नुपर्दछ । बस्ने, सुत्ने, उठ्ने र हिँड्ने इर्यापथहरूमा सुत्नु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले अढेस लिनु हुँदैन । न चीवरसँग पलेटी मार्नु हुन्छ र न आयोगपट्ट (सुत्दा पल्टिन्छ भनेर बाँध्ने कपडा) नै ग्रहण गर्न सक्दछ । मध्यम धुतांगधारीले यी तीनमध्ये सबै प्रयोग गर्न सक्दछ । मृदु धुतांगधारीले अढेस लिने, चीवरसँग पलेटी मार्ने, आयेगपट्ट, तकिया र पाँच अंगयुक्त आसन, सात अंगहरूयुक्त आसन पनि प्रयोग गर्न सक्दछ । पाँच अंगयुक्र आसन भनिन्छ - पीठ्यूँको अढेस लाग्नेसहितको चारखुट्टे कुर्सी या आसनलाई । पीठ्यूँको अढेस लाग्नेसँगै दुवै छेउमा हात राख्न बनाइएको कुर्सी या आसन सात अंगयुक्त आसन भनिन्छ । त्यसलाई पील्हाभय स्थविरको लागि बनाइएको थियो । स्थविर अनागामी भएर परिनिवृत्त हुनुभयो ।

भेद = यी तीनवटै धुताङ्ग शय्या सेवन गर्नाले भंग हुन्छ ।

गुण = "शय्यासुख, ओल्टेकोल्टे फेर्दै सुत्ने सुख र निन्द्रासुखमा लागी विहार गर्दछ" भनिएको चित्तको बन्धनको नाश गर्नु, सबै कर्मस्थानहरूमा लाग्नको लागि सहुलियत, सुन्दर इर्यापथको हुनु, उद्योग गर्ने अनुकुलता हुनु, राम्ररी प्रतिपत्तिलाई पूर्ण गर्नु ,

Downloaded from http://dhamma.digital/

*आभुजित्वान पल्लकं पणिधाय उजुं तनुं ।*

*निसीदन्तो विकम्पेति मारस्स हदयं यति ॥*

(शरीरलाई सिधा गरी पलेटी मारी बस्ने योगीले मारको हृदयलाई कम्पन गराउँछ ।)

*सेय्यसुखं मिद्धसुखं हित्वा आरद्धवीरियो ।*

*निसज्जाभिरतो भिक्खु सोभयन्तो तपोवन ॥*

*निरामिसं पीतिसुखं यस्मा समधिगच्छति ।*

*तस्मा समनुयुञ्जेय्य धीरो नेसज्जिकं वतं ॥*

(शय्या र निद्राको सुखलाई त्यागेर आरब्धवीर्य (उद्योगी) बसेर बिताउनुमा रत भिक्षु तपोवनलाई सुशोभित गर्दै, निरामिष प्रीतिसुखलाई पाउँदछ । यसैले धीर भिक्षु नैषद्यिक व्रतमा लागोस् ।)

## विनिश्चय कथा

*कुसलत्तिकतो चेव धुतादीनं विभागतो ।*

*समासब्यासतो चापि विञ्ञातब्बो विनिच्छयो ॥*

(१. कुशल त्रिक, २. धुतांग आदिको विभाग र ३. संक्षेप तथा विस्तारले पनि धुतांगको विनिश्चय जान्नुपर्दछ ।)

(१) कुशल त्रिकले सबै धुतांग शैक्ष्य, पृथग्जन, क्षीणास्रवअनुसार कुशल हुन सक्दछ, अव्याकृत हुन सक्दछ, तर धुतांग अकुशल हुन सक्दैन । तर जसले भन्दछ - "खराब इच्छुक, इच्छाचारी आरण्यक हुन्छ" आदि अंगुत्तर निकाय (३,) को वाक्यद्वारा धुतांग अकुशल पनि हुन्छ । उसलाई भन्नुपर्दछ - हामी यो भन्दैनौं कि आरण्यकको अकुशल चित्त हुँदैन । हामी भन्दछौं कि जो आरण्यमा रहन्छ ऊ आरण्यक हो, चाहे ऊ खराब इच्छा भएका होस् या अल्पेच्छा होस् । तर धुतांगको परिभाषामा नै भनेअनुसार त्यसत्यस धुतांगहरूको ग्रहणद्वारा क्लेशहरूलाई धोइएको हुनाले, धौइएको योग (धुत) को भएको अथवा क्लेशहरूलाई फट्कारी सकेको अर्थमा "धुत" नामले व्यवहृत ज्ञानको अंग भएको हुनाले धुतांग भनिएको हो । या त्यो योग (धुत) हो जसले ती क्लेशहरू धोइन्छन् र प्रतिपत्तिको विरूद्ध विषयहरूलाई फट्कार्नाले अंग बनिएको हुनाले योगको अंग धुतांग भनिन्छ । अथवा कुनै पनि अकुशल धुत (धोइएको) हुँदैन, जसमा यी अंग नहोस् । किनकि अकुशलले केही पनि फट्कार्दैन, जसको अंग मानेर धुतांग भनियोस् । न त चीवरको लोलुपता आदिलाई नै

Downloaded from http://dhamma.digital/

फट्कार्न सक्छ र न प्रतिपत्तिको अंग नै हुन्छ । यसैले यो ठीक भनिएको छ कि "अकुशल धुतांग हुँदैन ।"

श्रीलंकाको अभयगिरि विहारवासी आदि जसको भनाई छ कि धुतांग कुशलत्रिकदेखि अलग छ, उसको लागि असलमा धुतांग नै छैन । यदि धुतांग कुशलत्रिक नहुने भए केलाई फट्कार्नाले धुतांग भनिन्छ ? किनकि उनीहरूको कुरा मान्ने हो भने "धुतको गुणहरूलाई पालन गरिरहेछ" यस वचनको विरोध पनि हुन्छ, अतः त्यस विचारलाई मान्नु हुँदैन ।

(२) धुत आदिको विभागले - यसको लागि (१) धुत, (२) धुतवादी, (३) धुतधर्म, (४) धुतांग, (५) कसको लागि धुतांगको सेवन उपयुक्त छ आदि जान्नुपर्दछ ।

(१) धुत = क्लेश धोइएको व्यक्ति अथवा क्लेशहरूलाई फट्कार्ने धर्म ।

(२) धुतवादी = यहाँ (१) धुत हो, धुतवादी होइन (२) धुत होइन, धुतवादी हो (३) न धुत हो न धुतवादी हो (४) धुत पनि हो, धुतवादी पनि हो आदिलाई पनि जान्नुपर्दछ ।

(१) धुत हो, धुतवादी होइन = जुन धुतले आफ्नो क्लेशहरूलाई सफा गर्दछ तर अरूको धुतांगको लागि उपदेश गर्दैन, अनुशासन गर्दैन, वक्कुल स्थविरजस्तै ऊ धुत हो, धुतवादी होइन । जस्तै भनिएको छ "यो आयुष्मान् वक्कुल धुत हो, तर धुतवादी होइन ।"

(२) धुत होइन, धुतवादी हो = जो धुतांगले आफ्नो क्लेश धुँदैन, मात्र अरूलाई धुतांगको उपदेश गर्दछ, अनुशासन गर्दछ, उपनन्द स्थविरजस्तै, ऊ धुत होइन, धुतवादी हो । जस्तै भनिएको छ - "यो आयुष्मान् शाक्यपुत्र उपनन्द धुत होइन, धुतवादी हो ।"

(३) न धुत हो न धुवादी हो = जो दुवैरहित छ, लालुदायीजस्तै, ऊ न त धुत हो न धुतवादी हो । जस्तै भनिएको छ "यो आयुष्मान् लालुदायी न धुत हो, न धुतवादी हो ।"

(४) धुत पनि हो धुतवादी पनि हो = जो दुवैयुक्त छ, धर्म सेनपति झैं, ऊ धुत पनि हो र धुतवादी पनि हो । जस्तै भनिएको छ "यो आयुष्मान् सारिपुत्र धुत हो र धुतवादी पनि हो ।"

(३) धुतधर्म = (१) अल्पेच्छता, (२) सन्तुष्टिभाव, (३) सल्लेखता, (४) प्रविवेकको हुनु, (५) ज्ञानमा लागेको हुनु, यी पाँच धर्म धुतांग परिवारका चेतनाहरू हुन् । "अल्पेच्छाको नै सहाराले" आदि अंगुत्तर निकाय (३) को वचनद्वारा धुतधर्म हुन्छ ।

त्यसमा अल्पेच्छता र सन्तुष्टि अलोभ हो । सल्लेखता र प्रविवेक अलोभ र अमोह दुवैमा आउँछ । यसैमा लाग्नु, ज्ञान हो । अलोभद्वारा निषेध गरिएको वस्तुहरूमा लोभलाई फट्कार्छ र अमोहद्वारा निषेध गरिएको वस्तुहरूमा दोषहरूलाई प्रश्रय दिने मोहलाई फट्कार्छ । अलोभले भगवान्‌द्वारा बताइएको वस्तुहरूका प्रतिसेवन गर्नाले प्रवर्तित कामसुख (कामसुखल्लिकानुयोगो) मा लाग्नुलाई र अमोहले धुतांगमा अत्यन्त सल्लेखद्वारा प्रवर्तित आफूलाई नानाप्रकारद्वारा कष्ट दिनमा लागिरहने (अत्तकिलमथानुयोगो) लाई फट्कार्दछ । यसैले यी धर्महरूलाई धुतधर्म भनी जान्नुपर्दछ ।

Downloaded from http://dhamma.digital/

(४) धुतांगहरू = तेह्र धुतांगहरूलाई जान्नुपर्दछ। पांशुकूलिकांग ... नैषद्यिकांग आदिका अर्थ र लक्षण माथि बताइएका नै छन्।

(५) कसको लागि धुतांग सेवन उपयुक्त छ ? राग र मोहचरित भएकाहरूलाई धुतांग सेवन उपयुक्त छ। किन ? धुतांगको सेवन दुःख प्रतिपद र सल्लेख विहार हो। दुःख प्रतिपदको सहारा राग शान्त हुन्छ। सल्लेखको सहारा अप्रमतको मोह टाढिएर जान्छ। अथवा आरण्यकांग, वृक्षमूलिकांगको प्रतिसेवन द्वेषचरित्रको लागि उपयुक्त छ। विनासंघर्षको विहार गर्दै, उसको द्वेष पनि शान्छ हुन्छ।

## (३) संक्षेप र विस्तारले -

(१) संक्षेपमा = तीन शीर्ष अंग (प्रधान अंग) र पाँच असम्भिन्न (अमिश्र) अंग, कुल आठ अंग हुन्छन्। त्यसमा सपदानचारिकांग, एकासनिकांग, अभ्यवकाशिकांग - यी ती शीर्ष अंग हुन्। सपदानचारिकांगको पालन गर्दै पिण्डपातिकांगको पनि पालन गर्दछ। एकासनिकांगको पालन गर्दै पात्रपिण्डिकांग र खलुच्छाभतिकांगको पनि पालन हुँदै जान्छ। अभ्यवकाशिकांगको पालन गर्नेलाई के गाह्रो छ वृक्षमूलिकांग र यथासंस्थारिकांगको पालन गर्नुलाई ? यसप्रकार यी ती शीर्ष अंग हुन् र आरण्यकांग, पांशुकूलिकांग, त्रैचीवरिकांग, नैषद्यिकांग, श्मशानिकांग यी पाँच असम्भिन्न (अमिश्र) अंग हुन्। यी सबै आठ नै हुन्छन्।

पुनः दुई चीवर सम्बन्धी, पाँच पिण्डपात सम्बन्धी, पाँच शयनासन सम्बन्धी एक वीर्य सम्बन्धी यसप्रकार चारवटा हुन्छन्। जसअनुसार पांशुकूलिकांग र त्रैचीवरिकांग चीवर सम्बन्धी, पिण्डपातिकांग, सापदानचारिकांग, पात्रपिण्डिकांग, खलुपच्छाभतिकांग, यथासंस्थारिकांग पिण्डपात सम्बन्धी, एकासनिकांग, आरण्यकांग, वृक्षमूलिकांग, अभ्यवकाशिकांग, श्मशानिकांग शयनासन सम्बन्धी र नैषद्यिकांग वीर्य सम्बन्धी छन्।

पुनः सबै निश्रयानुसार पनि दुईवटा हुन्छन्। प्रत्यय सन्निश्रित बाह्र (१२) र वीर्य सम्बन्धी एक। सेवन गर्नयोग्य, असेवन गर्न अयोग्यानुसार पनि दुई नै हुन्छन्। जसको धुतांगको पालन गर्दै कर्मस्थान बढ्दछ, त्यसलाई त्यसको पालन गर्नुपर्दछ। जसको पालन गर्दै घट्दछ, त्यसलाई पालन नगर्दा पनि बढ्दछ, घट्दैन, भने उसलाई पनि भविष्यका भिक्षुहरूमाथि अनुकम्पा गर्दै धुतांगको पालन गर्नुपर्दछ। जसको पालन गर्दा पनि, पालन नगर्दा पनि बढ्दैन उसलाई पनि भविष्य फलको लागि धुतांगको पालन गर्नुपर्दछ।

यस्ता सेवनयोग्य र सेवनअयोग्यानुसार दुई प्रकार भए तापनि सबै चेतनानुसार एक प्रकारको हुन्छ। किनकि सबै धुतांगहरूको धुतांग ग्रहण गर्नु नै चेतना हो। अर्थकथामा पनि भनिएको छ "जुन चेतना हो, त्यो धुतांग हो, यस्तो भनिन्छ।"

(२) विस्तारले = भिक्षुहरूको लागि तेह्र, भिक्षुणिहरूको लागि आठ, श्रामणेरहरूको लागि बाह्र, शिक्षामाणा र श्रामणेरीहरूको लागि सात, उपासक उपासिकाहरूको लागि दुई - यसप्रकार बयालिस धुतांगहरू हुन्छन्।

Downloaded from http://dhamma.digital/

यदि खुला मैदानमा आरण्यको अंगहरूयुक्त श्मशान हुन्छ, तब एक जना भिक्षुले सारा धुतांगहरूका परिभोग गर्न सक्दछ । भिक्षुणीहरूको लागि आरण्यकांग र खलुपच्छाभतिकांग दुवै शिक्षापदद्वारा नै निषेध गरिएको छ । अभ्यवकाशिकांग, वृभमूलिकांग, श्मशाननिकांग - यी ती पालन गर्न मुश्किल छन् । भिक्षुणीलाई सहायिकाविना बस्नु हुँदैन । यस्तो स्थानमा बस्न तयार हुने समानइच्छा भएकी सहायिका पाउन दुर्लभ हुन्छ । यदि पाए तापनि संसर्ग विहारदेखि नछुटोस् । यस्तो भएमा जसको लागि धुतांग पालन गर्दछिन् उनीलाई त्यसै अर्थको सिद्धि नहुन सक्छ । यसप्रकार परिभोग गर्न नसक्ने भएको कारण पाँच धुतांगलाई कम गरी भिक्षुणीहरूको लागि आठ नै धुतांग हुन्छन् भनी जान्नुपर्दछ । यथोक्तमध्ये त्रैचीवरिकांलाई छाडी शेष बाह्र श्रामणेरहरूको लागि, सात शिक्षामाणा र श्रामणेरीहरूको लागि जान्नुपर्दछ । उपासक उपासिकाहरूको लागि एकासनिकांगर पात्रपिण्डिकांग यी दुई योग्य छन् र यिनीहरू परिभोग पनि गर्न सक्दछन् यसैले दुई धुतांग भनिएका छन् । यसप्रकार विस्तारले सबै बयालिस हुन्छन् ।

यहाँसम्म "सीले पत्तिट्ठाय नरो सपञ्ञो" यस गाथाद्वारा शील, समाधि र प्रज्ञानुसार उपदेश दिइएको विशुद्धिमार्गमा जुन अल्पेच्छता, सन्तुष्टिता आदि गुणहरूद्वारा उक्तप्रकारको शीलको शुद्धिकरण हुन्छ, ती सबैलाई पूर्ण गर्नको लागि ग्रहणयोग्य धुतांगको कुरा बताइएको छ, त्यो यहाँ समाप्त हुन्छ ।

***सज्जनहरूको प्रमोदको लागि लेखिएको***

***विशुद्धिमार्गमा***

***धुतांग निर्देश नामक***

***दोस्रो परिच्छेद समाप्त***

❋❋❋

Downloaded from http://dhamma.digital/